# अध्याय- एक

## परिचय (Introduction)

### १.१ शोध-पत्रको शिर्षक (Title of the Research)

प्रस्तुत शोध-पत्रको शिर्षक "दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का उपलब्धी र संभावनाहरु एक अध्ययन (१९८५-२००६)" रहेको छ ।

### १.२ शोध-पत्रको प्रयोजन (Purpose of the Research)

प्रस्तुत शोध-पत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीति शास्त्र विषयको स्नातकोत्तर तह द्वितिय वर्षको दशौं पत्रको प्रयोजनको निमित्त तयार गरिएको छ ।

### १.३ सामान्य परिचय (General Introduction)

प्रथम र दोश्रो विश्वयुद्ध पश्चात त्रसित विश्व समुदायले अव उप्रान्त त्यस्ता प्रकारका नरसंहारकारी युद्धहरुको सामना गर्नु नपरोस भनि विभिन्न प्रकारका प्रयासहरुलाई अगाडि बढाउँदै आई रहेको र त्यसका लागि शान्ति, स्थायित्व र सुरक्षाको आवश्यकतालाई निकै ठूलो चासोको विषय बनाएको पाइन्छ । दोस्रो विश्वयुद्ध पश्चात विभाजन भएको विश्वको दुई ध्रुविय स्थितिलाई पनि विश्व समुदायले नकारात्मक र संवेदनशिल रुपले हेर्न थाले । विश्व भातृत्वको भावनालाई अगाडी बढाउने सन्दर्भमा विचारधाराको युद्ध सुरु हुन थाल्यो । समाजवादी र पूँजिवादी विचारधारा वीचको युद्धको नेतृत्व क्रमश : तत्कालिन सोभियत संघ र संयुक्त राज्य अमेरिकाले गर्न थाले । त्यसै समय देखिनै कहाली लाग्दा दुईवटा विश्व युद्धका चपेटावाट मानव जातीको विनासलाई रोकि स्थायी शान्तिको अनुभूति दिलाउने विश्व समुदायको श्रृजना गरी विचारधाराको नाममा हुने आपसी झैं झगडा र युद्धलाई सदाका लागि समाप्त गर्न आपसि सहयोगको आवश्यकता महसुस हुन थाल्यो । फलस्वरुप : विश्वका विभिन्न राष्ट्रहरुको सामुहिक प्रयासबाट २४, अक्टुवर सन् १९४५ मा संयुक्त राष्ट्र संघको औपचारिक रुपमा घोषणा भै स्थापना पनि भयो । जुन आज पनि विश्वका सबै देशहरुको आस्था एवं भरोसाको केन्द्र विन्दुको रुपमा रहेको छ । यस प्रकार संयुक्त राष्ट्रसंघ को अलावा पनि आफ्नो स्वतन्त्र अस्तित्व बचाई आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लागि सहयोग आदान-प्रदान गर्न सामुहिक आत्मनिर्भरता तर्फ ध्यान दिंदै सबैको सामुहिक प्रयासबाट क्षेत्रीय संगठन स्थापना गर्नु पर्ने महत्वपूर्ण कार्यको थालनी भएको पाइन्छ । यस्तो कार्यमा विशेषत : लामो समय पछि साम्राज्यवाद र उपनिवेशबाट स्वाधिनता प्राप्त गरेका तेस्रो विश्वका अल्पविकसित र नवस्वाधिन राष्ट्रहरुले आपसमा छलफल गर्न एउटै मञ्चमा भेला भएर राष्ट्रिय एवं क्षेत्रीय हितको सवालमा आपसी हित, क्षेत्रीय सहयोग, आर्थिक, ब्यापारिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा सहयोग आदान-प्रदान तथा विकास गर्न महत्वपूर्ण भूमिका निभाएका छन् । यसै सिलसिलामा यूरोपेली देशहरुको स्थायी शान्ति र विकासका लागि परस्पर सहयोग नै अति आवश्यक भएको महसुस गरी यूरोपियन आर्थिक समुदाय जसलाई पछि यूरोपेली युनियन नामाकरण गरियो । त्यस्तै गरेर दक्षिण पूर्वि एसियाली मुलुकहरुले आफ्नो सुरक्षा आफै गर्ने उद्देश्यले दक्षिण पूर्वि एसियाली राष्ट्रहरुको संगठन

'आसियान' को गठन गरी कार्यात्मक रुपमा क्रियासिल हुन थाले यस प्रकार विभिन्न क्षेत्रीय संगठनको गठन भैरहेको महशुस गरी ढिलै भएतापनि दक्षिण एसियाली राष्ट्रहरुले क्षेत्रीय सहयोग संगठन गठन गर्ने तर्फ स्वभाविक प्रयासगरेको देखिन्छ । दक्षिण एसियाको सबै भन्दा ठूलो र सक्तिशाली मुलुक भारत भएतापनि यस संगठनको स्थापना गर्नको लागि अन्य साना मूलुकहरुले क्षेत्रीय समझदारी र सहयोगमा अभिवृद्धि गर्ने संगठनको गठन गर्ने तर्फ क्रियाशिल भएको स्पष्ट देखिन्छ । जसको फलश्वरुप "दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन" सार्कको स्थापना भएको हो ।

दक्षिण एशियाली क्षेत्रका जनताको हितलाई अभिवृद्धि गर्न यस क्षेत्रको सामाजिक उन्नती, आर्थिक वृद्धि, सांस्कृतिक विकास, सामुहिक आत्मनिर्भरता, पारस्परिक विश्वास र समझदारीलाई बढावा दिई क्षेत्रीय सहयोगको माध्यमबाट यस क्षेत्रमा शान्ति सुरक्षा र स्थिरताको बातावरण स्थापना गरी आफ्नो सुरक्षा, संप्रभुता र अखण्डताप्रति ढुक्क हुने उद्देश्य लिई दक्षिण एसियाका सात राष्ट्र : नेपाल, बंगलादेश, भुटान, श्रीलंका, माल्दिप्स, पाकिस्तान र भारतले बंगलादेशको राजधानी ढाँकामा ८ डिसेम्बर सन् १९८५ मा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को स्थापना गर्न एउटा संझौता पत्रमा हस्ताक्षर  गरेपछि यस संगठनको विधिवत स्थापना हुन गएको हो । सम्मेलन प्रणालीबाट विकसित र सम्मेलन प्रणालीमा आधारित यो संगठन संयुक्त राष्ट्र संघको वडापत्रको धारा ५२ अनुसार बन्द संगठनको रुपमा रहेको छ । यस संगठनका सदस्य राष्ट्रहरु असंलग्न आन्दोलन, संयुक्त राष्ट्र संघ तथा अन्य अन्तराष्ट्रिय संगठनका सदस्य पनि रहेका छन् । वि.सं. २०३० साल फाल्गुन १३ गते तत्कालिन राजा स्व. श्री ५ वीरेन्द्र विरविक्रम शाहदेव सरकारबाट नेपालको तर्फबाट विश्व सामु शान्ति क्षेत्रको प्रस्ताव राखि बक्सदा विश्वका अन्य ११६ मुलुकहरुले समर्थन जनाएको तर आफ्नो छिमेकि मुलुक भारतले भने अस्विकार गरेपछि नेपालाई क्षेत्रीय संगठनको ज्यादै नै आवश्यक्ता परेको महशुस भयो । सन् १९७७ मा काठमाण्डौमा बसेको कोलम्वो पूर्ण योजनाको २६ औ परामर्श दातृ समिति (Colombo Plan Consultative Committee) को बैठकमा स्व. श्री ५ महाराजाधिराज वीरेन्द्र विरविक्रम शाहदेबवाट "नेपालको अथाह जलश्रोत उपभोग गर्न क्षेत्रीय सहयोगको आवह्वान" सम्बोधन गरिबक्सदा यस क्षेत्रका मूलुकहरु ब्यूझिए पछि सहयोगको लागि एउटा सक्रिय संगठनको स्थापना गर्ने कठिन भूमिका बंगलादेशका तत्कालिन राष्ट्रपति ज्याउर रहमानबाट निर्वाह भएको थियो । राष्ट्रपति ज्याउर रहमानले सन् १९७७ को श्री ५ को सम्बोधन देखि सन् १९८० को वीचमा भारत, नेपाल, पाकिस्तान र श्रीलंकाको भ्रमण गरी क्षेत्रीय सहयोगको विषयमा आवश्यक छलफल गर्नु भएको थियो । क्षेत्रीय एकताको भावनालाई बंगलादेशका स्व. राष्ट्रपति ज्याउर रहमानले विशेष रुपले विजारोपण गरेतापनि यसमा नेपालका तत्कालिन राजा श्री ५ वीरेन्द्रको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण रहेको थियो । सन् १९८१ को अप्रिल २१-२३ सम्ममा श्रीलंकाको राजधानी कोलम्बोमा यस क्षेत्रका राष्ट्रहरुको सचिव स्तरीय भेलाले विदेश सचिव स्तरका ५ वटा विदेश मन्त्री स्तरिय भेलाहरु पार गरे पछि सन् १९८५ को डिसेम्बर ७ र ८ मा बंगलादेशको राजधानी ढाँकामा प्रथम शिखर सम्मेलनको आयोजना गरी सोही वेलामा सात राष्ट्रका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुले सार्क वडापत्रमा हस्ताक्षर गरी सार्कको विधिवत् रुपमा स्थापना हुन गएको हो ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ले आफ्नो स्थापना कालको २० वर्ष पुरा गरी २१ औं वर्षमा प्रवेश गरेको छ र जम्मा १३ वटा शिखर सम्मेलनहरु पार गरिसकेको छ । यस क्षेत्रीय सहयोग संगठनका मूख्य उद्देश्यहरु के के हुन, ति उद्देश्यहरु परिपूर्ति गर्नका लागि के कस्ता

संयन्त्रको विकास गऱ्यो, त्यसबाट प्राप्त उपलब्धीहरु के कस्ता रहे र भविष्यमा यसको संभावनाहरुको बारेमा अध्ययन गर्नु नै यस शोध-पत्रको मुख्य विषयवस्तु रहेको छ ।

## १.४ शोध समस्या (Research-Problem)

दक्षिण एशियाली राष्ट्रहरुको सामुहिक हित र सम्बन्धमा विगत २० वर्ष देखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आई रहेको दक्षिण एसियाको साझा मञ्च सार्कले विश्वको कूल भु-भागको ३.३१ प्रतिशत भू-भाग ओगटेको छ भने विश्व को कूल जनसंख्याको २० प्रतिशत जनसंख्या यसै क्षेत्रमा बसोवास गर्दै आई रहेका छन् । यस संगठनका सदस्य राष्ट्रहरु आर्थिक स्थितिमा निकै कमजोर भएको कारण पश्चिमी राष्ट्रहरुले यस संगठनलाई गरीवहरुको क्लवको संज्ञा दिएको पनि पाइन्छ । अभाव, अशिक्षा, व्यापक गरिवी र जनसंख्या आत्याधिक बृद्धि जस्ता कुरा यस क्षेत्रका साझा समस्याका रुपमा देखा परेका छन् । यस क्षेत्रका जनताको माझमा शान्ति, स्थिरता र मित्रता तथा समुन्नतीको अभिवृद्धि गरी उनिहरुको जीवनस्तरमा सुधार ल्याउने व्यापक लक्ष्य लिएर स्थापना भएको यस संगठनका लागि यी कुराहरु अत्यन्तै चुनौतिका विषयका रुपमा रहेका छन् । जसको कारण यस संगठनले जति मात्रामा उपलब्धीहरु हाँसिल गर्नु पर्ने हो त्यति गर्न सकि रहेको छैन ।

यसरी दक्षिण एशियाली क्षेत्रमा देखा परेका गरिवी, अशिक्षा, अनियन्त्रित जनसंख्या बृद्धिका अतिरिक्त अस्त्रशस्त्रको होडवाजी, जातिय तथा साम्प्रदायिक दंगा, पृथकतावादी गतिविधिहरु, प्रजातन्त्र र मानव अधिकारको प्रत्याभूतिका लागि जनताद्धारा गरिएका आग्रह हरुलाई सम्बन्धित देशका सरकारहरुद्धारा निर्ममता पूर्वक दमन गरिनु, प्रजातन्त्रको नाममा भ्रष्टाचारले सिमा नाघ्नु, आतंकवादको बढत्तोरी हुनु, आदि थप कारणहरुले भने यस क्षेत्रमा अविश्वास र आशंका बढाएको र यसैले सार्कको प्रभावकारितालाई न्यून तुल्याई यसका उपलब्धीहरुमा अवरोध श्रृजना भएको आभाष हुन्छ । सार्कलाई गतिशिल र अर्थपूर्ण बनाउन कदम कसले चाल्ने र यसका उद्देश्यहरुलाई कसले परिपूर्ति गर्ने हालसम्म भएका निर्णयहरु कति कार्यान्वयनमा आए, कति कार्यान्वयनमा आएनन्, कार्यान्वयन नभएका निर्णयहरुका कारणहरु समेत खोजी यसका उपलब्धीहरु कति प्राप्त भए र कति बाँकी छन् भन्ने कुरा पत्ता लगाउनु यस शोध-पत्रको समस्या रहेको छ ।

## १.५ शोधको उद्देश्य (Objective of the Research)

संयुक्त राष्ट्रसंघको वडापत्र असंलग्न आन्दोलनको सिद्धान्त, तथा सम्मेलन प्रणालीमा आधारित यस क्षेत्रीय सहयोग संगठनका उपलब्धीहरु र भविश्यमा यसको सम्भावना सम्बन्धमा अध्ययन गरिने यस शोध-पत्रका निम्न लिखित उद्देश्यहरु रहेका छन्।

- सार्कको स्थापना काल देखि हाल सम्मका गतिविधिको वारेमा खोजी गरी अध्ययन, विष्लेषण तथा मूल्याङ्कन गर्नु ।
- सार्कका उपलब्धीहरुलाई केलाई कमजोरी पक्षलाई सुल्झाउन सुझाव तथा सल्लाह पेश गर्नु ।
- सार्कको भविष्यको सान्दर्भिकता, अनुमान र औचित्य प्रष्ट्याउनु ।
- यसको हाल सम्मको उपलब्धीहरुलाई मूल्याङ्कन गर्नु ।

## १.६ पूर्व परिकल्पना (Hypothesis)

क्षेत्रीय सुरक्षा र विकासका लागि क्षेत्रीय संगठनको आवश्यकता पर्दछ भनि संयुक्त राष्ट्र संघको वडा-पत्रको धारा ५२, ५३, र ५४ मा क्षेत्रीय संगठनको अवधारणालाई स्वीकार गरिएको छ ।

यसै प्रावधानलाई आधार वनाई विश्वका विभिन्न राष्ट्रहरुले एक आपसमा संयुक्त रुपमा आबद्ध भै आफ्नो आन्तरिक सुरक्षा र विकासका लागि विभिन्न क्षेत्रीय संगठनहरु अस्तित्वमा आई आपसी हितका विषयमा साझा कार्यहरु संचालन गर्दै आइरहेका छन् ।

भौगोलिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा सामाजिक विविधताका कारण विभिन्न राष्ट्रका विभिन्न आवश्यकता र संभावनाहरु हुन्छन् । यसै यथार्थतालाई आधार मानि भौगोलिक, आर्थिक, सामाजिक विशेषताहरुको सामिप्य भएका राष्ट्रहरुले आपसी हित प्रवर्धन गर्नका लागि एउटै साझा मञ्च बनाई सहकार्य गर्ने प्रचलनको सुरुवात भएको हो । यसै क्रममा एशिया महादेशका दक्षिणी भू-भागमा अवस्थित विकासोन्मूख राष्ट्रहरुले पनि आपसी हितको प्रवर्धन गर्ने हेतुले संगै साझा मञ्चमा बसी सामुहिक विकास र सुरक्षाका लागि कार्य गर्ने सोंच राखे । बंगलादेशका तत्कालिन राष्ट्रपति ज्याउर रहमानको मुख्य भूमिका तथा नेपालका राजा वीरेन्द्र वीरविक्रम शाहदेव सरकारबाट नेपालको अपार जलश्रोतको उपयोग गर्ने क्षेत्रीय सहयोगको आवह्वान भए अनुसार सन् १९८५ डिसेम्बर ७ र ८ मा बंगलादेशको राजधानी ढाँकामा भएको सार्क राष्ट्रका राष्ट्र प्रमुखको बैठकले विधिवत् रुपमा सार्कको स्थापना भएको घोषणा गरे पछि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को विधिवत रुपमा स्थापना भयो ।

Among other things, the primary objective of the Association is to promote the welfare of the peoples of South Asia through accelerated economic growth, Social progress and cultural development in the region भनी महान उद्देश्यका साथ अस्तित्वमा आएको यस संगठनले स्थापना काल देखि नै सामुहिक हितका विषयमा विभिन्न कार्यहरु गर्दै आएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा हाल सम्म विभिन्न उपलब्धीहरु पनि हाँसिल हुँदै आएको परिप्रेक्षमा, संगठनको वडापत्रमा उल्लेखित उद्देश्य तथा सिद्दान्तलाई आत्मसात गरी साझा हितका विषयमा प्रतिवद्धताका साथ सहकार्य भएमा यो संगठनले विश्व मानचित्रमा एक सफल संगठनको रुपमा परिचित हुने अवसर प्राप्त गर्ने छ ।

## १.७ तथ्याङ्क संकलन र शोध-विधि (Data collection and Research Methodology)

यो शोध-पत्र तयार गर्नका लागि विभिन्न खालका शोध विधिहरुको प्रयोग गरिएको छ । कुनै पनि शोध पत्रको महत्वपूर्ण पक्ष भनेको विभिन्न अध्ययन विधिहरु नै वास्तवमा अनुसन्धान विधि हो । यसको मूल श्रोतको रुपमा सार्क सचिवालय, विभिन्न पत्र पत्रिकामा प्रकाशित सार्क सम्बन्धी लेखहरु विद्वान लेखकका पुस्तकहरु, सूचना विभागबाट प्रकाशित पुस्तकहरु, प्रमुख सचिवालय राजदरबारबाट प्रकाशित पुस्तकहरु, अनुसन्धानका क्रममा प्राप्त पूर्व शोध पत्रहरु इत्यादी श्रोतहरुका साथै प्राप्त प्राथमिक तथा गौण तथ्याङ्कहरुको आधारमा वर्णनात्मक तथा विष्लेशणात्मक शोध विधि अवलम्बन गरिने छ ।

## १.८ शोध-पत्रको महत्व र औचित्य (Significance and justification of Research)

यो शोधपत्र दक्षिण एशियाली क्षेत्रिय सहयोग संगठन (सार्क) को बारेमा बर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन भएकोले यस विषयसँग रुचि राख्ने सम्पूर्ण व्यक्तिहरुका लागि उपयोगी हुने

महसूस गरेको छु साथै स्नातकोत्तर तह द्वितिय वर्षको दशौं पत्रको तयारी गर्नु पर्ने भएकोले स्वयम् आफ्नै लागि पनि महत्व भएको ठानेको छु ।

## १.९ अध्ययनको सीमा (Limitation of the Study)

यस शोध-पत्रको अध्ययन क्षेत्र तथा सीमा निर्धारण गर्दा निम्न लिखित कुराहरुलाई मध्यनजर राखिएको छ ।

### (क) विषयगत सीमा (Subjective Limitation)

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरुको संक्षिप्त परिचय, यसको स्थापनाकाल देखि हाल सम्मका शिखर सम्मेलनमा उठाईएका प्रश्नहरु, यसका उपलब्धीहरु तथा कमजोरी पक्षहरु र भविश्यमा यसको सम्भावनाको वारेमा व्यापक चर्चा परिचर्चा गरी सारांश र निष्कर्ष समेत पेश गरिएको छ ।

### (ख) समयगत सीमा (Periodic Limitation)

प्रस्तुत शोध-पत्रको शिर्षक विस्तृत र ब्यापक भए पनि सार्कको स्थापनाकाल देखि २०६३ साल मंसिर महिना सम्मको गतिविधिलाई समेटिएको छ ।

## १.१० शोध-पत्रको ढाँचा (Research Design)

प्रस्तुत शोध-पत्रलाई निम्न लिखित ६ अध्यायमा विभाजन गरी विवेचना गरिएको छ ।

परिच्छेद १. शोध-पत्रको सामान्य परिचय (General Introduction of Research Proposal)

परिच्छेद २. अन्तराष्ट्रिय संगठनको सैद्दान्तिक पक्ष (Theoritical Aspect of International organization)

परिच्छेद ३. सार्कको ऐतिहासिक पृष्ठ भूमि ( Historical Background of SAARC)

परिच्छेद ४. सार्कका २० वर्ष का उपलब्धी र कमजोरीहरु (SAARC 20 years, Achievement and Weakness)

परिच्छेद ५. सार्कका संभावनाहरु (Possibilities of SAARC)

परिच्छेद ६. सारांश/निष्कर्ष (Conclusion)

# अध्याय – दुई

## अन्तराष्ट्रिय संगठनको सैद्धान्तिक पक्ष (Theoretical Aspect of International Organization)

### २.१ अन्तराष्ट्रिय संगठन (International Organization)

मानिस स्वभावैले एउटा सामाजिक प्राणी भएको हैसियतले आफ्ना साझा आवश्यकता र उद्देश्य परिपूर्ति गर्नको लागि संगठनको माध्यमद्वारा अगाडी बढ्नु उसको मुख्य विशेषता हो । जसरी एउटा कुनै कार्य गर्नको लागि केहि जना व्यक्तिहरुको संगठन बनाई कार्य गर्न थालेमा छिटो छरितो र सहज तरिकाले गर्न सकिन्छ, त्यसरी नै अन्तराष्ट्रिय जगतमा राष्ट्रहरुले कुनै एकले मात्र एउटा कार्य गर्दा कठिनाई महसुस हुने भएकोले आफ्नो कुनै कार्य, उद्देश्य र चाहना आदिको परिपूर्ति गर्नको लागि सजिलो माध्ययमको रुपमा एक अर्का वीच संगठित भएर काम गर्न थालेपछि मात्र संगठनको रुपधारण गरेको पाईन्छ । विश्वमा हुँदै गरेका विभिन्न प्रकारका विकासक्रमहरुको साथै आर्थिक, सामाजिक, प्रशासनिक, संगठानात्मक एवम् सुरक्षात्मक दृष्टिकोणले विकसित राष्ट्रहरुले आफ्ना विभिन्न प्रकारका प्रभावको माध्यमद्वारा अन्य देशहरुलाई उपनिबेशको रुपमा राख्ने र आफ्नो प्रभाव जमाउने क्रियाकलाप गर्न थाले । जसको फलस्वरुप विश्वमा हिंसात्मक घटनाहरु घट्न थाले र त्यसलाई यूद्धको रुपमा लिन समेत पछि परेनन् । जसले गर्दा सामाजिक संरचनामा समेत प्रभाव परी विकासात्मक क्रियाकलापहरु ठप्प हुन पुगे । यसलाई रोक्नका लागि विभिन्न देशहरुले विभिन्न प्रकारका सोचहरु वनाउन थाले । त्यसको एकमात्र विकल्पको रुपमा राष्ट्र राष्ट्रहरुबीच एक आपसमा सामुहिक सम्बन्ध स्थापित गर्नु वाहेक अन्य विकल्प थिएन । यस्ता सम्बन्धको बिस्तार गर्नका लागि समेत एक आपसमा फरक–फरक प्रयासहरु सुरु हुन थाले । त्यस समयमा बढि प्रचलनमा आएको द्धिपक्षिय समस्या समाधान गर्ने उपायले मात्र साझा समस्याको समाधान गर्न सकेन । यसरी विश्व समुदायले साझा समस्याको समाधन गर्नको लागि एउटा साझा प्रयासको खोजी गर्न थाले र एउटा साझा मञ्चको आवश्यकतालाई सबैले महसुस गरे । विश्वमा उत्पन्न विवाद तथा मतभेदलाई निरुत्साहित गर्दै विश्व शान्ति तथा स्थिरता कायम गर्न आवश्यक ठानिएको मञ्चलाई क्षेत्रीय स्वरुप प्रदान गरेर प्रारम्भिक अवस्थामा सिमित मात्रामा भए पनि क्षेत्रीय हित सम्बर्धन गर्ने र तत् पश्चात विश्वकै स्वार्थलाई प्रमुख स्थान दिने उद्देश्य राखेको पाइन्छ । यिनै उद्देश्यहरुको सेरोफेरोमा आधारित रहेर स्थापित मञ्चलाई क्षेत्रीय संगठनको रुपमा प्रदान गरेको कुरा सत्य सावित हुन आएको छ ।

वास्तविक रुपमा भन्ने हो भने, अन्तराष्ट्रिय संगठन १९ औं शताब्दीमा आएर मात्र अस्तित्वमा आएको पाइन्छ । तर यस्ता संगठनको विकास भने २० औं शताब्दीमा मात्र भएको हाल आएर २१ औं शताब्दीमा अन्तराष्ट्रिय संगठनको अन्तराष्ट्रिय सम्बन्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइ रहेको पाइन्छ । अन्तराष्ट्रिय संगठनले अन्तरदेशिय सम्बन्धहरु नियन्त्रण गर्दछन् । राष्ट्रका कार्यहरु जाँच गर्दछन् र राष्ट्रका व्यवहार र आचरणहरु नियन्त्रण गर्दछन् । यसको साथसाथै अन्तराष्ट्रिय संगठनले आर्थिक, सामाजिक विकास र सुरक्षा पक्षका सहयोगहरुलाई एक अर्का राष्ट्र बीच प्रवर्धन गर्दछन् । यस प्रकार भन्न सकिन्छ कि आजको चुनौतिपूर्ण अवस्थामा युद्धलाई निरुत्साहित गरी शान्तिलाई स्थापित गर्न अन्तराष्ट्रिय संगठनको निकै नै ठूलो भूमिका रहेको पाइन्छ ।

अन्तराष्ट्रिय संगठनको प्रकृति, कार्यक्षेत्र, संरचना, कार्यपद्धती आदिलाई ध्यानमा राखी अन्तराष्ट्रिय सम्बन्धका ज्ञाता, अन्तरष्ट्रिय कानुनका विद्धान, राजनीतिक व्यक्तिहरु तथा अन्य यस वारेमा विद्वतता हाँसिल

गरेका प्रकाण्ड विद्वानहरुले अन्तराष्ट्रिय संगठनको बारेमा विभिन्न परिभाषा दिएको पाईन्छ । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

"कुनै पनि साझा उद्देश्य एवम् लक्ष्य प्राप्त गर्न स्वतन्त्र राष्ट्रहरु सम्मिलित भई श्रृजना गरिएको वा शासन गरिएको संगठन नै अन्तराष्ट्रिय संगठन हो ।" 'क्वीन्सी टाइट' [१]

"अन्तराष्ट्रिय सन्धिद्धारा स्थापित त्यस्तो संगठनहरुले अन्तराष्ट्रिय समुदायको उद्देश्यको पूति गर्ने प्रण गर्द र यसका लागि विशेष अंगहरुको गठन गर्छ । " 'केल्सन' [२]

यसरी भन्न सकिन्छ कि अन्तराष्ट्रिय सन्धि, संझौताहरुद्धारा स्थापित भएका, अन्तराष्ट्रिय समुदायका आवश्यकता, लक्ष्य, उद्देश्य पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिने स्वतन्त्र राष्ट्रहरुको संगठनलाई अन्तराष्ट्रिय संगठन भनिन्छ ।

अन्तराष्ट्रिय संगठनको विकासक्रमलाई हेर्ने हो भने विगतमा भएका विभिन्न प्रकारका सम्मेलनहरुलाई विशेष ध्यान दिनु पर्ने हुन्छ । यीनै विभिन्न सम्मेलनहरुको माध्यमद्धारा नै अन्तराष्ट्रिय संगठनको निर्माण भएको देखिन्छ । अन्तराष्ट्रिय सम्मेलनको थालनी सन् १६४८ को वेष्टफालिया सम्मेलन (Westphalia Conference :1648) बाट भएको पाइन्छ । त्यस पश्चात

भियाना सम्मेलन १८१५ (Vienna Conference 1815), हेग सम्मेलन १८९९ र १९०७ (Hague Conference 1899 and 1907) ले पनि अन्तराष्ट्रिय संगठनको निर्माणमा महत्वपूर्ण भूमिका निभाएका छन् । त्यस्तै गरेर विभिन्न पवित्र संघ (Holy Alliance), चर्तुष्पक्षिय संघ (Quadrungle Alliance) र यूरोपेली संघ (European Concert) ले पनि अन्तराष्ट्रिय संगठनको निर्माणमा महत्वपूर्ण भूमिका निभाएका छन् । यसरी नै अन्तराष्ट्रिय रेडक्रस समिति १८६३ (International Red-Cross Committee : 1863), अन्तराष्ट्रिय टेलीग्राफ संघ १८६५ (International Telegraphic Union : ITU), विश्व हुलाक संघ १८७४ (Universal Postal Union : UPU) जस्ता संघले पनि अन्तराष्ट्रिय संगठनको निर्माणमा महत्वपूर्ण योगदान दिएको छ।

विशेषत : रोमन साम्राज्यवादको पतन पश्चात मध्य यूगमा विभिन्न व्यापारी, राजनीतिक संगठनहरु देखा परे । सन् १७८९ को फ्रान्सेली राज्यक्रान्ती पश्चात यूरोपको राजनीतिक पक्षमा फ्रान्सको महत्वपूर्ण प्रभाव रहेको देखिन्छ । त्यस्तै गरेर सन् १९१५ मा नेपोलियनको पराजय पश्चात यूरोपियन शक्तिहरुको भियानामा भएको भेलाको पनि अन्तराष्ट्रिय संगठनको क्षेत्रमा त्यत्तिकै महत्व रहेको पाइन्छ । जसमा बेलायत, पोर्चुगल, फ्रान्स, नर्वे, स्पेन र अष्ट्रियाले भाग लिएका थिए । यसैको उपलब्धी स्वरुप स्वीटजरलैण्डको तटस्थताको निर्धारणको साथसाथै दास व्यापारमा प्रतिवन्ध, कुटनीतिज्ञको श्रेणी विभाजन, अन्तराष्ट्रिय नदीहरुमा यातायातको व्यवस्था आदिको निर्धारण गरियो यी निर्णयहरुले पनि अन्तराष्ट्रिय संगठनको निर्माणमा महत्वपूर्ण योगदान दिएका छन् ।

ई.पू. ५५९ मा चीनमा १४ वटा राज्यहरु वीचमा संझौता गरिएको संघको वर्णन पनि इतिहासमा पाईन्छ । त्यस्तै गरेर १४ औं शताब्दीमा पश्चिमी मुलुकहरु पनि अन्तराष्ट्रिय विवादहरुको समाधान गर्न चालिएका संगठनिक पहलका विभिन्न प्रयासहरु भएको पाइन्छ । त्यस्तै गरेर १७ औं शताब्दीमा फ्रान्सका

---

[१] इन्द्र बहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन , (प्रथम संस्करण २०५८), आशिष पुस्तक भण्डार काठमाण्डौ

[२] ऐ.पृ. २

राजनीतिज्ञ Dur De Sulley ले संपूर्ण यूरोपलाई १५ भागमा विभाजन गरेर एउटा ठूलो संघ बनाउने योजना तर्जुमा गरेको पाईन्छ। जो Granedesian को नामले पनि प्रचलित थियो।

सन् १६२५ मा Hugo Grotis ले आफ्नो पुस्तक 'युद्ध तथा शान्तिको कानुन' (De jure belli Acpacis) प्रकाशित गरी अन्तराष्ट्रीय अदालतको आधुनिक जग निर्माण गरेका थिए ,। १९ औ शताब्दीमा आएर नेपोलियनले युरोपपियन राष्ट्रहरुमा साझा हितको लागी संगठन हुनुपर्ने कुरामा जोड दिएका पछी अन्तराष्ट्रीय कानुनमा ख्याती प्राप्त विद्धान Victor Hugo ले सयुक्त रुपमा यूरोपको लागी न्याय र शान्ति संघ ( Peace & Justic Association ) को स्थापना गरे। मानिसको स्वभाविक चाहाना सुरु देखी नै राष्ट्र राष्ट्रबीचको सहयोगको भावना बृद्धि गराउने, विश्वमा शान्ति स्थापना गर्ने र अन्तराष्ट्रिय स्तरमा उत्पन्न भएका विवादहरुलाई शान्तिपूर्ण समाधान गरी विश्व भातृत्वको भावना श्रृजना गराउने प्रयासमा सुरु देखी नै प्रयत्नशिल रहदै आएको छ। विश्व सुमदायमा अन्तराष्ट्रिय स्तरमा प्रथम राजनीतिक संरचना बोकेको संस्थाको रुपमा प्रथम विश्वयुद्धको दुःखदायी एवम् नरसंहारकारी क्रियाकलापको परिणाम स्वरुप अन्तराष्ट्रिय शान्ति र सुरुक्षा कायम राख्न सामुहिक उत्तरदायितत्वको व्यवस्था कायम गर्नको लागी सन् १९१९ मा भएको पेरिस सम्मेलनको र १९१९को भर्साबल्सको सन्धिको परिणाम स्वरुप १० जनवरी १९२० मा राष्ट्रसंघको विधिवत रुपमा स्थापना भएको हो। यसरी अन्तराष्ट्रिय संगठनको विकासको लामो यात्रालाई हेर्दा यहांसम्मका सबै क्रियाकलापहरुको प्रयास असफल भएतापनि एउटा संस्कारको विकासमा भने टेवा पुऱ्याएको पाइन्छ। यी विविध प्रयासहरु भएतापनि सन् १९४३ को भियाना कांग्रेस (Vienna Congress: 1943) पश्चात मात्र अन्तराष्ट्रिय संगठनको विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ।

यसरी भन्न सकिन्छ कि विभिन्न संघ संगठनहरुले सशक्त रुपमा निर्वाह गरेको भूमिका, विभिन्न अन्तराष्ट्रिय स्तरका सम्मेलनहरु, आदिले भोगेका र विकासको क्रममा भएका अनेकौं प्रकारका आरोह-अवरोह को लामो इतिहास बोकेको विश्व आजको यो अवस्थामा आईपुग्न सफल भएको छ।

अन्तराष्ट्रिय संगठनको विकास एउटा क्रमिक विकास प्रयासको लामो शिलसिलाबाट भएको हो। यस्ता संघ संस्थाहरु १९ औं शताब्दीमा अप्रत्यासित घटनाको रुपमा जन्मिएका होइनन्। यूरोपमा राज्य प्रणालीको विकास १७ औं शताब्दीमा भएको थियो। जुनवेला संपूर्ण यूरोप यूद्धको विभिषिकाबाट ग्रस्त थियो। सन् १९१८ मा आएर यूरोपमा यी स-साना राज्यहरु धार्मिक यूद्धको चपेटामा रुमलिएका हुनाले यूरोपमा सबै राज्यहरु यस यूद्धको समाप्तिको खोजीमा थिए। त्यस बेलामा सबै राज्यहरुलाई अन्तराष्ट्रिय प्रणालीको आवश्यकता भएको महशुस गरिएको थियो। जसको परिणाम स्वरुप सन् १६४८ मा वेस्टफालिया सम्मेलन भयो र यस सम्मेलनले पछि आएर औपचारिक मान्यता प्राप्त गऱ्यो। यसले गर्दा नै यूरोपमा ३० वर्ष देखि चलि आएको धार्मिक यूद्द समाप्त भयो र विश्वव्यापी अन्तराष्ट्रिय संगठनको आवश्यक्ताको महसुस भएकै कारण सन् १९१९ को भर्सेलिजको सन्धि, सेन्ट जर्मन सन्धि प्रायनान सन्धि र न्यूली सन्धि जस्ता महत्वपूर्ण सन्धिहरु, भिस्कौन्ट ब्राइस (Viscount Bryce) को सक्रियतामा तयार पारेको प्रस्ताव (Proposal for the Advoidance of war), अमेरिकी भु.पु. राष्ट्रपति विलियम टाफ्ट (Willam H. Taft) को अध्यक्षतामा शान्ति लागु गर्ने संघ (League of Enforce Peace) आदिको भूमिका महत्वपूर्ण छन्। सन् १९१८ मा प्रथम विश्वयूद्धको समाप्ति पश्चात मात्र राष्ट्रसंघको स्थापनाको प्रयास सुरु भयो। सन् १९१८, जनवरी मा अमेरिकी राष्ट्रपति उड्रो विल्सनले राष्ट्रसंघ स्थापना सम्बन्धी १४ सुत्रीय कार्यक्रम प्रस्तुत गरे। सन् १९१९ को पेरिस शान्ति सम्मेलनमा समेत यस वारे व्यापक छलफल भयो। यसरी विवेचनात्मक रुपमा प्रस्तुत प्रस्ताव तथा

मस्यौदा आदिको चिन्तन, अध्ययन मनन् तथा छलफल पछि मात्र सन् १९२० जनवरी १० मा राष्ट्रसंघ (League of Nation) को विधिवत
रुपमा स्थापना भएको हो ।[३]

League of Nation अन्तराष्ट्रिय शान्ति सुरक्षा कायम राख्ने र सहयोग गर्ने जस्ता उद्देश्यहरु लिएर स्थापना भएतापनि राष्ट्रसंघले उक्त कार्य भने गर्न सफल भएन । हुनत यस संगठनका सकारात्मक भन्दा नकारात्मक पक्षलाई मात्र हेर्ने दृष्टिकोणमा सीमित भएता पनि सकारात्मक पक्षलाई पनि समालोचक ढंगले अध्ययन गर्ने हो भने (Permanant Court of International Justice : PCIJ**),** अन्तराष्ट्रिय श्रम संगठन (International Labor organization : ILO**)** जस्ता स्वतन्त्र संस्थाहरु पनि यसै राष्ट्रसंघसंग सम्बन्धित थिए । यूद्धको सम्भावनालाई रोकेर स्थायी शान्ती कायम गर्ने, यूद्धलाई रोक्ने, विवादको शान्तिपूर्ण समाधान गर्ने, जिम्मा जमानत प्रणालीलाई प्रोत्साहित गर्ने, निशस्त्रीकरण सम्बन्धि कार्य गर्ने, विभिन्न संगठनहरुलाई नेतृत्व दिने, अन्तराष्ट्रिय सहयोगको विकास गर्ने इत्यादी विषयहरुमा राष्ट्रसंघ आंशिक रुपमा सफल भएता पनि मुख्यतः विश्वयूद्धलाई रोकेर शान्ति स्थापना गर्ने कार्यमा भने, राष्ट्रसंघलाई असफलता नै प्राप्त भयो । संयूक्त राज्य अमेरिकाले सहयोग नगर्नु, भर्सेलिजको सन्धिको कठोर ब्यवहार, अधिनायकबादको उदय, राष्ट्रसंघको विधानमा भएका त्रुटीहरु र बढ्दो सैद्दान्तिक मतभेदका कारण राष्ट्रसंघले संतोषजनक काम गर्न नसकेकोले १ सेप्टेम्वर, सन् १९३९ का दिन जर्मन सेनाले पोल्याण्डमा हस्तक्षेप गरि दोश्रो विश्वयूद्धको सुरुवात गरेको थियो यसरी सुरु भएको दोश्रो विश्वयूद्ध पहिलो विश्वयूद्द सकिएको ठिक २१ वर्ष पछि हिटलर र मुसोलिनको उद्दन्डताको कारण विश्वले अर्को एटा यूद्ध विभिषिकाको भयंकर कम्पनलाई बेहोर्नु पर्‍यो । यो मानव सभ्यताको इतिहासमा आजसम्म सबै भन्दा भयानक तथा विनासकारी युद्ध थियो । यो यूद्ध निकै विनाशकारी रहयो । अमेरिकाले जापानको हिरोसिमा र नागासाकिमा प्रहार गरेको एउटै अणुबममा परी एक लाख साठी हजार भन्दा बढि मानिसहरुको मृत्यु भएको थियो । सन् १९४५ को सेप्टेम्बर २ मा जापानले आत्मसमर्पण गरे पश्चात युद्धको समाप्ति भएको थियो । यी विविध घटनाक्रमले गर्दा राष्ट्रसंघको औचित्य समाप्त भएर गयो ।

League of Nation को समाप्ती भएतापनी दोश्रो विश्वयूद्धले भने अर्को एउटा विश्व संस्थाकोआवश्यकता भएको महशुस गर्‍यो हुनत League of Nation को पतनले गर्दा यस्तो विश्वसंगठन प्रति शंका त यथावत नै रह्यो तैपनि सानातिना समस्याको छलफल गर्न र संभावित यूद्धको खतरा रोक्ने तर्फ सामान्य प्रयासका लागि यस्तो अन्तराष्ट्रिय संगठनको आवश्यक्ता र महत्वलाई सबै राष्ट्रहरुले महशुस गरे । त्यस पछि विश्व समुदायको अथक प्रयास र प्रयत्न द्धारा संयूक्त राष्ट्रसंघ (The United Nation) को स्थापना हुन पुग्यो । UNO को स्थापना गर्नका लागि निम्न लिखित प्रयासहरु भएको पाइन्छ ।

(१) अर्न्तरसम्बन्ध घोषणा (Inter Allied Declaration 1941)
(२) एटलान्टिक वडापत्र (Atlantic Charter 1941)
(३) संयुक्त राष्ट्रको घोषणा - पत्र (Declaration of the United Nations)
(४) मस्को घोषण (Moscow Declaration 1943)
(५) तेहरान घोषणा (Teheran Declaration 1943)
(६) डम्बर्टन-ओक्स सम्मेलन (Dumbarton Oaks Conference 1944)
(७) याल्टा सम्मेलन (Yalta Conference, 1945)

---

[३] श्री कृष्ण श्रेष्ठ, बृहत सामान्य ज्ञान, २०६१/०६२, पैरवी प्रकासन, पृ. ९८५

(८) शान् फ्रान्सिसको सम्मेलन (San Francisco Conference 1945) [४]

यसरी संयुक्त राष्ट्रसंघको स्थापना गर्नका लागि विभिन्न प्रयास पश्चात संयुक्त राष्ट्रसंघले राष्ट्रसंघको उत्तराधिकारीको रुपमा कार्य गर्न थाल्यो । तद्अनुरुप सन् १९४५ अक्टोवर २४ मा यस संगठनको विधिवत घोषणा गरियो । मानवलाई यूद्धको प्रकोपबाट जोगाउन, मौलिक मानव अधिकार, मानवको मर्यादा र मूल्य मान्यतामा अभिवृद्धि गर्नु, ठूला साना राष्ट्रहरु बीच समानताको स्थिति श्रृजना गर्नु, अन्तराष्ट्रिय न्याय र सम्मानको स्थिति कायम गर्नु, सामाजिक कार्यलाई प्रोत्साहित गर्ने आदि मूलभुत उद्देश्यहरु लिई स्थापित यस अन्तराष्ट्रिय विश्व संगठन अन्तर्गत अन्य धेरै संगठनहरु आवद्ध रही कार्य गर्दै आएका छन् । हाल यस विश्व संगठन अन्तर्गन १९२ सदस्य राष्ट्रहरु रहेका छन् । आजको २१ औं शताब्दीमा आईपुग्दा कुनै निश्चित कार्य सम्पन्न गर्न निर्माण गरिएका सिमित उद्देश्यहरु वोकेका संगठनहरुको भूमिका, विभिन्न क्षेत्रमा द्रुत गतिमा भएको विकास र परिवेशसंग झन UN को महत्व बढ्दै गएको छ ।

आजको विश्वमा समयले स्थापना गरेको जटिल परिस्थिति, वातावरणिय स्थिति, हात हतियारको होडवाजी र बढ्दो आतंककारी क्रियाकलाप आदि विविध अवरोधहरुले गर्दा आज विश्वलाई संयुक्त प्रयास विना कुनै पनि कार्य सम्पन्न गर्न मुस्किल पर्ने भैसकेको छ । औद्योगिक विकास संचार र यातायातको माध्ययमले गर्दा आज विश्व Global Village को रुपमा परिणत हुन पुगेको छ। तसर्थ यी विविध कारणहरुले गर्दा हाल आएर यसको महत्व झनै बढ्न गएको कुरा सिद्ध हुन आउँछ विश्वमा शान्ति स्थापना गर्न, एक आपसमा राजनीतिक सम्बन्ध बढाउन, आर्थिक, सामाजिक एवं सांस्कृतिक विकास, वातावरणिय संरक्षण, द्विपक्षीय एवं बहुपक्षीय अन्तराष्ट्रिय विवादहरुको शान्तिपूर्ण रुपमा समाधान गर्न, सामुहिक स्थायीत्व, अन्तरिक्षको प्रयोग जस्ता विविध कार्यहरुमा अन्तराष्ट्रिय संगठनको भूमिका निर्विवाद रहन पुगेको छ । त्यसरी नै आर्थिक, सामाजिक, औद्योगिक, स्वास्थ्य एवं ब्यापार क्षेत्रलाई विश्वब्यापी रुपमा विकास गर्न अन्तराष्ट्रिय संगठनको त्यत्तिकै ठूलो भूमिका रहेको छ । राष्ट्र-राष्ट्र विचको सम्बन्धलाई सुदृढ एवं सवल पार्न, अन्तराष्ट्रिय कानूनको निर्माण गर्नु, सन्धि संझौताको निर्माण गर्नमा पनि अन्तराष्ट्रिय संगठनको आफ्नै भूमिका रहेको हुन्छ । यसका साथै आणविक अस्त्र-शस्त्रको होडवाजीमा रोकथाम, राष्ट्रको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता र सुरक्षा जस्ता क्षेत्रमा पनि अन्तराष्ट्रिय संगठनले ठुलो योगदान दिएको पाइन्छ । आज आएर अन्तराष्ट्रिय संगठनको सान्दर्भिकता हरेक क्षेत्रमा झनै बढेर गएको छ । मानव जातीको लागि यो संगठनको सक्रियता भविश्यमा अंझै बढि आवश्यक बन्ने कुरामा कुनै संका छैन । यसरी UN लगाएत विश्वका अन्य अन्तराष्ट्रिय संगठनका आ-आफ्नै प्रकारका उद्देश्यहरु रहेतापनि मूलभुत रुपमा सबैले विश्व शान्ति र विकासलाई विशेष जोड दिएको पाइन्छ । अन्तराष्ट्रिय संगठनमा खासगरी महासभा, कार्यकारीणी अंग, प्रशासनिक अंग र विशेष अंग तथा आयोगहरु हुने गर्दछन् । यीनै एजेन्सीहरुले अन्तराष्ट्रिय संगठन, संयुक्त राष्ट्रसंघको विश्वशान्ति तथा स्थिरता कायम गर्ने उद्देश्यलाई सार्थक तुल्याउन विविध प्रकारका क्रियाकलापहरु संचालन गर्दै आइ रहेका छन् । यसरी भन्न सकिन्छ कि अन्तराष्ट्रिय संगठनको महत्व निकै बढ्दो अवस्थामा रहेको छ ।

## २.२ क्षेत्रीय संगठन (Regional Organization)

राष्ट्रहरु स्वतन्त्र र सार्व भौम सत्ता सम्पन्न भएकोले तिनीहरु क्षेत्रीय संन्धिहरुको निर्माण गर्न र ति सन्धिहरुको माध्ययमबाट क्षेत्रीय संगठनहरुको स्थापना गर्न स्वतन्त्र छन् । क्षेत्रीय सन्धिहरुको आधारमा

---

[४] ऐजन पृ. ९८६ – ९८८

विभिन्न प्रकारका क्षेत्रीय संगठनहरुको निर्माण गर्न सकिन्छ । जस्तै : क्षेत्रीय शान्ति र सुरक्षा सम्बन्धि संगठन, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक आदि विभिन्न क्षेत्रमा क्षेत्रीय सहयोग सम्बन्धि संगठन, वित्तिय क्षेत्रीय संगठन, सैनिक गुटवन्दि सम्बन्धि संगठन, आदि । उपयुक्त विभिन्न प्रकारका संभाव्य क्षेत्रीय संगठनहरु मध्य अन्तराष्ट्रिय शान्ति सुरक्षा कायम राख्ने सम्बन्धी संगठनलाई संयुक्त राष्ट्रसंघको वडापत्रले विशेष मान्यता एवं समर्थन प्रदान गरेको पाइन्छ । [५]

सामान्यतया एउटै धर्म संस्कृति, रहनसहन रितिरिवाज र अन्य सामाजिक मान्यता ब्यवहार र आर्थिक अवस्था एक न एक रुपमा एकै भएका या समान राजनीतिक विचार, सोचाई या मान्यता राख्ने राष्ट्रहरु भएमा त्यस क्षेत्रमा क्षेत्रीय संगठनको स्थापना गर्न विशेष सजिलो हुन जान्छ । यस प्रकार राष्ट्रहरु स्वतन्त्र एवं सार्वभौमसत्ता सम्पन्न भएकोले क्षेत्रीय समस्या समाधान गर्न क्षेत्रीय सन्धिहरुको निर्माण र ति सन्धिहरुको माध्यमबाट क्षेत्रीय संगठनको स्थापना गर्न स्वतन्त्र छन् र यी क्षेत्रीय सन्धिहरुको आधारमा विभिन्न प्रकारका संगठनहरुको निर्माण गरिएका छन् । क्षेत्रीय संगठनको वारेमा विभिन्न परिभाषा दिएको पाइन्छ जो निम्न अनुसार छन् ।

"A Regional arrangement or pact is a voluntary association of sovereign state within certain area or having common interests in that area for a joint purpose, which should not be of an offensive nature in relation to that area" क्षेत्रीय प्रवन्ध स्वतन्त्र राज्यहरुको एक स्वच्छिक संगठन हो, जुन निश्चित क्षेत्रीय संयुक्त उद्देश्य या साझा हितमा आधारित हुन्छ ।" [६]

सन् १९४५ मा सन् फ्रान्सिसको सम्मेलनमा UN Charter को भाग ८ को धारा ५२,५३,५४, मा हालको उल्लेखित क्षेत्रीय प्रवन्धहरुको मस्यौदामा छलफल हुँदा मिश्री प्रतिनिधि मण्डलले संघको वडापत्रमा उल्लेखित Regional Arrangement को परिभाषलाई सिमित गर्ने संसोधन पेश गर्दै निम्न अनुसार उल्लेख गरिएको थियो । Organization of a permanent nature grouping in a given geographical area several countries, which by reason of their approvimity, community of interests or cultural lingusistic, historical or spiritual affinties, make themselves jointly responsible for the peaceful settlement of any disputes.which may arrise between then and for the peaceful settlement of any disputes which may arise between them and for the maintenance of peace and security in their region, as well as for the seteguarding of their interests and the development of their economic and cultural relations." [७]

विश्व क्षेत्रीय संगठनहरु आर्थिक तथा सामाजिक विकासको नाममा स्थापना भएको पाईएतापनि यस्ता संगठनहरुको स्थापना हुनुमा सुरक्षाको पनि त्यत्तिकै महत्व रहेको पाइन्छ । त्यसकारण क्षेत्रीय संगठनको अवधारणा र विकासको अध्ययन क्रमलाई हेर्ने हो भने, द्धितिय विश्वयुद्ध सम्म आई पुग्नु पर्दछ । नरसंहारकारी द्धित्तिय विश्वयूद्ध पछि विश्वका सबैजनमानस तथा सबै राष्ट्रहरुले शान्ति, स्थायीत्व र सुरक्षाको

---

५ UN Charter, Articles 52 to 54( इन्द्रबहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, २०५८ फागुन, आशिष पुस्तक भण्डार वागबजार, काठमाण्डौं, पृ.४६२ - ४६३ बाट उदृत गरिएको ।

६ Palmer D and Palmer, H.W., International Relation the world Community in Transition. 3rd Edt. 1973, Calcutta, Scientific Book Agency, P. 558-559

७ Document of UN. Conference on international organization San:fransisco (United Nationas 1945) XII, 850 Document 533 (English) III 4A. 9 , May 23, 1954.

आवश्यकताको महसुस गर्न थाले । एकातिर त्यतिवेला विश्व भातृत्वको भावनालाई अंगाल्नु पर्ने आवश्यक्ता थियो भने, त्यस वेलानै विश्व दुई प्रमुख खेमामा बाँडिएको थियो । एकातिर समाजबादी विचारधारा अंगाल्ने राष्ट्रहरुको समुहको नेतृत्व सोभियत संघले गरेको थियो भने, अर्कोतिर पुँजिवादी विचारधारा अंगाल्ने राष्ट्रहरुको समुहको नेतृत्व संयूक्त राज्य अमेरिकाले गरेको थियो । यसरी यी दुई विचारधारा अंगाल्ने राष्ट्रहरु वीच ठूलो प्रतिस्पर्धा भएको पाईन्छ । यसरी दुई खेमा वीच प्रतिस्पर्धा बढ्न थाले पछि एकले अर्कोबाट त्रासको वातावरण महसुस गर्न थाले र सैनिक निग्रानी गर्न थाले । त्यस वेला देखि नै शितयूद्ध सुरु भयो । दुईवटा शक्तिहरुले आफ्नो अस्तित्व जोगाउने प्रयास गर्न थाले र अन्य स-साना राष्ट्रहरुले पनि सोहि मुताविक सुरक्षा तथा विकासको लागि संगठित हुने प्रयास गरे । यसरी विभिन्न क्षेत्रीय संगठनहरुको स्थापना हुने काम शुरु भएको पाइन्छ ।

यसरी दुई खेमा विच विभक्त विश्वमा प्रतिस्पर्धा बढ्न थालेपछि पश्चिमी मुलुकहरुले सोभियत संघको विरुद्दमा एकजुट भै उत्तर एटलान्टिक सन्धि संगठन नेटो (North Atlantic Treaty Organization : NATO) को सन् १९४९, अप्रिल ४ मा वासिङ्गटनमा बसेको बेल्जियम, फ्रान्स, लग्जेमबर्ग, नेदरल्याण्ड, बेलायत, क्यानडा, डेनमार्क, आइसल्याण्ड, इटली, नर्वे, पोर्चुगल र अमेरिकाका विदेशमन्त्रीहरुको बैठकले हस्ताक्षर गरी NATO को गठन गरे । पछि यसमा स्पेन, ग्रिस, टर्की र पश्चिम जर्मनी पनि समावेश भए । NATO को समानान्तर स्तरमा सामुहिक सुरक्षागत उद्देश्यले पूँजीवादी राज्यहरुको विरुद्धमा साम्यवादी राष्ट्रहरुद्धारा सोभियत संघको नेतृत्वमा ४ मई, सन् १९५५ मा स्थापित गैर पूँजिवादी संगठनमा पूर्वि यूरोपका साम्यवादी राष्ट्रहरु अल्वानिया, बुल्गेरिया, पूर्वि जर्मनी, हंगेरि, पोल्याण्ड, सोमालिया र रुसको गुटले वार्सा संझौता ( WARSAW PACT को गठन गरे ।

सन् १९५२ मा अष्ट्रेलिया र अमेरिकाद्धारा सुरक्षाका दृष्टिले (ANZUS Council) को स्थापना गरे । यसरी नै अमेरिकी गुटले १८ सेप्टेम्बर, १९५४ मा (South East Asia Treaty Organization : SEATO) को स्थापना गरे । यसलाई मनिला संझौताको नामले पनि चिनिन्छ । यसका सदस्य राष्ट्रहरुमा अष्ट्रेलिया, फ्रान्स, न्यूजीरलैण्ड, पाकिस्तान, फिलिपिन्स, थाईल्याण्ड, अमेरिका र इङ्गलैण्ड थिए । यसरी नै २५ जनवरी १९४९ मा पारस्परिक आर्थिक सहयोग परिषद (Council of Mutual Economic Assistance : COMECON) को स्थापना भयो । जसमा बुलगेरिया, क्यूवा, चेकोस्लोभियाकिया, पूर्विजर्मनी, हँगेरी, मंगोलिया, पोल्याण्ड, रुमानिया, भियतनाम र सोभियत संघ सदस्य राष्ट्रहरु थिए । त्यस्तै गरेर १ जनवरी ,सन् १९५८ मा यूरोपियन आर्थिक समुदाय (Europian Economic Community : EEC) को स्थापना भयो सुरुमा यस समुदायमा ६ वटा राष्ट्रहरु, ईटाली, जर्मनी, निदरल्याण्ड, फ्रान्स, बेल्जियम र लक्जेम्वर्ग समावेश भएका थिए । पछि सन् १९९४ जनवरी १ मा यसको नाम परिवर्तन भएर यूरोपेली संघ (Europan Union : EU) भयो र यसमा हाल २५ वटा सदस्य राष्ट्रहरु छन् । राष्ट्रहरु वीच पूर्ण आर्थिक समानता कायम गर्ने उद्देश्यले सन् १९५८ मा बेल्जियम, नेदरल्याण्ड र लक्जेम्बर्ग मिलेर वेनेलेक्स आर्थिक संघ (BENE LUX Economic Union) को गठन गरे ।

तेल निर्यात गर्ने राष्ट्रहरुको आर्थिक हित सुरक्षित गर्ने उद्देश्यले १५ नोभेम्वर, सन् १९६० मा अल्जेरिया, साउदीअरव, इक्वेडोर, कतार, भेनेजुयला, लिविया, कुवेत, इरान, इराक, नाइजेरिया, यूनाइटेड अरव इमिरेट्स, उपावोन र इन्डोनेसिया मिलि पेट्रोलियम निर्यात गर्ने देशहरुको संगठन (Organization of petroleum exporting countries: OPEC) त्यस्तै विशेष गरेर आफ्नो क्षेत्रको क्षेत्रीय सुरक्षाको दृष्टिकोणले सन् १९६७ अगस्त ८ का दिन दक्षिण पूर्वि एशियाली राष्ट्रहरु इन्डोनेशिया, फिलिपिन्स, थाइल्याण्ड, मलेशिया

र सिङ्गापुर मिलेर दक्षिण पूर्वि एशियाली राष्ट्रहरु को संगठन Association of South East Asian Nations : ASEAN को स्थापना गरे । हाल यस संगठनका सदस्य राष्ठ्रहरुमा बृद्धि भएर १० पुगेका छन् ।

उपनिवेशवादलाई निर्मूल पार्न र अन्तराष्ट्रिय सहयोग जुटाउने उद्देश्यले अफ्रिकाका २२ राष्ट्रहरु मिली (Organization of African Unity: OAU) को स्थापना गरे, जसमा अल्जेरिया, कतार, जोर्डन, इकार, इरान, कुवेत, लेवनान, लिविया, मोरक्को, मौरीटानिया, अम्मान, सुडान, साउदीअरव, सोमालिया, सिरिया, ट्युनिशिया, संयुक्त अरब इमिरेट, इजिप्ट, बहराइन, एमन, फिबुटी र प्यालेष्टायनी मुक्ति संगठन सदस्य छन् । हाल यसको सदस्य संख्या ५१ पुगेको छ । त्यस्तै गरेर सन् १९५६ मा एशियाली-अफ्रिकी कानूनी परामर्श समिति (Asian African Legal Counsultative Committee : AALCC) को स्थापना भयो, जसमा सदस्य राष्ट्रहरु इराक, इण्डोनेशिया, भारत, जापान, बर्मा, संयुक्त अरब इमिरेट र श्रीलंका छन् भने हाल यस समितिमा ४१ वटा राष्ट्रहरु सामेल छन् । त्यस्तै गरेर अमेरिकी राष्ट्रहरुबीच आथिक, सामाजिक, एवं सांस्कृतिक क्षेत्रमा विविध सहयोग पुऱ्याउने र अमेरिकी राष्ट्रहरुको स्वतन्त्रता, सार्वभौमसत्ता र प्रादेशिक अखण्डताको सुरक्षा गर्ने हेतुले सन् १९४८ मा अमेरिकी राष्ट्र संगठन (Organization of American States : OAS) को स्थापना भएको हो । हाल यसमा अमेरिका लगायत ३५ वटा राष्ट्रहरु आवद्ध छन् । यसरी नै डिसेम्बर, सन् १९६५ मा एशियाली विकास बैंक (Asian Development Bank : ADB) स्थापना भई सन् १९६६ देखि आफ्नो कार्य प्रारम्भ गरेको पाइन्छ ।

विश्वमा यसरी धमाधम गठबन्धन भई रहेको बेलामा आफुलाई कुनै गुटमा समावेश नगरी स्वतन्त्ररुपमा रहन चाहने राष्ट्रहरुबीचको गठबन्धनको रुपमा असंलग्न आन्दोलन (Non-Aligned Movement : NAM) को जन्म अप्रिल १८-२४, सन् १९५५ को वाङडुङ सम्मेलन बाट हुन गयो तर यसको विधिवत स्थापना प्रथम सममेलन सेप्टेम्बर १-६, सन् १९६१ मा बेलग्रेडबाट भएको थियो । यस मञ्चमा तेश्रो विश्वका अल्पविकशित र नवस्वाधीन राष्ट्रहरुको भावना प्रतिविम्वित हुन्थ्यो । यसका प्रनेता सदस्यहरु मध्य भारतका प्रधानमंत्री जवाहरलाल नेहरु, इजिप्टका राष्ट्रपति कर्णेल समाल अब्दुर नासिर, युगोस्लाभियाका राष्ट्रपति जोशेफ ब्रोज टिटो, इण्डोनेशियाका राष्ट्रपति सुकार्ने, घानाका राष्ट्रपति क्वाभे यमुक्रमा हुनुहुन्थ्यो । हाल सन् २००३ सम्ममा यसका सदस्य राष्ट्रहरु ११४ वटा छन् ।

यसरी नै दक्षिण एशियाली जनताहरुको हित अभिवृद्धि गर्ने, उनीहरुको जीवनस्तरमा सुधार ल्याउने, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नती र विकासको अभिवृद्धि गर्ने, दक्षिण एशियाका राष्ट्रहरु बीच सामुहिक आत्मनिर्भरताको सम्बर्द्धन र विस्तार गर्ने, आर्थिक, सामाजिक, संस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रहरुमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने, अन्य विकासशिल देशहरुसंगको सहयोगलाई दरिलो पार्ने, साझा हितका विषयमा अगाडि बढ्न समान उद्देश्य भएका अन्तराष्ट्रिय र क्षेत्रीय संगठनहरुसंग सहयोग कायम गर्ने आदि ध्येयले डिसेम्बर ८, सन् १९८५ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (South Asian Association for Regional Co-operation : SAARC) को स्थापना ढाँकामा भएको हो । नेपाल, भारत, पाकिस्तान, बंगलादेश, माल्दिभ्स, श्रीलंका र भुटान यस संगठनका सदस्य राष्ट्रहरु छन् ।

अन्तराष्ट्रिय शान्ति सुरक्षालाई क्षेत्रीय स्तरमै समाधान गर्नु क्षेत्रीय संगठनहरुको सम्बन्धमा संयुक्त राष्ट्रसंघको वडापत्रमा निम्नानुसार व्यवस्था छ ।

१) क्षेत्रीय संगठनका क्रियाकलापहरु सम्बन्धित क्षेत्रीय संगठनका सदस्य राष्ट्रहरु अवस्थित रहेको क्षेत्रमा सिमित हुनु पर्दछ।

२)	क्षेत्रीय संगठनका क्रियाकलापहरु वडापत्रको सिद्दान्तसंग मेल खाने हुनु पर्दछ । [८]

३)	क्षेत्रीय विवादहरुको शान्तिपूर्ण समाधान हुन नसकेमा यस्ता विवादहरुलाई सुरक्षा परिषदमा सुम्पिनु पर्दछ ।

४)	क्षेत्रीय शान्ति र सुरक्षा कायम राख्न क्षेत्रीय संगठनहरुले निम्न लिखित अवस्थाहरुमा शान्तिपूर्ण कदम पनि चाल्न सक्छन् ।

(क) सुरक्षा परिषदले यस्तो अधिकार प्रदान गरेमा ।

(ख) कुनै सदस्य राष्ट्रमाथी आक्रमण हुँदा सुरक्षा परिषदले आवश्यक कदम नचालुन्जेल सामुहिकआत्मरक्षाको अधिकारको प्रयोग गर्दा

(ग) द्धितिय विश्वयूद्धमा सत्रु भएको राष्ट्र विरुद्ध धारा १०६ बमोजिम कारवाही गर्नु परेमा ।

५)	क्षेत्रीय संगठनहरुले अन्तराष्ट्रिय विवादहरुको क्षेत्रीय स्तरमा समाधान गर्न सर्वप्रथम धारा ३३ मा उल्लेखित शान्तिपूर्ण तरिकाहरुको प्रयोग गर्नु पर्दछ ।

६)	अन्तराष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने सम्बन्धमा क्षेत्रीय संगठनहरुद्धारा गरीएका वा गर्ने विचार गरीएका कार्यवाहीहरुको पूर्व सूचना सुरक्षा परिषदलाई सदा दिई रहनु पर्दछ ।

यस प्रकार अन्तराष्ट्रिय शान्ति र सुरक्षा सम्बन्धि व्यवस्थालाई संयुक्त राष्ट्रसंघको वडापत्रले विशेष जोड दिएको पाइन्छ । यसको साथसाथै क्षेत्रीय संगठनहरुले आपसी आर्थिक सहयोग, वैज्ञानिक, प्राविधिक सहयोग आदान-प्रदान, सांस्कृतिक सहयोग आदान-प्रदान इत्यादी सहयोगका विविध क्षेत्रहरुमा आफ्नो क्रियाकलापलाई केन्द्रित गरेको पाइन्छ । साथै सदस्य राष्ट्रहरु बीच आर्थि, सामाजिक र संस्कृतिक जस्ता क्षेत्रमा परस्पर एवं समन्वयात्मक सम्बन्ध स्थापना गर्ने उद्देश्य लिएर स्थापना भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) पनि यसैको एक उदाहरण हो ।

अतः राष्ट्रहरुको स्वतन्त्रतालाई वचाई आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लागि सहयोग आदान-प्रदान गर्न क्षेत्रीय संगठनको निर्माण गर्नु ज्यादै महत्वपूर्ण कार्य मानिएको छ र यसको महत्वलाई टडकारो रुपमा महसुस गरी उपयुक्त विभिन्न क्षेत्रीय संगठनहरुले आपसी हित, क्षेत्रीय सहयोग, व्यापारीक सहयोग सामाजिक तथा सांस्कृतिक क्षेत्रमा सहयोग तथा विकास गर्नमा महतवपूर्ण भूमिका निभाएका छन् । यसको परिपूर्तिका लागि विश्वमा भौगोलिक निकटताको आधारमा क्षेत्रीय संगठनको विकास यसरी भएको पाइन्छ ।

---

[८] गोपाल शर्मा, <u>अन्तराष्ट्रिय संगठनको रुपरेखा</u> (२०४४) कानुनी पाठ्यपुस्तक प्रकासन प्रा.लि.काठमाण्डौं, पृ. १६१

# अध्याय- ३

## सार्कको ऐतिहासिक पृष्ठभूमि (Historical Background of SAARC)

### ३.१ सार्क स्थापनाको पृष्ठभूमि (Background of SAARC Establishment)

दोस्रो विश्वयूद्ध पश्चात अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठनको स्थापनामा तिव्रता आएको हो । बहुसंख्यक संस्थाहरु अर्थात संघ संगठनहरु अन्तराष्ट्रिय शान्ति सुरक्षा, पारस्परिक सहयोग तथा समन्वय, मानवअधिकारको संरक्षण तथा आर्थिक हितको विषयमा केन्द्रित रहे । यसरी विश्वमा संघ संगठनको विस्तार भै रहेको वेलामा दक्षिण एशियाली क्षेत्रका राष्ट्रहरुको ध्यान केन्द्रित हुनु पनि स्वभाविकै रहयो । दक्षिण एशियाका ठूला राष्ट्र (भारत, पाकिस्तान) भन्दा पनि अन्य साना राष्ट्रहरुले यस संगठनको स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाईन्छ । यस क्षेत्रीय सहयोग संगठनको स्थापना पश्चात यस क्षेत्रमा शान्ति सुरक्षा र स्थिरताको वातावरण श्रृजना हुने र आफ्नो सुरक्षा, सम्प्रभुत्व र अखण्डता प्रति ढुक्क हुने र आर्थिक, सामाजिक, सांस्कृर्तिक विकास गर्न सकिने कुरामा विश्वस्त भै यी साना राष्ट्रहरुले क्षेत्रीय सहयोग संगठनको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्न थालेको स्पष्ट हुन आउँछ ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) कै आसपासमा रहेका अन्य क्षेत्रीय संगठनहरु यूरोपेली यूनियन (Europian Union) तथा दक्षिण पूर्वी एशियाली राष्ट्रहरुको संगठन (ASEAN) ले प्राप्त गरेको सफलताकै परिणाम स्वरुप दक्षिण एशियाली क्षेत्रका राष्ट्रहरु वीच क्षेत्रीय सहयोग, पारस्परिक मैत्रीभाव, सामुहिक आत्मनिर्भरता अभिवृद्धि गर्दै यस क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा उन्नति र प्रगति हासिल गर्ने मूल उद्देश्यहरु सहित दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको स्थापना गर्ने हौसला प्राप्त भएको पाईन्छ । यसै क्रममा वि.सं. २०३१ साल फाल्गुन १३ गते नेपालका तत्कालिन राजा स्व. श्री ५ महाराजाधिरा वीरेन्द्र वीरविक्रम शाहदेवबाट आफ्नो राज्यारोहणको क्रममा भाग लिन आएका विभिन्न प्रतिनिधिहरुलाई सम्वोधन गर्ने क्रममा नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखि वक्सियो । जुन प्रस्ताव भारत वाहेक विश्वका अन्य ११६ वटा राष्ट्रहरुले स्वीकृति प्रदान गरे । यसरी अन्य देशहरुले शान्ति क्षेत्रको प्रस्तावलाई स्वीकृती प्रदान गर्ने तर छिमेकि मुलुक भारतले नै यस प्रस्तावलाई स्वीकृती नजनाएपछि नेपालले क्षेत्रीय संगठनको आवश्यकतालाई महशुस गऱ्यो ।

नेपालका तत्कालिन राजा स्व. श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारबाट सन् १९७७ को नोभेम्वरमा काठमाण्डौमा सम्पन्न कोलोम्बो योजना परामर्श दातृ समितिको २६ औं मन्त्रीस्तरिय वैठकको समुद्घाटन्को अवसरमा सम्बोधन बक्संदा “नेपालको अथाह जलस्रोतको उपयोग गर्न क्षेत्रीय सहयोगको आहवान” गरिवक्सिएको थियो । उक्त अवसरमा मौसुफ सरकारबाट हुकुम भएको थियो “जलस्रोत नेपालको आर्थिक विकासको निमित्त एउटा महत्वपूर्ण साधन हुन सक्छ तापनि यसलाई आफ्नो राष्ट्रिय स्वार्थको दृष्टिकोणले मात्र हेर्ने हाम्रो अभिप्राय रहेको छैन । हाम्रा मित्र राष्ट्रहरु खासगरी भारत, चीन, भुटान, वंगलादेश, पाकिस्ता, श्रीलंका र यस क्षेत्रका अरु सबै मुलुकहरुका वीच पारस्परिक सहयोग कायम भएमा यस्ता असंख्य प्राकृतिक श्रोतहरुको यस क्षेत्रका सबै मूलुकहरुलाई लाभ पुऱ्याउने गरी उपयोग गर्न सकिन्छ भन्ने हाम्रो धारणा छ । यसका अतिरिक्त भूपरिवेष्ठित मुलुकहरुलाई समुद्रसम्म पुऱ्याउने वाटोको रुपमा पनि हाम्रो नदी प्रणालीलाई प्रयोग गर्न सकिन्छ ।” यस प्रकार यस क्षेत्रमा क्षेत्रीय अवधारणाको प्रस्फुटन यसै सम्बोधनलाई मान्न सकिन्छ ।

यस क्षेत्रका लागि क्षेत्रीय संगठनको आवश्यकता एवं स्थापना गर्ने मनसाय सार्क स्थापना पुर्व यस क्षेत्रका विभिन्न राष्ट्र तथा सरकार प्रमुखहरुद्वारा समय समयमा अनौपचारिक रुपमा अभिब्यक्ति भएको भएता पनि यस क्षेत्रमा यस संगठनलाई औपचारिक प्रारुप दिने श्रेय तत्कालिन वंगलादेशका राष्ट्रपति स्व. जियाउर रहमान (Ziaur Rahamman) लाई जान्छ । राष्ट्रपति रहमानले सन् १९७७ को स्व. श्री ५ वीरेन्द्रको सम्बोधन देखि सन् १९८० को वीचमा दक्षिण एशियाली क्षेत्रमा अवस्थित भारत पाकिस्तान र श्रीलंकाको भ्रमण गरी क्षेत्रीय सहयोगको सम्बन्धमा व्यापक छलफल गर्नु भएको थियो । सन् १९८० मा राष्ट्रपति जियाउर रहमानले दक्षिण एशियाली क्षेत्रीय सहयोग (South Asian Regional Co-operation) को अवधारणालाई अगाडी सारेर औपचारिक ढंगले प्रस्तुत गर्नु भएको थियो । उक्त अवधारणाले अन्य राष्ट्रहरुलाइ यसप्रकारको संगठन स्थापना गर्ने परिकल्पनालाई निर्दिष्ट मार्ग तर्फ अभिप्रेरित गरायो । वंगलादेशको यस प्रस्तावलाई दक्षिण एशियाका सबै राष्ट्रहरुले स्वागत गरे ।

सन् १९८१ को अप्रिल २१–२३ सम्म श्रीलंकाको राजधानी कोलोम्बोमा दक्षिण एशियाली राष्ट्रहरु भारत, पाकिस्तान, श्रीलंका, वंगलादेश, भुटान, नेपाल र माल्दिप्स गरी ७ वटा राष्ट्रका विदेश सचिवहरुको सचिव स्तरिय प्रथम वैठक बस्यो । यहि नै सार्क स्थापना कालमा पहिलो औपचारिक प्रयासथियो । यस वैठकमा यस क्षेत्रका सहयोगका ५ वटा क्षेत्रहरु ग्रामिण विकास, कृषि, दुरसंचार, जलवायु र स्वास्थ्य तथा जनसंख्यालाई अगाडी ल्याइयो र सहयोगका अन्य क्षेत्रहरु पत्ता लगाउन सातवटै राष्ट्रका अधिकारीहरुवीच कमिटी गठनत गरी सामुहिक प्रयासबाट समाधान गर्ने प्रयास गरियो ।सन् १९८१ को नोभेम्वर २–४ सम्ममा नेपालको राजधानी काठमाण्डौमा सम्पन्न विदेश सचिव स्तरिय दोस्रो वैठकले सहयोगका अन्य ३ क्षेत्रहरु यातायात, हुलाक सेवा र विज्ञान तथा प्रविधिमा अध्ययन गर्ने कुरामा सहमति भयो ।

सन् १९८२ को अगस्त ७–८ मा पाकिस्तानको राजधानी इस्लामावादमा विदेश सचिव स्तरिय तेस्रो वैठक सम्पन्न भयो । यस वैठकले सहयोगका अन्य दुई क्षेत्रहरु खेलकुद र कला तथा संस्कृति थप भयो ।

सन् १९८३ को मार्च २८–३० सम्म वंगलादेशको राजधानी ढाँकामा विदेश सचिव स्तरिय चौथो बैठक सम्पन्न भयो । यस चौथो वैठकले विगतका वैठकहरुले तोकेको सहयोगका क्षेत्रहरुमा भएका प्रगति वारे मुल्याङ्कन गर्नुको साथै एकिकृत कार्य योजना (Integrated programme of Action: IPA) लागु गर्न स्वीकृतिको लागि विदेश मन्त्रिहरुको बैठक आयोजना गर्ने निर्णय लियो ।

विदेश सचिव स्तरिय वैठकहरुले अनुमोदन गरेका विभिन्न विषयहरुमा विस्तृत छलफल गर्ने तथा क्षेत्रीय सहयोगलाई बढी प्रभावकारी बनाउने दिशामा नयाँ गति प्रदान गर्न सार्क राष्ट्रका विदेश मन्त्रिहरुको पहिलो बैठक अगस्त १-२, सन् १९८३ मा भारतको राजधानी नयाँदिल्लीमा सातैवटा दक्षिण एशियाली मुलुकहरुका विदेश मन्त्रिहरुको पहिलो वैठक बस्यो । अगस्त २ सन् १९८३ मा दक्षिण एसियाली क्षेत्रीय सहयोग (South Asian Regional Co-operation : SARC) को उद्देश्य र सिद्दान्तमा प्रकाश पारी घोषणा पत्र जारी गरियो । यस घोषणा पत्रलाई दिल्ली घोषणा पत्र (Delhi Declaration) भनिन्छ । यसै बैठक द्वारा सार्कको संस्थागत प्रवन्धको लागि प्राविधिक समिति, कार्य समिति र स्थायी समिति पनि गठन भएको थियो ।

सन् १९८४, फेब्रुवरी २७–२८ मा दोस्रो विदेश मन्त्रिस्तरिय बैठक माल्दीभ्सको मालेमा बस्यो । यस बैठकले राष्ट्र प्रमुखहरुको शिखर बैठक सन् १९८५ को अन्त्यतिर वंगलादेशको राजधानी ढाँकामा गर्ने निर्णय गऱ्यो ।

सन् १९८५ को मई १३–१४ मा भुटानको राजधानी थिम्पुमा विदेश मन्त्रिस्तरीय तेस्रो बैठक बस्यो । यस बैठकद्वारा सार्क राष्ट्रका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुको शिखर सम्मेलन बंगलादेशको राजधानी

ढाँकामा सन् १९८५ डिसेम्बर ७–८ मा गर्ने निर्णय गर्नुका साथै ढाँका सम्मेलनको घोषणा पत्र तयारी, क्षेत्रीय संगठनको संगठनात्मक ढाँचा र वडापत्र (SARC CHARTER) को मस्यौदा तयार गरिएको थियो । त्यस्तै चौथो विदेश मन्त्रि स्तरिय वैठक डिसेम्बर ५, सन् १९८५ मा बंगलादेश को राजधानी ढाँकामा सम्पन्न भएको थियो ।

यसरी पाँच वर्ष भन्दा बढि समयावधिमा पटक पटक सचिवस्तरीय एवं विदेशमन्त्रि स्तरिय वैठकहरुको परिणाम स्वरुप सार्कको वडापत्रलाई अनौपचारिक रुपमा अन्तिम प्रारुप दिई औपचारिकरुपले अनुमोदन गराउने उद्देश्यले सन् १९८५ डिसेम्बर ७-८ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कको प्रथम शिखर सम्मेलन वंगलादेशको राजधानी ढाँकामा आयोजना गरियो । यसरी आयोजित प्रथम शिखर सम्मनलेको दोस्रो दिन दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्क पत्रमा हस्ताक्षर गरियो । यस शिखर सम्मेलनले दक्षिण एशियाली क्षेत्रीय सहयोग (South Asian Regional Co-operation : SARC) को नाम संशोधन गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन, सार्क (South Asian Association for regional Co-operation: SAARC) नाम राखियो । यसरी दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्क को सन् १९८५ डिसेम्बर  ८ मा विधिवत स्थापना भयो ।

### ३.२ सार्कका उद्देश्यहरु (Objective of SAARC)

संयूक्त राष्ट्रसंघ र असंलग्न आन्दोलनका सदस्य राष्ट्र समेत रहेका दक्षिण एशियाका सात राष्ट्रहरुको एउटा बन्द अन्तर्राष्ट्रिय संगठनको रुपमा सार्कलाई लिईएको छ । संयुक्त राष्ट्रसंघको वडापत्रमा आस्था एवं विश्वास राख्ने दक्षिण एशियाका यी राष्ट्रहरुले संयुक्त राष्ट्रसंघको वडापत्रमा आधारित असंलग्नता, शान्तिपूर्ण सह-अस्तित्वको पारस्परिक सम्मान एवं आपसी सहयोगलाई नै स्थापनाको मूल आधारको रुपमा स्वीकार गर्दै स्थापित यस दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कको यस क्षेत्रका जनताहरुको साझा समस्याहरुका अतिरिक्त आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्र जस्ता संवेदनशिल क्षेत्रमा परस्पर सहयोगको अभिवृद्धि भै राष्ट्रिय एवं सामूहिक निर्भरतामा उल्लेखनिय विकास गर्ने उद्देश्य सार्कले राखेको छ । प्राकृतिक एवं राजनीतिक विविधताको दृष्टिकोणले हेर्दा सार्क क्षेत्रमा ब्यापक विभिन्नता रहेको पाईन्छ । नेपाल र भुटान भूपरिवेष्ठित देशको रुपमा परिचित छन् भने अन्य ५ वटा देशहरु भौगोलिक रुपमा सुविधायुक्त सामुद्रीक बन्दरगाहसंग जोडिएका छन् । त्यस्तै गरेर राजनीतिक दृष्टिकोणले पनि सबै देशमा समान राजनीतिक प्रणाली रहेको पाइदैन । सांस्कृतिक देष्टिकोणले नेपाल र भारत बीच बढी समानता रहेको पाइन्छ र अन्य देशहरु बीच पनि खासै फरक पाईदैन । यसरी दक्षिण एशियाका राष्ट्रहरु बीच केहि समानता र केहि असमानता रहेको भएता पनि यस क्षेत्रका राष्ट्रहरुमा भएका समस्याहरुमा भने, समानता नै पाइन्छ । गरिवी, बेरोजगारी, अशिक्षा, उत्पादनको न्यूनता, असमान आर्थिक अवस्था, वातावरणिय असन्तुलन , कुपोषण र जनसंख्या बृद्धि तिब्र रुपमा हुनु जस्ता असंख्य समस्याहरु यस क्षेत्रका साझा समस्याहरु हुन् । यी साझा समस्याहरुका विरुद्ध लड्न सामुहिक प्रयास आपसी समझदारी र सहयोगात्मक प्रक्रिया अपनाउन संयुक्त राष्ट्र संघको वडापत्रको धारा ५२ अनुरुप क्षेत्रीय अन्तराष्ट्रिय संगठनको रुपमा सार्कको स्थापना भएको हो । सन् १९८५ डिसेम्बर ८ को ढाँका घोषणा पश्चात स्थापना भएको यस संगठनका उद्देश्यहरु निम्न अनुसार छन् ।

१) दक्षिण एशियाका जनताको कल्याण अभिवृद्धि र उनिहरुको जीवनस्तर सुधार गर्नु ।
२) यस क्षेत्रको आर्थिक विकास, सामाजिक प्रगति र सांस्कृतिक विकास द्रुततर पार्नु तथा सबैलाई सम्मान पूर्वक जीवनयापन गर्ने र पूर्ण सम्भाव्यता महसुस गर्ने अवसर प्रदान गर्नु।

३) दक्षिण एशियाका मूलुकहरुवीच सामुहिक आत्मनिर्भरताको सम्बर्धन र विस्तार गर्नु ।
४) पारस्परिक विश्वास र समझदारी बढाउन योगदान पुऱ्याउन तथा एक अर्काको समस्याको मूल्याङ्कन गर्नु ।
५) आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक र बैज्ञानिक क्षेत्रहरुमा सक्रिय सहयोग र पारस्परिक सहायता अभिवृद्धि गर्नु ।
६) अन्य विकासोन्मुख राष्ट्रहरुसंग सहयोग विस्तार गर्नु ।
७) साझा हितका विषयहरुमा अन्तराष्ट्रिय मञ्चहरुमा एक आपसमा सहयोग बढाउनु ।
८) समान उद्देश्य र लक्ष्य भएका अन्तराष्ट्रिय एवं क्षेत्रीय संगठनहरुसंग सहयोग कायम गर्नु ।[९]

## ३.३ सार्कका सिद्धान्तहरु (Principles of SAARC)

सार्कले आफ्ना उद्देश्यहरु हाँसिल गर्न तर्फ कार्य गर्दा तथा संगठनको गरिने सहयोग अभिवृद्धि गर्दा वडापत्रमा उल्लेखित सिद्धान्तहरुका आधारमा गर्नु पर्ने हुन्छ । SAARC को वडापत्रको धारा २ मा यसका सिद्दान्तहरुको वारेमा उल्लेख गरिएको छ । ति सिद्दान्तहरु निम्न अनुसार छन् ।

१. संगठनको ढाँचा भित्र गरिने सहयोग एक अर्काको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनैतिक स्वतन्त्रता तथा एक अर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने कुरा एवं आपसी हितमा आधारित हुने छ ।
२. यस्तो सहयोग द्विपक्षीय एवं बहुपक्षीय सहयोगको बदलामा नभै त्यसको पुरकको रुपमा हुने छ
३. यस्तो सहयोग द्विपक्षीय तथा बुहपक्षीय सहयोगको दायित्वको उद्देश्य विपरित हुने छैन । [१०]

## ३.४ सार्कको संगठनात्मक स्वरुप (Organizarional Structure Of SAARC)

सन् १९८५ डिसेम्वर ८ तारिखका दिन वंगलादेशको राजधानी ढाँकामा जारी गरिएको सार्क वडापत्रमा जनगणतन्त्र वंगलादेशका राष्ट्रपति हुसेन मोहमद एर्साद, गणतन्त्र भारतका प्रधानमन्त्रि राजिव गान्धि, गणतन्त्र माल्दिभ्सका राष्ट्रपति भैमुन अब्दुल गैयुम, नेपालका राजा स्व. श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेव, भुटानका राजा जिग्मेसिग्मे वाङचुक, इश्लामिक गणतन्त्र पाकिस्तानका राष्ट्रपति मोहमद जयाउल हक तथा प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलंका राष्ट्रपति जुलियस रिचार्ड जयवर्दनेले हस्ताक्षर गर्नु भएपछि सम्मेलन प्रणालीवाट विकसित र सम्मेलन प्रणालीमा आधारित यो संगठनको संयुक्त राष्ट्रसंघको वडापत्रको धारा ५२ अनुरुप "अन्तराष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने सम्बन्धि क्षेत्रीय कदमका लागि उपयूक्त काम गर्नका निमित्त क्षेत्रीय प्रवन्ध वा एजेन्सीहरुको अस्तित्वलाई वर्तमान वडापत्रको कुनै कुराले पनि वन्देज गर्दैन तर यस्ता प्रवन्ध वा एजेन्सीहरु र तिनका काम कारवाहीहरु संयुक्त राष्ट्रसंघको उद्देश्य तथा सिद्धान्तहरु संग मेल खाने हुनु पर्दछ ।"[११] यहि अवधारणाको आधारमा क्षेत्रीय साझा हितको सवालमा आपसी विश्वास, सामुहिक प्रयत्नवाट सहयोग, विकास र शान्तिलाई आधार मानी आफ्नो क्रियाकलाप दिगो बनाउने प्रयासरत र प्रतिवद्ध रहंदै आएको छ । तसर्थ सार्क दक्षिण एसियाको सम्पूर्ण जनताहरुको आशा एवं भरोसाको केन्द्र विन्दु भएको छ । यसको संगठनात्मक स्वरुप निम्न अनुसार छ ।

### १. राष्ट्राध्यक्ष र सरकार प्रमुखहरुको बैठक (Meeting of the head of states/Government)

यो सार्क संगठनको सर्वोच्च निकाय मानिन्छ । यसको शिखर बैठक साधारणतया वर्षको एक पटक बस्छ भने, आवश्यकता अनुसार सदस्य राष्ट्रहरुले आवश्यक ठानेको खण्डमा विशेष बैठक स्वरुप एक पटक

---

[९] SAARC Charter, Article 1— दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), २०६१/२०६२, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौं, पृ. ३ बाट उदृत गरिएको ।

[१०] SAARC Charter, Article 2 - पूर्ववद पाद टिप्पणी नं.९ को पृ.३ बाट उदृत गरिएको ।

[११] UN Charter, Article - 52 पूर्ववद पाद टिप्पणी नं.१० को पृ.२२ बाट उदृत गरिएको ।

भन्दा पनि बढि पटक विशेष बैठक बस्न सक्छ । सार्क वडापत्रमा यस अङ्गको सम्बन्धमा कुनै कार्यहरुको उल्लेख गरिएको नभएता पनि सदस्य राष्ट्रहरुका विदेशमन्त्रिहरु सम्मिलित मन्त्रि परिषदवाट लिइएका विभिन्न निर्णयहरुलाई अन्तिम रुप वा पूर्ण रुप दिने अधिकार यसै अङ्गलाई छ । सन् २००६ सम्ममा १३ वटा शिखर सम्मेलनहरु भैसकेका छन् ।

**२) मन्त्रिपरिषद (Council Of Ministers)**

मन्त्रिपरिषद सार्क संगठनको प्रमुख कार्यकारी तथा नीति दिर्नेशक अंगको रुपमा रहेको छ । सार्कको वडापत्रमा व्यवस्था भए बमोजिम सार्क संगठनका नीतिहरु तर्जुमा गर्ने संगठन अन्तर्गत सहयोगमा हाँसिल प्रगतिको पुनरावलोकन गर्ने, सहयोगका नयाँ क्षेत्रहरु वारे निर्णय लिने, आवश्यक परेको खण्डमा संगठन अन्तर्गत अतिरिक्त इकाई स्थापना गर्ने, व्यवहारिक रुपमा राष्ट्राध्यक्षहरु तथा सरकार प्रमुखहरुको बैठक नवसेको समयमा सबै अधिकारको प्रयोग गरि नेतृत्व समेत गर्दछ । मन्त्रिपरिषदको बैठक वर्षको दुई पटक बस्नेर सदस्य राष्ट्रहरुले आवश्यक ठानेको खण्डमा सहमति अनुसार बढी पटक पनि बस्न सक्छ । मन्त्रिपरिषदका सबै सदस्यहरु सदस्य राष्ट्रका विदेशमन्त्रिहरु हुन्छन् । मन्त्रिपरिषदले आफ्नो प्रतिवेदन राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुको बैठकमा पेश गर्दछ । सन् २००४ को जनवरी सम्ममा मन्त्रिपरिषदका २४ वटा नियमित बैठकहरु भैसकेका छन् ।

**३) स्थायी समिति (Standing Committee)**

सार्कका सबै सदस्य राष्ट्रहरुका विदेश सचिवहरु सम्मिलित यो संगठनको प्रमुख स्थायी कार्यकारीणी अंग स्थायी समिति हो । यसको बैठक समितिले आवश्यक्ता ठाने अनुसार बस्ने गर्दछ तापनि व्यवहारिक रुपमा विशेष बैठक बाहेक वर्षमा २ पटक बैठक बस्दै आएको छ । वडापत्रको धारा ५ मा व्यवस्था भए बमोजिम स्थायी समितिका कार्यहरु देहाय बमोजिम छन् ।

- सहयोग कार्यक्रमको समग्र अनुगमन र समन्वय गर्ने ।
- आयोजना र कार्यक्रमहरु तथा तिनीहरुको वित्तीय ढाँचाको स्वीकृत गर्ने ।
- अन्तर-विभागिय (विषयगत) प्राथमिकताको निर्धारण गर्ने ।
- क्षेत्रीय तथा वाह्य स्रोतहरुको परिचालन गर्ने ।
- समुचित अध्ययनमा आधारित सहयोगका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

स्थायी समितिले आफ्नो आवधिक प्रतिवेदन मन्त्रिपरिषदमा पेश गर्दछ । सन् २००४ जनवरी सम्ममा यसका २९ वटा नियमित बैठक र ४ वटा विशेष बैठक सम्पन्न भैसकेका छन् ।

**४. प्राविधिक समिति (Technical Committee)**

यस संगठनको विशिष्ट तथा सक्रिय अंगको रुपमा प्राविधिक समितिहरु रहेका छन् । यिनीहरुको मुख्य काम सहयोगका विभिन्न क्षेत्रहरुमा विशिष्ट अध्ययन गर्नु हो ।[१२] प्राविधिक समितिले आफ्नो समसामयिक आवधिक प्रतिवेदन कार्यक्रम समिति मार्फत पेश गर्दछन् । समितिहरु आ-आफ्नो सहयोगका क्षेत्रमा संचालन हुने कार्यक्रमको कार्यान्वयन, समन्वय र रेखदेखका लागि जवाफदेही हुन्छन् भने सदस्य राष्ट्रहरुका प्रतिनीधिहरु समितिमा सम्मिलित हुन्छन् । प्राविधिक समितिका अध्यक्ष सदस्य राष्ट्रहरुको

[१२] लीला बहादुर बस्नेत, अन्तराष्ट्रिय संगठनको परिचय , (२०५०) ,काठमाण्डौ एम. के. पब्लिकर्स एण्ड डिष्ट्रीब्यूटर्स, पृ. १३३ - १३४

वर्णानुक्रमले प्रत्यक २ वर्षमा परिवर्तन भै रहन्छन् । सार्क वडापत्रको धारा ६ अनुसार प्राविधिक समितिले निम्न कार्यहरु गर्दछन् ।

- स्वीकृत क्षेत्रहरुमा क्षेत्रीय सहयोगको अवसर र संभावनाको निर्धारण गर्ने ।
- कार्यक्रमहरुको तर्जुमा र आयोजनाहरुको तयारी गर्ने ।
- विषयगत कार्यक्रमहरुका लागि वित्तिय परिमाणको निर्धारण गर्ने ।
- खर्च ब्यहोर्ने (बाँडफाँड) सम्बन्धमा सिफारिसहरुको तर्जुमा गर्ने ।
- विषयगत कार्यक्रमहरुको कार्यान्वियन र समन्वय गर्ने ।
- सहयोगका क्षेत्रको कार्यान्वयनमा भएका प्रगतिको अनुगमन गर्ने ।

प्राविधिक समितिले आवश्यक ठानेमा कार्यविधि कार्यशैली फेरवदल गर्न सक्ने छन् । सन् २००० देखि लागु हुने गरी ७ वटा प्राविधिक समितिहरुले कार्य गरिरहेका छन् । यी संचालित समितिहरु निम्नानुसार छन् ।

- कृषि तथा ग्रामिण विकास समिति
- सामाजिक विकास समिति
- वातावरण, जलवायु र वन समिति
- विज्ञान तथा प्रविधि समिति
- मानव संसाधन विकास समिति
- यातायात र संचार समिति
- उर्जा  सक्ति समिति

### ५. कार्यक्रम समिति (Programme Comuittee)

कार्य समितिको वारेमा वडापत्रमा उल्लेख नभएतापनि संगठनको विकासक्रम संग संगै कार्यक्रम समिति अस्थित्वमा आएको हो । यस कार्यक्रम समितिमा सबै सदस्य राष्ट्रका वरिष्ठ अधिकारीहरु समावेश हुन्छन् । यसले आफ्नो कार्यको प्रतिवेदन स्थायी समितिमा पेश गर्दछ । यस समितिको मुख्य कार्य स्थायी समितिलाई सघाउने भएको हुँदा यसको बैठक स्थायी समितिको बैठक भन्दा अगाडी हुने गर्दछ । यस समितिले सचिवालयको बजेट, वार्षिक कार्यक्रम तालिका आदिको निर्धारण गर्नुका साथै स्थायी समितिले निर्धारण गरेका अन्य कामहरु पनि गर्दछ । यसले सन् २००३ सम्ममा जम्मा २४ वटा बैठक पार गरिसकेको छ ।

### ६. कार्य समिति (Action Committee)

स्थायी समितिले दुई भन्दा बढी तर सबै सदस्य राष्ट्रहरु संलग्न नभएको कार्यक्रमहरुको कार्यन्वयनका लागि सम्बन्धित सदस्य राष्ट्रहरु भएको कार्य समितिहरु गठन गर्न सक्ने छ ।[१३]

### ७. सचिवालय (The Secretariat)

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको प्रमुख प्रशासनिक अंगको रुपमा सचिवालय रहेको छ । सार्क वडापत्रको धारा ८ मा ब्यवस्था भए बमोजिम सचिवालयमा एकजना महासचिव, सात जना निर्देशकहरु र आवश्यक्ता अनुसार अन्य कर्मचारीहरु रहने छन् । सार्क राष्ट्रहरुबाट अंग्रेजी बर्णानुक्रम अनुसार पालै पालो

---

[१३] SAARC Charter, Article - Vii इन्द्रबहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, २०५८ फागुन, आशिष पुस्तक भण्डार, वागबजार, काठमाण्डौं, पृ.२३६ बाट उदृत गरिएको ।

गरी महासचिव मनोनयन हुने र मन्त्रि परिषदले ३ वर्षको लागि महासचिव नियूक्त गर्ने व्यवस्था छ । यसरी मन्त्रिपरिषदको निर्णयबाट नियूक्त हुने महा सचिवको नियूक्ति सुरुमा २ वर्ष भएकोमा सन् १९९० मै १२–१४ मा माल्दिभ्सको राजधानी मालेमा भएको नवौ शिखर सम्मेलनमा ३ वर्षको लागि नियूक्ति गर्ने ब्यवस्था भएको छ । एवम् प्रकारले सातवटा राष्ट्रवाट एक–एक जना गरी सात जना निर्देशकहरु ३ वर्षका लागि नियूक्ति गरिन्छ । यसको कार्यालय नेपालको राजधानी काठमाण्डौमा छ । भारतको बैगंलोरमा भएको दोस्रो शिखर सम्मेलनमा सार्क सचिवालय नेपालमा राख्ने सहमति भए मुताविक सन् १९८७ जनवली १६ तदनुसार वि.सं. २०५३ माघ २ गते स्व. श्री ५ वीरेन्द्रद्वारा सार्क सचिवालयको उद्घाटन गरिबक्सेको थियो ।

**सचिवालयका कार्यहरु निम्न अनुसार रहेका छन् ।**

- सार्कका गतिविधिहरुको समन्वय गर्नु ।
- सार्कका गतिविधिहरुको कार्यान्वयनको अनुगमन गर्नु ।
- संगठन अन्तर्गतका वैठकहरुको लागि प्राविधिक लगाएत अन्य विभिन्न पक्षको तयारी गर्नु ।
- सार्क र अन्य अन्तराष्ट्रि संगठनहरु वीच हुने सम्पर्कको माध्यमको रुपमा काम गर्नु ।
- सार्क अन्तर्गत विभिन्न वैठकहरुको आयोजना स्थलको रुपमा काम गर्नु, आदि । [१४]

## ३.५ सार्क वडापत्रको स्वरुप (Structure Of SAARC Charter)

वास्तवमा विधानले कुनैपनि संगठनको उत्पत्ति तथा त्यसको क्रियाकलापको सामान्य वनावटलाई सुनिश्चित गर्दछ चारीहरु र गरिने क्रियाकलापको दायरालाई निश्चित गरिएको हुन्छ । सार्कको वडापत्रमा पनि यी कुराहरुको ब्यव। विधान (Constitution) एक किसिमको संगठनको रुपरेखा वा ढाँचा हो । कुनै पनि संगठनको बैधानिक आधार भनेकै संगठनको विधान हो । यसले अन्य अन्तराष्ट्रिय सन्धिकै पक्षहरुका अधिकार तथा कर्तब्यको सिर्जना गर्नुका साथै अन्तराष्ट्रिय संगठनको स्थापना पनि गर्दछ । यसरी विधानमा कसरी संगठनको स्थापना गरिने यस भित्रका विभिन्न अंगहरु र तिनका अधिकार तथा र्कब्य, संगठनका सदस्यहरु त्यसमा काम गर्ने कर्मस्था गरिएको छ । यसको प्रस्तावना र धारा १ मा यस संगठनका के के उद्देश्यहरु हुने भन्ने कुराको उललेख गरिएको छ । प्रस्तावनामा निम्न कुराहरुमा जोड दिइएको छ । [१५]

- यस क्षेत्रको शान्ति, स्थिरता, मैत्री र प्रगति प्रवर्द्धन गर्ने आकांक्षाले संयूक्त राष्ट्र संघको वडापत्रमा निहित सिद्धान्त, असंलग्नता र विशेष गरी सार्वभौमसत्ता, समानता, क्षेत्रीय अखण्डता, राष्ट्रिय स्वाधीनता, शक्तिको प्रयोग नगर्ने, एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेप तथा सबै भ्रैंभ्रगडाको शान्तिपूर्ण समाधान गर्ने भावना व्यक्त गरिएको छ ।
- बढ्दो रुपमा अन्तरनिर्भरता विश्वमा शान्ति, स्वतन्त्रता, सामाजिक न्याय र आर्थिक सवृद्धिका उद्देश्य तथा ईतिहास र संस्कृतिको सम्बन्धद्वारा आवद्ध दक्षिण एशियाका मुलुकहरुवीच पारस्परिक समभ्रदारी, सु-छिमेकिपूर्ण सम्बन्ध र अर्थपूर्ण सहयोगको प्रवर्धनबाट उपलब्ध हुन सक्छ भन्ने भावना वोध गरेको छ ।
- दक्षिण एशियाका जनताको साभ्रा समस्या, हित र आकांक्षा एवं क्षेत्रका राष्टहरुको राजनीतिक र आर्थिक आकांक्षा एवं सांस्कृतिक परस्पर अन्तर्गत संयुक्त कार्य र सहयोग अभिवृद्धि गर्ने आवश्यकता प्रति सचेत रहेको पाइन्छ ।
- दक्षिण एशियाका राष्ट्रहरुवीचको क्षेत्रीय सहयोग, क्षेत्रका जनताको कल्याण सम्बर्धन, जनताको सुधार गर्नका निम्ति पारस्परिक हितमा लाभादायी, बाञ्छनीय र आवश्यक छ भन्ने वारेमा विश्वस्त पारेको छ ।
- दक्षिण एशियाका मुलुकहरुवीचको आर्थिक, सामाजिक तथा प्राविधिक सहयोगले क्षेत्रको राष्ट्रिय र सामुहिक आत्मनिर्भरतामा उल्लेखनिय योगदान पुऱ्याउने छ भन्ने धारणामा अरु विश्वस्त भएको दखिन्छ ।

---

[१४] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), २०६१/०६२, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौं, पृ. २२

[१५] SAARC Charter, Article -1 शिवराज भण्डारी, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मा नेपालको भुमिका १९८५ २००२, शोधपत्र, पृ.२०-२१ बाट उदृत गरिएको ।

- क्षेत्रका मुलुकहरु वीचको बढ्दो सहयोग, साम्पर्क र आदान-प्रदानबाट यस क्षेत्रका जनतावीच मित्रता र समझदारी सम्बर्धन गर्न योगदान पुग्ने छ भन्ने भावनालाई स्वीकार गरेको छ ।
- विदेशमन्त्रिहरुद्वारा सन् १९८३ अगस्त २१ मा नयाँ दिल्लीमा हस्ताक्षर गरिएको घोषणा पत्र स्मरण गर्दै एवं क्षेत्रीय सहयोगका सन्दर्भमा हाँसिल प्रगतिलाई ध्यान दिएको पाइन्छ ।
- यस्तो सहयोग एक संस्थागत ढाँचा भित्र अभिवृद्धि गर्ने उनिहरुको दृढतालाई पुन : पुष्टि गर्दै निम्न लिखित उद्देश्य, सिद्दान्त, सहयोग संगठनको नामबाट एक संगठन स्थापना गर्ने कुरालाई स्वीकृत गरेको छ ।

वडापत्रले सार्कका उद्देश्यहरुमा दक्षिण एशियाका जनताको कल्याण, अभिवृद्धि र तीनीहरुको जीवनस्तर उठाउने, आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्ने यसलाई उन्नत ढंगले विकास गर्ने । यस क्षेत्रका मुलुकहरुवीच सामुहिक आत्मनिर्भरताको सम्वर्धन र विस्तार गर्नु । सम्मानपूर्वक जीवनयापन गर्न वातावरण प्रदान गर्नु । आपसी समझदारीका आधारमा विश्वास र समझदारी वृद्धि गर्दै एक अर्काको समझदारी प्रति समाधान गर्न संयुक्त पहल गर्ने । आन्तरिक र वाह्य सहयोगको धारणालाई अझ प्रवल बनाउने । आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक, वैज्ञानिक क्षेत्रमा सक्रिय रेखदेख र आपसी सहयोग बढाउनु र समान लक्ष्य एवं उद्देश्यहरुका आधारमा अन्तराष्ट्रिय स्तरमा सहयोगात्मक वातावरण तयार गर्नु रहेको छ भने धारा २ मा यस संगठनको सिद्दान्तको व्यवस्था गरिएको छ । यसमा सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता, राजनैतिक स्वाधिनता, आन्तरिक मामिलामा अहस्तक्षेप, द्धिपक्षिय वा वहुपक्षिय सहयोग, पारस्परिक हितको सिद्धान्तको सम्मानमा आधारित हुने छन् । जुन अरु अन्तराष्ट्रिय संघ र संयूक्त राष्ट्रसंघ जस्ता मुलभूत सिद्दान्तहरुसंग मिल्दाजुल्दा रहेका छन् ।

त्यसरी नै वडापत्रको धारा ३ मा राष्ट्राध्यक्ष वा सरकार प्रमुखको वैठक सम्बन्धमा उल्लेख गरिएको छ भने धारा ४ मा मन्त्रिपरिषदको विभिन्न कार्य वारे उल्लेख गरिएको छ । धारा ५ मा विदेश सचिवहरुको एउटा स्थायी समिति हुने वारे व्यवस्था गरिएको छ । त्यस्तै गरेर धारा ६ मा प्राविधिक समितिहरुको गठन गरिने, धारा ७ मा कार्य समिति रहने व्यवस्था छ । वडापत्रको धारा ८ मा सचिवालयको सम्बन्धमा उल्लेख गरिएको छ भने धारा ९ र १० मा क्रमश : वित्तिय व्यवस्था सम्बन्धी व्यवस्था गरिएको छ । यस प्रकार सार्क वडापत्रमा जम्मा १० वटा धारा रहेका छन् ।

## ३.६ सार्क सदस्य राष्ट्रहरुको संक्षिपत परिचय (A Brief introduction of SAARC Countries)

दक्षिण एशिया विश्व राजनीतिको केन्द्रविन्दु बन्दै गएको छ । यस क्षेत्रका जनताका साझा समस्याहरु, हितहरु र आकांक्षाहरु आ-आफ्नो राजनीतिक, आर्थिक र सांस्कृतिक परम्पराहरु भित्रैवाट संयुक्त कार्यवाही र सहयोग प्रति सजग हुँदै सार्कको स्थापना पश्चात यी अझ बढी समझदारी, मित्रता र भातृत्वको विकास हुँदै आपसी भरोसा, विश्वास र सहयोगको बृद्धि हुँदै गएको छ । यस संगठनका सातवटा सदस्य राष्ट्रहरुको संक्षिप्त परिचय निम्न अनुसार प्रस्तुत गरिएको छ ।[१६]

### (क) बंगलादेश (Bangladesh)

स्थिति :- दक्षिण एशिया

---

[१६] इन्द्र बहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, २०५८,फागुन, आशिष पुस्तक भण्डार, वागबजार, काठमाण्डौं पृ. ३३०-३३९

| | |
|---|---|
| सिमाना :- | पुर्व, पश्चिम र उत्तरमा भारत, दक्षिण पूर्वमा म्यानमार र दक्षिणमा वंगलादेशको खाडी । |
| क्षेत्रफल :- | १,४३,९९८ वर्ग कि.मि. |
| सबैभन्दा अग्लो चुचुरो :- | कियोक्राइड १२३० मिटर उचाई प्रमुख |
| नदीहरु :- | मेघना, ब्रहमापुत्र, महानन्दा, पद्यमा (गंगा) यमुना कर्नफुली |
| राष्ट्रिय भाषा :- | वंगाली |
| जनसंख्या :- | १३,१२,६९,८६० |
| जनघनत्व :- | २२०० प्रति वर्गमाइल |
| जनसंख्या वृद्धिदर :- | १.५९ प्रतिसत |
| औसत आयु :- | पुरुष ५६.४ र महिला ५६.२ वर्ष (१९९७) |
| राजधानी :- | ढाँका |
| प्रमुख शहरहरु :- | ढाका, चटगाउँ र खुलना । |
| प्रशासकिय विभाजन :- | ५ क्षेत्रमा ६४ वटा जिल्लाहरु (राजशाही क्षेत्र, ढाँका क्षेत्र, कुलना क्षेत्र, चटगाँउ क्षेत्र र वारीसाल क्षेत्र) |
| धर्म :- | इस्लाम ८३ प्रतिशत, हिन्दु १६ प्रतिशत |
| साक्षरता :- | ३८ प्रतिशत |
| मुद्रा :- | टाका (TAKA) |
| प्रतिब्यक्ति आम्दानीः- | ३७० डलर |
| शासन प्रणाली :- | संसदिय प्रणाली |
| संसद :- | जातीय संसद (३३०) |
| राजनीतिक पार्टी :- | वंगलादेश नेशनलिष्ट पार्टी, अवामी लिग, बंगलादेश जातीय पार्टी आदि |
| राष्ट्रप्रमुख :- | राष्ट्रपति ए. क्यू. ईम बड्डुड्रा चौधरी |
| सरकार प्रमुख :- | प्रधानमन्त्री वेगम खालिदा जिया । |
| रेडियो :- | रेडियो वंगलादेश सरकारी नियन्त्रणमा रहेको । |
| टेलिभिजन :- | वंगलादेश टेलिभिजन (BTV) |
| समाचार समिति :- | वंगलादेश संवाद संस्था (BSS) |
| हवाई सेवा :- | वंगलादेश विमान |
| केन्द्रिय वैंक :- | वंगलादेश वैंक |
| सेना :- | १,१७,५०० (१९९२ को Data अनुसार ) |
| नेपालसंग दौत्य सम्बन्ध कायम मिति :- | ८ अप्रिल, सन् १९७२ |
| संयूक्त राष्ट्रसंघको सदस्यता मितिः- | १७ सेप्टेम्बर, सन् १९७४ |
| स्वतन्त्रा दिवश :- | १६ डिसेम्वर, सन् १९७५ |

## (ख) भुटान (Bhutan)

| | |
|---|---|
| स्थिति :- | दक्षिण एशियाको सानो भूपरिवेष्ठित राष्ट्र |
| सिमाना :- | उत्तरमा चीन र पुर्व, पश्चिम र दक्षिणमा भारत |
| क्षेत्रफल :- | ४६,६२० वर्ग कि.मी. |
| भौगोलिक उपनाम :- | चट्याङ्गको देश |
| प्रमुख नदीहरुः- | अमो-चू (Amo- chu) वाङ चु (Wang chu) र माचु (Machu) |
| प्रमुख चुचुरा :- | कौलाकाङग्री (Khula kangri) |
| राष्ट्रिय भाषा :- | जोङखा (Dzongkha) लिपि तिब्वती |
| जनसंख्या :- | २०,४९,४११ |
| जनसंख्या बृद्धिदर :- | २.१७ प्रतिशत |
| औसत आयु :- | पुरुष ५२.४ वर्ष र महिला ५१.४ वर्ष |
| राजधानी :- | थिम्पु |
| प्रमुख शहरहरु :- | थिम्पू, पारो, साखाङ |
| प्रशासकिय विभाजन :- | १८ जिल्ला |
| धर्म :- | बुद्ध धर्म ७५ प्रतिशत र हिन्दु धर्म २५ प्रतिशत |
| साक्षरता :- | ४२ प्रतिशत |
| मुद्रा :- | नेगुल्ट्रम (Ngultrum) |
| प्रतिब्यक्ति आयः- | ५१० डलर |
| शासन पद्धति :- | राजतन्त्रात्मक (लिखित संविधान नभएको ) |

संसद :- राष्ट्रिय परिषद (Tshogdu)
राजनीतिक दल :- छैन ।
राष्ट्र प्रमुख :- राजा जिग्मे सिङघे वाङचुक
सरकार प्रमुख :- प्रधानमन्त्री ल्यान्पो खान्दुक वाङचुक
रोडियो :- भुटान ब्रोडकास्टीङ्ग सर्भिस थिम्पु ।
पत्रपत्रिका :- प्रत्येक सप्ताह निस्कने समाचार पत्र (Kuensel) तथा अन्य Kuenphen Tribune
अंग्रेजी र मासिक निस्कने (Kuenphen Digest) अग्रेजी)
हवाई सेवा :- ड्रुथुक एअर
केन्द्रीय वैक :- रोयल मोनीटरी अथोरिटी
शैनिक :- शाही भुटानी सेना
संयूक्त राष्ट्र संघको सदस्यता लिएको मिति :- २१ सेप्टेम्वर, सन् १९७१,
नेपालसंग दौत्य सम्बन्ध कायम भएको मिति :- ३ जुन, सन् १९८३

## (ग) भारत (India)

स्थिति :- दक्षिण एशियामा अवस्थित राष्ट्र
सिमाना :- पश्चिममा पाकिस्तान र अरव सागर, उत्तरमा चीन, नेपाल, भुटान, पूर्वमा म्यानमार (वर्मा) र वंगलादेश, दक्षिणमा हिन्दमहासागर तथा श्रीलंका ।
क्षेत्रफल :- ९७,५८,००,०००
जनसंख्या बृद्धिदर :- १.५५ प्रतिशत
जनघनत्व :- ७९२ प्रति वर्गमाइल
औसत आयु :- पुरष ५९.५ र महिला ६०.८ वर्ष
राष्ट्रिय जनावर :- बाघ, भालु,
राष्ट्रिय पंक्षी :- मयुर
स्वतन्त्रता प्राप्त :- १५ अगस्त, सन् १९४७
राजधानी :- नयाँ दिल्ली
प्रमुख शहरहरु :- कलकत्ता, मुम्वई, मद्रास, हैदरावाद, वैगलोर
प्रमुख बन्दरगाह :- मुम्वई, कलकत्ता, मद्रास, कोचिन, भिसाखापत्तम आदि ।
प्रशासकिय विभाज :- २५ प्रान्त र २७ युनियन टेरोटरी
धर्म :- हिन्दु, ८१.३० प्रतिशत, मुस्लिम १२ प्रतिशत क्रिश्चियन २.३ प्रतिशत, शिख १.९ प्रतिशत
राष्ट्रिय भाषा :- हिन्दी तथा नेपाली
अन्य प्रमुख भाषाहरु :- वंगाली, उर्दू, पञ्जावी, तेलगू, मराठी आदि ।
साक्षरता :- ५२ प्रतिशत
मुद्रा :- रुपैया
प्रति व्यक्ति आय :- ४५० डलर
शासन पद्धति :- फेडरल रिपब्लिक
संसद :- तल्लो सदन लोकसभा ५४५ सदस्य, माथिल्लो सदन राज्य सभा २५० सदस्य
राष्ट्रप्रमुख :- राष्ट्रपति के.आर नारायणन
प्रधानमन्त्री :- डा. मनमोहन सिंह
रेडियो :- आकाशवाणी (अल इन्डिया रेडियो)
टेलिभिजन :- दुरदर्शन
समाचार समिति :- प्रेस ट्रस्ट अफ इण्डिया, यूनाइटेड न्यूज अफ इण्डिया, समाचार भारती र हिन्दुस्तान समाचार
मुख्य पत्रपचिका :- टाइम्स अफ इण्डिया, इण्डिया एक्सप्रेस, नवभारत टाइम्स, मातृभूमि, आनन्द, वजार पत्रिका आदी
हवाई सेवा :- एअर इण्डिया, इण्डियन एअरलाइन्स ।
केन्द्रीय वैंक :- रिजर्भ वैंक अफ इण्डिया ।
संयूक्त राष्ट्रसंघको सदस्यता लिएको मितिः- ३० अक्टोवर, सन् १९४५
नेपालसंग दौत्य सम्बन्ध कायम भएको मिति :- १३ जुन सन् १९४७

## (घ) मालदिभ्स (Maldives)

स्थिति :- हिन्द महासागरमा श्रीलंगा भन्दा ७०० कि.मी. दक्षिण पश्चिममा रहेको २००० टापुहरुको समुह भएको एक राष्ट्र ।
सिमाना :- नजिकको छिमेकि राष्ट्र श्रीलंका र भारत
क्षेत्रफल :- २९८ वर्ग कि.मी.
राष्ट्रिय भाषा :- दिवेही (Divehi)

जनसंख्या :-	३,१०,७६४
जनघनत्व :-	२४३८ वर्गमाइल
जनसंख्या बृद्धिदर :- औसत ३.०१ प्रतिशत
औसत आयु :-	पुरुष ६५.२ वर्ष र महिला ६८.६ वर्ष
राजधानी :-	माले
प्रशासकीय विभाजन :- १९ जिल्ला र राजधानी ।
धर्म :-	इस्लाम
साक्षरता :-	९३ प्रतिशत
मुद्रा :-	रुफिया (Rufiyaa)
प्रति व्यक्ति आय :- ११६० डलर
शासन पद्दति :-	गणतन्त्र
संसद :-	मजालिस
सदस्य संख्या :-	४८
औसत वार्षिक बृद्धिदर :-	२.५ प्रतिशत
राजनीतिक दल :-	छैन ।
राष्ट्र प्रमुख :-	राष्ट्रपति मैमुन अब्दुल गैयूम
सरकार प्रमुख :-	राष्ट्रपति मैमुन अब्दुल गैयूम
न्याय प्रणाली :-	Slamic Sharilah मा आधारित
रेडियो :-	भ्वाइस अफ मालदिभ्स
टेलिभिजन :-	टेलिभिजन मालदिभ्स
पत्रपत्रिका :-	दैनिक Asfathis र Haveeru (दिवेही तथा अंग्रेजी भाषामा निस्कन्छन्)
हवाई सेवा :-	एयर मालदिभ्स (आन्तरिक उडान मात्र)
जलसेना :-	मालदिभ्स सिपिङ लाइन
सं. रा.सं. को सदस्यता प्राप्त मिति :- २१ सेप्टेम्बर सन् १९६५
नेपालसंग दौत्य सम्बन्ध :- १ अगस्त सन् १९८०

## (ङ) नेपाल (Nepal)

स्थिति :-	अक्षांश २२ डिग्री २२ मिनेट देखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांशको वीचमा
देशान्तर :-	८० डिग्री ४ मिनेट देखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरको वीचमा ।
क्षेत्रफल :-	१,४७,१८१ वर्ग किलोमिटर
सिमाना :-	पूर्व, पश्चिम तथा दक्षिणमा गणतन्त्र भारत र उत्तरमा जनवादी चीन ।
आकार :-	पूर्व मेची देखि पश्चिम महाकालीसम्म औसत ८८५ किलो मिटर लम्वाई र उत्तर देखि दक्षिण सम्म औसत	१९३ किलो मिटर चौडाई भएको भूपरिवेष्ठित राष्ट्र ।
धरातलिय स्वरुप :-हिमाली प्रदेश- १५ प्रतिसत ५१८१७ बर्ग कि.मी.पहाडी प्रदेश- ६८ प्रतिशत ६१३४५ वर्ग कि.मी. तराई प्रदेश-१७ प्रतिशत ३४०१९ वर्ग मि.मी.
सबैभन्दा अग्लो चुचुरो :-सगरमाथा (८८४८ मीटर)
सबैभन्दा होचो भाग :- केचनाकलन (७० मीटर)
प्रमुख हिमशिखरहरु :- सगरमाथा (८८४८ मीटर), कन्चनजंघा (८५८६ मिटर) ल्होत्से (८५१६ मिटर) चो-ओयू ( ८,२०१ मीटर), मकालु (१४६३ मिटर) धौलागिरी (८१६७ मिटर), मनास्लु (८१६३मीटर), अन्नपूर्ण (८०९१ मीटर) आदि ।
प्रमुख नदिहरु :-	सप्तकोशी, सप्तगण्डकी, कर्णाली, राप्ती, वागमती, कमला, कन्काई, भेरी, महाकाली आदी ।
प्रमख तालहरु :- रारा ताल, फोक्सन्डो ताल, तिलिचो ताल, फेवाताल, वेग्नास ताल ।
जनसंख्या :-	२३१५१४२३ (२०५८ सालको जनगणना अनुसार )
प्रमाणिक समय :- गौरीशंकर हिमाललाई काटेर गएको ८६ डिग्री १५ मिनेट पुर्वी देशान्तर रेखाको आधारमा प्रमाणिक समय निर्धारित २०४२ साल वैशाख १ गते देखि लागु भएको यो समय ग्रीनवीचको समय भन्दा ५ घण्ट ४५ मिनेट चलाख छ ।
प्रमुख शहरहरु :-	काठमाण्डौ, पाटन, भक्तपुर, धनकुटा, विराटनगर, राजविराज, जनकपुर, विरंज, पोखरा, भैरहवा, नेपालगञ्ज, धनगढी, दिपायल, वीरेन्द्रनगर आदि ।
प्रशासकीय विभाजन :- सिवकास क्षेत्र ५, अञ्चल १४, जिल्ला ७५, महानगरपालिका १, उपमहानगरपालीका ४, नगरपालिका ५३, गा.वि.स. ३९१५ ।
साक्षरता प्रतिशत :- ५३.७ प्रतिशत

राष्ट्रभाषा :- नेपाली ५०.३ प्रतिशत अन्य राष्ट्रिय भाषाहरु :- मैथली ११.८ प्रतिशत, भोजपुरी ७.५ प्रतिशत, थारु ५.४ प्रतिशत, तामाङ्ग ४.९ प्रतिशत, नेवार ३.७ प्रतिशत, मगर २.३ प्रतिशत, राई/किराती २.४ प्रतिशत, गुरुङ्ग १.२ प्रतिशत ।
धर्म :- प्रमुख धर्म हिन्दु ८६.५ प्रतिशत, बौद्ध ७.८ प्रतिशत, मुस्लिम ३.५ प्रतिशत,
प्रति व्यक्ति आय :- २४० अमेरिकी डलर
औसत आयु :- ५७ वर्ष
रेलमार्ग :- जनकपुर–जयनगर रेलमार्ग ५२ कि.मी.
शासन व्यवस्था :- संवैधानिक राजतन्त्र र बहुदलिय प्रजातान्त्रिक
राष्ट्रप्रमुख :- श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेव ।
सरकार प्रमुख :- प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला
संसद :- दुई सदनात्मक, प्रतिनिधिसभा २०५ राष्ट्रिय सभा ६०
सुरक्षा परिषदमा सदस्य :- सन् १९६९-१९७० र १९८८–१९८९
प्रमुख निकासी बस्तुहरु :- उनी गलैंचा, तयारी पोशाक, लुगा, दाल, हस्तकलाका सामग्री, तोरी, अदुवा, जुटका सामानहरु, पिना आदि ।
मुद्रा :- नेपाली रुपैया
केन्द्रीय वैंक :- नेपाल राष्ट्र वैंक
समाचार समिति :- राष्ट्रिय समाचार समिति
रेडियो :- रेडियो नेपाल
टेलिभिजन :- नेपाल टेलिभिजन

**प्रमुख पत्रिकाहरु**

दैनिक :- गोरखापत्र, कान्तिपुर, हिमालय टाइम्स, आजको समाचार पत्र, द-राईजिङ्ग नेपाल, काठमाण्डौं पोष्ट (अंग्रेजी) आदि
साप्ताहिक :- नेपाली पत्र, साप्ताहिक विमर्श, देशान्तर, दृष्टि, जनआदेश, छलफल, पृष्ठभूमि, सारथी आदि ।
पाक्षिक :- रंगमञ्च आदि
मासिक :- अन्तराष्ट्रिय मञ्च, हिमाल, कामना, मधुपर्क, मुना, यूवामञ्च, मुल्याङ्कन आदि ।
विश्व विद्यालय :- त्रिभूवन, महेन्द्र संस्कृत, र काठमाण्डौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय
मन्त्रालय तथा सचिवालय :- प्रधानमन्त्री कार्यालय, मन्त्रीपरिषद, सचिवालय र मन्त्रालय गरी २१ वटा
संयूक्त राष्ट्रसंघको सदायता लिएको मिति :- सन् १९५५ डिसेम्बर, १४

## (च) पाकिस्ता (Pakistan)

स्थिति :- दक्षिण एशिया
सिमाना :- दक्षिणमा अरव सागर, पश्चिममा इरान, उत्तर पश्चिममा अफगानिस्तान, उत्तर पूर्वमा चीन र पूर्वमा भारत ।
क्षेत्रफल :- ८,०३,९४० वर्ग कि.मी.
सबैभन्दा अग्लोभाग :- माउण्ट के-२ (८६११ मीटर)
प्रमुख हिमशिखरहरु :- माउण्ट के-२ (८६११ मीटर), नङ्गा पर्वत (८१२५ मीटर) हिडेन पिक (८०६८ मीटर), वोड पिक (८०४७ मीटर)
प्रमुख नदीहरु :- झेलम, इन्दस, चेनव, कावुल, कोहात, खुराम, तोची आदि।
प्रमुख तालहरु :- मान्चार (Manchhar) किनजार (Kinjtaar)
जनसंख्या :- १४४६१६६३९
जनसंख्या बृद्धिदर :- २.१ प्रतिशत
औसत आयु :- पुरुष ५८ वर्ष, महिला ५९.६ वर्ष
राजधानी :- इस्लामवाद
प्रमुख शहरहरु :- कराँची, लाहोर, फैसलावाद
प्रशासकिय विभाजन :- चार प्रदेश (Provinces) १) सिन्ध, २) बलुचिस्तान, ३) पंन्जाव, ४) उत्तर-पश्चिम क्षेत्र ।
धर्म :- इस्लाम धर्म-सुन्नी मुसलमान ७७ प्रतिशत र सिया मुसलमान २० प्रतिशत
भाषा :- उर्दू (राष्ट्रिय भाषा), अङग्रेजी (सरकारी भाषा), पञ्जावी, सिन्धि, पस्तुर, वालुची (अन्य भाषाहरु)
साक्षरता :- ३८ प्रतिशत
मुद्रा :- रुपी (Rupee)
प्रति व्यक्ति आय :- ४७० डलर
शासन पद्दति :- संसदिय प्रजातन्त्र

संसद :- नेशनल एसेम्बली, सांसद सदस्य संख्या २१७ स्थान, यस मध्य १० स्थान गैह्रमुस्लिमहरुका लागि सुरक्षित) सिनेट ६३ जना सदस्य
राजनीतिक दल :- पाकिस्तान मुस्लिम लिग, पाकिस्तान पिपुल्स पार्टी, इस्लामिक डेमोक्रयाटिक एलायन्स आदि
राष्ट्रप्रमुख :- परवेज मुसरर्फ
राष्ट्रप्रमुख :- परवेज मुसरर्फ
रेडियो :- पाकिस्तान ब्रोकास्टिङ, कर्पोरेशन
टेलिभिजन :- पाकिस्तान टेलिभिजन कर्पोरेशन (PTV)
प्रमुख पत्रिकाहरु :- जङ्ग, नवाज-ए-वक्त, डन, द-मुस्लिम, द-पाकिस्तान टाइम्स, द- नेशन आदि
यातायात :- रेलवे ५०६९.२ माइल, विमानस्थल ३४,
हवाई सेवा :- पाकिस्तान इन्टरनेशनल एयरलाइन्स
केन्द्रिय वैंक :- स्टेट वैंक अफ पाकिस्तान
सैनिक :- स्थल सेना ४,५०,०००,वायूसेना १७,६००,जलसेना १४,५५०
संयूक्त राष्ट्रसंघमा सदस्यता लिएको मिति :- ३० सेप्टेम्वर ,सन् १९४७
नेपालसंग दौत्य सम्बन्ध कायम भएको मिति :- २० मार्च, सन् १९६०

## (६) श्रीलंका (Sri Lanka)

स्थिति :- हिन्द महासागरमा अवस्थित, भारतको ८० कि.मी. पूर्वमा रहेको टापु राष्ट्र
सिमाना :- उत्तरमा भारत Palk Strait, पूर्वमा वङ्गलको खाडी, दक्षिणमा हिन्द महासागर, पश्चिममा अरवियन सागर
क्षेत्रफल :- ६५,६१० वर्ग कि.मी.
प्रमुख नदीहरु :- केलानी गंगा, महावानी गंगा
सबैभन्दा अग्लो स्थान :- पिदुरतालागला (२५२७ मी.)
जनसंख्या :- १९४०८६३५
जनसंख्या बृद्धिदर :- ०.८७ प्रतिशत
औसत आयू :- पुरुष ७०.० वर्ष, महिला ७५.३ वर्ष
राजधानी :- कोलम्वो
प्रमुख शहरहरु :- कोलोम्वो, जाफ्ना, केन्डी, अनुराधापुर, रत्नपुरा, वहिकोला, नेगोम्वो आदि ।
प्रशासकीय विभाजन :- जिल्ला २५, नगरपालिका परिषद १२ वटा जिल्ला परिषद २४ वटा
धर्म :- वुद्ध ७ प्रतिशत, हिन्दु १५ प्रतिशत, क्रिश्चियन ८ प्रतिशत, मुस्लिम ७ प्रतिशत ।
साक्षरता :- ९० प्रतिशत
मुद्रा :- रुपी (Rupee)
प्रति ब्यक्ति आय :- ८२० डलर
शासन पद्दति :- गणतन्त्र
राजनीतिक पार्टी :- युनाइटेड नेशनलपार्टी, श्रीलङका फ्रिडम पार्टी
राष्ट्रप्रमुख :- राष्ट्रपति चन्द्रिका वन्दरानायके कुमारातुङगा
सरकार प्रमुख :- प्रधानमन्त्रि
रेडियो :- श्रीलंका ब्रोडकास्टिङ्ग कर्पोरेशन, ट्रान्स वर्ल्ड रेडियो
टेलिभिन :- रुपावाहिनी (Roopavahini)
पत्रपत्रिका :- डेली न्यूज, सिलोन डेली मिरर
दैनिक :- स्थलसेना ४००००, बायूसेना ३७००, जलसेना ६५००
हवाईसेवा :- एयर लङ्का
केन्द्रीय वैंक :- सेन्ट्रल वैंक अफ सिलोन
संयूक्त राष्ट्रसंघको सदस्यता लिएको मिति : - १४ डिसेम्वर, सन् १९५५
नेपालसंग दौत्य सम्बन्ध कायम भएको मिति १ जुलाई, सन् १९५७

# अध्याय - ४

## सार्कका २० वर्ष, उपलब्धी र कमजोरीहरु (SAARC 20 Years, Achievement and Weakness)

सार्क स्थापना कालको विगत २१ वर्षको अवधीमा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई क्षेत्रीय सहयोग वृद्धि गर्न र यस क्षेत्रको समग्र विकास गर्न महत्वपूर्ण प्रयासहरु भएका छन्, भने अर्को तर्फ राजनितिक प्रतिवद्धताको अभावमा शिखर सम्मेलनहरु समयमा हुन सक्ने कुराहरु पनि जटिल विषयवस्तु वन्न पुगेका छन् । दक्षिण एशियाले विश्वकै समग्र सभ्यताको अस्तित्वको प्रतिनिधित्व गर्दछ । त्यसरी नै आर्थिक सामाजिक महत्वको दृष्टिकोणले यो क्षेत्र युरोप, मध्यपूर्व र पूर्वी एशियाको लागि व्यापारिक चक्र मार्ग (Cross Road) को स्थलको रुपमा रहेको छ । दक्षिण एशियाका क्षेत्रमा समग्र आर्थिक, प्राविधिक, सांस्कृतिक तथा सामाजिक विकास गर्नुपर्ने नितान्त आवश्यक ठानी सन्. १९८५ मा सार्कको स्थापना गरिएको थियो । यस प्रकार यस क्षेत्रका राज्यहरु वीच मुलतः असल छिमेकीपन कायम गर्न, एक अर्काको सामाजिक, आर्थिक व्यवस्थाहरु, सांस्कृतिक परम्पराहरु, साझा समस्याहरु , प्राविधिक सहयोगमा आदान प्रदान गर्ने लक्ष्य सहित एउटै मञ्चमा उपस्थित हुने वातावरण श्रृजना गरी सार्कको स्थापना हुनु आफैमा एउटा महत्वपूर्ण उपलब्धी हो ।

सार्क स्थापना नै एउटा महत्वपूर्ण उपलब्धी भएको कुरा स्पष्ट छ । त्यसमा पनि एउटा गतिशिल मञ्चको काम गरि रहेको छ । त्यस्तै गरेर यस क्षेत्रका जनताहरु वीचको सम्पर्कलाई अभिवृद्धि गर्न सार्क श्रव्यदृव्य आदान प्रदान कार्यक्रम, सार्क डकुमेन्टेसन सेन्टर, सार्क युवा स्वयम्सेवक आदान प्रदानको कार्यक्रम तथा सार्क देश वीच पर्यटन सुविधाका लागि सार्क पर्यटन पत्रको व्यवस्था, मुद्रा विनियमको सुविधा, सार्क देशमा शिक्षण संस्थाहरु वीच सार्क विभागको स्थापना, छात्रवृद्धि कार्यक्रम, सार्क भावना र सार्क देशहरुसँग सम्बन्धित विषयको अध्ययन र अनुसन्धान गर्ने सुविधा उपलब्ध गराउने जस्ता कार्यहरु पनि थालिएका छन्।[१७]

त्यस्तै गरेर स्वतन्त्र व्यापार क्षेत्र ( SAFTA ) को सम्झौतामा सहमति हुनु, सार्कको १३ औ घोषणा पत्रद्वारा सन् २००५ देखि सन् २०१५ सम्मको दशकलाई सार्क गरीवी निवारण दशक मनाउने कुरा सर्वसम्मतिले पारित गरिनु, आतंकवाद विरुद्ध क्षेत्रीय महासन्धिको निर्माण गरिनु, सार्क उपक्षेत्रीय अवधारणाको विकास हुनु, विश्व व्यापिकरणलाई प्रश्चय दिनु, लागू पदार्थ विरुद्ध क्षेत्रीय महासन्धि, सार्क खाद्य सुरक्षा भण्डार सम्बन्धि संझौता हुनु आदि कुराहरुलाई सार्कको महत्वपूर्ण उपलब्धीको रुपमा लिन सकिन्छ । त्यस्तै गरेर यसका कमजोरी पक्षलाई केलाएर हेर्ने हो भने, सार्क स्वयम् नै विपन्न मुलुकहरुको संगठन भएको र यसका सबै सदस्य राष्ट्रहरु आ-आफ्नो जटिल समस्याहरुमा रुमलिनु परेकोले पनि यसले आशा गरे जति प्रगति गरेको भने देखिदैन तापनि प्रगतितर्फ उन्मुख भएको भने अवश्य पनि मान्नु पर्दछ। स्थापना काल देखि हाल सम्मको अवस्थालाई हेर्ने हो भने, पूर्ण स्वस्थ र निरोगी जीवन जिउन भने यसले सकेको छैन । सदस्य राष्ट्रहरु वीच भएका असहमति र मनमुटावका कारण सार्क कैयौ पटक मर्माहत हुन पुग्यो । २१ पटक सम्म भैसक्नु पर्ने शिखर सम्मेलन वल्ल तल्ल १३ औ सम्मेलन सम्म सिमित हुन पुगेको छ । गरिवी निवारणमा जति जोड दिएको भएता पनि समस्या जेनकोतेन रहन गएको छ, सार्क सदस्य राष्ट्रहरुले समस्या समाधानको विषयलाई

---

[१७] निरञ्जन भट्टराई , सार्क र यसले पहिल्याउनु पर्ने दिशा, गोरखापत्र , २०४९ चैत्र २८

ध्यान दिनुको साटो यसलाई कुटनैतिक मञ्चको रुपमा उपयोग गर्न थालेको देखिन्छ । [१८]

मुलतः यस क्षेत्रका दुई आणविक शक्ति सम्पन्न राष्ट्र भारत र पाकिस्तान वीचको सम्बन्धले सार्कको भविस्य निर्धारण गर्ने कुरा कुटनितिज्ञहरु बताउछन् । सार्कको मुख्य अवधारणा नै के हो भन्ने सातवटै राष्ट्रहरु वीच एक आपसमा समझदारीको वातारण श्रृजना गरी सबै पक्षलाई लाभ हुने औपचारिक प्रतिवद्धता जनाउनु हो । यसलाई अझ स्पष्ट रुपमा भन्नु पर्दा यस क्षेत्रका राष्ट्रहरुले छिकेकी मुलुकहरुसँगको सम्बन्ध सामाजिक न्यायको आधारमा पारस्परिक लाभको दृष्टिकोणले तय गर्नु पर्दछ । यी सबै लक्ष प्राप्तिका लागि एकातिर सर्वसम्मतिको अनिवार्य प्रावधान रहेको छ, भने अर्को तर्फ द्विपक्षीय विवादहरु छलफलमा नराख्ने स्पष्ट व्यवस्था पनि छ । जसको कारण सार्कले विगतमा तय गरेका लक्ष्यहरुको हासिल गर्न विभिन्न चुनौतिहरुको सामना गर्नु परेको छ । स्थापना काल देखि वर्तमान अवस्थासम्म आउँदा सार्कको क्षेत्रीय सहयोग तथा विकासमा महत्वपूर्ण सकारात्मक पक्षहरु पनि देखा पर्दछन् तर क्षेत्रीय सहयोग, राजनितिक प्रतिवद्धताको कमिले गर्दा सार्कले पूर्ण रुपमा सफलता प्राप्त गर्न सकेको देखिदैन । यस संगठनले हाल सम्म प्राप्त गरेका उपलब्धीहरु र कमजोरी पक्षलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

## ४.१ दक्षिण र एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का उपलब्धीहरु (Achievement of South Asian Association for Regional Co-operation : SAARC)

सार्कले जनतालाई तत्काल आशातित फाइदा पुऱ्याएको देखिदैन । सार्क भनेका खाली कुटनैतिक मञ्च जस्तो देखा परिरहेको छ । जसमा सरकार प्रमुख र राष्ट्र प्रमुखहरु भेला जम्मा भएर वेलावेलामा नितिगत प्रतिवद्धता जनाएको देखिन्छ । २० वटा शिखर सम्मेलन हुनु पर्नेमा हाल सम्म वल्ल तल्ल १३ वटा शिखर सम्मेलन भएका हुन् । यी जे जस्ता नकारात्मक पक्षहरु भएता पनि यस संगठनको स्थापना काल देखि हाल सम्म भएका सकारात्मक पक्षलाई पनि नकार्न मिल्दैन । सार्क अस्थित्वमा आएदेखि जनसम्पर्क धेरै बढेको छ, क्रिया, अन्तरक्रियाहरु वेला वेलामा भैरहेका छन् । प्राविधिक समुहको त्यक्तिकै विकास भएको छ । सदस्य राष्ट्रहरु वीच व्यापार, वाणिज्य, सामाजिक, प्राविधिक, शैक्षिक विभिन्न क्षेत्रका जनताहरुलाई प्रभाव पार्न सक्ने नतिजाहरु प्राप्त गर्न भने अझै पनि सार्कले सकेको छैन । [१९]

सार्क स्थापनाको २१ वर्षको लामो अनुभवले हाम्रो सामु थुप्रै सकारात्मक कुराहरु दिएको छ । सार्कको क्षेत्रीय संरचनाको विकास हुदै गएको छ । विगत देखि वर्तमान सम्म १३ वटा शिखर सम्मेलनहरु सम्पन्न भै सकेका छन्, भने १४ औ शिखर सम्मेलन भारतमा हुने समेत १३ औं शिखर सम्मेलनबाट निर्णय भइसकेको छ । ति शिखर सम्मेलनहरुबाट क्षेत्रिय प्रक्रियाका आवश्यक औचित्य पुष्टि हुनका साथै आर्थिक, व्यापारिक, प्राविधिक, सांस्कृतिक, सामाजिक र अन्य विभिन्न क्षेत्रमा क्षेत्रीय सहयोग प्रक्रियालाई अघि बढाउने नितिगत र केहि संरचनात्मक आधारहरु तयार भएका छन् ।

सार्क स्थापना हुनु नै एउटा ठुलो उपलब्धी थियो, भने वर्तमान समयसम्म आईपुग्दा यस संगठनको स्थापना, संगठनको कार्य प्रगति माथि कुनै विवाद नआउनु र कुनै किसिमको शंका आशंकाको वातावरणको श्रृजना पनि नभएको हुदा यसको भविष्य उज्जवलमय भएको मान्न सकिन्छ । युरोपेली युनियन र आशियान

---

[१८] कृष्णबहादुर पुन, दक्षिण एशियाली क्षेत्रीय सम्मेलन संगठन सार्क चुनौति र अवसरहरु (१९८५- २००३), शोध-पत्र , २०६०, पृ. ५८

[१९] प्रा. श्रीधर खत्री, 'सार्कको उपलब्धी आर्थिक सम्वृद्धि हुनु पर्छ', नेपाल ,१६-१९ पौष, २०५८, पृ २५

जस्ता क्षेत्रिय संगठनको तुलनामा सार्क धेरै कान्छो छ । समयावधीको दृष्टिकोणले कान्छै भएता पनि केहि महत्वपुर्ण क्षेत्रमा सार्कले गरेका उपलब्धीलाई भने स्रहानिय ठान्नु पर्दछ । सार्कले ठोस दिशा तय गरी त्यस तर्फ उन्मूख भएको छ । यसले कार्यरुपमा सफल हुन सक्ने व्यवहारिक र गतिशिल मञ्चको रुपमा ग्राहयता प्राप्त गरि सकेको छ । यदि सात वटै देशका सरकार प्रमुख तथा राष्ट्र प्रमुखहरुले राजनैतिक प्रतिवद्धता जनाय भने यसले निकै नै प्रगति गर्ने छ । फलस्वरुप अन्तराष्ट्रिय क्षेत्रमा छिट्टै नै आफ्नो परिचय स्थापित गर्न सक्ने छ । यस संगठनमा विविध धार्मिक, सांस्कृतिक, राजनैतिक तथा भौगोलिक स्वरुप भएका राष्ट्रहरु एउटै मत अनुसार संगठनमा आवद्ध भएका कारण यसलाई सार्कको थप उपलब्धी ठान्नु पर्दछ । अहिले सम्म सार्कको तत्वाबधानमा एकिकृत कार्यक्रमहरुको कार्यान्वयनको लागि यातायात, कृर्षि, हुलाकसेवा, मौसम विज्ञान र प्रविधि, स्वास्थ्य र परिवार नियोजन, कला, संस्कृति, दुरसंचार, लागू पदार्थको कारोवारमा रोक, आतंकवाद विरुद्धको प्रतिवद्धता, क्षेत्रीय विकासमा महिला सहभागिता वढाउने, वालबालिकाहरुको विकासको लागि उनीहरुको अधिकारको संरक्षण गर्ने, सार्क खाद्य कोषको स्थापना, सार्क- जापान विशेष कोष, सार्क क्षेत्रीय कोषको स्थापना इत्यादी स्थापना तथा दक्षिण एशियाका देशहरु वीच व्यापार, उत्पादन र सेवा आदिको अभिवृद्धि गर्न आवश्यक अध्ययन सन् १९९० देखि सन् २००० का दश वर्षमा दक्षिण एशियाका जनताहरुलाई आधारभुत आवश्यकता, साधन र गासवास समेत उपलब्ध गराउने र गरिवी उन्मूलन गर्ने कुरामा सात देशका योजनाहरुको जानकारी, अनुभवको जानकारी आदान प्रदान गर्ने र सात राष्ट्रहरुका राष्ट्रिय योजनाहरुमा समन्वय राख्ने आदि कार्यहरु समावेश गरिएका छन् । त्यस्तै गरेर यस क्षेत्रका जनता-जनता वीचको सम्पर्कलाई अभिवृद्धि गर्न सार्क श्रव्यदृश्य आदान-प्रदान कार्यक्रम, सार्क डकुमेन्टेसन सेन्टर, सार्क युवा स्वयम सेवक आदान प्रदानको कार्यक्रम तथा सार्क देशहरु वीच पर्यटन सुविधाको लागि सार्क पर्यटन पत्रको व्यवस्था मुद्रा विनिमयको सुविधा, सार्क राष्ट्रहरुका शिक्षण संस्थाहरु वीच सार्क विभागको स्थापना, छात्रवृत्ति कार्यक्रम, सार्क भावना र सार्क देशहरुसँग समन्धित विषयको अध्ययन अनुसन्धान गर्ने सुविधा उपलब्ध गराउने जस्ता कार्यहरु थपिएका छन् । [२०]

सहुलियतपूर्ण व्यापार सम्बन्धि संझौता सन् १९९३ अप्रिल ११ का दिन वंगलादेशको राजधानी ढाँकामा सम्पन्न सार्कको सातौ शिखर सम्मेलनको अवसरमा सार्क राष्ट्रका विदेशमन्त्रिद्धारा हस्तारक्षर मै सार्क सौविध्य व्यापार सम्झौता (SAARC Preferential Trading Arrangement : SAPTA ) मा सहमति भएको हो । नवौं शिखर सम्मेलनबाटै दक्षिण एसियालाई सन् २००५ देखि स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trade Area : SAFTA ) को पहिले देखिनै निर्णय भएता पनि त्यस्तो व्यापार क्षेत्र अझ छिट्टै सन् २००१ देखि नै प्रारम्भ गर्ने निर्णय भएको थियो । जि.ई.पी.समुहले आफ्नो प्रतिवेदनममा सार्कको दिर्घकालिन अवधारणा अनुरुप सन् २००१ देखिनै स्वतन्त्र व्यापार क्षेत्रको प्रक्रिया प्रारम्भ गरी नेपाल, वंगलादेश जस्ता अल्पविकसित देशहरुको हकमा १० वर्ष र अन्य देशहरुको हकमा ८ वर्षको समयावधी सात सदस्य राष्ट्रहरुवीच हुने व्यापारमा भन्सार दरवन्दी, परिमाणात्मक नियन्त्रण, भन्सार बाहेकका अन्य व्यापारहरु सबै पूर्ण रुपले हटाउने सकभर सन् २०१५ सम्ममा स्वतन्त्र व्यापार भन्दा एक कदम अगाडी गै सार्क राष्ट्रहरुले अन्य देशहरुसँग हुने व्यापारमा पनि सबैले एउटै भन्सार दर कायम गरी कस्टम यूनियन स्थापना गर्ने र सन् २०२० सम्ममा आर्थिक संगठन स्थापना गरी दक्षिण एशियाली आर्थिक एकिकरण गर्ने अवधारणा प्रस्तुत गरिएको छ । उद्योग, व्यापार, लगानी, प्रविधि जस्ता महत्वपूर्णक्षेत्रमा क्षेत्रीय सहयोग नहुने हो भने, सार्कको

---

[२०] निरञ्जन भट्टराई, सार्क र यसले पहिल्याउनु पर्ने दिशा, गोरखा-पत्र , २०४९ चैत्र २८

औचित्यमा प्रश्न चिन्ह उठाउन सकिन्छ ।[२१] त्यस्तै गरेर पाकिस्तानको राजधानी इस्लामवादमा सन् २००४ जनवरी ४,५ र ६ मा सम्पन्न वाह्रौ शिखर सम्मेलनमा दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर भयो ।[२२]

त्यस्तै गरेर वंगलादेशको राजधानी ढाँकामा सन् २००५ नोभेम्वर १२-१३ मा सम्पन्न १३ औं शिखर सम्मेलनबाट पारित भएर साफ्टालाई सन् २००६ जनवरी १ देखि कार्यान्वयनमा ल्याउने कुरा अगाडी बढ्यो । जस अन्तर्गत भारत, पाकिस्तान र श्रीलंकालाई विकासोन्मुख मुलुकमा राख्यो भने, नेपाल वंगलादेश, भुटान र माल्दिभ्सलाई कम विकसित मुलुकमा राख्यो । **SAFTA** को संवेदनशिल सूचिमा नेपालका १३०८ वस्तुहरुलाई राखेको छ । सार्कका विकासोन्मुख देशहरुले सन् २००६ देखि सन् २००८ सम्म आफ्ना भन्सार दरहरुलाई २० प्रतिशत भन्दा कममा झार्नु पर्ने सहमति कायम भयो भने, सार्कका कम विकसित देशहरुले सन् २००६ देखि सन् २००८ सम्म आफ्ना भन्सार दरहरुलाई ३० प्रतिशत भन्दा कममा झार्नु पर्ने सहमति कायम भएको छ । त्यस्तै गरेर विकासोन्मुख सार्क मुलुकले सन् २००९ सम्म शुन्य देखि ५ प्रतिशत सम्म भन्सार शुल्क झार्ने छन् । भने कम विकसित सार्क मुलुकले सन् २०१६ सम्ममा सो बमोजिम शुल्क झार्ने छन्।[२३] आतंकवादलाई अन्तराष्ट्रिय शान्ति र सुरक्षाको लागि खतराको रुपमा ग्रहण गरिएको छ । त्यस खतराको रुपमा राष्ट्रहरुले आत्म सुरक्षाका कदमहरु चाल्न सक्ने उल्लेख गर्दै आतंककारी कामलाई आर्थिक सहयोग वन्द गर्नु पर्ने र त्यसरी सहयोग गर्नु आफैमा अपराध भएको कुरा ठहर गरेको छ । उक्त प्रस्ताव नं.१३७३ अनुसार आतंकवादीहरुलाई कसैले कुनै पनि प्रकारको सहयोग प्रदान गर्न नहुने, हात हतियार आपूर्ति गर्न नपाइने, आतंककारीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रोत्साहित र सहयोग गर्न नपाईने शरण दिन नपाइने र आतंककारीहरुलाई चलखेल गर्न रोक्का गर्नका लागिप्रभावकारी रुपमा सिमा नियन्त्रण गर्नु पर्ने कुरा समेत स्पष्ट उल्लेख गरिएको छ । अरु अनेकौं उपायहरु सिफारिस गरिएको उक्त प्रस्तावलाई सार्क राजनेताहरुले ग्रहण गरेर आफ्नो क्षेत्रमा डटेर आतंकवाद विरुद्ध जाई लाग्ने निर्णय एघारौं सार्क शिखर सम्मेलनले गरेको थियो । त्यस्तै गरेर १३ औ सार्क शिखर सम्मेलनमा पनि आतंकवाद विरुद्ध केहि महत्वपूर्ण कुराहरु पारित भएका छन् ।जसमध्ये सबै प्रकारका आतंकवादको निन्दा गर्दै आतंक विरुद्ध लड्न दोहोरो मापदण्ड नअप्नाउने भन्ने कुराबाट नै सिद्ध हुन आउछ कि सार्क सदस्य राष्ट्रहरुले आतंकवालाई कुन दृष्टिकोणले हेरि रहेका छन् भन्ने कुरा सार्क आतंककारी अपराधहरुबारे अनुगमन गर्ने निकाय (The SAARC Terrorist on Offences Monitoring Desk: STOMD) को स्थापना श्रीलंकाको राजधानी कोलम्बोमा हुनु आदि कुरा सार्कको महत्वपुर्ण उपलब्धीको रुपमा स्विकार गरिएको छ ।[२४]

“ चेलीबेटी तथा वालबालिका बेचविखन एवं देहव्यापार विरुद्ध सार्क अभिसन्धि ” र दक्षिण एशियामा वाल कल्याण प्रवर्द्धन गर्न क्षेत्रीय व्यवस्था गर्ने सार्क अभिसन्धिमा एघारौं शिखर सम्मेलनमा हस्तारक्षर गरिएको थियो । चेलिवेटी र वालबालिकाको वेचविखनलाई मानवअधिकारको उलंघन र मानिसको प्रतिष्ठा र सम्मान विरुद्धको कलंक मानिएको छ । सन् १९९७ मे महिनामा सम्पन्न नवौं सार्क शिखर सम्मेलनको निर्णय

---

[२१] डा. बद्रिप्रसाद श्रेष्ठ, स्वतन्त्र व्यापार क्षेत्र, नेपाल, १६-२९ पौष, २०५८

[२२] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क),२०६१।०६२, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं, पृ.१६

[२३] चुडामणि शर्मा, सार्क वृहत ज्ञानकोष, २०६३ अषाढ, नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि. चावहिल ,काठमाण्डौं पृ.११६-११७

[२४] चुडामणि शर्मा, सार्क वृहत् ज्ञानकोष, ०६३ अषाढ, नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि. चावहिल, काठमाण्डौ, पृ. ११६

अनुरुप यो अभिसन्धि तयार पारिएको हो । यसमा सन् १९४९ को वेश्यावृतिको शोषण र त्यसका लागि ओशार पसार वारेको अभिसन्धि, सन् १९७९ को महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन गर्ने अभिसन्धि, सन् १९६६ को नागरिक र राजनैतिक अधिकारका वारेको अन्तराष्ट्रिय अभिसन्धि र सन् १९८९ को वालबालिकाको अधिकार वारेको अभिसन्धि लगाएतका सान्दर्भिक कानुनी प्रावधानलाई समेटिएको छ । सन् १९९५ मा वेइजिङ्गमा भएको चौथो विश्व महिला सम्मेलन र अरु सान्दर्भिक अन्तराष्ट्रिय सम्मेलनका सिफारिसहरुलाई कार्यान्वयन गर्नु पर्ने कुरालाई ध्यान दिइएको छ । सार्क मुलुकहरुमा चेलिवेटी र वालबालिकाहरुको ओशार पसारबाट शोषणको वृद्धि भै रहेको र यी मुलुकहरु चेलिवेटी र वालवालिकाहरुलाई पठाउने, भित्र्याउने र पारवहन विन्दुको रुपमा उपयोग भै रहेको कुरालाई मध्यनजर गरिएको छ । यस सन्दभमा यस्ता ओशार पसार सित संलग्न जिम्मेवार व्यक्तिहरुलाई अनुसन्धान गर्ने, पत्ता लगाउने, बुझ वुझारथ गर्ने र सजाय गर्ने कार्यमा प्रभावकारी क्षेत्रीय सहयोग बढाउने छ । वेश्यावृत्तिका लागि ओशार पसार गरिएका पिडित पक्षलाई सहयोग पूर्नस्थापना र फर्काउने वारे सहयोगमा जोड दिएको छ । उक्त महासन्धिले वेश्यावृत्ति, चेलिवेटी वेचविखन र ओशारपसारको नियन्त्रण र निराकरणको सन्दर्भमा अपराधको वारेमा छानविन, अनुसन्धान गर्ने, पूर्यक्ष गर्ने लगाएतको सजायको व्यवस्था अभिसन्धिका पक्ष राष्ट्रहरुले गर्नु पर्ने व्यवस्था गरेको छ ।

चेलीवेटी तथा वालवालिकाको ओशारपसार केवल वालश्रम, दासता, वेश्यावृत्ति जस्ता कुरामामात्र सिमित उक्त अभिसन्धिको सामाजिक र मानवअधिकारवादी संस्थाहरु र कानुनविदहरुले आलोचना गरेका छन् । [२५]

वाल कल्याण वारेको अभिसन्धि एघारौं सम्मेलनको अवसरमा हस्ताक्षर भएको अर्को दस्तावेज" दक्षिण एशियामा वालबालिकाको कल्याण प्रवर्द्धन गर्ने क्षेत्रीय प्रबन्ध सम्बन्धि सार्क महासन्धि" हो । यसमा प्रस्तावनाका साथै १३ वटा धाराहरु छन् । प्रस्तावनामा सार्कका सदस्य राष्ट्रहरु वर्तमान अभिसन्धिको पक्षधरको रुपमा दक्षिण एशियामा संसारका वालबालिकाहरु मध्ये एक चौथाई बस्दछन् । तिनीहरु मध्ये धेरैको लागि आफ्नो अधिकार पूर्ण रुपमा उपयोग गर्न समाज र परिवारमा उत्तरदायी जीवनयापन गर्न र क्षमतापूर्ण रुपमा विकास गर्न उनीहरुलाई संरक्षण र सहयोग आवश्यक ठानेका छन् । वच्चाको विकास र हुर्काउने प्राथमिक जिम्मेवारी आमा वुवा वा वैद्य संरक्षण कै जिम्मेवारीमा हुन्छन् भन्ने मनमा राखेका छन् । त्यसैले परिवारलाई नै समाजको आधारभुत इकाईको रुपमा मान्यता प्रदान गर्दछ र त्यसले समुदाय भित्र बच्चाबच्ची प्रतिको जिम्मेवारी पूरा गर्न उपयुक्त वातावरण तयार गर्नुपर्दछ । वाल्यकालमा विशेष हेरचार सहयोग पाउनु मानवअधिकारको विश्वव्यापी घोषणा अनुरुप छन् । वालबालिकाको अधिकारबारे संयुक्त राष्ट्रसंघको अभिसन्धि प्रति आफ्नो वचनवद्धता दोह्रर्‍याउछ । सन् १९९६ मा दक्षिण एशियाका वालकहरुबारे रावलपिण्डी प्रस्तावमा अंकित गरेझै वालकहरुको परिवर्तित आवश्यकता पुरा गर्न प्राथमिक, रणनिति दृष्टिकोणहरु प्रति क्षेत्रीय सहयोग, निर्माण तर्फ सार्कको प्रयासलाई मान्यता गर्दछ । सन् २००१-२०१० लाई वालकहरुको अधिकारको सार्क दशकको रुपमा घोषणा गरिएको छ । दक्षिण एशियाका वालकहरुको पूर्णक्षमताको विकास गर्ने तर्फ ऐक्यवद्धता, न्याय, शान्ति र मानवजातीका लागि क्षेत्रमा सामुहिक अग्रसरतालाई आत्मसाथ गरेको छ । वालकको अधिकारको संरक्षण परिपूर्ति गर्न दक्षिण एशियाली राष्ट्रहरुको प्रयासलाई बढाउदै एक आपसका अनुभव विशेषज्ञता सुचना र श्रोतहरु वाँडफाँड गरि क्षेत्रीय ऐक्यबद्धता र

---

[२५] हिरण्य लाल श्रेष्ठ,'एघारौ शिखर सम्मेलनको समिक्षा', अन्तराष्ट्रिय मञ्च, वर्ष १८, अंक ४, २०५८ पृ. ६६- ६७

सहयोग बढाउनु पर्ने स्वीकार गर्दछ । आफ्ना वालकहरुको कल्याणप्रति दक्षिण एशियाली दुरदृष्टिका साथ सार्कका सदस्य राष्ट्रहरु सँगसँगै अगाडि बढ्नु पर्ने महुशुस गरेको छ, भन्ने उल्लेख गरिएको छ ।[२६]

सार्कले गरिवी निवारणलाई पनि उच्चतम प्राथमिकता दिएको छ । गरिवी निवारणका लागि सामाजिक, आर्थिक लगाएतका महत्वपूर्ण क्षेत्रमा लगानी गर्ने, क्षेत्रीय स्तरमा गरिवी निवारण सम्बन्धि संचालित विभिन्न गतिविधिहरुको समिक्षा गर्ने र विश्वव्यापी रुपमा गरिवी निवारणका लागि यस क्षेत्रबाट सहयोग पुऱ्याउने छ । सरकार र अन्तराष्ट्रिय संघ संस्थाहरुलाई गरिवी विरुद्ध लड्न सहयोग पुऱ्याउने छ । समाजमा पिछडिएका र महिला वर्गलाई सहयोग पुऱ्याउने किसिमका ग्रामिण कार्यक्रमहरु संचालन गरिने छ । रोजगारको व्यवस्था गर्ने, कृषि, घरेलु तथा साना उद्योगलाई प्रोत्साहित गर्ने, गरिवी निवारणको लागि रोजगारीको श्रृजना गरी प्राविधिक तथा व्यवसायिक तालिमको व्यवस्था गरिने छ । गरिवी निवारण सम्बन्धि संचालन गरिएका कार्यक्रमहरुको व्यवहारिक अनुभवहरु आदान-प्रदान गर्न विभिन्न अध्ययन र अनुसन्धानका आधारमा यसको समिक्षा गरिने छ , भन्ने प्रतिवद्धता लिइएको छ । सामाजिक स्थिरता कायम गरी यस क्षेत्रका जनताहरुलाई विश्वव्यापीकरण तथा उदारीकरणबाट पर्ने प्रभावबाट जोगाउनका लागि एक अर्कामा सहयोगको अभिवृद्धि गरी एउटा निश्चित दायरा बनाइने छ । [२७]

सन् २००४, जनवरी ४, ५ र ६ मा पाकिस्तानको राजधानी इसलामावादमा सम्पन्न वाह्रौं शिखर सम्मेलनमा पनि ' हाम्रो भविष्य हाम्रो दायित्व ' भन्ने प्रतिवेदनमा दिएका सुझावहरु लागु गर्न एउटा प्रभावकारी नीति तर्जुमा गर्न गरिवी निकारणका लागि स्वतन्त्र दक्षिण एशियाली आयोग **(ISACPA)** ले विचार प्रवर्द्धनको भुमिका खेल्नु पर्ने साथै यसले आफ्नो प्रतिवेदनमा दिएका सुझावहरुलाई उचित सम्मान गदै गरिवी निवारण, शिक्षा, स्वास्थ्य, र वातावरणका क्षेत्रमा आगामी ५ वर्षका लागि सार्क विकास लक्ष्यको उल्लेख गरिएको व्यापक तथा यथार्थमूलक अन्तिम रुपरेखा तयार गरी अर्को सार्क शिखर सम्मेलनमा पेश गर्ने निर्देशन, सार्क सचिवालयलाई क्षेत्रीय गरिवी प्रोफाइललाई समय-समयमा संशोधन गर्न निर्देशन, क्षेत्रीय खाद्य बैकको स्थापनाका लागि एउटा अवधारणा पत्र तयार गर्ने निर्णय, शान्ति, विकास, गरिवी निवारण र क्षेत्रिय सहयोगका दिशामा विशेष योगदान गर्ने व्यक्ति र संस्थालाई सम्मान गर्न नेपालको अवधारणा - पत्र अनुरुप सार्क पुरस्कार भविष्यमा शिखर वैठकको सन्दर्भ पारेर प्रदान गर्ने निर्णय [२८] त्यस्तै गरेर सन् २००५ नोभेम्वर १२ र १३ मा वंगलादेशको राजधानी ढाकामा सम्पन्न भएको १३ औं शिखर सम्मेलनले गरिवी निवारण सम्बन्धि महत्वपूर्ण निर्णयहरु गरेको छ । सार्क गरिवी निर्वारण कोषको रकममा वृद्धि गर्ने, सार्क गरिवी निवारण कोषलाई दक्षिण एशियाली विकास कोषमा परिणत गरी त्यसलाई सम्पूर्ण सार्क योजनाहरुमा लगानी गर्ने छाता वित्तिय संस्थाको स्थायी सचिवालयको रुपमा लैजाने र सन् २००६ देखि सन् २०१५ सम्मलाई सार्कगरिवी निवारण दशकको रुपमा मनाउने[२९] यसरी सार्कका प्राय जसो सबै शिखर सम्मेलनहरुमा गरिवी निवारण जस्तो संवेदनशील विषयलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गराउन भएका निर्णय

---

[२६] हिरण्य लाल श्रेष्ठ, 'एघारौ सार्क शिखर सम्मेलनको समिक्षा', अन्तराष्ट्रिय मञ्च, वर्ष १८, अंक ४, २०५८, पृ. ६७

[२७] हिरण्यलाल श्रेष्ठ, 'एघारौ सार्क शिखर सम्मेलनको समिक्षा', अन्तराष्ट्रिय मञ्च वर्ष १८, अंक ४, पृ. ६८

[२८] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), २०६१/२०६२, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं, पृ.१७

[२९] चुडामणि शर्मा, सार्क बृहद ज्ञानकोष, २०६३ अषाढ, नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लिमिटेड चावहिल, काठमाण्डौं, पृ ३२-३३

तथा प्रयासहरुलाई पनि सार्कको महत्वपूर्ण उपलब्धीको रुपमा लिन सकिन्छ ।

यसरी नै सार्क सदस्य राष्ट्रहरुले एक आपसमा सम्बन्ध विस्तार गर्न सेमिनार, कार्यशाला, गोष्ठि, तालिम, परियोजनाहरु बनाउने र त्यसमा कार्य गर्न लगाउने सम्बन्धित विषयको अध्ययन अनुसन्धान, निर्देशिका र प्रतिवेदन पत्र प्रकाशित गर्ने, दक्ष व्यक्तिहरुको आदान-प्रदान सामाजिक र सांस्कृतिक क्षेत्रमा सहयोग, गरिवीनिवारण, जनसंख्या नियन्त्रण, महिला शसक्तिकरण, युवा वालबालिकाको रक्षा जस्ता विविध कार्यक्रमहरुको योजना तर्जुमा गरिएको छ । यी कार्यक्रमहरुको आयोजना गर्दा र सो सम्पन्न भएपछि प्राप्त अनुभवको आधारमा कार्यक्रम संचालन गर्न चाहिने पूर्वाधारका रुपमा सार्क क्षेत्रीय संस्थाहरु, क्षेत्रीय संझौताहरुको निर्माण र मनोनयन हुनु आवश्यक ठानेर सार्क सदस्य राष्ट्रहरुले सार्क कृषि सुचना केन्द्र, सार्क क्षयरोग केन्द्र, सार्क अभिलेख केन्द्र, सार्क जलवायु अनुसन्धान केन्द्र, सार्क मानव संसाधन विकास केन्द्र, सार्क सांस्कृतिक केन्द्र, तटिय क्षेत्र व्यवस्थापन केन्द्र, सार्क सुचना केन्द्रको स्थापना गरेका छन् भने सार्क उर्जा केन्द्रको स्थापनाको समेत तयारी भैरहेको छ ।

यसरी नै सार्कको उद्देश्य पुरा गर्न यस भेगका समस्यालाई साझा समस्याको रुपमा लिनु अपरिहार्य छ । यसका लागि यस क्षेत्रका नागरिकहरु वीच आपसी जनसम्पर्क र हरेक क्रियाकलापहरुमा जनसहभागिता पहिलो सर्त हो । जसले " दक्षिण एशियाका सम्पूर्ण नागरिक एक हौ ।" भन्ने भावनाको विकास गराई निकटत्तम आत्मियताको विकास गर्दछ । यही  कुरालाई मध्यनजर राखी सार्कले जनसम्पर्क अभिवृद्धि अन्तर्गत सार्क सभामुख तथा सांसद संघ, सार्क भिसा छुट योजना, व्यवसायिक संगठनहरुको मान्यता अर्न्तगत सार्क उद्योग तथा वाणिज्य महासंघ, सार्क कानुन, दक्षिण एशियाली लेखा व्यवसायी संघ, व्यवस्थापन विकास संस्थाहरुको संघ, सार्क वास्तुवीद संघ, सार्क विश्वविद्यालय महिला संघ, शहरी योजनाकारहरुको सार्क संगठन, सार्क कार्डियाक सोसाइटी, सार्क डिप्लोमा इन्जिनियर्स फोरम,  सार्क शिक्षक संगठन,  सार्क लेखक तथा साहित्य फाउन्डेसन,  सार्क राष्ट्रका सरकारी वीमा संस्थानहरुको  संगठन , सार्क रेडियोलोजिकल सोसाइटी , सार्क सर्जिकल केएर  सोसाइटी  जस्तापक्षहरुलाई अगाडि सारेको छ ।[३०] यो पनि सार्कको एउटा महत्वपूर्ण उपलब्धी हो ।

सार्कका विविध कार्यक्रमहरु निर्धारित गर्दा सन् १९८९ लाई लागु पदार्थ नियन्त्रण वर्ष, सन् १९९० लाई सार्क वालिका वर्ष, सन् १९९१ लाई सार्क आवाश वर्ष, सन् १९९२ लाई सार्क वातावरण वर्ष, सन् १९९३ लाई सार्क अपाङ्ग वर्ष, सन् १९९४ लाई सार्क युवा वर्ष, सन् १९९५ लाई गरिवी निवारण वर्ष, सन् १९९६ लाई सार्क साक्षरता वर्ष, सन् १९९७ लाई सार्क सहभागिता मुलक शासन व्यवसाय वर्ष, सन् १९९९ लाई सार्क जैविक विविधता वर्ष, सन् १९९१ - २००० लाई सार्क वालिका दशक, सन् २००१ - २०१० लाई वालबालिकाको अधिकार सम्बन्धि सार्क दशक, सन् २००२ - २००३ लाई वातावरणमा युवाको योगदान सम्बन्धि वर्ष, सन् २००४ लाई क्षयरोग तथा एड्स विरुद्ध सचेतना वर्ष, सन् २००५ र २००६ लाई दक्षिण एशिया पर्यटन वर्ष, सन् २००६ - २०१५ लाई सार्क गरिवी निवारण दशक, सन् २००७ लाई हरित दक्षिण एशियाली वर्ष मनाउने घोषणा सार्क विभिन्न शिखर सम्मेलनहरु द्धारा गरिएको छ ।[३१] यसरी सार्क शिखर

---

[३०] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), २०६१/०६२ , विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं, पृ. २७-२८

[३१] चुडामणि शर्मा, सार्क वृहत ज्ञानकोष, २०६३ अषाढ, नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि.,चावहिल, काठमाण्डौं, पृ. १३८-१३९

सम्मेलनहरुमा सार्क वर्ष र दिवश मनाउने निर्णय गर्नुलाई पनि सार्कको एउटा महान उपलब्धीको रुपमा लिनु पर्दछ ।

यस प्रकार प्रत्येक वर्ष सार्कको आयोजनामा दक्षिण एशिया क्षेत्रमा शिर्षस्थ नेताहरु, दक्ष प्राविधिक, विशेषज्ञ, जिम्मेवार अधिकृत, कर्मचारीहरु, व्यवसायिहरु र मन्त्रिहरु समेतको भेटवार्ता, मेलमिलाप र विचारको आदान प्रदानबाट परस्परमा विश्वास वढ्ने र सहयोगको विकास हुनुका साथै यस्ता कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित मानिसहरु रहि उक्त कार्यहरुलाई रेडियो, टेलिभिजन र अन्य संचार माध्यमबाट जानकारी पाउने जनसाधारण सबैबाट दक्षिण एशियाका एक अरव भन्दा बढी जनताको भलाईको लागि सहयोग प्राप्त भैरहेको छ । ति जनताहरु पारस्परिक सहयोगबाट लाभाम्वित भएका पनि छन् । यद्यपि यो गति न्यून भने रहेको छ । संक्षेपमा भन्नु पर्दा सन् १९८५ देखि सन् २००६ सम्ममा सार्कका उपलब्धीहरु खाद्य भन्डार सम्बन्धि संझौता, आतंकवाद विरुद्ध सार्क क्षेत्रीय महासन्धि, चेलिवेटी वेचविखन विरुद्ध अभिसन्धि र सहुलियतपूर्ण व्यापार सम्बन्धि सार्क संझौता इत्यादीलाई लिन सकिन्छ । धेरै महत्वपूर्ण कुराहरु मध्य सार्कले यस क्षेत्रका राष्ट्र-राष्ट्रहरु वीच मित्रताको भावना वढाई सहयोगको लागि विविध क्षेत्रमा विचार विमर्श र अन्तरक्रिया गरेर चेतनाअभिवृद्धि गरि आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको संस्थागत विकास हुनु, क्षेत्रीय समस्या पहिचान गरी समस्याको निराकरणका लागि प्रयास गर्नु, साझा समस्याको पहिचान गर्न सफल हुनु जस्ता कुरालाई पनि सार्कका उपलब्धीका रुपमा लिन सकिन्छ।

सार्कका उपलब्धीहरुलाई अझ स्पष्ट पार्नका लागी सार्क स्थापना काल देखि अर्थात प्रथम शिखर सम्मेलन देखि हाल सम्म अर्थात तेहौं शिखर सम्मेलन सम्ममा भएका उपलब्धीहरुलाई सम्मेलनगत र वुदागत रुपमा निम्न अनुसार प्रष्ट्याउन सकिन्छ ।

### ४.१.१ प्रथम सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of first SAARC Summit)

- सार्कको विधिवत स्थापना हुनु ।
- वडापत्रको अनुमोदन गरिनु ।
- आर्थिक, सामाजिक, सांस्कृतिक, वैज्ञानिक, प्राविधिक आदि क्षेत्रमा आपसी सहयोग राख्ने प्रतिवद्धता हुनु ।
- क्षेत्रीय विकासमा साझेदार हुन सहमत हुनु ।
- आपसी विवादबाट आथि उठ्न द्विपक्षीय मामिला तथा विवादास्पत र राजनीतिक मामिला नउठाउने निर्णय हुनु ।
- दोस्रो शिखर सम्मेलन भारतको वैंगलोरमा गर्ने निर्णय हुनु ।
- विविध विषयमा सहमति, प्रतिवद्धता, छफफल भएको १४ सूत्रिय ढाँका घोषणा-पत्र जारी गरिनु ।

### ४.१.२.दोस्रो सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Second SAARC Summit)

- सार्कको स्थायी सचिवालय राख्ने र उक्त सचिवालय नेपालको राजधानी काठमाण्डौमा राख्ने कुरामा सहमति हुनु ।
- आतङ्कवाद र लागूपदार्थको व्यापारमा नियन्त्रण गर्नेबारे व्यापकरुपमा छलफल गर्ने कुरामा प्रतिवद्धता जनाउनु ।
- विश्वमा व्याप्त तनाव, विवाद आदिको अन्त्य गर्नुपर्ने कुरा व्यक्त गरिनु ।
- कृषि, संचार, यातायात, पर्यटन र सांस्कृतिक क्षेत्रमा सहयोगको आदानप्रदान गर्नुपर्ने
- कुरामा सहमति तथा निर्णय गर्नु ।
- साना - ठुला सबै राष्ट्रको समान दायित्व हुनुपर्ने कुरा व्यक्त गरिनु ।
- असंलग्नताको सिद्धान्तप्रति आस्था, विवादको शान्तिपूर्ण तरिकाको समाधानको खोज, वाल अधिकारको सम्बन्धमा सार्वजनिक चेतना बढाउने, उत्तर - दक्षिण वार्ता र दक्षिण -दक्षिण वार्तालाई प्रभावकारी बनाउने जस्ता महत्वपूर्ण विषयमा छलफल हुनु ।
- सार्कको तेस्रो शिखर सम्मेलन नेपालको राजधानी काठमाडौंमा गर्ने निर्णय गर्नु ।
- विभिन्न विषयमा सहमति जनाएको २३ सूत्रिय वैंगलोर घोषणापत्र जारी हुनु ।

### ४.१.३ तेस्रो सार्क शिखर सम्मेलनमा उपलब्धीहरु (Achievements of Third SAARC Summit)

- दक्षिण एशियाली खाद्य सुरक्षा भण्डार (South Asian Food Security Reserve) को स्थापना गर्ने सम्बन्धको सम्झौतामा हस्ताक्षर गरिनु ।
- आतङ्कवाद दमनका लागि सार्क क्षेत्रीय महासन्धि (SAARC Regional Convention on Suppression of Terrorism) मा हस्ताक्षर गर्नु ।
- वातावरण सन्तुलन राख्न अपनाउनु पर्ने उपायको वारेमा अध्ययन गर्ने सहमतिजनाउनु ।
- प्राकृतिक विपत्तीबाट पीडित हुनेलाई उद्धार कार्य गर्ने क्षेत्रीय सहयोग बढाउने र प्राकृतिक प्रकोप कम गर्न प्रयास गर्ने निर्णय गर्नु ।
- सार्क श्रव्य-दृश्य आदानप्रदान कार्यक्रम (SAARC Audio Visual Exchange Programme) सञ्चालन गर्ने कुरामा सहमति हुनु ।
- सार्क प्रलेख केन्द्र (SAARC Documentation Centre) र सार्क युवा स्वयम्सेवक कार्यक्रम (SAARC Volunteer Programme) छिट्टै स्थापना/सञ्चालनगर्नुपर्ने कुरामा सहमति हुनु ।
- विश्व अर्थव्यवस्थामा आएको मन्दिकाबारेमा छलफलका साथै अन्तराष्ट्रिय व्यापार रआर्थिक प्रणालीमा विकासोन्मुख देशहरुका जायज सहभागिता हुनुपर्ने बारेमा विचारविमर्श गरिनु ।
- विविध विषयमा सहमति, प्रतिवद्धता जाहेर गरेको २६ शुत्रीय काठमाडौं घोषणापत्र जारी गरिनु ।

### ४.१.४ चौथो सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Fourth SAARC Summit)

- शिक्षालाई सहयोगको स्वीकृत क्षेत्रमा समावेश गर्नुपर्ने निर्णय गरिनु । :
- सन् १९८९ लाई "लागु पदार्थ दुव्यर्सन तथा ओसारपसार विरुद्धको सार्क वर्ष (SAARC Year for Combating Drug Abuse and Drug Trafficking) को रुपमा मनाउने घोषणा गर्नु ।
- सार्क विशेषज्ञहरुको समुह (SAARC Group of Experts) द्वारा सिफारिस गरिएका प्राकृतिक प्रकोपका कारणहरु र परिणामका बारेमा अध्ययन र छलफल हुनु ।
- हरितगृहको असर((Greenhouse Effect) र यसको क्षेत्रीय प्रभावबारे क्षेत्रीयरुपमा संयुक्त रुपमा अध्ययन गर्नुपर्ने कुरामा सहमति जनाउनु ।
- सन् १९९० लाई "सार्क वालिका वर्ष (SAARC Year of the Girl Child) को रुपमा मनाउने घोषणा गरिनु ।
- सार्क राष्ट्र सर्वोच्च अदालतका प्रधानन्यायधीश र संसदका सदस्यलाई विशेष सार्क यात्रा प्रलेख व्यवस्था अनुसार भीसा आवश्यक नपर्ने बारेमा निर्णय हुनु ।
- क्षेत्रीयस्तरबाटै दरिद्रता समाप्त गर्न "सार्क - २००० : एक आधारभुत आवश्यकता परिप्रेक्ष्य (SAARC– 2000 : A Basic Needs Perspective) को घोषणा गर्नु ।
- सार्क कृषि सूचना केन्द्रको स्थापना भएकोमा अन्य क्षेत्रीय संस्थाप्रति ध्यान दिने निर्णय गर्नु ।
- त्यस्तै २९ सूत्रीय इस्लामावाद घोषणापत्र जारी गरी विविध विषयमा सहमति तथा प्रतिवद्धता जनाउनु ।

### ४.१.५ पाँचौ सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Fifth SAARC Summit)

- सार्क राष्ट्रका वालिकाहरुले भोगिरहेका समस्याहरुप्रति ध्यान केन्द्रित गरि त्यस्ता समस्याको निराकरण गर्नका लागि सन् १९९१ - २००० लाई "सार्क वालिका दशक (SAARC Decade of the Girl Child) का रुपमा मनाउने निर्णय गर्नु ।
- लागु पदार्थसम्बन्धि सार्क महासन्धि (SAARC Convention on Narcotic Drugs and Psychotropic Substances) लाई कार्यरुपमा ल्याउने सबै सदस्य राष्ट्रहरुले अनुमोदन गर्ने बारेमा सहमति जनाई हस्ताक्षर गरिनु।
- सन् १९९२ लाई "सार्क वातावरण वर्ष (SAARC Year of Environment) को रुपमा मनाउने निर्णय गर्नु ।
- सन् १९९१ लाई "सार्क आवास वर्ष (SAARC Year of Shelter) र सन् १९९३ लाई "सार्क अपाङ्ग वर्ष (SAARC Year of Disabled Persons) को रुपमा मनाउने निर्णय हुनु ।
- सार्क क्षयरोग केन्द्र (SAARC Tuberculosts center) नेपालमा र सार्क प्रलेख/संलेख केन्द्र (SAARC Cocumentation Centere) भारतमा राख्ने निर्णय गरिनु ।
- सार्क राष्ट्रमा व्याप्तरुपमा रहेको गरिवीलाई निवारण गर्न रणनीति तयार पार्न छलफल हुनु ।

- सार्कको छैटौ बैठक श्रीलंकाको राजधानी कोलोम्बोमा गर्ने सहमति जनाउनु ।
- युरोपेली संघ र आसियानसँग सूचनाको आदानप्रदान गर्ने निर्णय गरिनु ।
- विभिन्न विषयहरुमा प्रकाश पार्दै,सहमति तथा पुनः प्रतिवद्धता जनाउदै २७ सूत्रीय माले घोषणा जारी गरिनु ।

### ४.१.६ छैटौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Sixth SAARC Summit)

- दक्षिण एशियाबाट गरिवी हटाउनका लागि सार्कका सबै राष्ट्रहरुले गरिवी प्राथमिकता दिई योजना बनाएर यस क्षेत्रका जनतालाई 'दाल - भात 'जुटाउन सक्ने अवस्थामा पुऱ्याउने कुरामा सहमति हुनु ।
- गरिवी निवारण र विकासको लागि शिक्षा महत्वपूर्ण हुने भएकोले सन् २००० सम्ममा यस क्षेत्रका ६-१४ वर्षका सबै वालबालिकालाई शिक्षा दिने व्यवस्था गर्ने कुरामा सहमति जनाउनु ।
- गरिवी निवारणका लागि सदस्य राष्ट्रका विज्ञहरुको प्रतिनिधित्व भएको एक स्वतन्त्र दक्षिण एशियाली गरिवी निवारण आयोग (Independent South Asian Commission on Poverty Alleviation) को गठन गर्ने निर्णय हुनु ।
- श्रीलंकाले राखेको SAPTA को प्रस्तावका बारेमा व्यापक छलफल गरिनु ।
- "सन् २००० सम्म सबैका लागि आवास व्यवस्था (Shelter for All by the Year 2000)को विश्वव्यापी उद्देश्यसँग कार्य गर्न सहमति जनाउनु ।
- आवाससम्बन्धि सूचना सञ्जाल (Shelter Informaton Network)आदानप्रदान गर्न SHELTERNET को स्थापना गरिनु ।
- क्षेत्रीय आयोजनाहरुका लागि सार्क कोष (SAARC Fund for Regional Projects:SFRP) को स्थापनाको स्वागत गरिनु ।
- क्षेत्रीय सहयोग, अन्तराष्ट्रिय आर्थिक विषय, अन्तराष्ट्रिय राजनितिक विकास, सामुहिक स्थितिको अनुमान, सार्कको मजबुत, अन्तराष्ट्रिय सहयोग, गरिवी निवारण, वाणिज्य, उत्पादन र सेवा, वातावरणीय विषय, आवास, वालवालिका , आतङ्कवाद, साना राष्ट्रहरुको सुरक्षा, लागूपदार्थ ओसापसार, जनसम्पर्क प्रवर्द्धन, क्षेत्रीय आयोजनाहरुका लागि कोष, दक्षिण एशियाली विकास कोष, सार्क भिसा छुट योजना र विज्ञान तथा प्रविधि जस्ता विविध विषयमा छलफल तथा सहमति⁄ प्रतिवद्धता जनाएको २२ शिर्षकको ४८ सूत्रिय कोलोम्वो घोषणापत्र जारी गरिनु

### ४.१.७ सातौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Seventh SAARC Summit)

- सन् २००० सम्ममा प्रतिवद्धता अनुरुप यस क्षेत्रबाट गरिवी हटाउन श्रम मूलक स-साना उद्योग धन्दाको विकास, मानवीय श्रोतको विकास, गरिव महिलाहरुको स्थितिमा सुधार स्वास्थ्य शिक्षा, आवास जस्ता विषयमा गरिवमुखी कार्यक्रम अघि सारि Agendaof Action द्वारा सन् २००० सम्ममा दक्षिण एशियाबाट गरिवी उन्मूलन गर्ने निर्णय गर्नु ।
- सन् १९९२ मा कोलोम्बोमा निर्णय गरिएको (Colombo Resolution on Children०को अनुमोदन र यसका लागि आवश्यक कार्यक्रम राष्ट्रिय कार्यक्रममा समावेश, गर्ने निर्णय गरियो ।
- सन् १९९४ लाई सार्क युवा वर्ष (SAARC Year of Youth) को रुपमा घोषणा गरिनु ।
- सार्क सौविध्यपूर्ण व्यापार व्यवस्था (SAPTA) अगाडि ल्याउनु पर्ने निर्णय हुनु ।
- सार्क सभामुख एवम् संसद संघ स्थापना हुनलागेकोमा खुशी व्यक्त गर्नु ।
- भारतले पहिलो दक्षिण एशियाली महोत्सव १९९२ सफलता पूर्वक आयोजना गरेकोमा खुशी व्यक्त गर्नु ।
- वातावरण संरक्षणका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने निर्णय गर्नु ।
- सन् १९९३ अक्टोवर महिनामा काठमाडौंमा "महिला र परिवार स्वास्थ्य" विषयक जनसंख्या सम्बन्धि सार्क मन्त्रिस्तरीय वैठक आयोजना गर्ने निर्णय गर्नु ।
- सार्कको आठौं शिखर सम्मेलन भारतमा गर्ने निर्णयका साथ विभिन्न विषयमा छलफल, चासो, प्रतिवद्धतातथा सहमति जनाएको २७ शिर्षकको ६३ सूत्रिय ढाँका घोषणापत्र जारी गरिनु ।

### ४.१.८आठौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Eighth SAARC Summit)

- सन् २००२ सम्ममा Agenda of Action बाट गरिवी उन्मूलन गर्ने प्रतिवद्धता जाहेर गरिनु ।
- सन् १९९५ लाई "सार्क गरिवी निवारण वर्ष (SAARC Year of Eradication of Poverty) को रुपमा मनाउने घोषणा गरिनु ।
- सन् १९९५ को अन्त सम्ममा SAPTA कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरिनु ।

- सन् १९९३ मा काठमाडौंमा सम्पन्न महिला र पारिवारिक स्वास्थ्यबारे सार्क मन्त्रि स्तरीय
- सम्मेलनले मस्यौदा गरेको (Kathmandu Resolution on Women and Family Health)माथि छलफल गरि अनुमोदन गरिनु ।
- सन् १९९३ को डिसेम्बरमा इस्लामावादमा सम्पन्न अपाङ्गसम्बन्धी सम्मेलनले गरेका सिफारिसहरु र अपाङ्ग सम्वन्धी 'इस्लामावाद घोषणापत्र' को अनुमोदन गरिनु ।
- सन् १९९४ को मे महिनामा मालदिभ्सको मालेमा सम्पन्न युवा सम्बन्धि मन्त्रि स्तरिय सम्मेलनले तयार पारेको 'माले घोषणापत्र' को अनुमोदन हुनु ।
- सन् १९९६ लाई 'सार्क साक्षरता वर्ष' को रुपमा मनाउने निर्णय गरिनु ।
- एकीकृत कार्यक्रमहरु कृषि, संचार , शिक्षा तथा संस्कृति, वातावरण, स्वास्थ्य तथा जनसंख्या गतिविधि, लागूपदार्थ दुर्व्यसन एवम् अवैध कारोवार नियन्त्रण, ग्रामिण विकास, विज्ञान तथा प्रविधि , पर्यटन, यातायात र महिला विकास सम्बन्धी विविध विषयमा विविध पक्षमा छलफल गरिनु ।
- Three Window South Asian Development fund सम्बन्धी छलफल हुनु ।
- सार्क राष्ट्र यात्रा गर्न भिसा नचाहिने वारेमा महत्वपूर्ण छलफल हुनु ।
- विविध पक्षमा प्रतिवद्धता, सन्तोष, सहमति जनाएको २५ शिर्षकको ६३ सूत्रिय 'दिल्ली घोषणापत्र' जारी गरिनु ।

## ४.१.९नवौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Ninth SAARC Summit)

- सन् २००१ सम्ममा दक्षिण एशियाली मुलुकमा निर्वाध व्यापार क्षेत्रसम्बन्धी अवधारणा लागू गर्ने SAPTA को बारेमा चाँडै तेस्रो चरणको वार्ता गर्ने कुरामा सहमति गरिनु ।
- सार्क भावना अनुरुप कुनै विशेष योजनाका लागि सार्क घोषणापत्रको दफा ७ र १० अन्तर्गत सार्क मुलुकहरु तीन अथवा बढी मुलुक मिलि वेग्लै कार्यक्रम बनाउने अवधारणाको अनुमोदन गर्ने ।
- कम विकसित राष्ट्रका साझा लाभका लागि व्यापारिक उदारीकरण हुनुपर्ने आवश्यकतामाथि जोड दिदै दक्षिण एशियाली क्षेत्रमा उत्पादन भई यसै क्षेत्रमा खपत हुने उत्पादनलाई विशेष सुविधा दिनुपर्ने कुरा स्वीकार गरिनु ।
- दक्षिण एशियामा पर्यटन उद्योगको प्रवर्द्धन गर्न एवम् आपसी सहयोग बढाउन सार्क राष्ट्रका राजधानीवीच हवाई सम्पर्क गर्नुपर्ने कुरामा जोड हुनु ।
- वातावरण, वालबालिका कल्याण, गरिवी निवारण, निरक्षरताको उन्मूलन गर्ने प्रतिवद्धता गरिनु ।
- आगामी सन् २००१ देखि २०१० को अवधिलाई "सार्क वालबालिका दशक" को रुपमा मनाउने निर्णय गरिनु ।
- दक्षिण एशियाली क्षेत्रमा "हरितगृह प्रभाव र यसको असर" सम्बन्धी सार्क क्षेत्रीय अध्ययनले गरेको सिफारिसलाई लागू गर्ने सम्बन्धी सर्वसम्मतिबाट निर्णय हुनु ।
- प्राकृतिक प्रकोपका कारण र परिणाम तथा वातावरणीय सुरक्षासम्बन्धी गरिएका अध्ययनका सिफारिसलाई लागू गर्न सहमति गरिनु ।
- महिला सशक्तिकरण, विकासमा महिला सहभागिता, आतङ्कवाद र लागू औषध ओसारपसार सम्बन्धी विषयलाई प्राथमिकता दिई व्यापक छलफल गरिनु ।
- क्षेत्रीयस्तरमा शान्ति र समृद्धिका लागि यस क्षेत्रका नेताहरुवीच राजनितिक विषयवस्तुमा आधारित वार्ता सार्कको छाता अन्तर्गत गर्नुपर्ने कुरालाई पहिलो पटक स्वीकृति प्रदान गरिनु ।
- विविध विषयमा सहमति एवमव् प्रतिवद्धता जाहेर भएको ७० सूत्रीय माले घोषणापत्र जारी गरिनु ।

## ४.१.१०दशौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Tenth SAARC Summit)

- दक्षिण एशियाको विशिष्ट कलालाई प्रवर्द्धन गर्नका लागि "दक्षिण एशियाली सांस्कृतिक केन्द्र" स्थापना गर्ने र एउटा व्यावहरिक कार्ययोजना तर्जुमा गर्ने सार्क स्रस्कृतिमन्त्रीहरुको वैठक आयोजना गर्ने निर्णय गरिनु ।
- आपसी विश्वास र समझलारीलाई अभिवृद्धि गर्दै शान्ति, स्थायित्व तथा मित्रता र गतिशील सामाजिक-आर्थिक सहयोगको विकास गर्ने उद्देश्यहरु परिपूर्तिका लागि असल छिमेकी सम्बन्धको विकास, तनाव मिर्मूल तथा आपसी विश्वासको निर्माणजस्ता नितिहरुका लागि एउटा अनौपचारिक राजनीति परापर्श प्रक्रिया उपयोगी हुने कुरा व्यक्त गरिनु ।
- मालेमा सम्पन्न नवौं शिखर सम्मेलनद्धारा गठित विशिष्ट नागरिक (व्यक्ति) हरुको समुदायले तयर पारेको प्रतिवेदन र सिफारिसलार्य व्यापक लेखाजोखा र मूल्याङ्कन गरेर आगामी २००० देखि सार्कको कायैसूचीमा विकसित गर्न सहमति हुनु ।

- "विश्वव्यापारीकरण" र "उदारीकरण" का विस्तारसँगै उदय भइरहेको आर्थिक संघहरु (Economic Unions) र व्यापरी समूहरु (Trading Groups) सँग सार्कको सम्बन्ध विस्तारका थालनीबारे विचरविमर्श गरिनु ।
- विकासोन्मुख राष्ट्रहरुको स्वार्थलाई सुरक्षा र सेवा पुर्‍याउने खालको नियममा आधारित भेद्भवरहित तथा सम्मनपूर्ण अन्तराष्ट्रिय वाणिज्य प्रणलीको प्रवर्द्धन गर्न सामुहिक रणनितिको खाँचो रहेको कुरामा सहमति हुनु ।
- प्रतिलिपि अधिकार, स्वामित्व अधिकार तथा खाद्यान्न वोटविरुवा र दक्षिण एशियाका दुर्लभ जडीबुटीको अनियमित व्यापारिक शोषणलाई रोकेर ती जैविक श्रोतहरुलाई संरक्षण गर्न सामुहिक प्रयास थालिनुपर्ने कुरामा सहमति हुनु ।
- वर्तमान विश्वव्यापी वित्तिय तथा आर्थिक विकासले दक्षिण एशियाली क्षेत्रलाई केन्द्रहरु, प्रसिद्ध अर्थशास्त्रीहरु, योजनाविदहरु केन्द्रीय बैकहरु र योजनामन्त्रीहरु समावेश भएको अनुसन्धानकर्ताहरुको संयोजन गरी अनुसन्धान सञ्जाल (Research Network) तयार पार्ने निर्णय गरिनु ।
- सार्क उद्योग वाणिज्य महासंघ (SAARC Chamber of Commerce and Industry : SCCI) का अध्यक्षले सार्क मन्त्रिपरिषद्को २० औ सत्रका अध्यक्षलाई हस्तान्तरण गर्नुभएको साफ्टामा जाने सडकको नक्सा (Road Map to SAFTA) नामक दस्तावेजको लेखाजोखा हुनु ।
- खुल्ला शिक्षाको क्षेत्रमा खुल्ला विश्वविद्यालयहरुका उपकूलपतिहरुको एउटा सार्क मञ्च स्थापना गरेर सार्क मुलुकहरुमा विद्यमान प्रमाणिक दक्षतालाई अझ प्रभावकारी पार्ने निर्देशन गरिनु ।
- दक्षिण एशियामा गरिवी उन्मूलन , जनसंख्या स्थायीकरण, महिला अधिकारको सुरक्षा र सशक्तिकरण, युवा परिचालन, मानवस्रोतको विकास, स्वास्थ्य तथा पोषण प्रवर्द्धन र वालसुरक्षा क्षेत्रहरुमा प्रभावकारी कार्य गर्न सार्कको एउटा "सामाजिक घोषणापत्र" जारी गर्नुपर्ने कुरामा सहमत हुनु ।
- दक्षिण एशियालाई वैज्ञानिक अुनसन्धान र विकासको लागि एउटा क्षेत्रीय आत्मनिर्भर क्षमताकोआवश्यकता भएको कुरालाई मनन गरी वर्तमान विश्वमा कायम रहेको प्रविधिको स्वतन्त्र प्रवाहलाई छेकवार गर्ने परिपाटीलाई पन्छाउन एउटै सार्क छातामुनि बसेर सामुहिक सहयोग जुटाउने धारणाप्रति सहमत हुनु ।
- वेश्यावृत्तिको लागि वेचविखनमा परेका पीडित महिला तथा केटाकेटीहरुको पुर्नवास⁄ पुर्नस्थापनाका निमित्त ऐच्छिक आधारमा एउटा क्षेत्रीय कोषको निर्माणको सम्भावनाको वारेमा सिफारिस गरिनु ।
- औषधि उत्पादन गर्ने क्षेत्रीय उद्योगहरुको आपसी सहयोग विस्तारका लागि आवश्यक परेको खण्डमा सदस्य राष्ट्रहरुले सार्क वडापत्रको धारा ७ अनुसार कार्यसमितिको निर्माण गर्नसक्ने कुरामा सहमति हुनु ।
- विश्वव्यापार संघमा सार्क क्षेत्रको समान धारणा प्रस्तुत गर्ने , विकासोन्मुख मुलुकप्रति लगानीको माग, वौद्धिक सम्पदा संरक्षणसम्बन्धी समस्यामा संयुक्त राष्ट्रसंघको अवधारणा र बहुपक्षीय लगानी सम्बन्धी सम्झौताको प्रावधानमा सहमति हुनु ।
- पाकिस्तानको इस्लामावादमा "सार्क मानवीय स्रोत विकास केन्द्र" स्थापनाको अनुमोदन गरिनु ।
- प्रवेशाज्ञा प्रक्रिया सरल गर्ने र निजी पर्यटन व्यवसाय र तीर्थयात्रीहरुको आवागमन बढाउने प्रतिवद्धता जनाउनु ।
- वालमृत्युदर घटाउने, सबै केटाकेटीलाई शिक्षा दिने, लिङ्गभेद समाप्त गर्ने घोषणा हुनु ।
- आतंकवाद र लागू औषधको ओसारपसार रोक्न महासन्धिका कानूनी आधार बनाउने कुरामा जोड दिनु ।

### ४.१.११एघारौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Eleventh SAARC Summit)

- 'दक्षिण एशियाली आर्थिक संघ' स्थापना गर्ने प्रतिवद्धता जाहेर हुनु ।
- अत्यन्तै कठीन परिस्थितिमा सार्क सम्मेलन सम्पन्न हुन जानु ठुलो कुरा हुनु ।
- लामो अवधिपछि शिखर सम्मेलन हुँदा सेलाएर गएकोसार्क प्रतिवद्धता पुनः सञ्चालन हुनु ।
- धेरैजसो सार्क कार्यक्रमहरु लागू गर्न समयावधिलाई बढी महत्व दिईनु ।
- सहस्राब्दीपछिको पहिलो सम्मेलन भएकोले यसले ठुलो महत्व हुन्छ ।
- चेलीबेटीतथा वालबालिका वेचविखन विरुद्धका दुइवटा दक्षिण एशियाली महासन्धिमा हस्ताक्षर हुनु ।
- 'दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र' का लागि शीघ्र कदम चाल्ने प्रतिवद्धता जनाउनु ।
- गरिवी निवारणलाई यस क्षेत्रकै चुनौतीको रुपमा लिई यसका लागि साझा कार्यक्रम संचालन गर्न सबैको प्रतिवद्धता हुनु ।
- पिछडिएका वर्गका लागि ग्रामीण लघुकर्जा कार्यक्रम र आयमूलक रोजगारीका अवसर सिर्जना गर्न सबैको प्रतिवद्धता हुनु ।
- यस क्षेत्रको सामाजिक एवम्र सांस्कृतिका विकासमा एक्यवद्ध भई सहकार्य गर्न प्रतिवद्धता जाहेर हुनु ।
- साना राष्ट्रका सुरक्षका बारेमा सामूहि आवाज उठाउने प्रतिवद्धता प्रकट हुनु ।
- आतंकवादलाई नियन्त्रण गर्न सामूहिक कदम चाल्न सबै एकजुट हुने प्रण गर्नु ।

- "सार्क आतंकवाद नियन्त्रण महासन्धि" लाई कार्यन्वयन गर्न र सोका लागि आवश्यक प्रक्रिया शीघ्र अघि बढाउन सामूहिक प्रतिवद्धता जाहेर हुनु ।
- यस क्षेत्रमा आपसी मनमुटाव तथा वैमनश्यता हटाउने असल छिमेकीपनको विकास गर्न अनौपचरिक छलफल गर्न सहमति प्रकट गर्नु ।
- दक्षिण एशियाली  कोषको उपयोग गरी यस क्षेत्रमा फलदायी कार्यक्रम संचालन गर्नका लागि सहमति प्रकट गर्नु ।
- जनस्तर-सम्पर्क वृद्धि गर्न प्रभावकारी कार्यक्रम संचालन गर्न प्रतिवद्धता दोहोऱ्याउनु ।
- सार्क पुरस्कारको व्यवस्था गर्न सबै मतैक्यमा पुग्नु ।
- सार्कका हरेक गतिविधि कार्यमुखी बनाउने प्रतिवद्धता मुताविक घोषणापत्र जारी हुनु ।
- पुराना कार्यक्रमो कार्यन्वयनमा जोड दिनु ।
- भारत-पाकिस्तान तनाव काम गर्न सम्मेलन सफल हुनु आदि ।[३२]

## ४.१.१२वाह्रौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Twelveth SAARC Summit)

- सन् २००२ जनवरीमा काठमाण्डौमा भएको सार्क शिखर सम्मेलनले गरेको दक्षिण एशियाली आर्थिक यूनियन (SAEU) स्थापना गर्ने भन्ने सहमतिमा पुनः प्रतिवद्धता गर्दै सोको लागि उपयुक्त राजनितिक र अर्थिक वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरिनु ।
- क्षेत्री स्तरमा 'उर्जाशक्ति संजाल 'लगाएत दक्षिण एशियाली उर्जा सहयोगको श्रृजनाका  लागि  अध्ययन  गर्ने  काम उर्जा सम्बन्धी कार्यदलद्धारा सम्पन्न गराउने निर्णय गरिनु ।
- दक्षिण एशियामा संयुक्त रुपले पर्यटन प्रवर्द्धन र हवाई सम्पर्कको माध्यमबाट दक्षिण एशियालाई पर्यटन गन्तव्यको रुपमा विकास गर्न आवश्यक भएको र सार्क स्थापनाको  विसौ वर्ष मनाउन, सन् २००५ लाई 'दक्षिण एशियाली पर्यटन वर्ष' को रुपमा मनाउन निर्णय गर्नु ।
- 'हाम्रो भविष्य हाम्रो दायित्व' भन्ने प्रतिवेदनमा दिएका सुझावहरु लागू गर्न एउटा प्रभावकारी नीति तर्जुमा गर्न गरिवी निवारणका लागि 'स्वतन्त्र दक्षिण एशियाली आयोग' (ISACPA) ले विचार प्रवर्द्धनको भुमिका खेल्नु पर्ने साथै यसले आफनो प्रतिवेदनमा दिएका
- सुझावहरुलाई उचित सम्मान गर्दै गरिवी निवारण, शिक्षा, स्वास्थ्य र वातावरण क्षेत्रमा आगामी ५ वर्षका लागि सार्क विकास लक्ष्यको उल्लेख गरिएको व्यापक तथा यथार्थमूलक अन्तिम रुपरेखा तयार गरी अर्को सार्क शिखर सम्मेलनमा पेश गर्न निर्देशन दिनु ।
- सार्क सचिवालयलाई क्षेत्रीय गरिवी प्रोफाइललाई समय समयमा संसोधन गर्न निर्देशन दिनु ।
- 'क्षेत्रीय खाद्यबैंक' स्थापनाका लागि एउटा अवधारणा पत्र तयार गर्ने निर्णय गर्नु ।
- विगतमा भएका वालहित र महिला वेचविखन तथा वेश्यावृत्ति विरुद्धको अभिसन्धिलाई सदस्य राष्ट्रले सिघ्र कार्यान्वियन गर्न निर्देशन दिनु ।
- सर्वसुलभ स्वास्थ्य सुविधा तथा एच.आई.भि/एड्स, क्षयरोग लगाएतका अन्य सरुवारोगको रोकथाम र उपचारलाई प्राथमिकता दिन सन् २००४ लाई 'सार्क जागरण वर्ष' का रुपमा    मनाउने निर्णय गरिनु ।
- नयाँ देखा पर्ने रोगहरुको नियन्त्रण गर्न र सदस्य राष्ट्रहरुमा औलो तथा अन्य जीवाणु संक्रमीत रोगहरुसँग सम्बन्धित विधिन्न संस्थाहरुको वीचमा संजाल स्थापना गर्नका लागि सार्क स्वास्थ्य मन्त्रिहरुको हालै नयाँ दिल्लीमा सम्पन्न बैठकको सहमति अनुसार हेल्थ सर्भिलेन्स सेन्टर (HSC) रऱ्यापिड डेभ्लपमेन्ट हेल्थ रेस्पोन्स सिस्टम (RDHRS) को  स्थापना गर्ने र औषधीसम्बन्धमा वौद्धिक सम्पत्ति अधिकारको सुरक्षा गर्न परम्परागत    ज्ञानको संस्थागत विकास गर्ने निर्णय गरिनु ।
- दक्षिण एशियाली सांस्कृतिक सम्पदाको प्रतिकको रुपमा श्रीलंकाको क्याण्डीमा सार्क सांस्कृतिक केन्द्र खोल्ने निर्णयको सबै पक्ष द्धारा स्वागत गर्नु ।
- माल्दिभ्समा समुद्रतटिय क्षेत्र व्यवस्थापन केन्द्र खोल्न निर्णयको स्वागत गरिनु ।
- सार्क वातावरणीय स्थितिको प्रतिवेदन तयार गर्ने र क्षेत्रीय वातावरणिय सन्धिको मस्यौदा तयार गर्ने काम थप अगाडि बढाउन सार्क वातावरणीय कार्ययोजना सिघ्र लागू गर्न वातावरणिय अवस्थाको प्रतिवेदन छिट्टै पेश गर्ने निर्णय गर्नु ।

---

[३२] इन्द्र बहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, फाल्गुन, २०५८ आशिष पुस्तक भण्डार, वागबजार, काठमाण्डौ, पृ.पृ.२४३-२५८

- शान्ति, विकास, गरिवीनिवारण र क्षेत्रीय सहयोगका दिशामा विशेष योगदान गर्ने व्यक्ति र संस्थालाई सम्मन गर्न नेपालको अवधारणापत्र अनुरुप सार्क पुरस्कार भविश्यमा शिखर वैठकको सन्दर्भ पारेर प्रदान गर्ने निर्णय हुनु ।
- काठमााण्डौंमा सार्क सूचनाकेन्द्र स्थापना गर्न सहमति प्रकट गरिनु ।
- सार्क एकिकृत कार्ययोजना (SIPA) का प्रतिवद्धता पुरा गर्नका लागि आवश्यक श्रोतहरुको परिचालन गर्ने निर्णय गरिनु ।
- सार्क वडापत्रको धारा ७ र १० मा व्यवस्था भए अनुसार तीन वा सो भन्दा बढी सार्क सदस्य राष्ट्रका व्यक्तिगत आवश्यकताहरुसँग सम्बन्धितआयोजनाहरुको विकासलाई प्रोत्साहन दिनु ।[३३]

### ४.१.१३तेह्रौं सार्क शिखर सम्मेलनका उपलब्धीहरु (Achievements of Thirteenth SAARC Summit)

- सन् २००६ देखि सन् २०१५ सम्मलाई सार्क गरिवी निवारण दशकको रुपमा मनाउने निर्णय गर्नु ।
- सार्क स्तरिय क्षेत्रीय विकास आयोजना र कार्यक्रम बनाई लागू गर्ने कुरामा सहमति जनाउनु ।
- गरिवी निवारण कोषको रकममा वृद्धि गर्ने निर्णय गरिनु ।
- उर्जा यातायात संचार सम्पर्क, व्यापार उदारिकरण र पारवहनु सहुलियत विस्तार गर्नु ।
- सबै प्रकारका आतंकवादको निन्दा गर्दै आतंक विरुद्ध लड्न दोहोरो मापदण्ड नअपनाउने निर्णय गर्नु ।
- सार्क क्षेत्रका जनताको सामाजिक,आर्थिक अवस्थामा गुणात्मक र सकारात्क परिवर्तन ल्याउन प्रतिवद्ध रहने कुरामा सहमति जनाउनु ।
- सार्क भित्र भन्सार सम्बन्धी पारस्परिक प्रशासकिय सहायता, सार्क मध्यस्थता परिषदको स्थापना र दोहोरो कर हटाउने सम्बन्धी सम्झौतालाई अगाडी बढाउने निर्णय गरिनु ।
- लागू पदार्थ, महिला र वालवालिकाको अवैध ओसारपसार रोक्न सामुहिक प्रयास गर्ने र एच.आई.भी./एड्स रोक्न प्रतिवद्ध हुनु ।
- संयुक्त राष्ट्रसंघमा आगामी सन् २००६ मा चयन हुने नयाँ महासचिव एशियाबाट चुनिनु पर्ने सर्वसम्मत निर्णय गर्नु ।
- दक्षिण एशियाली आर्थिक संघलाई आकार दिएर योजना अघि सार्ने , हङकङमा गरिव लागेको WTO को छैठौ मन्त्रि स्तरिय वैठकमा सार्कको साझा व्यापारिक चिन्तालाई दर्शाउने निर्णय गर्नु ।
- सार्क गरिवी निवारण कोषलाई दक्षिण एशियाली क्षेत्रीय विकास कोषमा परिणत गरी त्यसलाई सम्पूर्ण सार्क योजनाहरुमा लगानी गर्ने छाता वित्तिय संस्थाको स्थायी सचिवालयको रुपमा लैजाने निर्णय हुनु ।
- सार्क जनवायु केन्द्र भारतमा राख्ने कुरामा सहमति हुनु ।
- सन् २००६ लाई 'दक्षिण एशियाली पर्यटन वर्ष' घोषणा गरेर जनस्तरको सम्बन्ध बढाउन अग्रसर हुनु ।
- 'सार्क उर्जा केन्द्र इस्लामवादमा राख्ने कुरामा सहमति हुनु ।
- सार्क नेताहरुले परस्परमा सार्वभौमिक समानता, क्षेत्रीय प्रमुसत्ता र राष्ट्रिय स्वतन्त्रताको सम्मान गर्दै राजनितिक स्तरमा पनि सहयोग अभिवृद्धि गर्ने र अर्काको मामिलामा हस्तक्षेप नगर्ने कुरामा सहमत हुनु आदि ।[३४]

यसरी सार्क स्थापना भएको २१ वर्ष पुरा हुदाका वखात वेला वेलामा हुने यसका केहि कमजोरी पक्षहरुका कारण सार्कको जे नति मात्रामा विकास हुनु पर्ने हो, त्यति भने हुन सकि रहेको छैन तै पनि दक्षिण एशियाका ७ वटा देशहरुलाई एउटै शुत्रमा बाधेर यहाँ अर्थात यस क्षेत्रमा भएका साझा समस्याहरुलाई केलाई ति समस्याहरुलाई सुल्झाउने प्रयास गरिनु एउटा महत्वपूर्ण पक्ष हो । जेहोवस् यसका केहि कमी कमजोरीहरु भएता पनि यसका उपलब्धीहरु नै वढी मात्रामा छन् , भन्ने कुरामा दुइमन भने छैन ।

---

[३३] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) २०६१।०६२,विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, पृ. १६-१८

[३४] चुडामणि शर्मा, सार्क वृहद ज्ञानकोश,अषाढ२०६३, नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि. चावहिल,काठमाण्डौं पृ. ३२ - ३३

## ४.२ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का कमजोरीहरु (Weakness of South Asian Association for Regional Co-operation :SAARC)

विश्वको करिब ३ प्रतिशत भु-भाग भएको सार्क क्षेत्रका अधिकांश जनता गरिवी, अशिक्षा, कुपोषण तथा विभिन्न अवसरहरुको अभावमा थिचलिएर वाँच्न विवश भएका छन् । यहि वास्तविकताको धरातललाई दृष्टिगत गरी यस क्षेत्रको विद्यमान श्रोत र साधनहरुको अधिकतम सदूपयोग गरी सामूहिक उन्नती र सम्वृद्धि गर्दै यस क्षेत्रका जनताको जीवनस्तर उकास्ने उद्देश्यका साथ सार्कको औपचारिक रुपमा स्थापना भएको हो । विश्वको झण्डै २२ प्रतिशत जनसंख्याको प्रतिनिधित्व गर्ने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) चुनौती र संम्भावनाको दोसाँधमा उभिएको छ । दुई दशक अगाडि थुप्रै अपेक्षा सहित स्थापना गरिएको यो संगठनले यस क्षेत्रका दुई अर्व भन्दा वढी जनताको भावनाको प्रतिनिधित्व गर्न त परै जावस अहिले त यसले आफ्नो अस्थित्व र प्रभावशाली उपस्थितिको समेत चुनौतीको सामना गरिरहेको छ । २१ वटा शिखर सम्मेलन भै सक्नु पर्ने वेलामा १३ वटा शिखर समेलन मात्र सम्पन्न भएका छन् । यसबाट यो संस्थाले कस्तो जटिलताको सामना गरिरहेको छ भन्ने तथ्यलाई स्पष्ट पार्दछ । यस पटक समेत गरी १३ वटा घोषणापत्र जारी भैसकेका छन् । ती घोषणापत्रहरु कार्यान्वयन नहुने दस्तावेजका रुपमा रहेका छन् । सार्क सम्मेलन पछि सधै घोषणापत्रहरु त जारी हुने गरेका छन् तर सम्मेलनमा अधिल्ला घोषणापत्रहरुको कार्यान्वयनको विषयमा कुनै छलफल हुने गरेका छैनन् । घोषणापत्रहरुको कार्यान्वयनको लागि निर्मित समिती तथा उपसमितीहरुको वैठक नियमित रुपमा समेत वस्न सकेको छैन । हाल विद्यमान आतंकवादको समस्या राजनितिक समस्या र आर्थिक एवं सामाजिक विकासका समस्यावारे छलफल हुनु पर्नेमा त्यस विषयमा सार्कले आफ्नो छलफलको विषयवस्तु बनाएता पनि कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन । साथै कसरी कार्यान्वयन गर्ने भन्ने पक्ष माथि समेत गहन छलफल हुन सकेको छैन ।

सार्क जन्मेर आज २१ वर्षे किशोर भै सक्दा पनि यसले आफ्नो उद्देश्य मुताविकको दायित्व पूर्ण रुपमा निर्वाह गर्न सकेको छैन । यस क्षेत्रमा व्याप्त गरिवी, अशिक्षा, अभाव, पछौटेपन, अन्धविश्वास जस्ता पक्षहरुका कारण सार्क "Poor Club of the world" का नामले विश्व परिचित छ । यो संगठनका सदस्यहरु आ-आफ्ना जटिल समस्याहरुमा रुमलिन पुगेकाले पनि आशातित समफलता हाँसिल हुन सकेको देखिदैन । यो संगठनले हाल सम्म निरोगी र पूर्ण स्वस्थ जीवन जिउन सकेको छैन । आवासी मतभेद, मनमुटावले यो कैयौ पटक मर्माहत हुन पुग्यो । आज सम्म पनि यस क्षेत्रका शान्ति र स्थिरताको प्रत्याभुति हुन सकेको छैन, आर्थिक वृद्धिदर बढेको छैन, जनतामा आधारभुत आवश्यकताहरुको सहज रुपमा परिपुर्ति हुन सकिरहेको छैन ।[३५]

सन् २००१ देखि दक्षिण एशियाबाट गरिवीलाई उन्मूलन गरिने छ भन्ने प्रस्ताव सन् १९९३ देखि नै यताका हरेक सार्क शिखर सम्मेलनहरुमा पारित गर्दै आएको सार्कले १३ औं शिखर सम्मेलन सम्ममा पनि सन् २००६ देखि सन् २०१५ सम्मलाई सार्क गरिवी निवारण दशकको रुपमा मनाउने निर्णय गरेको छ । तर पनि गरिवीको समस्या भने गहिरिदै गएको छ । यहाँका अ.८०/९० करोड जनता गरिवीको रेखामुनी रहेका छन्,यो पनि सार्कको एउटा कमजोर पक्ष हो ।

सार्कको स्थापना काल देखि प्रत्येक वर्ष सार्क शिखर सम्मेलन सम्पन्न हुनु पर्नेमा सन् १९८९ मा श्रीलंकामा तामिल समस्याका कारण शिखर सम्मेलन हुन सकेन भने, सन् १९९२ मा भारतमा हिन्दु मुस्लिम समस्याका कारण तथा सन् १९९४ र १९९६ मा सबै देशका आ-आफ्ना समस्याका कारण शिखर सम्मेलन

[३५] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क २०६१।२०६२, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं, पृ.१७०- १७१

सम्पन्न हुन सकेन् । सन् १९९९ मा पाकिस्तानमा जननिर्वाचित प्रधानमन्त्रि नवाज सरिफको नेतृत्वको सरकारलाई त्यहाँका सैनिक जनरल परवेज मुसर्रफले शासन सत्ता आफ्नो हातमा लिएका कारण शिखर सम्मेलन भएन । सन् २०००, २००१ र २००३ मा भारत पाकिस्तान वीचको आन्तरिक द्वन्द्वका कारण शिखर सम्मेलन सम्पन्न हुन सकेनन् । यसरी एउटै छाता संगठन मुनि रहेका देशहरुको संगठनको शिखर सम्मेलन सम्मन्न हुन नसक्नु पनि सार्कको कमजोरी पक्ष अन्तर्गतको एउटा पक्ष हो । [३६]

सार्क वडापत्रमा नै द्विपक्षीय र विवादास्पद प्रश्न उठाउने कुराहरु सम्मेलनमा उठाउन नपाउने कुरा त्यति व्यवहारिक छैन । क्षेत्रीय विशेषता बोकेका त्यस्ता विवादास्पद कुराहरु यसै क्षेत्रका नेताहरुले छलफलको विषय बनाई सुल्झाई त्यसको समाधान गर्न वाह्र्यक्षेत्रबाट झनै गाह्रो हुन्छ । तसर्थ भुटानका नरेशले प्रथम ढाका शिखर सम्मेलनमा नै राजनीतिक विषयवस्तुलाई सम्मेलनबाट टाढा राख्न नसकिने विचार व्यक्त गरिबक्सेको थियो ।[३७] त्यसै गरी नयाँ दिल्लीमा सम्पन्न आठौ शिखर सम्मेलनमा नेपालका प्रधानमन्त्रि मनमोहन अधिकारीले 'सार्कले विभिन्न चुनौतिको सामना गर्दै आर्थिक मामिलावाद माथि उठेर दुई पक्षीय राजनितिक मामिलामा पनि छलफल गरी वातावारण तयार गर्नुपर्ने आवश्यकता औल्याउनु भएको थियो ।[३८] त्यसकारण सार्क पक्ष राष्ट्रहरुले द्विपक्षीय विवादका कुराहरु शिखर सम्मेलनमा उठाउन नपाउने वैधानिक प्रावधानलाई पनि सार्कको कमजोर पक्षको रुपमा लिइन्छ ।

अर्को तर्फ यस क्षेत्रका प्रमुख राष्ट्रहरु भारत र पाकिस्तान वीच सन् १९४० को दशक देखि सुरु भएको मनोमानि ढंगले सन् १९४८, १९६५, र १९७१ मा तिन पटक सम्म युद्ध लडिसकेका छन् भने, वेला वेलामा भैरहने आन्तरिक द्वन्द्वका वावजुद हाल केहि मेलमिलाप भएको देखिएको भएता पनि दुवै देश भित्री मनले मिल्न भने सकेका छैनन् । यी राष्ट्रहरु वीच भएको द्विपक्षीय समस्याहरु सिमा विवाद, आणविक अस्त्र उत्पादन इत्यादीले सार्कलाई गम्भीर असर पारेको छ । यसरी ठुला राष्ट्रहरु नै एक आपसमा द्विपक्षीय झगडामा रुपलिई रहँदा यहाँका हरेक प्रकारका विकास तथा विस्तारमा ढिला सुस्ती हुन पुगेको छ, यो पनि एउटा कमजोर पक्ष हो ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरुले सार्कको तेस्रो शिखर सम्मेलन सन् १९८७ मा आतंकवाद विरुद्ध क्षेत्रीय महासन्धिमा हस्ताक्षर गरे र त्यो महासन्धि सन् १९८८ अक्टुवर देखि लागू भयो । आतंकवाद नियन्त्रण सम्बन्धि दक्षिण एशियाली क्षेत्रीय अतिरिक्त प्रोटोकल पनि ल्याइयो तैपनि दक्षिण एशियामा आतंकवाद जेनको तेन छ । उल्टै आतंकवादले विकराल रुप लिन थालेको देखिन्छ । यसको ज्वलन्त उदाहरणको रुपमा हामीले डिसेम्बर १३, २००१ मा भारतको संसद भवनमा भएको आतंकवादी आक्रमणलाई लिन सक्छौ । भारतले आतंकवादी क्रियाकलापको लागि पाकिस्तानलाई दोषी ठह्र्याउछ र भारतमा हुने आतंकवादी क्रियाकलापका लागि नेपाललाई समेत वारम्वार दोषी ठह्र्याउछ । नेपालमा पनि आतंकवाद क्रियाकलापको लागि पाकिस्तानी गुप्तचर संस्था आई.एन.आई.को हात रहेको कुरा भारतिय संचार माध्यमले वारम्वार उठाई रहेका छन् । काश्मिरमा चलिरहेको काटमारलाई भारतले पाकिस्तान समर्पित आतंकवाद भन्दछ भने पाकिस्तानले काश्मिरी जनताको स्वतन्त्रता संग्राम भएको जिकिर गर्दछ । नेपालका तट्कालिन माओवादी लडाकुहरुले भारतबाट हतियार ल्याई रहेको कुरा नेपालले बोल्दै आएको छ ।

---

[३६] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क २०६१। २०६२, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौं, पृ.५

[३७] रामकुमार दाहाल, दोस्रो सार्क शिखर सम्मेलन, अन्तराष्ट्रिय मञ्च, २०४३, वर्ष ३, पृ.४७८

[३८] गोरखापत्र, वैशाख, २०, २०५२

भारतको पञ्जाव राज्यमा शिख समुदायले वेग्लै राष्ट्र बनाउने भनि गरेको सशस्त्र कारवाहीलाई पनि पाकिस्तानले सहयोग गरेको दोषारोपण गर्ने गरेको थियो भने श्रीलंकामा LTTE ले तामिल राष्ट्र बनाउने उद्देश्यले चलिरहेको सशस्त्र संगठनलाई सहयोग र समर्थन सुरुवातमा भारतबाटै भएको आरोप श्रीलंकाको छ । यसरी आतंकवाद उन्मूलन भन्दा पनि एक अर्कामा शंका गर्ने प्रवृत्तिको विकास भैरहेको छ । जवसम्म आतंकवाद विरुद्ध क्षेत्रीय महासन्धिलाई व्यवहारमा लागु गर्ने राजनीतिक प्रतिवद्धता सबै राष्ट्रको राजनेताहरुद्धारा हूदैन तवसम्म त्यस महासन्धिको कुनै महत्व रहदैन । इन्दिरा गान्धी, राजिव गान्धी र जियाउर रहमान आदि नेताहरुको हत्या प्रसंगले यस क्षेत्रको शान्ति तथा स्थिरतामा प्रतिकुल असर मात्र होइन । आगामी दिनहरुमा आतंकवादले विश्वका दुइवटा महायुद्ध भन्दा पनि विकराल रुप नल्याउलान भनेर भन्न सकिदैन ।[३९] त्यसकारण सार्कका कमजोर पक्ष अन्तर्गत आतंकवादलाई तह लगाउन नसक्नु भने एक हो ।

दक्षिण एशियाली क्षेत्रमा वास्तवमा अमेरिकी प्रभुत्व व्याप्त रहेको छ । दक्षिण एशियाको नजिकमा रहेको अफगानिस्तान तालिवान अलकायदा हुनु , तालिवानलाई जन्म दिने अमेरिकाले नै फेरी आतंकवाद विरुद्ध युद्ध छेड्नु, आतंकवाद माथि ओथारो बस्ने पाकिस्तानलाई नै त्यस युद्धको अभियानमा संलग्न गराउनु, त्यहि ओथारोबाट निस्किएका चल्लाहरु भने, नठहरिने अरे ! दक्षिण एशियालाई अमेरिकाले पेलेले खेलेको फुटवल जस्तै बनाई सक्यो, ववी चार्लटनलाई दर्शक बनाएर । अमेरिकाले यस्तो घत लाग्दो भूमिका खेल्दा फेरी किन अमेरिकालाई सार्कको अठौं सदस्य नबनाउने ? स्थायी रुपमा आएको अमेरिकाको यस्तै हस्तक्षेप र मनोमानि नै हुने हो भने सार्कको पनि अर्को न्वाराण गरेर यसलाई “युनाइटेड स्टेटस अफ सार्क” भनिनु पर्ने हो कि ? कहाँ गयो दक्षिण एशियाको चिनारी, आफ्नोपन र संगलो परम्परा ! जहाँ तही अमेरिका नै दौड्ने भए ।[४०]यसरी वाह्य देशको हस्तक्षेपलाई स्वस्फुर्त रुपमा स्विकार गर्नु पनि सार्कको कमजोरी पक्ष हो ।

सार्कको सबैभन्दा कमजोरी पक्ष नै यो एउटा सरकारी संगठन हुनु हो । सबै भन्दा तल्लो स्तरको तकनिकी समितिमा समेत सरकारी तन्त्र व्याप्त छ, केहि काम अगाडि बढ्न सक्दैन । हरेक कुरालाई जानी बुझि कछुवाको चालमा चलाइन्छ अलि छिटो दौड्ने क्षमता भएको कार्यक्रमको घुँडा नै भाचिन्छ । दक्षिण एशिया वीचको व्यापार सम्बन्धमा उदारिकरण एउटा नाङ्गो चित्र हो । नोकरशाहीले संगठनलाई थिचोमिचो गरेको यो एउटा अपूर्ण उदाहरण हो । कस्तो आश्चार्यजनक कुरो क्षेत्रीय राष्ट्रहरु वीच चाँहि व्यापार वाणिज्यमा रोकटोक लगाउने अनि विश्व व्यापार संगठनको व्यापार उदारिकरणको नितिलाई चाँहि आँखा चिम्म गरी अप्नाउने । पाकिस्तानले व्यापारलाई काश्मिर सम्म जोड्छ र भारतले उदारिकरणको नाममा छुट्याएका वस्तुहरु माथि दक्षिण एशियामा व्यापार हुदैन । यस्तो स्थितिमा क्षेत्रीय सहयोग कसरी बढ्ला ?[४१]

यस संगठनको गतिविधिको लागि खर्च जुटाउने सम्बन्धमा सदस्य राष्ट्रहरुको योगदान स्वेच्छिक भएको र संगठनहरुको वित्तिय अवस्था अत्यन्त कमजोर भएकोले संगठनको स्थायित्व ,स्थिरता र प्रभावकारिता पनि संकास्पद वन्न पुगेको छ । त्यस्तै गरी यस संगठनको सर्वसम्मत सिद्धान्तमा आधारित भएको तर संगठनको परित्याग सम्बन्धी कुनै पनि व्यवस्था वडापत्रमा नभएको कारण व्यवहारिक रुपमा हेर्दा यसको सर्वोच्च अंग राष्ट्राध्यक्ष तथा सरकार प्रमुखको वैठकले वडापत्रको आमुल परिवर्तन ल्याउन सक्ने हुनाले

---

[३९] कृष्ण बहादुर पुन, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का चुनौती र अवसरहरु, (१९८५ - २००३), शोध-पत्र, २०६० पृ.६८ - ६९

[४०] प्रि.महेन्द्र लामा, 'भारत पाकिस्तान विवादले खाएको सार्क', हिमाल, १ - १५ माघ, २०५८, पृ. ४८

[४१] प्रि. महेन्द्र लामा, 'सार्क सरकारहरु असफल जनताहरु सफल' , पूर्ववत पाद टिप्पणी, पृ.४१

संगठनको वैधानिक स्थिति अत्यन्त अस्पष्ट देखिन्छ । सहयोग भन्दा असहयोगको मुल्य बढी भैरहेको अवस्थामा सदस्य राष्ट्रको सम्वृद्धिका लागि संगठन आवश्यक देखिन्छ । क्षेत्रीय सहयोग अन्य मुलुकको अनुभवबाट पनि फाईदाजनक हुने कुरा विश्वास गर्न सकिन्छ । आशियान साम्यवादको विरुद्धमा गठन गरियो तर आर्थिक उन्नतिको स्वाद पनि यति मिठो भयो कि आर्थिक सहयोगको स्वादले राजनितिक विचारधारालाई कुल्चिदियो । NAFTA / APEC ले साना मुलुकहरु पनि संगठन भित्र प्राप्त हुने सुविधाहरुका कारण ठुला राष्ट्रहरुसँगको सहअस्तित्वमा वाँच्न सक्छन् भन्ने कुरा देखाइएका छन् । APEC का पपुवा न्युगिनी सबै भन्दा सानो राष्ट्र हो तर अधिकार र संगठनले प्रदान गर्ने सहुलियतमा उ कोहि भन्दा पनि कम देखिदैन । NAFTA मा अमेरिका र क्यानडाको वीचमा मेन्सिको छ । यो संगठनमा पनि प्रत्येकको सुविधा र सुरक्षा समान देखिन्छ तर सार्क कछुवाको गतिमा समेत हिड्न नसकेका गुनासाहरु यत्रतत्र सुनिन थालेका छन् ।[४२]

यसरी संक्षेपमा भन्नु पर्दा, बैधानिक प्रावधानमा भएका कठिनाई, आर्थिक एवं व्यापारीक कमजोरीहरु ठुला तथा शक्तिशाली राष्ट्रहरुको हेपाह प्रवृत्ति , द्धिपक्षीय मतभिन्नता र विवाद , व्यापक गरिवी, कागजी औपचारिकता र कार्यान्वयन रणनीतिमा कमजोरीपन, भौगोलिक क्षेत्र विस्तार सम्बन्धमा हेरफेर नहुनु, बढ्दो आतंकवाद, सदस्य राष्ट्रहरुमा देखिएको वातावरणिय समस्या र सदस्य राष्ट्रहरु आन्तरिक चपेटा र गृह युद्धको भुमरीमा रुमलिनुलाई यहाँ सार्कका कमजोर पक्षको रुपमा लिईएको छ ।

### ४.२.१ वैधानिक प्रावधानका कारण देखिएका कमजोरीहरु :

'सार्क वडापत्र' आफैमा चुनौतिपूर्ण छ । वडापत्रले (Decisions at all levels shall be taken on the basis of unanimity)[४३] अर्थात सबै तहमा निर्णय लिंदा सर्वसम्मतिका आधारमा लिइने छ। भन्ने व्यवस्था गरेको छ । कुनै महत्वपूर्ण विषयमा निर्णय लिनुपर्ने वेलामा कुनै राष्ट्र भिनो मसिनो कुरामा अल्मलियो भने, त्यो विषय पछाडी पर्न जान्छ । त्यस्तै वडापत्रले æBilateral and Contentious issues shall be excluded from the deliberations"[४४] अर्थात द्धिपक्षीय विवादास्पद विषयहरु माथि विचार, विमर्श गरिने छैन भन्ने व्यवस्था गरेको छ । दुई मुलुकको समभ्कदारी र सत्रुवत् व्यवहारले संपूर्ण प्रक्रिया नै निष्कृय हुने क्षेत्रीय र विश्वव्यापी नीतिहरुलाई प्रभाव पार्ने निर्णय वर्षौंसम्म जस्ताको तस्तै रहन पुगेका छन्, जुन कारणले गर्दा सार्क प्रक्रिया अवरुद्ध भएको छ । त्यसैलाई संवोधन गर्नुपर्ने आधारको हकमा भने, 'द्धिपक्षीय विषय वहसको विषय नहुने' भन्ने सार्कको वडापत्रको दफाले रोक लगाईदिएको छ । असमभ्कदारीलाई पन्छाएर सर्वसम्मतिमा पुग्नु पर्ने सार्कको वर्तमान अभ्यास व्यवहारिक छैन । एकातिर निर्णयको लागि अत्यन्तै लामो परामर्श लिनुपर्ने कार्यविधि छ भने अर्को तिर सन् १९८५ मा भारतले पारेको प्रभाव अनुसार क्षेत्रीय छलफलमा द्धिपक्षीय मुद्धाहरुको कुनै स्थान नै नरहनु सार्क प्रक्रियालाई पारदर्शी र सामुहिक समभ्कदारीको छाताभित्र राख्न नसकिने संकेतहरु हुन् । यसकारण सार्कको वैद्यानिक प्रावधानलाई एक पटक नियालेर हेर्नुपर्ने अवस्था श्रृजना भएको छ । यसरी भन्न सकिन्छ कि सार्कको वैद्यानिक प्रावधानलाई सार्कको कमजोरीको रुपमा लिन सकिन्छ ।

### ४.२.२ बढ्दो आतंकवादका कारण देखिएका कमजोरीहरु :

[४२] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क २०६१/२०६२, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाण्डौ, पृ. १७१

[४३] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क २०६१/२०६२, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाण्डौ, पृ. १७२

[४४]ऐजन पृ.१७२

सार्क सदस्य राष्ट्रहरुले वर्तमानमा झेल्नु परिरहेको आतंकवादले सार्क प्रक्रियामा समेत व्यावधान श्रृजना गरेको छ । सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकामा भएको आतंककारी हमला पश्चात संयुक्त राष्ट्र संघको सुरक्षा परिषदले पारित गरेको प्रस्ताव नं १३७३ को पृष्ठभुमिमा अमेरिकाको नेतृत्वमा विश्वबाटै आतंकवाद अन्त्य गर्ने कार्यको थालनी भएतापनि आतंकवादलाई संवोधन गर्ने, हेर्ने दृष्टिकोण राष्ट्रै पिच्छे फरक फरक भएकाले यो निर्मुल हुन सकेको छैन । विश्वकै आतंकवादको केन्द्र मानिएको सार्क क्षेत्रमा सम्भवतः माल्दिभ्स वाहेक अन्य कुनै पनि राष्ट्र अछुतो रहन सकेका छैनन् ।

भुटानमा शिविर खडा गरी भारत विरुद्ध आतंक फैलाई रहेका युनाइटेड लिवरेसन फ्रन्ट अफ असन (उल्फा), नेशनल डेमोक्रयाटिक फ्रन्ट अफ बोडोल्याण्ड ( एन.डि.एफ.बी.) काम्तापुर लिवरेशन अर्गनाइजेसन (कोएलओ) भुटानका पनि आतंकवादी हुन् । जसलाई हटाउन भारतले Operation all clear नामले कारवाही संचालन गरेको छ । पाकिस्तानमा बसी जम्मु कश्मिरमा आफ्ना आतंकवादी क्रियाकलाप संचालन गर्ने लस्करे- ए - लोइवा, जैस ए - मोहम्वद विश्वकै कुख्यात आतंकवादी हुन्, जसले भारत र पाकिस्तानको सम्बन्ध विगार्न महत्वपूर्ण भूमिका खेलेका छन् । भारतिय संसद माथि विगतमा हमला गर्ने समुह पनि यिनै हुन् । यिनै आतंकवादीले सन् १९९९ डिसेम्बर, २४ मा काठमाण्डौंबाट नयाँ दिल्लीतर्फ उडेको इण्डियन एयरलाइन्सको विमान अपहरण गरेपछि नेपालको पर्यटन क्षेत्रमा गतिरोध देखा पर्‍यो । श्रीलंकामा सन् १९८३ देखि युद्दरत तमिललाई अन्तराष्ट्रिय आतंकवादको सूचिमा राखिएको छ, जसको कारण झण्डै ६५ हजार मानिस मारिनुका साथै हजारौ मानिसहरु घरवारविहिन हुन पुगेका छन् । नेपालमा पनि विगत १० वर्ष देखि माओवादीले निकै आतंक मच्चाए तर हाल सरकारमा प्रवेश गर्ने तयारी भैरहेको छ । उता वंगलादेश पनि अछुतो हुन सकेको छैन । यसरी सार्क क्षेत्रमा प्रत्येक नागरिकको वाँच्न पाउने हक स्थापित गर्न, प्रत्येक नागरिकलाई शान्तिको अनुभूति गराउन नसक्नु सार्कको कमजोर पक्ष हो ।

### ४.२.३ सार्क सदस्य राष्ट्रहरुमा देखिएको वातावरणिय समस्या :

जैविक विविधताको प्रचुरता रहेको दक्षिण एशियाली क्षेत्र प्रचण्ड वातावरणिय विनाशको शिकार भैरहेको छ । उपयुक्त प्रविधिको अभावका कारण विकासका लागि प्राकृतिक वातावरण माथि नकारात्मक हस्तक्षेप गर्नुपर्ने  वाध्यता, दैनिक जीवनयापनका लागि प्राकृतिक श्रोत माथिको निर्भरता जस्ता कुराहरु यहाँका वातावरणिय समस्याका प्रमुख कारण बनिसकेका छन् । यसका अतिरिक्त औद्योगिक राष्ट्रहरुका लापरर्वाहीका कारण श्रृजित वातावरणिय असन्तुलनको शिकार वन्न पनि यो क्षेत्र बाध्य भैरहेको छ । हिमताल फुटेर आउने वाढी प्रति नेपालको त्रास र समुद्री सतह बढ्नाले आफ्ना टापुहरु डुब्ने भय बोकेर माल्दिभ्सको वाँच्नु पर्ने वाध्यता रहेको छ । मानविय कारणले भन्दा पनि प्राकृतिक कारणले बढी मात्रामा वातावरणिय समस्याबाट पिडित हुन वाध्य भएका सार्कका सदस्य राष्ट्रहरुमा हिजो आज वातावरणिय समस्या जन्माउने मानविय गतिविधि पनि बढ्न थालेको पाइन्छ । अन्तराष्ट्रिय जगतमा हरित गृह ग्याँस सबै भन्दा बढी उत्पादन गर्ने विकासोन्मुख राष्ट्रहरुमा भारतको पनि गणना माथिल्लो स्तरमा हुन थालेको पाइन्छ । विकासका ५ वटा आयामहरु मध्ये वातावरण पनि एक आयाम पर्ने भएकोले वातावरणिय समस्यालाई समाधान गर्न नसक्नु पनि सार्कको अर्को कमजोरी पक्ष हो ।

### ४.२.४ सार्क सदस्य राष्ट्रहरु आन्तरिक चपेटा र गृह युद्दको भुमरीमा रुमलिनु :

सार्क सदस्य राष्ट्रहरु मध्य माल्दिभ्स वाहेक प्राय सबै राष्ट्रहरु आन्तरिक चपेटा र गृह युद्दको भुमरीमा फसेका छन् । भारतका विभिन्न प्रान्तहरुमा जातिय एवं क्षेत्रीय तथा भाषिक आन्दोलनहरु चलिरहेका छन् । जसका रुपहरु सशस्त्र प्रकृतिका छन् । पाकिस्तानमा पनि सिया र सुन्नी मुसलमानको विवाद तथा राजनीतिमा हुने उथल पुथलले गम्भिर परिणाम ल्याउने गरेको छ । नदिनालाहरुमा पानीको सट्टा रगत बग्ने, माछाको सट्टा लास तैरने, बगैचा र वनमा फलफूल फल्नु को सट्टा वम फल्ने एउटा गम्भीर खतरनाक र चिन्ताजनक परिस्थितिको माझमा फसेका छन्  दक्षिण एशियाली मुलुकहरु । श्रीलंकाको कुरा गर्ने हो भने विगत २२ वर्षदेखि अर्थात सार्क स्थापना हुन ुभन्दा पहिले देखि नै गृहयुद्दको चपेटामा फसेको छ । नेपालमा पनि विगत १० वर्षदेखि माओवादीले चलाएको सशस्त्र द्वन्द्ववाट कम पिडित भएको भने होइन । त्यसका अलावा जातिय दंगा, प्रादेशिक विवाद, प्रान्तिय विवाद पनि यहाँ चक्रि रहेका छन् । भुटानमा प्रजातन्त्रको अभाव टड्कारो समस्या बनेको छ । सक्रिय राजतन्त्र त्यसको विरुद्धमा भएको कारण नागरिकहरु देश निकाला भएका छन् र नेपालमा शरनार्थीको जीवन जीउन वाध्य भएका छन् । सत्ता पक्ष र नागरिक वीच उत्पन्न द्वन्द्वको कारण भुटान नराम्ररी प्रभावित भएको छ । त्यस्तै गरेर वंगलादेश पनि यो समस्याबाट अछुतो हुन सकेको छैन । यसरी सदस्य राष्ट्रहरु सबैजसो आफ्नै आन्तरिक समस्यामा अल्झिई रहेमा क्षेत्रीय हितको अभिवृद्धिमा लाग्ने, क्षेत्रीय संभावनाहरुको खोजी गर्ने र क्षेत्रीय प्रतिवद्धतालाई पुरा गर्ने कुरा गौण हुन जान्छ । त्यसकारण सार्क सदस्य राष्ट्रहरु आन्तरिक चपेटा र गृहयुद्दको भुमरीमा रुमलिनु पनि सार्कको कमजोरी अन्तर्गतको एउटा टड्कारो पक्ष हो ।

### ४.२.५ आर्थिक एवं व्यापारिक कमजोरी :

सार्क स्थापनाको २१ वर्षे इतिहासमा आर्थिक क्षेत्रमा खासै उल्लेख्य उपलब्धी हाँसिल गर्न सकेको देखिदैन । सदस्य राष्ट्रहरुमा कुल ग्राहस्थ उत्पादनको तुलनामा वचतकम भएकोले लगानी समस्या बढेको छ । वचत र लगानीका अनुपात मुलुकै पिच्छे फरक देखिन्छ, तर समस्यामा भने एकरुपता छ । अर्थात सबै मुलुकमा लगानीको अनुपातमा वचत न्यून छ । यसले बहुचर्चित आर्थिक एकिकरण प्रक्रियालाई अगाडि बढाउन सकेको छैन । विश्वको झण्डै २२ प्रतिशत जनसंख्या भएको यस क्षेत्रको विश्व व्यापारमा एकदमै न्यून हिस्सा रहेको छ । यसले निश्चय पनि सार्कलाई एउटा समृद्ध तथा क्षमतावान क्षेत्रको रुपमा अगाडि ल्याउन सकेको छैन । सदस्य राष्ट्रहरु वीच सार्कको कुल व्यापारको करिव ५ प्रतिशत मात्र व्यापार कायम भएको देखिन्छ । मुलभुत आर्थिक मुद्धालाई सार्क स्थापना भएको ६ वर्ष पछि मात्र स्थान दिइनाले पनि सार्क प्रक्रियामा आर्थिक पक्ष पछाडि परेको छ भन्ने राम्रो उदाहरण हो । कुनै पनि संगठनका विविध क्रियाकलापले आर्थिक पक्षलाई परिक्रमा गरिरहेका हुन्छन् । आर्थिक पक्ष मजवुद नबने सम्म अन्य पक्षहरु छायाँमा परिरहन्छन् ।

सदस्य राष्ट्रहरु वीच व्यापार त बढेको छ तर त्यो सुस्त गतिमा चल्मलाई रहेको छ । यसो हुनुको पछाडि संरचनागत र निति प्रेरित अवरोधहरु छन् । यस्ता अवरोधले निर्यात तथा आपूर्ति पक्षमा र थोरै वचत तथा प्राविधिक पछौटेपनको कारणले लगानीको लागि आवश्यक श्रोतको अभावलाई इङ्गित गरेको छ । दोस्रो समस्याले व्यापारमा बाधा, व्यापार सुगम गर्ने बनावटको अपर्याप्तता र निर्देशित लगानी संरचनालाई संकेत गर्दछ । यस्ता व्यावधानले सार्कको संरचना भित्रको सहयोगको प्रक्रियालाई अवमूल्यन गरेको देखिन्छ । ठुला मुलुकहरु साना मुलुकहरुको व्यापार घाटाको गुनासो प्रति पनि त्यति संवेदनशिल भएको देखिदैन । साना मुलुकले ठुला मुलुकसंगको आयातबाट लिन सकिने फाईदाको आधारमा व्यापार घाटालाई अनुवाद गरेको

भेटिन्छ । त्यस्तै गरेर उत्पत्तिको नियमको कडाईका साथ गरिने पालनाले साना मुलुकहरुको स्वार्थलाई पनि प्रतिरक्षा गरेको विश्वास दिलाइएको छ । यस्ता व्याख्यामा सबै मुलुक सहमत देखिदैनन् । सन् १९९५, डिसेम्बर ७ देखि कार्यान्वयनमा ल्याइएको साफ्टाले हाल सम्म ठोस परिणाम देखाउन नसक्नु अनि विश्व जगतमा सफलता पाईरहेका स्वतन्त्र व्यापार क्षेत्रहरु अनुरुप यस क्षेत्रमा स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी संझौता सन् २००९ बाट मात्र सबै राष्ट्रमा लागू हुने व्यवस्थाले दक्षिण एशियाको व्यापार क्षेत्रको सुस्त गतिलाई संकेत गर्छ । तसर्थ आर्थिक उदारिकरण र विश्व व्यापीकरणको लहरलाई सामना गर्दै यस क्षेत्रमा उच्च आर्थिक वृद्धिदर हासिल गर्न व्यापारिक गतिविधि तिव्र पार्न नसक्नु सार्कको कमजोरी हो ।

### ४.२.६ ठूला तथा शक्तिशाली राष्ट्रहरुको हेपाह प्रवृत्ति :

दक्षिण एशियाको सबै भन्दा ठूलो भूगोल, सबै भन्दा ठुलो अर्थतन्त्र, सबैभन्दा ठूलो शैन्यशक्ति र सामर्थ्य बोकेको राष्ट्र भारतद्धारा यो क्षेत्रका सबै राष्ट्रहरुले आर्थिक सम्वृद्धि , स्थिरता र विकासका लागि धेरै उपेक्षा राख्नु स्वभाविकै हो  तर दुर्भाग्यवस प्राय सबै राष्ट्रहरुको भारतसंग द्धिपक्षिय समस्या रहिरहेका छन् । भारत सार्क सदस्य राष्ट्रहरुको प्रेरणाको श्रोत मात्र नबनेर त्रासको श्रोतपनि बन्न पुगेको छ । भौगोलिक, राजनीतिक र कुटनीतिक दृष्टिमा 'भारत केन्द्रित' सार्क संगठनका सदस्य राष्ट्रहरु वीच रहेको सम्बन्धको कटुताले संगठनको सामुहिकपन फितलो वन्न पुगेको छ । भारतले आफूलाई Super power of the South Asia ठान्दछ । अन्य साना र कमजोर राष्ट्रहरुलाई आफ्नै स्वसासित राज्य झैं व्यवहार गर्न खोज्छ । भुटान माथि भारतको अघोषित उपनिवेशको कारण भुटानी जनताले हालसम्म प्रजातान्त्रिक पद्धतिमा  आफूलाई पाउन सकिरहेका छैनन् । भारतकै कारण नेपालले भुटानी शरणार्थी समस्या, माओवादी समस्या, डुवान समस्या, सिमा अतिक्रमणको समस्या, व्यापारिक एवं औद्योगिक समस्या लगाएतका विविध समस्या झेल्नु परेको छ । भारतले पाकिस्तानसंग त ३ पटक सम्म युद्ध समेत लडि सकेको छ । वंगलादेश पनि भारतका क्रियाकलापबाट कहिल्यै सन्तुष्ट हुन सकेन । श्रीलंकाको तामिल समस्या पनि सोहि समस्या बनेको छ । उता माल्दिभ्सले पनि यस्तै अनुभुति गरेको छ । यसरी ठूला तथा शक्तिशाली राष्ट्रको हेपाह प्रवृत्ति पनि सार्कको कमजोरी पक्ष हो ।

### ४.२.७ व्यापक गरिवी :

विश्वकै एउटा ठुलो चुनौतिको रुपमा गरिवी रहेको छ । त्यसमा पनि दक्षिण एशियाली क्षेत्रमा ५०% भन्दा बढी जनता गरिवीको रेखामुनि रहेका छन् । "SAARC is a poor Club of the world "[४५] भनेर विश्वका शक्तिशाली तथा आर्थिक रुपमा सम्पन्न राष्ट्रहरुले भन्ने गरेको पाइन्छ । गरिवी विकासको बाधक तत्वको रुपमा रहेको छ । त्यस्तै गरेर सामाजिक उत्थानको अवरोधको रुपमा पनि गरिवीलाई लिन सकिन्छ । गरिवीले सामाजिक अपराध वृद्धि गर्छ, सामाजिक पछ्यौटेपन निम्त्याउछ, मानविय सभ्यताको उत्थान र पहिचानको ढोका बन्द गरिदिन्छ । समग्रमा गरिवी त्यस्तो अदृश्य शक्ति हो जसले आर्थिक विकास, सामाजिक उत्थान लगाएतका विभिन्न मानविय पक्षमा समस्याको श्रृजना गर्छ र देश विकास ठप्प हुन जान्छ । जवसम्म गरिवी निवारण हुदैन तवसम्म क्षेत्रीय विकासमा गरिने सहयोग निरर्थक हुन जान्छ । यो क्षेत्रमा यति गरिवी छ कि अन्तराष्ट्रिय ऋण पाउँदा पनि खुसीको जुलुस  निकाल्नु पर्ने  अवस्था आएको छ । गरिवी रहेसम्मकेहि पनि

[४५]ऐजन पृ. १७४

संभव छैन । विकास, उन्नति र सभ्यता जस्ता कुराहरुलाई गरिवीले ढाकेको छ । तसर्थ यस क्षेत्रमा गरिवी निवारण गर्न नसक्नु सार्कको कमजोरी हो ।

### ४.२.८ भौगोलिक क्षेत्र विस्तार सम्बन्धी कमजोरीहरु :

दक्षिण एशिया भन्न वित्तिकै विश्व मानचित्रमा यी ७ वटा देशहरु मात्र पर्दैनन् । चीन, अफगानिस्तान, वर्मा लगाएतका देशहरु पनि यसै क्षेत्रमा पर्दछन् । यस्ता देशहरु यो संगठनमा सामेल नगरी सार्कको क्षेत्र साँघुरो भौगोलिक दायरामा सिमित राख्न नसक्नु सार्कको एउटा अर्को कमजोरी पक्ष हो । सार्कमा चीन जस्तो विश्वको आर्थिक एवं राजनीतिमा मजवुद पहिचान बनाई सकेको राष्ट्रलाई यस क्षेत्रीय सहयोग संगठनमा समावेश गराउन सके यस क्षेत्रका विकासका संभावनामा विभिन्न ढोकाहरु खुल्ने थिए । यस क्षेत्रका अति कम विकसित राष्ट्रहरुले चीन सँगको साझेदारीबाट विकासका खुड्किलाहरु चढ्न सक्ने थिए । सम-प्रतिस्पर्धी राष्ट्र नभए कै कारण स - साना छिमेकी राष्ट्रहरु माथिको भारतको 'हेपाहा प्रवृति एकाधिकारवाद' को अन्त हुन सक्थ्यो होला । यो भन्दा पनि ठुलो कुरा विश्वका प्रमुख र विकसित एवं ओाद्योगिक राष्ट्रको साझेदारीले यस भेगका जनताको हित अभिवृद्धि हुने थियो तर त्यसो नभै हालसम्म पनि यो संगठन दक्षिण एशियाको एउटा साँघुरो घेरा भित्र मात्र सिमित रहन पुगेको छ । यसरी भन्न सकिन्छ कि भौगोलिक क्षेत्र विस्तार हुन नसक्नु पनि सार्कको कमजोरी पक्ष हो ।

### ४.२.९ कागजी औपचारिकता र कार्यान्वयन रणनिती सम्बन्धी कमजोरी :

सार्कको इतिहासमा यस क्षेत्रका राष्ट्र तथा सरकार प्रमुखहरुले १३ पटक एउटै थलोमा उभिएर विभिन्न प्रतिवद्धता जनाई सकेका छन् । तेह्रौ घोषणा प्रतिवद्धता वाहेक, ५४७ वटा प्रतिवद्धताको फितलो कार्यान्वयन पक्षले यो संगठन औपचारिकतामा सिमित छ भन्न नसकिने भने होइन । मुख्य गरी सन् २००२ सम्ममा यस क्षेत्रबाट गरिवी निवारण गर्ने प्रतिवद्धता, सन् २००० सम्मा यस क्षेत्रलाई स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trade Area: SAFTA) बनाइने उद्घोषण कागजमै सिमित रहेका छन् । जनताको सामुहिक हित र कल्याणको प्रवर्द्धन प्रति अविचलित प्रतिबद्धताकां ंबावजुद दक्षिंण एशियामा न स्थायीका बन्दुकहरु खुकुलिएर शान्तिको विश्वसनियताको आधार बन्न सक्यो, नत यस क्षेत्रका जनताको सामूहिक हित प्रवर्द्धन नै । सामूहिक प्रतिवद्धतालाई सफल कार्यान्वयन र सोको प्रभावकारी अनुगमनले संगठनको उद्देश्य मुताविक यथार्थ सुधार नआउने होइन तर सार्क अहिले सम्म कागजी औपचारिकताको अभ्यासमा अल्मलिइ रहेको छ । यसरी औपचारिकता मै सिमित रहेका कारण विश्वमा Failure Organization को रुपमा समेत चिनिएको छ । थोरै प्रतिवद्धता धेरै काम देखाउनु पर्ने युगमा सार्क त्यसको ठिक विपरितमा गएको भान हुन्छ । सार्कले जाहेर गरेका प्रतिवद्धताहरु पुरा हुन सकेका छैनन् ।

आर्थिक सहयोग समितिको गठन र व्यापार उदारीकरणमा अन्तर-सरकारी समूह, साप्टालाई साफ्टामा परिवर्तन गर्न बनेको अन्तर - सरकारी विज्ञ समूह तथा सहभागीहरुका समूह र यस्ता अनेकौ उपसमूहले क्षेत्रीय तथा विश्वव्यापी हाँकलाई क्षेत्रीय सहयोग तथा परामर्शको हिसावले सामूहिक सुरक्षा प्रदान गर्ने जमर्को गऱ्यो तर उपलब्धी भने केहि पनि हुन सकेन । सार्कमा त आफ्नो तयारी र औकात हेर्नु भन्दा पनि अरुहरुको प्रगति देखेर तयारी विना नै हतार गर्ने परम्पराको विकास भएको छ । जुन कुरा बाह्रौ शिखर सम्मेलनका अवसरमा वंगलादेशकी प्रधानमन्त्रि शेख हसिना वाजेदको यस प्रकारको विचारबाट स्पष्ट हुन्छ । "युरोपियन

यूनियन र आसियानका सफलता संगै यस क्षेत्रका राष्ट्र प्रमुखले खुल्ला व्यापारको सञ्जाल कायम गर्न र यस क्षेत्रीय आर्थिक शक्तिसंग प्रतिस्पर्धा गर्न पनि खुल्ला व्यापार संझौता (साफ्टा) का लागि हतार गरेका छन् । सार्कको तयारी भन्दा पनि बढी हतार हुने गर्दछ ।" यस प्रकार गरिएका हतारका कार्यक्रमहरु अन्तमा प्रभावकारी ढंगले संचालन गर्न नसकिएकै कारण साफ्टा निष्प्रभावी र प्रयोजनहिन बन्न पुगेको छ । यसरी कागजी रुपमा औपचारिकता पाउनु र व्यवहारिक रुपमा असफल हुनु सार्कको अर्को कमजोरी पक्ष हो ।

**४.२.१० द्विपक्षीय मतभिन्नता र विवाद :**

प्राय :सबै राष्ट्रहरु वीच द्विपक्षीय समस्याहरु रहेका छन् । भारत र पाकिस्तान वीचको काश्मिर समस्या आधा सताब्दी देखि विश्व मै चर्चित हुन पुगेको छ । त्यसै विषयलाई लिएर भारत र पाकिस्तान वीच तिन पटक सम्म युद्द भैसकेका छन् । नेपाल र भुटान वीच पनि त्यस्तै प्रकारको समस्या छ करिव १५ वर्ष देखि नेपालको पूर्वि तराईमा रहेका झण्डै एकलाख भुटानी शरणार्थी नेपाललाई थाम्न समेत हम्य तम्य परेको छ । त्यसको मूल जडोको रुपमा भारतलाई लिइन्छ । श्रीलंकाको तमिल समस्या सुल्झाउनका लागि भारतको सद्भाव पूर्ण सहयोगको अपेक्षा राखे पनि त्यसो हुन सकिरहेको छैन । फलतः सन् १९८३ देखि शुरु भएको श्रीलंकाको समस्या समाधान हुन सकेको छैन । भारत र वंगलादेश वीच गंगा नदीको पानीको समानुपातिक वितरणको समस्या हाल सम्म सुल्झन नसक्नु दुःखद पक्ष हो । त्रिपुरा लगायतका उत्तर पूर्वी राज्यका केहि विद्रोही अतिवादीहरुलाई वंगलादेशले भित्र भित्रै सघाएको छ भन्ने भारतिय दृष्टिकोणका कारण भारत र वंगलादेश वीचको सम्बन्ध विग्रिएको छ । पूर्वी पाकिस्तान सन् १९७१ मा सिङ्गो पाकिस्तानसंग टुक्रिई स्वतन्त्र राष्ट्र वंगलादेश बने पछि यी दुई देश वीचको सम्बन्ध पूर्वाग्रही र असमझदारीपूर्ण देखिन्छ । भारतको हेपाह र मिचाह प्रवृत्तिको मार नेपालले खेपी रहनु परेको छ । यहि प्रवृत्तिका कारण नेपालमा कहिले सिमा अतिक्रमण त कहिले डुवानका समस्या परिरहेका छन् । सन् १९५० को विवादास्पद सन्धिको संसोधन गर्न भारतले आलटाल गरेका कारण नेपालीहरुको मतमा भारतप्रति चिसो परेको छ । फेरी असंलग्न आन्दोलनको प्रवर्धन राष्ट्र भारत र सदस्य राष्ट्र पाकिस्तान वीच वेला वेलामा हुने आणविक परिक्षण, सैनिक होडवाजीले सार्क प्रक्रिया अवरुद्ध मात्र रहेन वरु यस क्षेत्रमा जनता समेत आतंकित बन्नु परेको छ । सामूहिक विकास पारस्परिक विश्वासमा भर पर्दछ, पारस्परिक विश्वास आपसी व्यवहारले देखाउछ । जव कि यस क्षेत्रमा पारस्परिक विश्वासको वातावरण उल्लेख्य र यस्तै अन्य विषयको कारण अभाव छ । यस्तो अविश्वास शंका, उपशंका, त्रास आदिले सार्कको औचित्यमा नै प्रश्न चिन्ह लाग्ने त होइन भन्ने सार्क मुलुकका जनताको चिन्ताको विषय बन्न पुगेको छ । सार्क राष्ट्रहरुको माझमा रहेको अन्तरविरोध, असमझदारी र कच्चापनका कारणले अन्तराष्ट्रिय राजनीतिक मालिलाका विषयमा दक्षिण एशियाका हितका लागि स्वतन्त्र निर्णय वा एउटा आवाजको ठुलो अभाव रहेको छ ।[४६]

यसरी सार्क मुलुक भित्र रहेका ७ वटै देशहरु एक आपसमा द्धिपक्षीय मतभिन्नता र विवादमा फसेका छन् । यि समस्याहरु समाधान गर्न सकेर अगाडि बढ्ने हो भने आशदित सफलता पाउन नसके पनि केहि मात्रा मै भए पनि सार्कले सफलता हासिल गर्न सक्ने थियो होला । यसकारण भन्न सकिन्छ कि द्धिपक्षीय मत अभिन्नता र विवादको समाधान गर्न नसक्नुलाई सार्कका कमजोरी अन्तर्गत लिन सकिन्छ । सार्कका यी विविध

[४६] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), २०६१/२०६२, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाण्डौ, पृ. १७२ - १७८

कमजोरी पक्षलाई नियालेर हेर्ने हो भन्ने वास्तवमा यी कुनै समस्या होइनन् किनकी सरकार प्रमुख र राष्ट्र प्रमुखहरुले विशेष ध्यान दिई कमजोर पक्षलाई केलाई सरल र सहज तरिकाले निस्वार्थपूर्ण ढंगले समाधान गर्ने दिशामा अगाडी बढेमा अवश्य पनि सार्कले आशातित् सफलता हात पार्न सक्ने छ ।

# अध्याय ५

## सार्कका संभावनाहरु (Possibilities of SAARC)

विश्व यतिवेला एउटा तरल अवस्थामा रहेको छ । सन् १९९० को शीतयुद्दको समाप्ती पछि विश्वमा शक्तिको दृष्टिकोणले सेप्टेम्बर ११, सन् २००१ पछि अमेरिकाले आफुलाई सर्वशक्तिशाली राष्ट्रको रुपमा स्थापित गर्ने कोशिस गरेको पाइन्छ । यसको मनसाय के हुन्छ भने अमेरिकाले आफ्नो नितीमा ब्यापक हेरफेर गरेको पाईन्छ । यदि कसैले आक्रमण गर्छ भने अमेरिका"स्लिफिङ्ग जायन्ट" भै रहने छैन भन्ने देखाएकोछ ।[४७] यसरी अमेरिकाले आफु शक्तिशाली भएको कुरा विश्वमै देखाउन थाली सकेको छ तर उसकै पूर्व सहयोगी राष्ट्र फ्रान्स र जर्मनले अमेरिकालाई चुनौती दिइराखेका छन् । उनिहरुले अमेरिका मात्र विश्व राजनीतिलाई प्रभावित पार्ने एक्लो महाशक्ति होइन । यहि कारण यूरोपियन यूनियनमा विभाजन देखा पऱ्यो । बेलायत एकातिर भयो भने फ्रान्स र जर्मन जस्ता देशहरु अर्को तर्फ भए । बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरले ठुलो जोखिम बहन गरेर अमेरिकालाई साथ दिएका छन् । अर्कोतिर चीन र रुस पहिले देखिनै अमेरिकाको विरुद्धमा छन् । के अव यी राष्ट्रहरु अमेरिका विरुद्ध एक ध्रुवमा खडा हुन्छन् त ? यो कुरा आउँदो ५।७ वर्षको विश्व राजनीतिले निर्धारण गर्दछ ।[४८]

अन्तराष्ट्रिय कानून अनुसार "प्रिभेन्टीक स्ट्र्याक" लाई जायज मान्ने कि नमान्ने ? यदि यस्तो यूद्धलाई स्वीकार गर्ने हो भने , अर्को प्रश्न के पनि आउन सक्छ भने भारतले पाकिस्तान विरुद्ध "प्रिभेन्टिक स्ट्र्याक" गर्न पाउने कि नपाउने ? पाकिस्तानको भूमि प्रयोग गरेर उग्रबादीहरुले भारत विरुद्ध कार्य गरेको कुरा अमेरिकालाई पनि थाहा छ । भविश्यमा इराक  आक्रमणले पनि दक्षिण एशियामा प्रभाव पार्न सक्छ । इराक आक्रमण पछि राष्ट्रसंघको भूमिका घटेको छैन । राष्ट्रसंघको भूमिका जस्तो हुनुपर्छ भनेर वडापत्रमा लेखिएको छ । त्यो कहिले पनि पूर्ण रुपमा लागु भएको छैन । इराकको मामिला जस्तो अन्तराष्ट्रिय सरोकारको समस्या राष्ट्रसंघबाट सुल्झाउनु पर्छ भन्ने कुरामा कुनै विवाद छैन तर सैनिक कारवाहीले सुरक्षा परिषदलाई संधै भरी 'रवर स्ट्याम्प' बनाउने कि नवनाउने भन्ने नयाँ विवाद यसैसंग गाँसिएको छ । त्यतिमात्र नभएर शितयुद्ध पछि सुरक्षा परिषदको स्थायी सदस्यहरुको परिवर्तनको विषयमा पनि बहस हुन थालेको छ । यस वीच जापान र जर्मन आर्थिक शक्तिले धेरै माथि पुगि सकेका छन् । भारत पनि अगाडी बढी नै रहेको छ । यी मुलुकहरु पनि स्थायी सदस्य किन नबन्ने ? ५० वर्ष  यता विश्वमा  धेरै  परिवर्तनहरु भै रहेका छन् । राष्ट्रसंघको संरचना भने फेरिएको छैन । सन् १९९० पछि राष्ट्रसंघ अँझै शक्तिशाली हुन्छ भनेकोमा झनै कमजोर भएको अनुभव गरिएको छ । यूगोस्लाभियाको द्वन्द्वमा राष्ट्रसंघको सट्टा अमेरिका र नेटो सोझै संलग्न भए झैं विश्व सन्तुलनमा जस्तो परिवर्तन आउँदै जान्छ । राष्ट्रसंघले पनि त्यहि प्रतिविम्वित गर्दछ ।

[४७] प्राध्यापक श्रीधर खत्री, 'युद्ध टार्न किन असफल भयो राष्ट्रसंघ' ,नेपाल, १६–३०, चैत्र २०५९, पृ. २

[४८] ऐजन पृ. २२

यस प्रकार विश्वमा आएको परिवर्तन संगसंगै दक्षिण एशिया क्षेत्र पनि त्रसित छ भने, अर्को तिर विश्वको करिव ३ प्रतिशत भू-भाग ओगटेको सार्क क्षेत्रका अधिकांस जनता गरिवी, अशिक्षा, कूपोषण तथा विभिन्न अवसरहरुको अभावमा थिच्चिएर बाँच्न विवश भएका छन् । यहि वास्तविकताको धारातललाई दृष्टिगत गरी यस क्षेत्रको विद्यिमान स्रोत र साधनको अधिकतम सदुपयोग गरी सामूहिक उन्नती र सम्बृद्धि गर्दै यस क्षेत्रका जनताको जीवनस्तर उकास्ने उद्देश्यका साथ सार्कको औपचारिक रुपमा स्थापना भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) अहिले चुनौती र संभावनाको दोसाँधमा उभिएको छ । २१ वटा शिखर सम्मेलन हुनुपर्ने वेलामा बल्ल तल्ल १३ वटा शिखर सम्मेलन पार गरेको छ ,१३ वटा घोषणापत्र जारी भएका छन् । ति घोषणापत्रहरु कार्यान्वयन भन्दा पनि दस्तावेजका रुपमा सिमित छन् ।

सार्क आज २१ वर्षे किशोर भैसक्दा पनि यसले आफ्नो उद्देश्य मुताविकको दायित्व पूर्ण रुपमा निर्वाह गर्न सकेको छैन । यसक्षेत्रमा ब्याप्त गरिवी, अशिक्षा, अभाव, पछ्यौटेपन, अन्धविश्वास जस्ता पक्षहरुका कारण सार्क 'POOR ClUB Of THE WORLD' का नामले आज विश्वमा परिचित छ । यो संगठनका सदस्य राष्ट्रहरु आ-आफ्ना जटिल समस्याहरुमा रुमलिन पुगेकाले अशातित सफलता हाँसिल हुन सकेको देखिदैन । यो संगठनले हाल सम्म निरोगी र पूर्ण स्वस्थ्य जीवन विताउन सकेन । आपसी मनमुटाव र मतभेद बढ्दो छ । शान्ति र सुरक्षाको प्रत्याभूति हुन सकेको छैन भने आर्थिक बृद्धिदर घटेको छ, जनताका आधारभूत आवश्यकताहरु को सहज रुपमा परिपूर्ति हुन सकेको छैन ।

क्षेत्रीय सहयोग सम्बन्धमा अन्य मूलुकहरुको अनुभववाट पनि फाईदाजनक हुने कुरा भने विश्वास गर्न सक्ने ठाउँ रहेको छ । ASEAN साम्यवादको विरुद्धमा गठन गरियो तर आर्थिक उन्नतीको स्वाद पनि यति मिठो भयो कि आर्थिक सहयोगको स्वादले राजनीतिक विचारधारालाई कुल्चियो । NAFTA / APEC ले साना मुलुकहरु पनि संगठन भित्र प्राप्त हुने सुविधाहरुका कारण ठुला राष्ट्रहरुसंगको सहअस्थित्वमा बाँच्न सक्छन् भन्ने कुरा देखाएका छन् । APEC मा पपुवा न्युगिनी सबैभन्दा सानो राष्ट्र हो तर अधिकार र संगठनले प्रदान गर्ने सहुलियतमा उ कोहि भन्दा पनि पछि देखिदैन । NAFTA मा अमेरिका र क्यानडाको वीचमा मेक्सिको छ । यो संगठनमा पनि प्रत्येकको सुविधा र सुरक्षा समान देखिन्छ । यसरी विश्वमा भएका विविध उदाहरणहरुका बावजुदका पनि सार्क कछुवा कै गतिमा छ । यसो हुनुका केहि चुनौतिहरुको सामना सार्कले भोग्नु परेको छ । सार्कको वैधानिक प्रावधान, भौगोलिक क्षेत्र विस्तार, कागजी औपचारिकता र कार्यान्वयन रणनिति, ब्यापक गरिवी, द्धिपक्षीय मतभिन्नता र विवाद, ठुला तथा शक्तिशाली राष्ट्रको हेपाहा प्रवृत्ति, आर्थिक एवं व्यापारिक समस्या, सदस्य राष्ट्रहरु आन्तरिक चपेटा र गृहयुद्धको भुमरीमा रुमलिनु, सदस्य राष्ट्रहरुमा देखिएको वातावरणिय समस्या, यी सदस्य राष्ट्रहरुमा बढ्दो आतंकवादको समस्या आदि ।[४९]

सार्कमा विद्यमान विविध चुनौती हुँदा हुँदै पनि यस क्षेत्रमा प्रचुर मात्रामा संभावनाहरु रहेका छन् । सार्कले यस क्षेत्रका अत्यन्त असमान स्थितिमा रहेका सात वटा राष्ट्रहरुको प्रतिनिधित्व गरेको छ । सार्कका संभावनाहरु स्वतन्त्र व्यापार क्षेत्र, गरिवी निवारण, सार्क र पानी, आतंकवाद विरुद्ध एकता, विश्वब्यापीकरण र दक्षिण एशियामा उपक्षेत्रीय अवधारणा आदिमा विभाजन गरेर हेर्न सकिन्छ, त्यसैमा नै सार्कको अस्तित्व जोडिएको छ ।[५०]

## ५.१ स्वतन्त्र व्यापार क्षेत्र (South Asian free Trade Area)

---

[४९] दशरथ धमला , दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), (२०६१।०६२), विद्यार्थी पुस्तक भण्डार काठमाण्डौ, पृ १७०-१७१

[५०] कृष्ण बहादुर पुन , दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का चुनौति र अवसरहरु (१९८५-२००३), शोधपत्र, २०६०,पृ.७५

दक्षिण एशियालाई सन् २००५ देखि स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trade Area : SAFTA) को रुपमा निर्माण गर्ने घोषणा पहिले नै भएको भएता पनि नवौं सार्क शिखर सम्मेलनले सन् २००१ देखिनै प्रारम्भ गर्ने निर्णय गरेको हो । स्वतन्त्र ब्यापारको प्रारम्भको साथै सार्क प्रक्रियाको तेस्रो चरण प्रारम्भ हुन्छ । जि.ई.पी. समूहले आफ्नो प्रतिवेदनमा सार्कको दिर्घकालिन अवधारणा अनुरुप सन् २००१ देखि नै स्वतन्त्र व्यापार क्षेत्रको प्रक्रिया प्रारम्भ गरी नेपाल बंगलादेश जस्ता अल्पविकसित देशहरुको हकमा १० वर्ष र अन्य देशहरुको हकमा ८ वर्षको समयावधीमा सात सदस्य राष्ट्रहरुवीच हुने व्यापारमा भन्सार दरबन्दी, परिमाणात्मक नियन्त्रण, भन्सार वाहेकका अन्य व्यापारहरु सबै पूर्ण रुपले हटाउने, सकभर सन् २०१५ सम्ममा स्वतन्त्र व्यापार भन्दा एक कदम अगाडी गै सार्क राष्ट्रहरुले अन्य देशहरुसंग हुने व्यापारमा पनि सबैले एउटै भन्सार दर कायम गरी 'कस्टम यूनियन' स्थापना गर्ने र सन् २०२० सम्ममा आर्थिक संगठन स्थापना गरी दक्षिण एशियाली आर्थिक एकिकरण गर्ने अवधारणा प्रस्तुत गरिएको छ । यसरी क्षेत्रीय आर्थिक सहयोगलाई विस्तृत र व्यापक बनाई एकिकरणको  अवस्था सम्म पुऱ्याउन चाहिने अन्य पूर्वाधारहरुबारे पनि जी.ई.पी. प्रतिवेदनमा प्रयाप्त व्यवस्था गरिएको छ तर पहिलो र सबै भन्दा महत्वपूर्ण खुड्किलोको रुपमा रहने स्वतन्त्र व्यापार क्षेत्र समयमा स्थापना नभएमा वा स्थापना भएर पनि प्रभावकारी रुपमा कार्यान्वयन नभएमा जी.ई.पी. प्रतिवेदनले परिकल्पना गरे बमोजिम दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सुसंगठित र एकिकृत रुपमा अगाडी बढ्न नसक्ने हुन्छ । उद्योग व्यापारमा लगानी, प्रविधि जस्ता महत्वपूर्ण क्षेत्रहरुमा क्षेत्रीय सहयोग नहुने हो भने सार्कको औचित्यमा प्रश्न चिन्ह उठाउन सकिन्छ ।[५१]

यसरी नै सार्कले आफ्नो औचित्य कायम गर्न यथासिघ्र स्वतन्त्र एवं क्रियाशिल बनाउनका लागि आवश्यक वृहत सन्धि पत्रको मस्यौदा तयार गर्ने, यस्तो मस्यौदामा आवश्यक छलफल गरी औपचारिक निर्णय गर्ने र यसरी निर्णय भए पछि क्रमश : लागु गर्दै जाने तिथि मिति सबै एकिन गरी गरिएको प्रस्ताव पारित गरी दक्षिण एशियाली नेताहरुले यथासिघ्र आफ्नो प्रतिबद्धता गर्न जरुरी छ । अन्यथा सार्क प्रक्रिया शिथिल हुन जाने देखिन्छ । [५२]

दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र स्थापना गर्न चाहिने बृहत सन्धिपत्र तयार गर्दा सार्कका सबै राष्ट्रहरुलाई समानरुपले लागु हुने सिद्धान्त अनुरुप हुनु आवश्यक मात्र होइन अनिवार्य छ । सार्कका सात वटै राष्ट्रहरु कम आए भएका विकासोन्मुख देशहरु भएता पनि कुनै अल्पविकसित अवस्थामा छन् भने कुनै तुलनात्मक रुपमा आर्थिक विविधिकरण तथा औद्योगिकिकरणमा निकै अगाडि पुगी सकेका छन् । अल्पविकसित देशहरुका आधारभूत समस्या बजारको कमि भन्दा पनि प्रतिस्प्रर्धात्मक रुपमा बजारमा पुऱ्याउने सेवा सामानहरुको कमी हो । स्वतन्त्र व्यापार क्षेत्रको स्थापनाले बजारलाई विस्तार गर्ने भएता पनि यसरी विस्तार हुने बजारबाट अल्पविकसित देशहरुले पनि लाभ उठाउन पाउनका लागि यस्ता देशहरुको निर्यात क्षमतामा बृद्धि गर्नु आवश्यक हुन्छ । जब निर्यात क्षमता बृद्धि हुन्छ तब अर्थतन्त्र गतिशिल हुन्छ । विविधिकरण औद्योगिकीकरणबाट प्रतिस्पर्धात्मक रुपमा निर्यात गर्ने सेवा, बस्तुहरुमा बृद्धि हुन्छ । त्यसैले सबै सदस्य राष्ट्रहरुले समान रुपबाट लाभ पाउन बजार विस्तारका साथै अल्पविकसित देशहरुको आर्थिक बृद्धिद्वारा निर्यात क्षमतामा बृद्धि गर्ने कार्यक्रम पनि संचालन गर्न आवश्यक छ । यसरी बजार विस्तार र आर्थिक वृद्धि एक साथ

---

[५१]डा. बद्री प्रसाद श्रेष्ठ, 'स्वतन्त्र व्यापार क्षेत्र, नेपाल', १६-२९ पौष, २०५८ पृ. २६

[५२] पूर्ववत् पाद टिप्पणी, पृष्ट ७६

गर्ने धेरै उपायहरु छन् । यसको वारेमा ब्याख्या गर्न संभव नभएतापनि क्षेत्रीय औद्योगिक प्रतिष्ठानको स्थापना, उत्पादनमा विशिष्टिकरण, औद्योगिकिकरण जस्ता संभावनाहरु यहाँ उल्लेख गर्न सकिन्छ ।[५३]

विश्वको वदलिंदो परिस्थितिमा सार्कलाई पनि वलियो आर्थिक संगठनको रुपमा विकसित गर्नुपर्ने आवश्यकता सर्वत्र महशुस भैरहेको छ । यसै अनुरुप सन् १९९० मा दक्षिण एशियाली सौविध्य व्यापार व्यवस्था (SAPTA) लागु गर्ने सहमति भयो सोही अनुरुप सन् १९९५ मा प्रारम्भ भएको छ । यसले उदार व्यापार र कर एवं महशुल दरमा कमी ल्याउने प्रयास गरिरहेको छ । तै पनि यो अपेक्षित ढंगले अघि बढ्न सकेको छैन । SAPTA लागु भएतापनि सदस्य राष्ट्रहरु बिचको ब्यापार अभिवृद्धि सन्तोषप्रद रहेको छैन । यसका लागि अल्पविकसित सदस्य राष्ट्रहरुको आर्थिक वृद्धिलाई चाहिने लगानी बृद्धिका साथसाथै स्वतन्त्र ब्यापार क्षेत्र सक्षम ढंगबाट संचालन हुनलाई चाहिने पूर्वाधारको ब्यवस्था एक साथ हुन जरुरी छ । विशेष गरी यातायातको ब्यवस्था, निर्वाध पारवहन सुविधा, भन्सार प्रकृया सरलीकरण जस्ता विषयहरुमा ध्यान जान आवश्यक हुन्छ । साथै ब्यापार निती, मौलिक वित्तिय, विनिमय जस्ता नितीहरुमा पनि न्यूनतम सामानजस्य कायम गर्न आवश्यक हुन्छ । अल्पविकसित राष्ट्रहरुलाई चाहिने माथि उल्लेखित बिशेष सहुलियत बाहेक स्वतन्त्र व्यापार स्थापना भएपछि क्रमश : भन्सार शुल्क घटाउने र हटाउने समयावधी बढी हुनु पर्ने यसरी भन्सारबाट हुने राजस्व घटेपछि त्यस बाट पर्ने प्रतिकूल प्रभावलाई कम गर्न बैकल्पिक स्रोत साधनको व्यवस्था हुन जरुरी छ । यस प्रकार सन् २००८ र सन् २०१० मा यस क्षेत्रका मुलुकहरु स्वतन्त्र ब्यापार क्षेत्रमा प्रवेश गरेपछि सन् २०१५ मा 'कस्टम यूनियन' मा जाने छन् । त्यस पछिको चरण भनेको इकोनोमिक यूनियन हो जुन सन् २०२० सम्ममा हुनुपर्दछ भन्ने 'ग्रुप अफ एमिनेन्ट पर्सन' को रिर्पोटमा छ । त्यो कार्य गर्न सदस्य राष्ट्रहरुको आर्थिक अवस्थाको पुन : संरचना गर्नुपर्ने हुन्छ । आर्थिक स्तरमा सदस्य राष्ट्रहरुबीच नितीगत कुराहरुमा समझदारी बन्नु पऱ्यो । भविस्यमा 'इकोनोमिक यूनियन' मा जाने हो भने प्राविधिक समितिका कामहरुले मात्र पुग्दैन त्यसका लागि आर्थिक क्षेत्रमा विशेषज्ञता हासिल गर्नु पर्दछ । स्वतन्त्र व्यापार क्षेत्रको कुरालाई परिभाषित गर्नु पऱ्यो ।[५४]

यस प्रकार स्वतन्त्र व्यापार क्षेत्रका नितीले जनताको समग्र जीवनस्तर उकास्न आवश्यक सहयोग गर्ने देखिन्छ । यी राष्ट्रहरु बीच सहुलियतपूर्ण व्यापार व्यवस्थाले यस क्षेत्र वीच तिब्र व्यापार गतिविधि भै आर्थिक स्थिति मजवुत हुने देखिन्छ । सार्कको सबै भन्दा ठुलो योगदान दक्षिण एशियाली निशुल्क व्यापार क्षेत्रलाई अघि बढाउनुमा नै रहने छ । चाँडो भन्दा चाँडो निजि क्षेत्रका व्यापारी तथा औद्योगिक संस्थाहरुलाई समेत संलग्न गरी यस कार्यकमलाई लागु गरिनु पर्दछ अनि मात्र सार्क पनि दिक्षिण एशियामा एक सशक्त र एकिकृत क्षेत्रीय संगठन सावित हुन सक्दछ र विश्वकै गरिव बस्ने दक्षिण एशियालीहरुले विश्वब्यापीकरणबाट सक्दो फाईदा उठाउन सक्छन् । त्यो नै दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को एउटा महत्वपूर्ण संभावना हो ।

## ५.२ गरिवी निवारण (Poverty Alleviation)

सार्क स्थापना भए पश्चात गरिएको महत्वपूर्ण प्रतिवद्धता गरिवी निवारण हो । सन् २००१ सम्ममा दक्षिण एशियाबाट गरिवी निर्मूल गर्ने प्रण दक्षिण एशियाली मुलुकहरुका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुबाट

[५३]पूर्ववत् पाद टिप्पणी, पृ. २६

[५४] पूर्ववत् पाद टिप्पणी, पृ.२७.

गरिएको थियो । दक्षिण एशियाका लागि यो कम महत्वको प्रतिज्ञा थिएन किनभने संसारका सम्पूर्ण गरिवहरुको झण्डै आधा संख्या दक्षिण एशियामा बसोवास गर्दछन् । अशिक्षा, अज्ञानता, रोग, भोक र स्वास्थ्यका न्यूनतम सुविधाबाट बञ्चित दक्षिण एशिया विश्वको सबैभन्दा गरिव क्षेत्रको रुपमा चिनिन्छ । जनताका लागि अत्यावश्यक आधारभूत आवश्यक्ताबाट बञ्चित रहनु परेको स्थितिको मूल कारण विद्यमान गरिवी नै थियो । त्यसकारण क्षेत्रीय स्तरमा गरिवी निर्मूल गर्ने प्रणले आवश्यक राजनीतिक प्रतिबद्धता तथा इच्छा शक्ति देखिएला भन्ने ठुलो अपेक्षा थियो तर त्यसो भने हुन सकेन । तै पनि क्षेत्रीय तहमा राजनीतिक नेतृत्वबाट गरिएको प्रणले स्वभाविक रुपमा राष्ट्रिय तहलाई आवश्यक उत्प्रेरणा तथा उर्जा उपलब्ध हुने मात्र होइन क्षेत्रीय तहको प्रतिवद्धताले एक अर्काको अनुभव साटासाट गर्ने तथा एक अर्काको सफल तथा असफल अनुभवबाट उचित शिक्षा लिन सकिने संभावना प्रदान गरेको थियो । कतिपय कुरामा गरिवी निबारणका लागि क्षेत्रीय सहयोग पूर्वाधार ठहर्न सक्ने तथ्यलाई यहाँ विर्सन सकिदैन।

गरिवी निवारणको चुनौतीलाई सामना गरी अगाडी बढ्न अन्य कुराहरुका अतिरिक्त आर्थिक विकासको दरमा बृद्धि अत्यावश्यक ठहर्छ । हाल सम्मको अनुभव तथा गरिवी निवारणमा सफलता पाएका मुलुकहरुको अनुभवले गरिवी निवारणका लागि सरदर वार्षिक ७% आर्थिक विकासको बृद्धि दर आवश्यक हुने गर्दछ । अनि मात्र अर्थतन्त्रको गरिवी निवारणका लागि चाहिने रोजगारीका अवसरहरु, सामाजिक तथा आर्थिक पूर्वाधार सिर्जना गर्न चाहिने लगानी तथा राष्ट्रिय उत्पादन तथा पूँजि प्रति गरिवहरुको पहुँच बढाउन सकिन्छ । आर्थिक विकासको वृद्धिदरमा बढोत्तरीका लागि दुई वा बढी देशहरु बीच आर्थिक क्रियाकलाप बढ्नु आवश्यक हुन्छ । आयात र निर्यातमा बाञ्चित बृद्धिका लागि द्विपक्षीय वा बहुपक्षीय मुलुकहरुका बीच सहयोग र समझदारीको खाँचो हुन्छ । दक्षिण एशियाली मुलुकहरु जहाँ आन्तरिक व्यापारको अनुपात अत्यन्त न्यून रहने गरेको छ । त्यहाँ आपसी व्यापारमा बृद्धि गर्ने द्विपक्षीय तथा बहुपक्षीय तहमा आर्थिक संभावनाहरुको छनौट तथा किटान हुनुपर्ने हुन्छ । आर्थिक कारोवारका क्षेत्रमा भन्सार तथा अन्य कर व्यवस्थामा समझदारी तथा सहयोगात्मक भावना उत्तिकै जरुरी भएको छ ।

त्यसै गरी आर्थिक विकासको दरमा उल्लेखनिय बृद्धि गर्न विकास आयोजनाहरुमा लगानी सोही अनुपातमा बढाउनु पर्ने हुन्छ । विकास र निर्माणका लागि चाहिने परिमाणको लगानी गर्न सक्ने क्षमता दक्षिण एशियाली मुलुकहरुको श्रोत र साधनले मात्र प्रयाप्त हुन नसक्ने हुन सक्छ । यस्तो स्थितिमा पनि आर्थिक क्षेत्रमा सहयोग तथा लगानीका लागि बाञ्चित वातावरण आवश्यक मात्र होइन अनिवार्य हुन जान्छ । यी सबै कुराबाट गरिवी निवारणका लागि क्षेत्रीय तहमा गरिने प्रण तथा समयबद्ध प्रतिवद्धताले आर्थिक, सामाजिक क्षेत्रमा सहयोगको क्षेत्रलाई व्यापक र विस्तारित गर्न समेत मद्दत पुग्ने हुँदा गरिवी निवारण सम्बन्धी क्षेत्रीय प्रतिवद्धता तथा प्रण उचित मान्न सकिन्छ ।

गरिवी निवारण जस्तो चुनौतीपूर्ण लक्ष्य प्राप्तीका लागि आर्थिक विकासको बृद्धिदरमा बढोत्तरीका साथै अन्य कतिपय कुराहरुको खाँचो पर्दछ । त्यस मध्ये सबै भन्दा महत्वपूर्ण पक्ष हो गरिवी । आफैलाई आफ्नो गरिवी निवारणका लागि सक्रिय सहभागी गराउनु र यसका लागि स्वयम् सदस्य राष्ट्रहरुले संचालन गर्ने कार्यक्रमहरुबाट मात्र गरिवी निवारण हुन्छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ले नेपालका पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा गठन गरेको गरिवी निवारण सम्बन्धी उच्च स्तरीय आयोगलाई एउटा महत्वपूर्ण कदम मान्न सकिन्छ । दक्षिण एशियाको गरिवी निवारण सम्बन्धी आयोगले गरेको अध्ययन र विष्लेषणबाट गरिवी निवारणका लागि गरिव आफैले संगठित हुनुपर्ने खाँचो तथा गरिवीलाई सामाजिक

परिचालनको माध्ययमद्वारा उ भित्र विद्यमान शक्ति तथा क्षमतालाई बाहिर ल्याउन नागरिकको भूमिका खेल्न सक्ने आत्मविश्वास पैदा गराउँदै लाने उत्प्रेरणा प्रदान गर्ने कुरा गरिव आफैले गरिवी निवारणको लागि आफ्नो प्रतिवद्धता जगाउन समूहमा संगठित भै अनिवार्य मासिक वचत कार्यक्रमबाट कार्यक्रम प्रारम्भ गरेको हुन्छ । गरिवको पहुँच साख व्यवस्थामा प्रवाहित गर्ने उपायहरुलाई सरल गराउनु पर्ने हुन्छ । समूहगत रुपमा गरिवहरुबाट हुने यस्तो प्रयत्नलाई आर्थिक तथा प्राविधिक टेवाहरु पुऱ्याउने दिशामा राज्य तथा विभिन्न संस्थागत संरचनाहरुले भूमिका खेल्नु पर्ने हुन्छ ।[५५]

नेपालको सन्दर्भमा हेर्दा लघु ऋृण कार्यक्रम प्राथमिक कर्जा व्यवस्थापन, सघन ऋृण कार्यक्रमका साथै कृषि विकास वैंक तथा ग्रामिण विकास बैंकहरुले गरिवहरुका लागि साखमा पहुँचलाई व्यापक र विस्तारित रुपमा लान सक्ने देखिन्छ भने कृर्षि तथा ग्रामिण विकास सित सम्बद्ध सरकारी तथा अर्धसरकारी निकायहरुले गरिवहरुको पहुँच यी सेवा तथा सुविधाहरु हुन सक्ने वातावरण श्रृजना गर्नुपर्ने हुन्छ । व्यवहारमा यस तर्फको प्रयासलाई मान्न सकिने खालको छैन ।

प्रजातन्त्रको पुर्नवहाली पश्चात विशेषगरी गैह्र-सरकारी संस्थाहरुको गठनमा जुन प्रकारको व्यापकता आयो त्यसले स्थानिय स्तरमा गरिवी निवारण सम्बन्धी कार्यक्रममा संलग्न रहने संस्था वा समुहहरुको विस्तारमा पनि ठूलो प्रभाव हुन्छ । दुर्भाग्यको कुरा सरकारी तहमा भने देश, गाउँ ठाउँमा भैरहेको एक किसिमको "सुक्ष्म कान्ति" लाई पहिचान गर्ने तथा यसको अधिकतम् उपयोग गरी गरिवी निवारण कार्यक्रमलाई व्यापक र विस्तारित गराई लाने रणनिती तर्फमा ध्यान पुग्न सकेको पाईदैन । यसको कारण सम्भवत : एउटा कारण दातृमुखी विकास अवधारणा तथा दातृ समुहको प्रमाण हुन सक्छ । अहिले सम्पूर्ण विकासोन्मुख मुलुकहरुको लागि गरिवी निवारण प्राथमिकताको विषय भैसकेको छ । त्यसैकारण संयुक्त राष्ट्रसंघको पहलमा सम्पन्न शिखर सम्मेलनले पनि गरिवी निवारण सम्बन्धी लक्ष्य समेत किटान गरी आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । त्यसरी नै विश्व बैंक तथा अन्तराष्ट्रिय मुद्रा कोष जस्ता अन्तराष्ट्रिय संस्थाहरु तथा एशियाली विकास बैक जस्ता क्षेत्रीय सहायता संस्थाहरु पनि अव आफ्नो उद्देश्य र लक्ष्य गरिवी निवारणलाई पहिलो प्राथमिकतामा राख्दछन् । दातृराष्ट्र तथा अन्य संस्थाहरुले पनि गरिवी निवारण प्रति लिएको चासो तथा दिएका प्राथमिकता जस्ता विकासोन्मुख मुलुकहरुका लागि उपयोगी तथा महत्वका कुराहरु हुन् तर माथि उल्लेख गरिए भै गरिवी निवारणका लागि राष्ट्रिय तथा स्थानीय प्रतिबद्धताहरुको उत्प्रेरणा जगाई अनि त्यस किसिमको स्थानिय प्रयास र प्रक्रियामा टेवा पुऱ्याउने रणनिती दिगो विकास तथा गरिवी निवारणका लागि स्थानिय प्रतिवद्धताका दृष्टिले उपयोगी हुने थियो । त्यसको सट्टा रणनिती तर्जुमा नै प्रमुख भूमिका खेल्ने तथा सोही अनुरुपको व्यवहार खोजिने गर्दा संधै भरी गरिवी निवारण सम्बन्धी रणनिती तर्जुमा गर्ने र त्यसलाई परिस्कृत गर्दै जाने प्रक्रियामा नै अल्मलिने स्थिति देखा पर्न थाल्यो । आठौं योजना पश्चात दशौं योजना सम्म आई पुग्दा गरिवी निवारणलाई उच्चस्तरिय प्राथमिकताको विषय तोकिएको भएता पनि आज सम्म पनि गरिवी निवारण सम्बन्धी रणनिती तर्जुमा प्रक्रिया टुगिंएको देखिदैन ।

दक्षिण पूर्वी एशियाका राष्ट्रहरुलाई उदाहरणको रुपमा लिई केहि समय पहिले विकास प्रक्रियालाई अगाडी बढाउन उत्प्रेरित हुनुपर्ने कुराहरु अगाडी बढिरहेका थिए तर दुर्भाग्यवस ति मुलुकहरुमा भएको आर्थिक संकटको कारण त्यो चर्चा पनि त्यत्तिकै सिमित रहन पुग्यो । यता सन् १९९० को दशकको अवधीमा अफ्रिकी

[५५]डा.मोहनमान सैजु, 'गरिवी निवारण', नेपाल , १६ - २९ पौष, २०५८, पृ. २८

देश युगान्डाले आर्थिक विकासको बृद्धिदरलाई बढाएर लैजाने गरिवीको रेखामूनि वसेको जनसंख्याको प्रतिशत उल्लेख्य रुपमा हटाउन मुद्रा स्फ्रितिको दरलाई घटाई नियन्त्रित गर्न तथा HIV/AIDS जस्तो भिषण प्रकोपलाई पनि नियन्त्रणमा ल्याउन सफल भएको कुरा हाम्रा योजनाकारहरुलाई अत्यन्त प्रभाव पर्ने कुरा भएको छ । अरु मुलुकले राम्रो गरेको कुराबाट सिक्ने, प्रेरणा प्राप्त गर्ने तथा तद्नुरुप आफ्नो व्यवहारमा परिवर्तन ल्याउन प्रयत्न गर्ने भन्ने कुरा नराम्रो होइन तर युगान्डामा यी कुराहरु सफल हुनु र हामीकहाँ असफल हुनुका कारणहरु पत्ता लगाई आफ्ना कमी कमजोरीहरुलाई सच्याई अगाडी बढ्नु पर्ने कुरा अत्यन्त जरुरी भएको छ ।

युगान्डा राजनैतिक शान्ति तथा राजनैतिक तहको प्रतिवद्धता तथा इच्छा शक्ति नै सफलताको प्रमुख कारणहरु बताईएको छ, यसमा दुइमत हुन सक्ने ठाँउ पनि छैन । हाम्रो मुलुकमा राजनैतिक स्थिरता रहेको स्थितिलाई पनि हामी आफैले अस्थिर बनाई राखेका छौं । त्यसरी नै राजनीतिक प्रतिवद्धताको कुरामा संसदमा समर्थक संख्या घटेमा राजिनामा दिनु पर्ने व्यवस्था त संविधानले नै गरेको छ तर गरिवको स्थिति सुधार वा गरिवी निवारणको लक्ष्य पुरा नभएमा कोही कसैले जिम्मेवार लिने व्यवस्था भने उल्लेख भएको छैन । हाम्रो देशमा नत राजनीतिक प्रतिवद्धता छ, नत कुनै राजनीतिक स्थिरता । त्यसरी नै हाम्रो प्राथमिकता कता उन्मुख हुनुपर्छ भन्ने अन्यौलता तेस्रो प्रमुख कारण हो । युगाण्डाको प्राथमिकता ग्रामिण र कृषि क्षेत्रमा रहेको छ । नेपालमा कृषिमा आश्रीत ७६ प्रतिशत र ग्रामिण क्षेत्रमा बसोवास गर्ने ८४ प्रतिशत जनसंख्या छ । कूल ग्राहस्थ उत्पादनमा भने कृषि क्षेत्रको योगदान घटेर ३८ प्रतिशतमा पुगेको छ । यस स्थितिमा हाम्रो विकास रणनीति तथा वार्षिक लगानी कतातिर प्रवाहित छ र हाम्रा प्राथमिकताहरुले कता जोड दिएका छन् भन्ने कुरा स्पष्ट हुन आउँछ । समग्रमा भन्नुपर्दा हाम्रो कारक तत्व अव कसैबाट छिपेको छैन । अरुवाट उत्प्रेरित हुने कुरा त ठिकै हो तर आफु भित्रको परिवर्तनको आशा आफै भित्रको प्रयत्नवाट मात्र सम्भव हुन्छ भन्ने कुरामा सर्वप्रथम सहमती हुनु पर्ने देखिन्छ । दातृ राष्ट्र र संस्थाहरु कति सम्म अह्रनखटनमा रहने भन्ने कुरालाई मुख्य मुद्दा बनाइएको छ ।

SAARC को एघारौं शिखर सम्मेलनमा संयूक्त राष्ट्रसंघको सहस्राब्दी सम्मेलन सन् २००० मा आगामी सन् २०१५ सम्ममा विश्वमा ब्याप्त रहेको गरिवी आधा घटाउन भएको निर्णय र सामाजिक परिचालन गरी गरिवी घटाउन सामाजिक विकासका लागि विश्व सम्मेलनको पञ्च वर्षे समिक्षामा गरिएको प्रतिवद्धतालाई स्मरण गर्दै सार्क राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरु सहमत, सन् १९९१ मा गठित गरिवी निवारण सम्बन्धी कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाउने सहमती एवं घोषणापत्रमा सन् १९९२ मा पुर्व प्रधानमन्त्रि कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा गठित गरिवी निवारण सम्बन्धी दक्षिण एशियाली आयोगले बुझाएको प्रतिवेदनले जोड दिए झै सामाजिक परिचालन, ग्रामिण क्षेत्रको विकास, रोजगारीको श्रृजना जस्ता कुरामा जोड दिंदै विपन्न वर्ग र महिलालाई मद्दत पुग्ने गरी लघु वित्त कार्यक्रम, कृषि क्षेत्रमा सुधार गर्नका लागि आवश्यक कार्यक्रम पहिचान गर्न प्राविधिक समितिलाई निर्देशन दिइएको छ । सम्मेलनले गरिवी निवारणका क्षेत्रमा एक सदस्य राष्ट्रमा भएका उपलब्धीहरुलाई अर्को राष्ट्र सम्म पुऱ्याउने राष्ट्रसंघिय नियोग र स्वतन्त्र अनुसन्धानहरुलाई सहयोगको प्रोफाइलको नियमित समिक्षा गर्न मन्त्रिपरिषदलाई निर्देशन दिने एवं प्रकारले सार्क राष्ट्रहरुले लिई रहेका नीतिहरु मध्य प्रत्येक राष्ट्रबाट दुई नीतिहरु अनुमोदन गर्ने र प्रतिवेदनलाई समयानुकुल समीक्षा र परिमार्जन गर्ने जस्ता निर्णयहरु हुनु यसका सकारात्मक पक्षहरु हुन् । तर यी सबै कुरा अधिकांश कागजी प्रतिवद्धतामै सिमित रहेका छन् ।

सन् २००५, नोभेम्वर १२ र १३ मा वंगलादेशको राजधानी ढाँकामा सम्पन्न १३ औं सार्क शिखर सम्मेलनको अन्तमा जारिगरिएको सार्क घोषणामा सन् २००५ देखि सन् २०१५ सम्मको दशकलाई सार्क गरिवी निवारण दशकका रुपमा मनाउने कुरा उल्लेख छ । क्षेत्रीय आयोजना र कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गरिवी निवारणको कोषमा रकम बृद्धि गर्ने, साफ्टालाई सन् २००६ को जनवरी १ देखि कार्यान्वयनमा ल्याउने पतिवद्धता जनाउने, उर्जा, यातायात, संचार सम्पर्क, व्यापार उदारीकरण र पारवहन सुविधा बिस्तार गर्ने कुरा पनि घोषणा-पत्रमा छन् । घोषणामा सबै प्रकारका आतंकवादको निन्दा गदै आतंक बिरुद्ध लड्न दोहोरो मापदण्ड नअप्नाउने प्रतिवद्धता व्यक्त गरिएको छ ।

सार्क जलवायू अध्ययन केन्द्र भारतमा रहने, सन् २००९ लाई दक्षिण एशियाली पर्व वर्ष मनाउने घोषणा गरेर जनस्तरको सम्बन्ध बढाउने, सार्क उर्जा केन्द्र इश्लामवादमा राख्ने कुरालाई १३ औं सार्क शिखर सम्मेलन ढाँका घोषणापत्रले जोड लिएको छ । क्षेत्रीय स्तरमा वातावरणिय महासन्धि गर्ने भनि घोषणामा उल्लेख छ । [५६]

विश्व सम्बन्धी वार्षिक अंक सन् २००९ मा दक्षिण एशियाली मुलुकहरु आधुनिक विकास मापदण्डको हिसावले निकै पछाडी परेको क्षेत्र ठान्न मिल्ला तर दक्षिण एशिया क्षेत्र भित्र विद्यमान प्राकृतिक क्षोत्र र सम्पदा, जैविक विविधता तथा अथाह जनसक्तिको क्षमतालाई र यस क्षेत्रसंग विद्यमान प्रतिस्पर्धाको क्षेत्रलाई मात्र हेर्ने हो भने दक्षिण एशियामा क्षेत्र गरिवीको क्षेत्र भनि चिनिनु पर्ने छैन किनकि दक्षिण एशियाली विद्यमान सम्भावना, साधन र स्रोतको उचित मात्रामा परिचालन गर्न सक्ने हो भने सम्पन्नताको क्षेत्रमा परिणत हुन सक्ने कुरा विशेषज्ञ तथा विकासविद्हरुले ठम्याएका छन् । [५७]

**५.३ दक्षिण एशियामा आतंकवाद (Terrorism in SAARC) :**

आतंकवाद बिरुद्ध क्षेत्रीय महासन्धि सन् १९८७ को नोमेम्बर २-४ मा काठमाण्डौमा सम्पन्न भएको तेस्रो सार्क शिखर सम्मेलनमा हस्ताक्षर गरिएको थियो । यो महासन्धि सबै सदस्य राष्ट्रहरुले अनुमोदन गरे पश्चात २२ अगस्त १९८८ देखि लागु भएको थियो ।

यस सम्बन्धमा यस महासन्धिले राम्ररी स्थापित भैसकेका अन्तराष्ट्रिय कानूनका धेरै जसो सिद्धान्तहरु प्रति क्षेत्रीय महत्वका रुपमा केन्द्रित गरेको छ । यसको प्रवन्धमा सम्पूर्ण सदस्य राष्ट्रहरु अपराधी आतंकवादीहरुलाई सुपुर्दगी गर्न अथवा मुद्दा चलाउन बचनबद्ध छन् । यसरी अपराधिक गतिविधिमा संलगन आतंकवादीलाई आफ्नो क्षेत्राधिकारको भए आफ्नै देशमा मुद्दा चलाउनु पर्ने व्यवस्था यस महासन्धिले गरेको छ । यस महासन्धि अन्तर्गत निरोधात्मक कार्यक्रममा आपसी सहयोगका लागि आतंकवाद विरुद्ध लड्न सूचनाको आदान-प्रदान, बृद्धि र सिपबाट पनि क्षेत्रीय सहयोगको कल्पना गरिएको छ ।

आतंकवादी प्रभाव र घटना, रणकौशल, रणनीति तौरतरिकाका बारेमा सुचना संकलन गर्ने, विश्लेषण गर्ने र प्रचार-प्रसार गर्नका लागि श्रीलंकाको कोलम्बोमा सार्क आतंकवादी अपराध अनुगमन निकाय (The SAARC Terrorist Offences Monitoring Desk: STOMD) को स्थापना गरिएको छ । [५८]

२०५८ साल जेष्ठ १९ गते राती नेपालमा घटेको राजदरवार हत्याकाण्डले जसरी सनसनी मच्चाएको थियो, त्यस्तै गरेर ११ सेप्टेम्बर २००१ का दिन न्यूयोर्कको विश्व ब्यापार केन्द्र दुई विमानरुपी मिसाइलवाट

[५६] 'सार्कमा अपगानिस्तान, चीन र जापान', अन्तराष्ट्रिय मञ्च, वर्ष २२ ,अंक ३., २०६२, पृ. २१

[५७] .मोहनमान सैंजु, नेपाल, १६-१९ पौष, २०५८

[५८] इन्द्र बहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, (प्रथम संस्करण २०५८), आशिष पुस्तक भण्डार ,काठमाण्डौ ,पृ.२८७

जसरी ध्वस्त भयो, त्यसरी नै १३ डिसेम्बेर २००१ मा भारतको संसद भवनमा जुन किसिमको आतंकवादी आक्रमण भएको छ । त्यस्तै गरेर हाल विश्वका विभिन्न भागमा भैरहेका आतंकवादी हमलाले गर्दा आज सम्पूर्ण विश्वलाई स्तब्ध मात्र तुल्याएको छैन, एक पटक समग्र रुपमा सुरक्षाको स्वरुप र यसको मानव जातीको अस्तित्व र विकाससंग रहेको सम्बन्धबारे गम्भीर रुपमा विचार गर्न पुन : बाध्य तुल्याई दिएको छ । नारायणहिटी राजदरवारको अप्रत्यासित घटना आफ्नै किसिमको विडम्वनापूर्ण हो तर दक्षिण एशियाको राजनीतिक इतिहासमा विडम्वनापूर्ण हत्याकाण्ड यसभन्दा पुर्व पनि नभएका त होइनन् यस सन्दर्भमा भारत र पाकिस्तानका प्रमुख नेतृत्व लिएका परिवारमा भएको हत्याकाण्ड, भारतमा इन्दिरा गान्धी र उनका दुई पुत्र राजिव गांन्धी र सञ्जय गान्धीको हत्या र पाकिस्तानमा जुल्फीकर अलि भुट्टो र उनका दुई पुत्रको हत्याकाण्डलाई हामीले उदाहरणको रुपमा लिन सक्छौं।राजहिंसाको वर्तमान परिप्रेक्ष्यलाई केलाउँदा दक्षिण एशियामा कावुल, कोलम्बो, कामरुप, काठमाण्डौ र काश्मिर जोड्ने एउटा आतंकको पञ्चकोण वनेको देखिन्छ तर हत्या, हिंसा र प्रतिहिंसाको इतिहास दक्षिण एशियामा नयाँ भने होइन, हजारौं वर्ष पुरानो छ । [५९]

विशेष गरी सुरक्षाको सम्बन्धमा सन् १९८७ को तेस्रो सार्क शिखर सम्मेलनमा आतंकवादलाई निर्मूल गर्ने सम्बन्धमा ११ धारा भएको क्षेत्रीय सन्धि पारित भएको थियो पछिल्लो अवस्थामा आएर ११ औं शिखर सम्मेलनले आतंकवाद दमन गर्ने सार्क महासन्धि (१९८७) अनुरुप आ-आफ्ना मुलुकमा राष्ट्रिय कानून तर्जुमा गर्ने र परस्पर सहयोग गरेर त्यसलाई कार्यान्वयन गर्नुका साथै संयूक्त राष्ट्र संघ सुरक्षा परिषदले पारित गरेको प्रस्ताव नं १३७३ मा आधारित सबै सदस्य राष्ट्रहरुले सो प्रस्ताव तथा आतंकवादलाई आर्थिक सहयोग नियन्त्रण सम्बन्धी अभिसन्धिलाई राजनेताहरुले ग्रहण गरेर आफ्नो क्षेत्रमा त्यसलाई कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गरेका छन् । उक्त कुरालाई दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को २३ औं मन्त्रिपरिषदको वैठकमा यस क्षेत्रमा देखा परेका आतंकवाद नियन्त्रण गर्न वैठकले महासन्धिको समसामयिक सुधारका लागि प्रक्रिया अगाडी बढाउने थप निर्णयमा समेत जोड दिएको छ तैपनि यस क्षेत्रमा आवश्यक प्रगति भने हुन सकेको छैन । औपचारिक रुपमा यस्ता विषयहरु अनिवार्य हुन जान्छन् तर अनौपचारिक रुपमा अझ गहिरिएर हेर्ने हो भने, दक्षिण एशियामा सुरक्षा र विकासको अन्तरभूत सम्बन्ध गहिरो पार्ने हो भने सार्कको सुरक्षालाई समग्र रुपमा नियाल्नु आवश्यक छ । एकाङकी राजनीतिक वा सामरिक परिप्रेक्ष्यबाट मात्र यसको समाधान खोज्नु दिवा सपना मात्र हो । दक्षिण एशियाको सुरक्षाको स्वरुपलाई हामी निम्न अनुसार हेर्न सक्छौं । [६०]

- दक्षिण एशिया स्वतन्त्र भू-राजनीतिक क्षेत्र भएकोले यो यूद्ध क्षेत्रको रुपमा रहेको छ । जहाँ चालिस लाख मानिस घोषित रुपमानै शस्त्रास्त्रबाट सुसज्जित छन् ।
- प्राकृतिक विशेषताको रुपमा रहेको क्षेत्रीय विविधता (भूमि, जनशक्ति र श्रोत) निकै नै व्यापक छ । यसले भौगोलिक तथा जीवशास्त्रिय विविधता देखि लिएर जातिय तथा सामाजिक परिबेसलाई समेत समेटेको छ ।
- यस क्षेत्रका सदस्य सम्बन्धी मुद्दा कतिपय मुलुकमा दिर्घकालिन तथा साझा प्रकृतिका छन् । केहि शताब्दी देखि केहि दशक अघि सम्मका छन् ।
- यस क्षेत्रमा रहेका सबै मुलुकहरु मध्ये भारत सबै भन्दा ठूलो छ । जनसंख्या, भूगोल, आर्थिक श्रोत र सैन्य सक्तिको दृष्टिकोणले भारत माथिल्लो स्थानमा रहेको छ । सैन्यस्थल
- शक्तिहरु मध्ये चौथो राष्ट्र, जनशक्तिको दृष्टिकोणले छैठौं ठुलो शक्ति राष्ट्र र वायू शक्तिका दृष्टिकोणले आठौं ठुलो शक्ति राष्ट्रको रुपमा रहेको छ ।
- भारत तथा पाकिस्तानको सैन्य शक्तिको सवलिकरण एक अर्का वीचको सुरक्षा खतराको अनुभूतिवाट निर्देशित छ ।

---

[५९] आनन्द आदित्य, 'दक्षिण एशियामा आतंकवाद', नेपाल ,१६-२९ पौष, २०५८, पृ. ३९

[६०] ऐजन ,नेपाल, १६-२९ पौष , २०५८, पृ.३९

- शान्ति र पारस्परिक सहयोग सम्बन्धी अभियानको थालनी यस क्षेत्रका स-साना राष्ट्रहरुले गर्दै आएका छन् । वंगलादेशले सार्कका लागि, शान्तिक्षेत्रका लागि नेपालले र श्रीलंकाले भारतिय उपमहाद्धिपको स्थायी शान्ति सम्बन्धी प्रस्ताव ।
- यस क्षेत्रका ठुला दुई मुलुकहरु भारत र पाकिस्तान जुम्ल्याहा रुपमा जन्मिएका भएतापनि यिनीहरुले तिनपटकसम्म युद्ध गरिसकेका छन् भने हाल यी दुवै राष्ट्र आणविक शक्ति सम्पन्न राष्ट्र भएका छन् ।
- भारत - पाकिस्तान वीच भएको सन् १९९९ को कारगिल युद्ध आणविक शक्ति सम्पन्न युद्ध भएकोले यसले ऐतिहासिक महत्व राख्दछ ।
- सुरक्षा खर्चमा न्यूनिकरण भै रहेको आजको विश्व परिवेशमा भारत र पाकिस्तानमा भने सैनिक बजेटमा वृद्धि भएको छ ।
- दक्षिण एशिया विश्वमै विपन्न क्षेत्र अन्तर्गत पर्दछ जहाँ ४५ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । यस्तो विपन्नताको स्थिति हुँदाहुँदै यस क्षेत्रको उल्लेख्य श्रोत तथा साधन सैन्य क्षेत्रमा प्रयोग गरिएको छ । दक्षिण एशियामा हुने सैन्य शक्तिको ९० प्रतिशत खर्च भारत र पाकिस्तानले गर्ने गरेका छन् ।
- दक्षिण एशियाको सन्दर्भमा आणविक शक्तिको विकासले परम्परागत रुपमा सैन्य शक्तिमा लाग्ने खर्चलाई घटाउँछ भन्ने भनाई यस मामलामा भ्रमात्मक सावित भएको छ ।
- आणविक शस्त्रास्त्रको सन्तुलन संगै संगै यस क्षेत्रमा विद्रोही समूहहरु देखा पर्दैछन् र हात हतियारद्वारा सुसज्जित हुँदै छन् । यस प्रकारका हतियारधारी समुहले गर्दा राष्ट्रगत तथा क्षेत्रगत असुरक्षा बढ्दै गएको छ ।

माथिका बुँदाहरुले दक्षिण एशियाको सुरक्षा सम्बन्धी अवधारणा र भूमिकाको स्वरुपलाई पुनः ब्यवस्थित गर्ने त्रिपक्षीय राजनीति सम्बन्धी पृष्ठभूमि माथि प्रकास पार्दछ । यस किसिमको रणनितीमा परम्परागत रुपमा रहेका मानिसको नयाँ भूमिका के कस्तो रहेको छ र प्रजातान्त्रिकरण, विकास तथा राष्ट्रिय एकताको सरलीकरण प्रकृयाको लागि सुरक्षाको समग्र रुपमा के कस्तो प्रभाव परेको छ भन्ने कुरामा आधारित छ । यदि सुरक्षा व्यवस्था बहुपक्षीय हुने हो भने स्वभावैले असुरक्षा सम्बन्धी अवधारणालाई पनि बहुपक्षीय सन्दर्भबाट हेरिनु पर्दछ । यसको अर्थ के हो भने राष्ट्रिय सुरक्षा योजना सम्बन्धी नयाँ अवधारणाले व्यक्ति विशेषको सुरक्षाका साथै समग्र समाज तथा समुदायको सुरक्षालाई दरिलो बनाउँछ । यसमा जनताको भूमिकालाई बढाउने प्रक्रिया देखि राजनेताहरुको पेशागत भूमिकाका साथसाथै परम्परागत सामाजिक नितीको पनि अनिवार्य भूमिका रहेको हुन्छ तर यस्तो एकिकृत प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्न नागरिक समाजको आधारभूत भूमिका रहेको हुन्छ । [६१]आतंकवाद विरुद्ध सार्क क्षेत्रीय महासन्धिमा सार्कको तेस्रो शिखर सम्मेलन (सन् १९८७) मा हस्ताक्षर गरिएको हो । [६२]

सार्कको एघारै शिखर सम्मेलनमा ७ वटा मुलुकका प्रतिनिधीहरुवीच आफ्नो नागरिक समाजलाई सहि दिशातर्फ सक्रियरुपमा उन्मुख पार्न आतंकवादलाई दमन गर्न सार्क महासन्धि (१९८७) अनुसार आ-आफ्नो मुलुकहरुमा राष्ट्रिय कानुन तर्जुमा पार्ने,परस्पर सहयोग गरेर यसलाई कार्यान्वयनमा ल्याउनुका साथै संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले पारित गरेको प्रस्ताव नं. १३७३ मा आधारित रहेर ठोस तथा समष्टिगत रुपमा आतंकवाद विरुद्ध समाधान खोज्ने सहमति हुन सक्यो र कार्यान्वयनमा इमानदारिता देखिएको खण्डमा सार्कको सफलता प्रति धेरै नै आशा गर्ने ठाँउ रहेको छ । एघारौं सम्मेलनको यो विशेष उपलब्धीलाई सात वटै राज्यले कार्यान्वयन गर्ने प्रतिवद्धता भैसकेकोले दक्षिण एशियामा आतंकवाद माथि एउटा कार्यान्वयन गर्न सकिने समयानुकुल कार्यक्रममा सचेत भएर नयाँ पाइला चाल्नै पर्दछ ।

---

[६१] ऐजन ,नेपाल, १६-२९ पौष , २०५८, पृ.३९

[६२]चुडामणि शर्मा, सार्क बृहत ज्ञानकोष, (२०६३अषाढ), नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि. काठमाण्डौं, पृ. ११५

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरुका सरकार प्रमुख तथा राष्ट्र प्रमुखहरुको वंगलादेशको राजधानी ढाँकामा १२–१३ नोभेम्वर, २००५ मा सम्पन्न भएको तेह्रौ शिखर सम्मेलनले आतंकवादको कडा शब्दमा भत्सना गरेको छ र November १३, २००५ मा घोषणा भएको ढाँका घोषणा पत्रद्वारा गरिएको प्रतिवद्धता निम्न अनुसार छ ।"दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र संयूक्त राष्ट्रसंघको वडा पत्रको विपरित अन्तराष्ट्रिय शान्ति सुरक्षामा समेत बर्दीधारी आतंककारीहरुले ठूलो आघात पुऱ्याएका छन् । सरकार प्रमुख र राष्ट्र प्रमुखहरुले आफ्ना राष्ट्रका हितका लागि आतंककारीहरुलाई दवाउन सबै राष्ट्रहरु मिलेर प्रभावकारी संयन्त्रको निर्माण गरी लागु गर्ने निर्णय गरेका छन् । आतंककारी हिंसाले राष्ट्रका सबै स्वरुप र विकासका संरचनालाई असर पार्ने, राज्यहरुलाई चुनौति दिने र सम्पूर्ण मानव जातिकै हानी गर्दछ । आतंकवादले कुनै पनि क्षेत्रको हित गर्दैन । हामीहरुसंग आतंकवाद विरुद्धको लडाइमा दोहोरो निती हुन सक्दैन । यदि तत्कालै हाम्रो क्षेत्रमा आतंककारीहरुले आक्रमण गरे भने, हाम्रो सुरक्षा, आर्थिक स्थिरता र सामाजिक विकासमा असर पर्ने छ । आतंककारीहरुको निर्धारण गरेर संयूक्त प्रयासद्वारा उनीहरुलाई हाम्रो हानी हुनबाट रोक लगाउनु पर्दछ । हामीहरुले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको प्रस्ताव नं १३७३ (२००१) लाई ध्यानमा राखि यस क्षेत्रमा अतिरिक्त सन्धि तयार गरी त्यसलाई पूर्ण रुपमा लागु गर्नुपर्दछ । त्यस्तै गरेर अन्तराष्ट्रिय आतंकवादलाई बनाउन व्यापक सन्धिको तत्काल निर्माण गर्नु पर्नेमा जोड दिएका छन् । उनीहरुले हामी सदस्य राष्ट्रहरु वलियो हुनको लागि निश्चित महत्वपूर्ण क्षेत्रमा सूचना आदान प्रदान गर्नु पर्दछ र सम्बन्धित निकायसंग समन्वय र सह-सम्बन्ध कायम राख्नु पर्दछ यस्तो कार्यलाई सफल तुल्याउन सार्क राष्ट्र भरीका गृहमन्त्रि र गृह सचिवहरुको वार्षिक मिटिङ्ग राख्नु पर्ने कुरामा एक्यबद्धता जनाएका छन् ।शिथिलात्मक औषधिहरु र भ्रमात्मक बस्तुहरुलाई तयार गर्न नदिन र नकार्न सरकार प्रमुख र राष्ट्र प्रमुखहरुले ठोस निर्देशन दिएर त्यसको लागि अभिसन्धि मार्फत उपयुक्त क्षेत्रीय संयन्त्र तयार गर्ने संझौता पनि भयो । [६३]

यसरी प्रत्येक शिखर सम्मेलनबाट सरकार प्रमुख र राष्ट्र प्रमुखहरुबाट जोडदार रुपमा उद्‌गार भएतापनि कार्यान्वयन पक्ष भने दरिलो हुन सकेको छैन जे होस लिपिबद्ध रुपमा भएता पनि सार्कले यसलाई कार्यरुप दिन हरदम प्रयत्नशिल रहेको पाईन्छ । यस क्षेत्रमा बढ्दै गरेको आतंकवाद प्रति सबै सदस्य राष्ट्रहरु सचेत भएको पनि पाईन्छ जे होस यसले भविश्यमा सकारात्मक कदम चाल्ने छ भन्ने कुरामा हामी विश्वस्त हुनु परेको छ ।

### ५.४ सार्क र अन्य अभिसन्धि (SAARC and Other Convention)

चेलीवेटी तथा वालवालिका र देह ब्यापार विरुद्ध महासन्धि (Convention on Preventiing and combating Trafficking in woman and children for prostitution) सन् २००२,जनवरी ५ तद्नुसार वि.सं २०५८ साल पौष २२ गते सार्कको एघारौं शिखर सम्मेलनमा सार्क राष्ट्र प्रमुख तथा सरकार प्रमुखको प्रतिवद्धता अनुरुप सार्क मन्त्रिपरिषदका सदस्य (सार्क राष्ट्रका विदेश र परराष्ट्र मन्त्रीहरु) द्वारा हस्ताक्षर भएको हो ।

यस सन्धिको व्यवस्था अनुसार सातै राष्ट्रवाट अनुमोदन भै आएको १५ दिन देखि सन्धि पूर्ण रुपमा लागु हुने छ । सन्धिमा चेलीवेटी तथा वालवालिकालाई यौनजन्य ब्यापार तथा देह व्यापारका लागि बेचविखन गर्ने कार्यलाई अक्षम्य अपराध मानी सबै सम्बद्ध राष्ट्रहरुले यसको रोकथामका लागि आवश्यक

---

[६३]चुडामणि शर्मा, सार्क बृहद् ज्ञानकोष,२०६३,नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लिमिटेड चावहिल, काठमाण्डौं, पृ. ४४.

कडा कानूनको तर्जुमा गर्ने, अपराधीलाई सजाय दिन एक आपसमा सहयोग गर्ने, यस्तो कार्यलाई रोक्न सामुहिक उपायहरु अवलम्बन गर्ने, यस्तो कार्यमा पिडित पक्षलाई पूर्नवास, पुन : संरचना, उपचार आदिको उचित व्यवस्था गर्नु पर्ने आदि व्यवस्था गरिएको छ। [६४]

बेश्यावृत्तिका लागि चेलीवेटी र वालवालिकाहरुको बेचविखन रोक्ने र प्रतिरोध गर्ने सार्क अभिसन्धिमा प्रस्तावना र १४ वटा धाराहरु छन् । चेलीवेटी र वालवालिकाहरुको वेचविखनलाई मानव अधिकारको उलंघन र मानिसको प्रतिष्ठा, सम्मान विरुद्धको कलंक मानिएको छ । सन् १९९७ मे. मा नवौं सार्क शिखर सम्मेलनको निर्णय अनुरुप यो अभिसन्धि तयार पारिएको हो । यसमा सन् १९४९ को बेश्यावृत्तिको शोषण र त्यसका लागि ओसार पसार वारेको अभिसन्धि, सन् १९७९ को महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मूलन गर्ने अभिसन्धि, सन् १९६६ को नागरिक र राजनैतिक अधिकार वारेको अन्तराष्ट्रिय अभिसन्धि र सन् १९८९ को वालवालिकाको अधिकार वारे अभिसन्धि लगाएतका सान्दर्भिक कानूनी प्रावधानलाई सम्भना गरिएको छ । सन् १९९५ को वेइजिङ्गमा भएको चौथो विश्व महिला सम्मेलनको सिफारिसहरुलाई कार्यान्वयन गर्नु पर्ने कुरालाई पनि ध्यान दिइएको छ । सार्क मुलुकहरुमा चेलीवेटी र वालवालिकाहरुलाई पठाउने, भित्र्याउने र पारवहन विन्दुको रुपमा उपयोग भै रहेको कुरालाई ध्यान दिइएको कुरालाई नजर अन्दाज गरिएको छ । यस सम्बन्धमा यस्ता ओसार पसारसंग संलग्न र जिम्मेवार व्यक्तिहरुलाई अनुसन्धान गर्ने कार्यमा प्रभावकारी क्षेत्रीय सहयोग बढाउने छ । वेश्यावृत्तिका लागि ओसार पसार गरिएका पिडित पक्षलाई सहयोग पूर्नस्थापना र पक्राउ गर्ने वारे सहयोगमा जोड दिइएको छ । उक्त महासन्धिको धारा १ मा परिभाषा गर्दै १८ वर्ष मुनिकालाई केटाकेटी भनिएको व्यापारिक उद्देश्यबाट गरिएको यौन शोषणलाई वेश्यावृत्ति मानिएको, देश भित्र वा वाहिर वेश्यावृत्तिका लागि लगेको, वेचेको वा किनेकोलाई वेचविखन र यस्तो ओसार पसारमा संलग्न व्यक्ति, ऐजेन्सी वा संस्थालाई ओसार पसार गर्ने भनिएको छ । यस्तै ओसार पसारमा पसेको व्यक्ति भन्नाले ति पिडित महिला र वालवालिकाहरु हुन् जसलाई ओसार पसार गर्नेहरुले वेश्यावृत्तिका लागि भुक्काएर, धम्काएर, वल पूर्वक अपहरण गरी वेचेर, विवाहको बहाना गरेर, वाल विवाह गरेर वा अन्य कुनै गैह्र कानूनी उपायबाट फसाइएका छन् । ओसार पसारका क्रममा उम्काइएका वा गिरफ्तार गरिएकाहरुलाई ल्याएर उपचार, हेरविचार र पूर्णस्थापना गर्न सदस्य राष्ट्रहरुले स्थापना गरेकागृहहरुलाई सुरक्षात्मकगृह (Protective Home) भनेको छ । अन्तराष्ट्रिय सिमा पारीबाट उत्पत्तिको मुलुकमा फर्काउनेलाई प्रत्यागमन (रिपाडियसन) भनेको छ । धारा २ मा अभिसन्धिको क्षेत्र, धारा ३ मा ओसार पसारको अपराध, धारा ४ मा गम्भिर हुनुपर्ने सन्दर्भमा, धारा ५ मा न्यायिक प्रक्रियाहरु, धारा ६ मा पारस्परिक कानुन सहायता, धारा ७ मा सुपुर्दगी वा कारवाही, धारा ८ मा चेलीबेटी र वालिकाहरुको ओसार पसार रोक्ने उपायहरु धारा ९ मा पिडितहरुको हेरचाह, उपचार,पुर्नस्थापना र प्रत्यागमण, धारा १० मा कार्यान्वयन, धारा ११ मा उच्चतम कारवाहीहरु, धारा १२ मा हस्ताक्षर र अनुमोदन, धारा १३ मा लागु हुने व्यवस्था र धारा १४ मा महासचिव कहाँ अनुमोदित अभिसन्धि डिपोजिट राख्ने व्यवस्था छ । उक्त महासन्धिले बेश्यावृत्तिका लागि बेचविखन र ओसार पसार नियन्त्रण र निराकरणको

[६४] इन्द्र बहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, २०५८, आशिष पुस्तक भण्डार, बागवजार, काठमाण्डौं, पृ. ३०५ - ३०६

सन्दर्भमा अपराधको वारेमा छानविन, अनुसन्धान गर्ने, पुर्पक्ष गर्ने, लगाएतको सजायको व्यवस्था अभिसन्धिका पक्ष राष्ट्रहरुले गर्नु पर्ने व्यवस्था गरेको छ । [६५]

निश्चय पनि क्षेत्रीय समस्याको रुपमा विद्यमान महिला तथा वालवालिकाको वेचविखन र ओसार पसारलाई नियन्त्रण गर्न र रोक्नका निमित्त क्षेत्रीय स्तरमा नै जुन जागरण, ऐक्यवद्धता आएको छ, त्यसलाई अत्यन्त सकारात्मक कदमको रुपमा स्वागत गर्नुपर्दछ । यस सन्धिका पक्ष राष्ट्रहरुले आपसी कानुनी सहयोग आदान प्रदान गर्न सक्ने र त्यस अन्तर्गत सोधपुछ, पुर्पक्ष तथा अन्य कार्यविधिका सम्बन्धमा अनुरोध भएका प्रमाणहरु दिने, वयान, वकपत्र गर्ने, सूचना, कागज पत्र, न्यायीक तथा फौजदारी रेकर्डहरु उपलब्ध गराउने, अपराधीको क्षेत्र र उसलाई पहिचान गर्ने बस्तु पत्ता लगाउन सहयोग गर्ने, यस सन्धिले अपराध घोषणा गरेको अपराधमा पक्राउ परेका व्यक्तिका वारेमा प्राप्त प्रमाणहरु उपलब्ध गराउने, अनुसन्धान प्रक्रियामा सहयोग गर्ने दायित्वको पनि व्यवस्था गरेको छ । यस्तो सहयोग मागेको बखतमा छिटो छरितो रुपमा उपलब्ध गराउनु पर्ने दायित्व पक्ष राष्ट्रहरुलाई दिइएको छ ।

यस क्षेत्रीय सन्धिका सकारात्मक पक्षका अतिरिक्त यसमा सुधार गर्नु पर्ने धेरै पक्षहरु समेत रहेका छन् । प्रथमत : यस सन्धिको मुख्य कमजोरी भनेको बेचविखन प्रयोग सम्बन्धी रहेको अवधारणा गलत मान्यता हो । बेश्यावृत्तिको प्रयोजनका निम्ति वेचविखन भनि परिभाषित गरेको छ । यसले गर्दा वेचविखनको दायारालाई सिमित बनाएको छ । वास्तवमा कुनै कार्यको लागि भर्ती गर्दा सिमा भित्र र वाहिर, ओसार पसार गर्दा खरिद विक्रि गर्दा शक्ति वा अख्तियारको दुरुपयोग वा धम्कीको प्रयोग लगाएत जवरजस्ती गरिने कार्यहरु वा  कसैलाई ऋणको वन्धनमा पारेर, समातेर राख्ने, वाध्य बनाउने जस्ता त्रियाकलाप लगाएत कुनै पनि प्रयोजनकालागि गरिने बेचविखन मान्नु पर्ने भन्ने फराकिलो अवधारणालाई यसले समेटेको छैन ।

प्रत्येक राज्यले कुनै पनि व्यक्तिको जाति रङ्ग लैङ्गिक झुकाव, उमेर, भाषा, धर्म, राजनैतिक वा अन्य विचार, साँस्कृतिक विश्वास वा व्यवहार राष्ट्रिय जनजाती वा सामाजिक उत्पत्ति, धन सम्पत्ति, जन्म वा अरु स्थितिको आधारमा तथा वेचविखनको सिकार भएको उनीहरुको परिस्थिति वा देहव्यापारमा काम गरेको आधारमा वेचिएका व्यक्तिहरुलाई कानून अथवा व्यवहारमा भेदभाव गरिने छैन  भन्ने कुराको ग्यारेन्टी गर्नु अत्यन्त आवश्यक छ । यस कुरालाई भने यस सन्धिले समेटेको छैन । कुनै पनि वेचिएकी महिला आफ्नो देशमा फर्कन चाहन्छ भने, जुन देशमा बेचिएकी हो सोही देशको सरकारले पिडित महिलालाई फर्कन आवश्यक र कानुनी सहयोग मिलाउनु पर्ने व्यवस्था लगाएत आफ्नो समुदायमा पुन : प्रवेश गर्दा वेचिएका व्यक्तिहरुको समस्या कम गर्न प्रत्येक राज्यले आफ्नो देश वा समुदायमा फर्कन चाहने वा फर्किसकेका वेचिएका व्यक्तिहरुलाई पुर्नमिलनको लागि सहयोग तथा सहायता कार्यक्रमहरु उपलब्ध गराउनु पर्दछ । आफ्नो परिवार वा समुदायबाट हुने बहिष्कार, उचित रोजगार पाउनका लागि हुने कठिनाई तथा सम्बन्धीत अधिकारीहरुवाट हुने अत्याचार, प्रतिशोध एवं अपहेलनाका कारणले उत्पन्न हुने कठिनाइको निराकरण गर्न वा समाधान गर्न पुर्नमिलनको सहयोग आवश्यक हुन्छ । यस्ता खाले पूर्नमिलनका कार्यक्रमहरु भित्र शिक्षा र रोजगारका अवसरहरुका लागि तालिम तथा अन्य ब्यवसायिक सहयोगको आवश्यक्ता पर्दछन् । यी

[६५] हिरण्यलाल श्रेष्ठ, एघारौं सार्क शिखर सम्मेलन समिक्षा, अन्तराष्ट्रिय मञ्च ,२०५८, वर्ष १८, अंक ४,पृ. ६६-६७

कार्यक्रमहरुले बेचिएका व्यक्तिहरुलाई सिकार बनाउनु हुँदैन । सबै खाले कार्यक्रमहरुले बेचिएका व्यक्तिहरुको विश्वसनियता र गोपनियताको ग्यारेन्टी गरिनु पर्दछ । [६६]

बेचिएका व्यक्तिहरलाई स्वदेश फर्काउने व्यवस्था यस महासन्धिले गरेको छ तर यसले वेचिएका व्यक्तिको स्वदेश फर्कने इच्छा छ कि छैन भन्ने कुरालाई उचित ध्यान दिएको देखिदैन । जुन देशमा उक्त महिला वेचिएर पुगेकि छन् त्यहाँ पिडित महिला फर्कन चाहदैनन् भने, त्यस अवस्थामा जुन देशमा उक्त महिला वेचिएकि हुन सोही देशको सरकारले पिडित महिलालाई पूर्नस्थापना, स्वास्थ्य, कानुनी बसोवास लगाएत अन्य सेवाहरु प्रदान गर्न बेचिएका व्यक्तिहरुको अधिकारहरु र आवश्यक्ताहरु बुझ्नका लागि उपयुक्त तालिम र भरपर्दो सहयोग प्रदान गर्न आवश्यक व्यवस्था सन्धिमा उल्लेख हुनु अत्यन्त आवश्यक छ ।

प्रत्येक गन्तब्य राज्यले बेचिएका व्यक्तिहरुलाई उनीहरु नागरिक भएको देशको राजदुतावास वा वाणिज्य दुतावास अफिसको पहुँच वा यदि  कुनै देशको राजदुतावास वा वाणिज्यदुतावास नभएको खण्डमा त्यस राज्यको उत्तरदायित्व वहन गर्ने कुटनितिक प्रतिनिधि सम्मको पहुँच वा त्यस्ता व्यक्तिहरुको रक्षा गर्ने अभिभारा लिएको राष्ट्रिय तथा अन्तराष्ट्रिय अख्तियार प्राप्त संस्था सम्म पहुँचको प्रत्याभूति गराउने दायित्व पक्ष राष्ट्रलाई दिनु पर्ने व्यवस्था पनि सन्धिमा उल्लेख गर्नुपर्ने देखिन्छ । [६७]

## ५.५ सार्क उप-क्षेत्रीय अवधारणा (SAARC- Growth Quadrangle)

उप-क्षेत्रीयता त्यतिखेर बन्दछ जव कुनै पनि क्षेत्रमा कम्तिमा ३ वटा राष्ट्रहरु एक समूहमा समुहक्रित हुन्छन् । अझ स्पष्ट रुपमा भन्नुपर्दा कुनै एउटा क्षेत्रीय संगठन भित्रका कम्तिमा ३ वटा राष्ट्रहरु मिलेर कुनै विशेष प्रकृतिको कार्य गर्न, कार्यान्वयन गर्न वा अध्ययन, अनुसन्धान गरी त्यसबाट प्रत्यक्ष रुपमा आफुलाई फाइदा हुने र अप्रत्यक्ष रुपमा त्यस क्षेत्रीय संगठनका सबै पक्षलाई फाइदा हुने प्रकृतिका कार्य सम्पन्न गर्न सहमत हुन्छन् भने त्यसलाई उपक्षेत्रीयताको मान्यता दिइन्छ ।

यसरी उपक्षेत्रीयता गठन गर्दा ३ वटा राष्ट्रहरु मिलेर गठन गरे भने त्यसलाई बृद्धित्रिकोण (Growth Triangle) भनिन्छ भने ४ राष्ट्रहरु मिलेर गठन गर्दछन् भने बृद्धि चतुष्कोण (Growth Quadrangle) भनिन्छ । त्यस्तै गरेर ५ वटा वा सो भन्दा बढी राष्ट्रहरु मिलेर गठन गर्दछन्  भने तयसलाई बृद्धिबहुभुज (Growth polygon) भनिन्छ ।

वास्तवमा यसरी उपक्षेत्रीयता गठन गर्दा ति राष्ट्रहरु भौगोलिक रुपमा नजिक हुनुपर्दछ र उनीहरुले त्यस क्षेत्रका मुख्य क्षेत्रहरुमा आर्थिक गतिविधिलाई गति दिन सहयोगात्मक भावना राख्ने प्रण गरेको हुनुपर्दछ । कसै कसैले यसरी आर्थिक गतिविधिलाई गति दिन वा कुनै आयोजनालाई छिटो छरितो रुपमा कुनै संगठनको सदस्य मध्येबाट केहि सदस्यहरु मिलेर छुट्टै उपसंगठन खोलेर कार्य गर्नुलाई बृद्धिचतुष्कोण वा बृद्धिबहुभुजको सट्टा बृद्धिप्रदेश (Growth Corridors) वा बृद्धि क्षेत्र (Growth Zone) को नाम पनि दिइन्छ । यसरी उपक्षेत्रीय समूहको साधारण उद्देश्य नीतिगत ढाँचामा समन्वय ल्याएर संस्था एवं अभ्यासलाई एकिकृत गरेर केही पद्धतिलाई सम्मिलित गरेर सहभागी राष्ट्रहरुमा भएको  साधन श्रोतलाई उचित  रुपमा परिचालन गरी आर्थिक सहयोगलाई अझ बढी गाढा बनाउने हो । [६८]

---

[६६]कृष्ण बहादुर पुन, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का चुनौती र अवसरहरु (१९८५-२००३),सोधपत्र,२०६०,पृ. ८५-८६

[६७]इन्दु तुलाधार, सार्क सम्मेलन, चेलिवेटी र वालवालिका बेचविखन विरुद्ध क्षेत्रीय एक्येवद्धता, कान्तिपुर, विहिवार ,२१ मंसिर,२०५८,पृ. ७

[६८] इन्द्रबहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, २०५८ फागुन, आशिष पुस्तक भण्डार, वागबजार, काठमाण्डौं,पृ.३४०

यसै तथ्यलाई ध्यानमा राखेर दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) भित्र पनि उपक्षेत्रीय समुहको अवधारणालाई अगाडी सारीएको हो । यसलाई सार्क बृद्धि चतुष्कोण (SARRC Growth Quadrangle) नाम दिइएको छ । यसका सदस्य राष्ट्रहरु बंगलादेश, भुटान, भारत र नेपाल रहेको छन् । [६९]

सर्वप्रथम नेपालले यी ४ वटा राष्ट्रहरुबीच प्राकृतिक श्रोत साधनको संयूक्त उपयोग गर्ने तथा आपसी व्यापार विस्तार गर्ने जस्ता कुराहरुमा संयूक्त रुपमा प्रयास गर्नुपर्ने आवश्यक्त महशुस गरी उपक्षेत्रीय अवधारणा अगाडी सारेको थियो । यी राष्ट्रहरु बीच जलश्रोतको अधिकतम सदुपयोग गर्न सकिने संभावना रहेको कारण विश्व बैंक, एशियाली विकास बैंक र अन्य दातृ संस्थाले लगानी गर्ने चासो देखाएका छन् । यहाँ वातावरणिय, आर्थिक, सामाजिक, ब्यापार तथा पारवहन, प्राकृतिक श्रोत साधनको उपयोग जस्ता विभिन्न क्षेत्रहरुमा संयुक्त लगानीका प्रसस्त संभावनाहरु रहेका छन् ।

भौगोलिक रुपले मात्र नभएर सार्कका यी ४ सदस्य राष्ट्रहरुलाई जलश्रोतले पनि एउटै श्रृखलामा समेटेको छ । यसले गर्दा यी राष्ट्रहरु वीच एउटा छुट्टै उपक्षेत्रको रुपमा संगठित गरी प्राकृतिक श्रोत साधनको सामुहिक विकास गर्न निकै सजिलो भएकोले यस उपक्षेत्रीय अवधारणाको विकास भएको हो । यो कुनै पनि राजनैतिक समूह नभै प्रकृति र जलसम्पदाले छुट्याइएको एक आर्थिक उपक्षेत्र हो । दक्षिण एशियामा यस किसिमको उप क्षेत्रीय अवधारणा हालै आएको नभएर सन् १९७७ मा बंगलादेशको राजधानी ढाँकामा सम्पन्न कोलम्बो प्लानको बैठकमा समेत ल्याइएको थियो तर त्यतिवेला यसले मूर्त रुप लिन सकेन । आजभन्दा करिव २५ वर्ष अघि कम्वोडिया र भियतनाम बीच पनि यस्तै समुह गठन भै मेकङ नदिको राम्रोसंग उपयोग गरेर प्राकृतिक श्रोतको द्धिपक्षीय नाम लिएका थिए । आशियान नामक संगठनमा पनि यस्तै उपक्षेत्रीय संगठनको गठन गरिएको छ । त्यसैले यस क्षेत्रमा अधिकतम उपयोग गरी यस क्षेत्रको स्वरुपमा आमूल परिवर्तन गर्न सक्नेछन् ।

प्रारम्भमा नेपालको यस उपक्षेत्रीय अवधारणाप्रति सार्कका अन्य सदस्य राष्ट्रहरुपाकिस्तान र श्रीलंकाले विभिन्न आशंका गरी विरोध समेत प्रकाट गरेका थिए । यस अवधारणाबाट सार्कवडापत्रको उलंघन हुने उनीहरुको जिकिर रहेको थियो तर पछि यस प्रति उनीहरुले समर्थन जनाए । जुन नेपालको निम्ति कुटनीतिक विजय पनि थियो । वास्तवमा उपक्षेत्रीय अवधारणाले सार्क संगठनलाई कमजोर र निष्कृय बनाउने नभएर यसको चौतर्फी विकासमा टेवा पुग्न जाने छ । क्षेत्रीय सहयोगको अवधारणा प्रति नेपालको दृष्टिकोट सदा सकारात्मक रहिआएको छ । क्षेत्रीय सहयोगको संरचना भित्र सम्मिलित हुनुको अर्थ केहि दिनु र केहि लिनु भन्ने हुन्छ। नेपालले पनि आफुसंग भएको श्रोत साधनलाई समेत सामुहिक उपलब्धीका लागि प्रदान गर्नु पर्ने हुन्छ । ताकि अरुबाट पनि सहयोगको अपेक्षा गर्न सकियोस् । यस्तै नेपालले पनि व्यापारीक रुपमा विविधता ल्याउन आवश्यक छ । एउटै किसिमको व्यापारिक प्रणालीबाट प्रगति हुन सक्दैन यस उपक्षेत्रीय अवधारणा प्रति निवारण गर्न पनि उत्तिकै आवश्यक छ । राष्ट्रिय सरोकारको विषयमा सबैको एकमत भएको खण्डमा नै त्यसले स्पष्ट दिशा लिन सक्दछ । तर यहाँनेर समयमा नै एउटा के कुरा ध्यान दिनु आवश्यक छ भने यस अवधारणाले पछि कतै दिर्घकालिन राष्ट्रिय हितमा नकारात्मक प्रभाव पुऱ्याउने पो हो कि ? यसैको कारण भोली श्रीलंका र पाकिस्तानले सार्क संगठनबाट हात झिकेर आशियान संगठन तिर समाहित हुन पुग्नेपा हुन्

[६९] कृष्ण बहादुर पुन, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कका चुनौती र अवसरहरु,(१९८५-२००३) शोधपत्र, २०६०, पृ. ८७-८८

कि ? यी प्रश्नहरु प्रति पनि नेपालले आँखा चिम्लने अवस्था भने छैन । तसर्थ यस्ता दिर्घकालिन असर पार्ने विषयवस्तुमा मुलुक भित्र र वाहिर पनि व्यापक रुपमा छलफलको विषयवस्तु बनाउनु अति आवश्यक हुन्छ ।

सन् १९९६ को डिसेम्बरमा भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न सार्क मन्त्रिपरिषदको १७ औं बैठकले भौगोलिक रुपले अन्तर सम्बन्ध भएका यस क्षेत्रका नेपाल, भारत, बंगलादेश र भुटान वीच छुट्टै उपक्षेत्रीय सहयोग संगठनको आवश्यकता महशुस गरी त्यस अनुरुपको समझदारी समेत कायम भएको थियो । यसै अनुरुप वि.सं. २०५३ साल चैत्र २० गते नेपालको राजधानी काठमाण्डौंमा नेपाल, भारत, वंगलादेश र भुटानका प्रतिनिधिहरुको २ दिने भेलाको आयोजना गरियो । नवौं सार्क शिखर सम्मेलनको पूर्व सन्ध्यामा माल्दिभ्समा सार्क मन्त्रिपरिषदको १८ औं बैठकमा वडापत्रको धारा ७ र १० बमोजिम क्षेत्रीय सहयोगको अवधारणालाई अझ वलियो बनाउन सार्क मुलुकहरु मध्ये ३ वा त्यस भन्दा बढी राष्ट्रहरु वीच विशेष योजनाका लागि आपसमा मिलेर काम गर्ने कुरामा सहमति कायम भएको थियो । त्यस अनुरुप नवौं सार्क शिखर सम्मेलनमा नेपालका तत्कालिन प्रधानमन्त्रि लोकेन्द्र बहादुर चन्दले क्षेत्रीय रुपमा स्थानिय विकासको लागि क्षेत्रीययुक्त बजार र व्यापारिक प्रवेशका लागि पनि सार्क राष्ट्रहरु वीच सहयोग बढाउन उपक्षेत्रीय अवधारणा उपयोगी हुने विचार ब्यक्त गर्नु भएको थियो । सन् १९९७ मे महिनामा माल्दिभ्सको मालेमा सम्पन्न माले शिखर सम्मेलनमा निम्न लक्ष्य राखि अनुमोदन गरिएको थियो । आर्थिक बृद्धिलाई गति दिनका लागि उपयुक्त वातावरणको श्रृजना गर्नु पूर्वाधारका वाधा व्यवधानहरुको सरल तरिकाका समाधानका उपायहरु खोज्नु, उपक्षेत्रमा उपलब्ध सुविधाहरुको अधिकतम उपयोग गर्नु र तिनको उत्तरोउत्तर विकास तर्फ लाग्नु, आर्थिक एवं संस्थागत कडी र संकेन्द्रिय बिन्दुको विकास गर्नु ।

यस प्रकार सार्क उपक्षेत्रीयसहयोग संगठनका वारेमा सार्क सदस्य राष्ट्रहरुमा वेला वेलामा छलफल हुने गरेको छ । यद्दपि सन् २००२ मा सम्पन्न सार्क को ११ औं शिखर सम्मेलनमा यसलाई खासै महत्वको विषयवस्तु बनाईएन । यस उपक्षेत्रीय सहयोग संगठनको भावनालाई खण्डित गराउन खोजेको आरोप एक पक्षको छ भने अर्को पक्षले यसले सार्कलाई प्रभावहिन वा औचित्यहिन नवनाएर बरु सक्रिय र प्रभावकारी संगठनको रुपमा रहने विचार व्यक्त गरेका छन् । कसैले यो अवधारणालाई भारतको कुटिल चाल भएको आरोप पनि लगाउने गरेका छन् । त्यस्तै यस भनाईको खण्डन गर्दै अर्काथरीले छिमेकी राष्ट्रप्रति देखाएको सदाशयता तथा मित्रवत् व्यवहारको उपज मान्दछन् । वास्तवमा यो अवधारणाले यस क्षेत्रको कुनै एउटा देशलाई मात्र एकतर्फी फाइदा पुर्‍याउने नभएर सामुहिक रुपमा यस क्षेत्रमा रहेका प्राकृतिक श्रोत र सम्पदाको सदपयोग गर्दछ । नेपाल, भारत, बंगलादेश र भुटान वीच आपसी सहयोगको माध्यमद्वारा आर्थिक, सामाजिक र प्राकृतिक स्थितिमा सुधार ल्याउन यस अवधारणाले सहयोग पुर्‍याउँदछ । उर्जा, यातायात, वातावरण आदि क्षेत्रमा आवश्यक्ता र राष्ट्रिय स्वार्थलाई यस अवधारणाले सदस्य राष्ट्रहरुवीच द्धिपक्षीय तथा वहुपक्षीय सहयोगका क्षेत्रहरुमा विस्तार भएका छन् ।

सार्क उपक्षेत्रीय भावनाले यो चतुष्कोणिय राष्ट्रहरुवीचको सम्बन्धमा अरु नयाँ आत्मियता थपिदिएको छ र आपसमा भएका कुनै मनमुटावहरुलाई पनि समाधान गर्ने उपयुक्त वातावरण तयार गरेको छ । यस अवधारणालाई प्रभावकारी ढंगबाट अगाडि बढाउन सकिएमा सबै राष्ट्रहरुमा समान आर्थिक विकासका प्रशस्त संभावनाका ढोकाहरु खुल्न सक्दछन् छिमेकि राष्ट्रहरुवीच सांस्कृतिक विकास गर्न सकिन्छ । भौगोलिक रुपले नेपाल भारतवाहेक सार्क तथा अन्य मुलुकहरुबाट टाढा रहनु परेको छ । नेपालले भारतिय भूमि हुँदै बंगलादेश सम्म निर्वाध रुपले आवत जावत र बन्द ब्यापार गर्नु परेपछि तेस्रो मुलुकसंग पनि नेपालको सम्बन्ध बढ्न जान्छ । नेपालको हालको अवस्था वास्तवमा भन्नुपर्दा बन्द कोठामा रहेको निरीह प्राणी जस्तो रहेको छ ।

नेपालबाट निर्यात गरिने गलैंचा, तयारी पोशाक, जडीबुटी, क्यूरियोका सामानहरु सिधै तेस्रो मुलुकमा पुग्ने र त्यहाँवाट आवश्यक सामान निर्यात गर्न थाले भारतसंगमात्र निर्भर रहेको बैदेशिक व्यापार विस्तार भएर जान्छ । त्यतिमात्र नभै आशियान राष्ट्रहरुसंग सिधै तेस्रो सम्पर्क हुनु नेपालको लागि अर्को खुसीको कुरा पनि हो । यसै भावना अनुरुप भारतले परिक्षणको रुपमा भए पनि बंगलादेश सम्मको पारवहन मार्ग प्रदान गरेको छ । यस मार्गबाट नेपाल र भारतको सम्बन्धमा थप विस्तार हुनुका साथै वंगलादेश हुँदै अन्य समुन्द्र पारीका मुलुकहरुसंगको आर्थिक तथा सामाजिक सम्बन्धमा आयाम थपिन सक्दछ ।

दक्षिण एशिया क्षेत्रका यी राष्ट्रहरु वीच हिमालय पर्वतबाट निस्कने नदीहरुको सहि उपयोग गर्न सकिने प्रशस्त संभावनाहरु रहेका छन् । नेपालको पश्चिमि भू-भागबाट बग्ने महाकाली, कर्णाली, भेरी लगाएतका नदिहरु र भारतको उत्तर पूर्वि सिमानाबाट बग्ने ब्रम्हपुत्र जस्ता विशाल नदीहरुलाई एउटै शुत्रमा जोड्न सकिएमा यस क्षेत्रमा प्रशस्त सिंचाई, विद्युत उत्पादन हुन सक्छ । आज अरवियन राष्ट्रहरु प्रकृतिले प्रदान गरेको तेलको भण्डारले आर्थिक तथा सामाजिक क्षेत्रमा सम्बृद्धशाली वन्न पुगेका छन् भने यस क्षेत्रका राष्ट्रहरुले पनि जलसम्पदावाट लाभ उठाउन सक्ने धेरै संभावनाहरु रहेका छन् । नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि सेतो सुनको रुपमा रहेको जलसम्पदालाई धेरै कम मात्रामा उपयोग गर्न सकेमा पनि त्यसको बजार अव तेस्रो मुलुक सम्म विस्तार गर्न सकिने वातावरण तयार भएको छ ।

नेपालको आर्थिक विकासमा जलश्रोत पछि पर्यटन व्यवसाय अर्को सशक्त माध्ययम हो । नेपाल, भारत तथा वंगलादेश वीचको सिधै रेलवे सेवा तथा हवाई सेवा विस्तार गर्न सकिन्छ । यसवाट सामानहरुको आयात निर्यात गर्न सजिलो र सस्तो पर्नुका साथै आन्तरिक तथा वाध्य पर्यटकहरु ६० प्रतिशत हवाई मार्गवाट आउने गर्दछन् । नेपालको हवाई यातायात त्यति भरपर्दो र प्रभावकारी हुन नसकेको कारण कतिपय पश्चिमी पर्यटकहरु भारतको नयाँ दिल्ली, बैंङ्कक तथा हङकङ सम्म आएर त्यहिवाट फर्केर जानु पर्ने वाध्यता रहेको छ । यदि समुन्द्र तह सम्म रेल सेवा विस्तार गर्न सकेमा जलमार्गवाट पर्यटकहरु सिधै नेपाल भित्रन सक्दछन् । यसको कारण पर्यटकहरु नेपाल भित्रने क्रम दोब्वर हुन सक्ने अनुमान गर्न सकिन्छ । सार्कको उपक्षेत्रीय सहयोग संगठनको अवधारणाले यस क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य विविध क्षेत्रको विकासका संभावनाका ढोकाहरु खुलेका छन् । त्यतिमात्र नभै सदस्य राष्ट्रहरु वीच रहेका समस्याहरुको समाधान गर्न पनि उपयूक्त वातावरणको श्रृजना भएको छ । विगत १६ वर्ष देखि नेपालको समस्याको रुपमा भुटानी सरणार्थी समस्याको हाल सम्म पनि समाधान हुन सकेको छैन । हाल भुटानी सरणार्थी समस्या समाधानका लागि धेरै पटक मन्त्रिस्तरिय वार्ता भैसकेता पनि समस्या जेनको तेन छ । हाल अमेरिका लगाएत विश्वका अन्य देशहरुले नेपालका भुटानी शरणार्थीहरुलाई आफ्नो देशमा लैजाने आश्वासन नेपाललाई दिएपछि समस्या समाधान हुने वा सोहि स्थानमा रहने दुविधाको विषय वन्न पुगेको छ । यस उपक्षेत्रीय संगठन अन्तर्गत एउटै सिमामा आवद्ध नेपाल, भुटान र भारतले आवश्यक पहल गरी समस्याको समाधान गर्ने तर्फ अग्रसर हुनु पर्दछ ।

नेपालकालागि क्षेत्रीय सहयोगका माध्ययमबाट देशको आर्थिक विकास गर्न सोचाई राख्नु पर्दछ । प्राकृतिक सम्पदाले नेपाल धनी भएता पनि त्यसको सहि सदुपयोग हुन नसकेकाले दिन प्रतिदिन नेपालको अवस्था दयनिय वन्दै गएको छ । नेपालको आर्थिक क्षेत्रमा उल्लेखनिय प्रगति हुन नसक्नुको मुख्य कारण छिमेकी राष्ट्रहरुवीच सहयोगका नयाँ सम्भावनाहरु खोज्न नसक्नु नै हो । दक्षिण एशियामा भारत सबै भन्दा साधन सम्पन्न राष्ट्र भएकाले भारत प्रति छिमेकी राष्ट्रहरु र छिमेकी राष्ट्रहरु प्रति भारतको सकारात्मक

दृष्टिकोण नभएसम्म र यस क्षेत्रका राष्ट्रहरु संकिर्ण नभएर सामुहिक भावनाले अभिप्रेरित भै अगाडि बढ्न सकेको खण्डमा सार्कराष्ट्रहरु पनि अन्य विकसित राष्ट्रहरुको हाराहारीमा अगाडि बढ्ने छन् ।

यस क्षेत्रका राष्ट्र प्रति भारतको सकारात्मक दृष्टिकोण भएकोले सामूहिक भावनामा थप टेवा पुगेको छ । नेपाल भारत वीच पनि महाकाली सन्धि, व्यापार तथा वाणिज्य सन्धि लगाएत वंगलादेश सम्म जाने वंगलावन्ध बाटो उपलब्ध गराउन भारतले तत्परता देखाएको छ । भारतले आफ्ना छिमेकी राष्ट्रहरु प्रति देखाएको सहयोगात्मक भावनाले स्वयम् भारतलाई पनि फाइदा पुगेको छ । यसरी सार्क उपक्षेत्रीय सहयोग संगठनको अवधारणाले सार्क मुलुक भित्रको सम्बन्धमा एउटा नयाँ आयाम थपेको छ । एक अर्का राष्ट्रहरु वीच लगानी प्रवर्द्धन तथा व्यापार प्रवर्द्धन गरी सार्क क्षेत्र भित्र विकास योजनालाई सवल पार्न प्रोत्साहित समेत गरेको छ । दक्षिण एशियाली राष्ट्रहरुका साझा समस्या, आपसी सम्बन्ध समानता र आर्थिक विकासमा यो उपक्षेत्रीय अवधारणा एउटा कोसेढुङ्गा सावित हुने देखिन्छ । यसरी सार्क मुलुक भित्रको आर्थिक, राजनीतिक, औद्योगिक, संस्कृतिक एवं प्राज्ञिक क्षेत्रको विकासका लागि पनि उपक्षेत्रीय अवधारणालाई महत्वपूर्ण संज्ञा दिन सकिन्छ । [७०]

## ५.६ विश्वव्यापीकरण र दक्षिण एशिया (Globolization and South Asia)

सन् १९७० को दशक संगै बद्दै गएको विश्वव्यापीकरणले यसको समर्थन र आलोचना दुवै जन्मायो । विश्वव्यापीकरणको समर्थकका नजरमा यो एक गरिवी राष्ट्रहरुलाई समेत गरिवीबाट ऋृण दिन सक्ने नयाँ आयामको रुपमा देखा पऱ्यो किनभने यसका समर्थकहरु भन्दछन्  "विश्वब्यापीकरणले साधन र श्रोतलाई अत्याधिक उत्पादनशिल क्षेत्रमा स्वत :परिचालन गर्न सक्ने मान्यतालाई आत्मसाथ गर्दछ ।"संक्षेपमा भन्ने हो भने, विश्वव्यापीकरणका  समर्थकहरुले  जापानलगाएत पूर्वि एशियाका 'चार वाघ' उपनामले चिनिने सिङ्गापुर, हङकङ, दक्षिण कोरिया र ताइवान ले विश्व बजारसंग देखाएको खुल्लापनका कारण झैं सम्भव भएको विकासलाई उदाहरण बनाएर खुल्ला बजारको अवधारणालाई आत्मसात गर्नुपर्दछ भन्ने तर्क अघि सार्दछन् । वास्तवमा भन्ने हो भने विश्वब्यापीकरणका मुख्य तया ४ वटा फाइदा रहेका छन् ।

- निर्वाध रुपमा विकासका लागि वैदेशिक आर्थिक श्रोत भित्रनु ।
- वैदेशिक व्यवस्थापन कला र पद्धति विना रोकावट एक अर्को देशमा प्रवेश गर्न सक्नु ।
- विज्ञान र प्रविधिमा भएको विकास विना रोकतोक भित्रनु ।
- मानव श्रोत समेत एक देशको सिमा नाघेर अर्को देश सम्म जानु ।

गरिव तथा पिछडिएका देशहरुमा विकासका लागि पर्यटन आर्थिक श्रोतमा कमि हुने भएकोले विश्वब्यापीकरणका पक्षधरहरुले यसलाई गरिवीबाट मुक्त र समुन्नत विश्व निर्माणको आशाको किरणका रुपमा लिएका छन् ।

अर्कोतिर विश्वब्यापीकरणका विरोधी पक्षहरुले विश्वब्यापीकरणले केवल धनी राष्ट्रहरुलाई पृष्ठपोषण गरेको, गरिवी, विपन्न र कम विकसित राष्ट्रहरुले फाइदा लिन नसकेको, प्रत्यक्ष र अप्रत्यक्ष रुपमै पूँजिवादी, ठूला कम्पनीहरुले गरिव देशको शासन पद्धति र सरकारमा समेत असर पारेकोले समाज प्रति राज्य उत्तरदायी हुनुपर्ने सर्वमान्य मान्यता समेत धरापमा परेको जस्ता तर्कहरु पेश गर्दछन् । धनी राष्ट्रहरुको वजार सांगुरिदै गएको र गरिव राष्ट्रमा आफ्नो बजार विस्तार गर्नका लागि धनी राष्ट्रहरुद्वारा अवलम्बन गरिएको कुटिल नीति

[७०]कृष्ण अधिकारी, सार्क उपक्षेत्रीय अवधारणा र यसको प्रभावकारिता, प्रतियोगिता मञ्च, वर्ष ८ , अंक २,पूर्णाङ्क ५०, पृ. १५

भनेकै विश्वव्यापीकरण हो भन्नेहरु पनि प्रशस्त मात्र भेटिन्छन्। सन् १९९० को दशकको व्यापारिकरण र उदारिकरणबाट विपन्न, गरिव तथा कम विकसित देशहरुलाई खासै फाइदा नपुऱ्याइएको कुरा हालसालैका वर्षहरुमा विश्व वैंक र अन्तराष्ट्रिय मुद्रा कोष जस्ता संस्थाहरुले वजारमुखी अर्थतन्त्रको विकास भन्दा गरिवी निवारणलाई दिइएको जोडले पुष्टि गर्छ ।

विश्वव्यापीकरणको वारेमा जे जस्तो तर्क वितर्क भएतापनि यसमा एउटा शाश्वत सत्य के हो भने पुर्वी एशिया लगाएत नव विकसित देशहरुको विकासको इतिहासलाई हेर्ने हो भने, आर्थिक उदारिकरण र खुल्लापन कै कारण जादु झैं विकास सम्भव हुन सकेको देखिन्छ । विकासका लागि बन्द अर्थतन्त्र र तानाशाही व्यवस्था भएका मुलुकहरु समेत खुल्ला अर्थतन्त्रतिर उन्मूख भै रहेको परिवेशमा कुनै देशले आफुलाई वन्द कोठामा राखे झैं गरेर आजको एक्काइसौं सताब्दीमा समेत समुन्नत समाज निर्माण गर्न सक्ला भन्ने, संभावनाको करिव अन्त्य जस्तै भैसकेको छ । चिनिया कम्यूनिष्ट पार्टीद्वारा संचालित छिमेकि चीन होस् या किमजोङ्गको उत्तर कोरिया होस् वा फिड्रोल क्यास्ट्रोको क्यूवा होस् वर्तमानमा यी देशहरु समेत कुनै न कुनै रुपले विश्वव्यापीकरणका हिस्सा वनि सकेका छन् । तसर्थ अहिलेको वहस भनेको विश्वव्यापीकरणको पक्ष वा विपक्षमा भन्ने कदापी होइन र हुनुपनि हुदैन । अहिलेको बहवस भनेको गरिव देश र विशेषतः गरीव देश भित्र पनि पिछ्डिएको समाजलाई विश्वकै मूलधारमा कसरी समाहीत गर्ने भन्ने हो किनभने विश्वव्यापीकरणले धनी र गरिव राष्ट्रहरु, शहर र गाउँ, दुर्गम र सुगमवीचको दुरी बढाइदिने काम गरेको छ । नेपालमै हेर्ने हो भने इमेल र इन्टरनेटद्धारा विश्वसँग जोडिएको समुन्नत काठमाण्डौ पनि यहि छ भने मोटर भनेको गाई या भैसीको झैं चारवटा खुट्टा भएको वस्तु हुनसक्ने अड्कल गर्ने हुम्ला र बाजुराको पिछडीएको समाज पनि नेपाल भित्रै छ । अक्सर गरेर शिक्षाको निम्नस्तर रहेको प्राविधिक वा मानव क्षमताको कमी भएको, आर्थिक र औद्योगिक आधारशिला नभएको र गरीवले आक्रान्त क्षेत्र विश्वव्यापीकरणबाट फाईदा लिनुको साटो झनै विश्वको विकासको मुलधारबाट टाढिन पुग्छ । अर्कोतिर अहिलेको विश्वव्यापीकरणको ढांचाले पूर्वी एशियाका देशहरुले अवलम्बन गरेको खुलापनलाई हुबहु नक्कल गर्न दिदैन । किनभने विश्व व्यापार संगठन (WTO) मा अन्य वित्तिय संस्थाहरुले पूर्वी एशियाका सिंगापुर, दक्षिण कोरिया जस्ता देशहरुले अवलम्वन गरेको आयात विस्थापन (इम्पोर्ट सब्स्तिच्यूसन) र निर्यात प्रवर्द्धन (एक्स्पोर्ट ओरियन्टेशन) जस्ता आर्थिक निती लागु गर्न दिदैन । किनभने अहिलेको विश्वव्यापीकरणको आधारभूत सिद्धान्त भनेको वस्तु, आर्थिक श्रोत र साधनहरुको आयात निर्यात विना रोकतोक हुनुपर्दछ भन्ने हो ।

विश्वव्यापीकरणको नकारात्मक प्रभावलाई निस्तेज पार्ने सबैभन्दा बलियो हतियार हो, क्षेत्रीय एकिकरण (Regional Itegration) विश्वको कुनै पनि क्षेत्र राजनितिक र आर्थिक रुपमा एकीकृत हुदै जाने हो भने अर्थतन्त्रको आकार बढ्ने, साझा अवधारणामा विश्वसामु वार्गेनिङ पावर बढ्ने र पिछडीएको क्षेत्रको समस्यालाई साझारुपमा प्राथमिकता दिई अघि बढ्न सकिने जस्ता लक्ष्यहरु क्षेत्रीय एकिकरणले सम्भव पारिदिन्छ । यूरोपेली समुदायको अफ्रिकी देशहरुको क्षेत्रीय संगठन होस् यी सबै क्षेत्रीय संगठनहरुको लक्ष्य आफ्नो क्षेत्रको अर्थतन्त्रलाई बढवा दिने र विश्वव्यापीकरणको नकारात्मक असरलाई कम पार्ने देखिन्छ । यही परिप्रेक्ष्यमा सार्क पनि दक्षिण एशियामा एक शसक्त र एकिकृत क्षेत्रीय संगठन सावित हुन सक्छ र विश्वकै धेरै गरीवहरु बस्ने दक्षिण एशियाले विश्वव्यापीकरणबाट सक्दो फाईदा उठाउन सक्छ । आर्थिक रुपमा सार्कका देशहरु शसक्त रुपले एकीकृत हुने हो भने धनी देशहरुको दक्षिण एशियामा हुने बजार विस्तारलाई रोक्न सकिन्छ । दक्षिण एशियाकै वस्तु र प्रविधि व्यवस्थापनको एक आपसमा बजार अभिवृद्धि गर्न सकिन्छ । यसभन्दा पनि महत्वपूर्ण कुरा के हो भने गरिवी निवारण, जनचेतना अभिवृद्धि , स्वास्थ्य क्षेत्रमा जोड जस्ता

साझा अवधारणालाई दक्षिण एशियाकै प्राथमिकतामा राखेर प्रस्तुत गर्न सकिन्छ । तसर्थ दक्षिण एशियाले विश्वव्यापीकरणबाट सक्दो फाइदा उठाउने हो भने सार्कलाई केवल राजनेता भेला गर्ने थलोको रुपमा मात्रै विकास नगरी आर्थिक एकिकरणका हिसाबले एक अर्थपूर्ण संगठनको रुपमा अघि बढाउनु पर्ने आवश्यकता देखिन्छ । [७१]

## ५.७ सार्क र पानी (SAARC and Water)

सार्क शुरु भएको २१ वर्ष पुग्दासम्म सरकारी निकायको पहिलो ट्र्याक र सरकारलाई बाहिरबाट सघाउने दोस्रो ट्र्याकवीचको अन्तरक्रियाको दर निकै बढेको छ । भारत, नेपाल, भुटान र वंगलादेश ओगट्ने पूर्वी गंगा क्षेत्रको चुनौतिबारे यस्ता अन्तरक्रियाहरु दोस्रो ट्र्याकमा हुन्छन् । अन्तरक्रियाको आख्यानले जनसंख्यावृद्धि, बसाईसराई, वाढीको वढ्दो प्रकोप, अनिकाल, वातावरणीय ह्रास र गरिवीको भुमरीमा फसेको भौगोलिक क्षेत्रको चित्रण गर्छ । आख्यानले प्रस्तुत गर्ने गरेको निदान हो अझ द्रुत गतिमा विकास निदानका लागि मन्त्रको रुपमा प्रस्तुत गरिने सूत्र हो, पूर्वी हिमालय क्षेत्रहरुमा वग्ने नदीहरुमा वाँध निर्माण, वर्षाको पानीलाई वाँधले छेकेर जलाशय बनाएपछि त्यसबाट विजुली, सिंचाई, खानेपानी जस्ता प्रतिफल प्रचुर मात्रामा पाईन्छ । त्यसबाट समग्र विकास आफसेआफ हुन्छ भन्ने मान्यता छ । शिक्षा, वर्ग र लैंगिक विषमता र तिनबाट पर्ने असरहरु अनुशासन पद्धतिमा भएको ह्रास तपसिलको विषय मानिन्छ । विकासको यो वृहत आख्यानको वावजुद सार्कको परिधिमा पानी राखिएको छैन । द्धिपक्षीय विषय समावेश नभएको कारण पानी सार्कको वडापत्रमा छैन ।

सन् १९७१ मा वंगलादेश नयां राष्ट्रको रुपमा उदय भएदेखि ढाकामा पहिलो सार्क सम्मेलन (१९८५) को अवधिमा गंगा नदीले खरवौं घनमिटर पानी र माटो वंगालको खाडी पुर्‍याईसकेको थियो । सन् १९६० पछि भारत र पूर्वी पाकिस्तानवीच शुरु भएको फरक्का व्यारेजमा गंगा वांडफांडको विवाद स्वतन्त्र वंगलादेशसंग लामो समयसम्म चल्यो । यो द्धिपक्षीय विवादमा नेपाल प्रत्यक्षरुपमा तानिएको थियो । यस समयमा पनि पानीको क्षेत्रीय विकास गर्ने थुप्रै प्राज्ञिक कुराकानी हुने गर्थे । नेपालबाट वगेको नदिले क्षेत्रीय विकास हुनसक्ने अवधारणा सन् १९७७ को कोलोम्बो प्लान वैठकमा स्वर्गीय श्री ५ वीरेन्द्रबाट व्यक्त भएको थियो । फरक्का व्यारेजबाट कलकत्ता वंदरगाहामा पानी लैजादा वंगलादेशको तल्लो तहमा परेको नकारात्मक वातावरण सामाजिक र आर्थिक असरहरुको बारेमा थुप्रै विश्लेषणहरु गरिए । वंगलादेशका सरकार र त्यहाँका सरकारी निकायहरुले यी नकारात्मक असरहरु स्थानिय, क्षेत्रीय र अन्तराष्ट्रिय गोष्ठीहरुमा सशक्तरुपमा उठाइ रहन्थे ।

सुख्खा महिनामा गंगाको नदीमा पानीको मात्रा घट्ने हुँदा सो बढाउन वंगलादेशको प्रस्तावना थियो "नेपालमा जलाशयहरु निर्माण गर्ने र त्यसबाट उपलब्ध नियन्त्रीत पानी वाँडफाँड गर्ने नेपालमा बनेको जलाशयबाट निस्कने पानी उत्तर प्रदेश, विहार र पश्चिम वंगालबाट गंगा नदी हुँदै फरक्का पुग्ने हुंदा भारतको संलग्नता अपरिहार्य हुने नै थियो ।" भारतले वंगलादेशको यो प्रस्ताव स्वीकार गरेन । अस्वीकार गर्ने तर्क थियो, गंगाको पानीको वांडफांड द्धिपक्षीय विषय हो । तेस्रो देश नेपालको संलग्नता आवश्यक छैन । संकलन हुने सम्पूर्ण पानी भारतलाई चाहिन्छ र यसैले प्रयोग गर्छ । भारतको तर्क के पनि रह्यो भने जलाशय बनाउन नेपाल राजी हुदैन किनभने कम जमिन भएको नेपालको पहाडी उपत्यकाका दुर्लभ उर्वरा जमीनहरु

[७१] अंगराज तिमिल्सेना, विश्वव्यापीकरण र दक्षिण एशिया, नेपाल, १६-३१, भदौ २०५९, पृ.४९

डुब्ने छन् , वंगलादेशको प्रस्तावले जनसंख्या विस्थापनको कुरा गरेको थिएन । पानी वांडफांडका कुराकानीमा संलग्न भएका भारत र वंगलादेशका सरकारी निकायहरुको उत्पति औपनिवेसिक कालमा भएको हो । केन्द्रीकृत अवधारणाबाट निर्देशित यी दुवै संगठनहरुको परिदृष्यमा विस्थापन जस्तो सामाजिक मूल्य परेको छैन । विश्व वांध आयोगको रिपोर्ट “वांध र विकास” वारे भइरहेको विवादमा यस क्षेत्रको सरकारी विभागको सामाजिक विस्थापनका कुराहरु धेरै उठाउन हुन्न भन्ने भनाईले यो कुराको पुष्ट्याइ गर्दछ तर विगत आ-आफ्नो स्थान, स्थिति जायज बनाउने क्रममा जलासयले ल्याउने सामाजिक विस्थापन र व्यारेजबाट हुने नकारात्मक असरलाई ती संगठनहरुले राजनितिक रुपमा प्रयोग ल्याउने गऱ्यो । संस्थागत चरित्र विश्लेषकहरुका लागि यो इतिहास अत्यन्त महत्वपूर्ण अध्ययन हो ।

यी सबै कुराहरुको वाबजु पनि पानी द्विपक्षीय विषय नै रह्यो । सन् १९९६ मा भएको महाकाली र फरक्का पानी वांडफांडको सन्धि नेपाल भारत अनि भारत र वंगलादेशवीच भएका द्विपक्षीय सन्धिहरु हुन् । राजीव गान्धी भारतका प्रधानमन्त्रि भएपछि पहिलोपल्ट वंगलादेश र भारतले संयुक्तरुपमा नेपालसंग पानीको तथ्याङ्क मागे । यो त्रिपक्षीय वैठक एकपटक सन् १९९६ मा भयो र सिमित रह्यो त्यसपछि नेपाल, भारत र वंगलादेशका सरकारहरु वीच त्रिपक्षीय वा क्षेत्रीय रुपमा  त्यतिमै पानीका कुराकानी भएका छैनन् ।

विगतमा हुने गरेका सरकारी ट्र्याक एक र वाहिरबाट सरकारलाई सघाउने ट्र्याक दुई आख्यानहरुले यस क्षेत्रका सामाजिक वास्तविकतालाई प्रस्तुत गर्दछ तर समाधानका लागि उनीहरुद्धारा प्रस्तावित बाटोले अरु पक्षलाई समेट्न सकेको छैन । वांध निर्माणमा सरकारहरु राजी हुनुपर्दछ । सबै समाधान भैहाल्छ भन्ने सोचाईले काम गर्न खोजिएको छ तर जनतालाई परिवर्तन सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउन, ति निकायहरु बसेर “हेर हामीले वांध निर्माण गर्ने निर्णय गर्ने गऱ्यो” भन्ने विज्ञप्ती जारी गर्नु जस्तो सहज छैन, गहन र जटिल छन् ।

वास्तविकता के हो भने दक्षिण एशियाका केही ठूला शहरका उपभोक्ता छोडेर बहुसंख्यक जनसंख्याले खानेपानी वांधबाट होईन अन्य स्रोतहरुबाट प्राप्त गर्दछन् । अझ विडम्बना त के छ भने शहरी क्षेत्रका सम्पन्न उपभोक्ताहरुले पनि स्तरिय सेवा पाएका छैनन् । संस्थागत कमजोरीपनका कारण उत्तर प्रदेश, विहार, पश्चिम वंगाल र नेपालका तराईका बहुसंख्यक जनताको खानेपानीको श्रोत भूमिगत जल हो । उदाहरणको लागि वंगलादेशको ९० प्रतिशत भन्दा वढी जनसंख्याले चापाकलबाट तानेको पानी खानेपानीको लागि प्रयोग गर्छन् । पहाडी क्षेत्रमा मूल वा स - साना खोलाबाट पानी संकलन गरी पाईप मार्फत खानेपानी आपूर्ति गरिन्छ । कमजोर मर्मत सम्भारका कारण निर्माण भइसकेका कतिपय प्रणालीहरु काम गर्दैनन् र धारामा पानी आउदैन।

झण्डै २०० वर्ष लामो इतिहास भए पनि दक्षिण एशियाको सिंचाई प्रणाली व्यवस्थापन निकै कमजोर छ । पानीको उपलब्धता भरपर्दो नभएको हुदा किसान निजि पाइपको प्रयोग गर्दछन् । दक्षिण एशियामा झण्डै पांच करोड निजि पम्प संचालित छन् , जसले खाद्यान्न उत्पादन बढाएको छ । खुट्टाले ढिकी पम्प प्रयोग गरेर साना किसानहरु आफ्नो पूँजि बढाउन सफल भई गरिवीको रेखाबाट उभो लागेका छन् । पानीको प्रयोग र गरिवीनिवारणको प्रत्यक्ष सम्बन्ध, अधिकार स्वामित्वका विषयहरु र लचिलो प्रविधिको प्रयोगसित सम्बन्धित छन् , केन्द्रिकृत आयोजनाको निर्माणमा होइन । ढिकी पम्म प्रयोग गर्ने मर्चवार/विहार वा वंगलादेशका किसान हुन् । स्प्रिङकल प्रयोग गरी तरकारी खेती गर्ने मदन पोखराका किसान वा डांडामा बनाएको पोखरीबाट सिंचित पाखो वारीमा उत्पादित गोलभेडा आफ्ना छोराछोरीलाई पढ्न पठाउने काभ्रेका दलित वाबुको कथा होईन वास्तविक हो । तर यसको अर्को पाटो पनि छ । पम्प तान्न विजुली सित्तैमा व्यवस्थाको कारण भारत सरकार अरवौ रुपैयाँ अनुदानमा खर्च गर्छ । निर्वाध रुपले पानी तान्दा भूमिगत पानीको तह निकै

तल पुगेको छ । यसका साथै बढ्दो प्रदुषणले प्राकृतिक ह्रास बढाएको छ । यो स्थितिले कम आय भएका परिवारको जीवन पद्धतिलाई नराम्रो असर पारेको छ । विद्यमान लैंगिक असमानताले यसको बोझ महिलामा बढि पारेको छ । यो असमान सामाजिक परिवेशमा नयाँ समस्या देखिएको छ । समस्या हो, भूमिगत पानीमा देखिएको आर्सेनिक प्रदुषण ।

दक्षिण एशियाका मुलुकहरुमा व्याप्त यस स्थितिसंग जुध्न गरिनु पर्ने संस्थागत परिवर्तन र शासन पद्धतिमा सुधार गर्न अपनाईनु पर्ने उपायको विश्लेषण राज्य व्यवस्था अन्तर्गत गरिने ट्र्याक एक वा दुईका परिदृश्यमा अझै परेका छैनन् । यी विश्लेषणहरु सामाजिक जोखिमपना, वर्ग शिक्षामा विभिन्नता, जीविकोपार्जन जस्ता विषयबाट निर्देशित छन् । यी विषयहरु त ट्र्याक चार तिर छलफल हुन्छन् । अझ प्रविधि केन्द्रित उदाहरणलाई पूर्णतया प्रश्न गर्ने जुझारु सामाजिक लेखा परिक्षकको छलफलहरु त छ वा सात तिर पर्दछन् ।

ट्र्याक एक र दुईले ट्र्याक चार र सातबाट सिकेर सूसूचित हुन नसक्नु अहिलेको चुनौति हो । विगतको अनुभवले के देखाएको छ भने ट्र्याक एक र दुईका परिदृश्यमा रहने केन्द्रित निकायहरु बहुराष्ट्रिय कम्पनीहरु शब्द र वाक्यहरुलाई खिच्दछन् र अलंकारका रुपमा मात्र ग्रहण गर्दछन् । केन्द्रित संगठन प्रशासनिक परिवर्तन चाहदैनन् , यस स्थितिबाट कायम राख्न खोज्दछ ।

प्राज्ञिक चुनौतिले परिवर्तन ल्याउन मद्दत गर्दछ । वजार व्यवस्था क्षमता र मौलिकपनाको संवाहक हो । सामाजिक लेखापरिक्षकहरु समता र सामाजिक न्याय अग्रस्थानमा हुनुपर्दछ भन्दछन् । सरकारी विभाग बजारव्यवस्था क्षमता र मौलिकपनाको संवाहक हो । सामाजिक लेखापरिक्षकहरु समता र सामाजिक न्याय अग्रस्थानमा हुनुपर्दछ भन्दछन् । सरकारी विभाग, बजार व्यवस्था र सामाजिक लेखापरीक्षकरुले आ -आफ्नो क्षेत्रमा निष्ठापूर्वक खेल्ने भूमिकाले शासन पद्धतिलाई जवाफदेही राख्दछ । जुन पानीको विषयमा पनि शतप्रतिसत लागू हुन्छ । दक्षिण एशियाली समाजहरुमा सामाजिक न्यायका पक्षपातीहरु ओझेलमा पदै गएका छन् । यस मूल्यलाई पुनः स्थापित गराउने जिम्मा चाही ट्र्याक पहिलो र दोस्रो हो । [७२]

यसप्रकार सार्क क्षेत्रीय संगठनको यस क्षेत्रका जनताको आशाको पुञ्ज बनेको छ । यस क्षेत्रको सबैभन्दा ठुलो योगदान दक्षिण एशियाली निःशुल्क व्यापार क्षेत्रलाई अघि बढाउनुमा नै रहने छ । चाँडो भन्दा चाँडो निजी क्षेत्रका व्यापारीक र औद्योगिक संस्थाहरुलाई समेत संलग्न गरी यस कार्यक्रमलाई लागू गरिनु पर्दछ । अर्कोतिर गरिवी उन्मूलनका निम्ति एउटै माग क्षेत्रीय कार्यक्रम शुरु गरेर सार्कलाई मार्ग निर्देशन गरिनु पर्दछ । विशेष काठमाण्डौ शिखर भेलामा गरिएका प्रतिवद्धता आतंक, विश्वव्यापीकरण, व्यापार र वाणिज्य विगतका निर्णयहरुमा गरिएका पूर्व प्रतिवद्धता कार्यान्वयन गर्न सकिने समयानुकुल कार्यक्रममा ध्यान दिन सक्नै पर्छ । यस्ता कार्यक्रममा कूनै राष्ट्रले आपत्ती जनाएको खण्डमा त्यस राष्ट्रलाई बाहिर राख्ने व्यवस्था हुनुपर्दछ । राष्ट्रको सांघुरो हितको निम्ति क्षेत्रले नै पछि पर्ने स्थिति अव दक्षिण एशियामा रहनु हुदैन । अर्कोतिर आजको यूरोपियन यूनियनमा भए झै यदि कुनै राष्ट्रसित अरु सरह माथि आउने भौतिक, आर्थिक, राजनैतिक क्षमता छैन भने त्यस राष्ट्रलाई सबै मिलेर त्यो क्षमता प्रदान गर्न सक्नुपर्दछ ।

सार्क स्थापनाको २१ औं वर्षसम्म आइपुग्दा विगतका १३ वटा सार्क सम्मेलनहरुमा अनेक सम्झौताहरु भए, थुप्रै प्रतिवद्धताहरु पनि व्यक्त गरिए तर तिनको कार्यान्वयन पक्ष सदा कमजोर रह्यो । सार्क खाद्य सुरक्षा भण्डार सम्झौता सन् १९८७ मा भएता पनि "खाद्यान्न सहयोगकालागि क्षेत्रीय तहमा प्रक्रियाको चयन हुन

---

[७२] अजय दीक्षित, 'सार्क र पानी' , नेपाल, १६-२९, पौष २०५९, पृ.३०-३१

सकेको छैन । खाद्यान्न भण्डार सहमती पत्रमा हस्ताक्षर गर्ने परराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्याय पनि उक्त क्षेत्रीय सहयोग र समझदारीको सुन्दर योजनाले तदारुकताका अभावमा गति लिन नसकेको बताउनु हुन्छ । यो अनुपम उदाहरणको कार्यक्रम हो । यसलाई उपयोगमा ल्याउन सकेमा नेपाल जस्तो गरिव मुलुकलाई बढी फाईदा पुग्ने थियो ।" त्यसरी नै खाद्य भण्डार तत्काल परिचालन गर्नु पर्ने सुझाव डा.यादवकान्त सिलवालको छ । [७३]

यथार्थमा सार्कको चार्टरलाई हिर्काउनु पर्ने वेला आईसकेको छ । सार्क चार्टरको धारा १० ले शिखर सम्मेलनमा द्विपक्षीय मुद्दाहरुमा वहस गर्न रोक लगाएको छ । सार्कका प्रायः सबै जसो सदस्य राष्ट्रहरुवीच द्विपक्षीय समस्याहरु छन् । यस्ता समस्या समेट्न खोज्दा सार्क संगठन नै बन्न नसक्ने देखेर शुरुमा त्यस्तो प्रावधान राखियो । परिणाम के भयो भने सार्क क्षेत्रीय यथार्थताबाट टाढा रहने एउटा औपचारिक क्लवमा परिणत हुन पुग्यो तसर्थ यो प्रावधानलाई फेर्ने पर्दछ । यदि सार्कलाई साँच्चैको गम्भिर जिम्मेवार र जीवन्त क्षेत्रीय संगठन बनाउने हो भने शिखर सम्मेलनका औपचारिक वैठकहरुमा छलफल नभएता पनि नेताहरुवीचको औपचारिक कुराकानी र भेटमा द्विपाक्षीय सवालले नै मुख्य ठाउँ पाउने गरेका छन् । खास गरी भारत र पाकिस्तान यस्तै अवसरमा भएका कुराकानीका आधारमा पछि समझौता गर्ने गरेका छन् । औपचारिक वैठक भै द्विपक्षीय मामिलामा छलफल गर्न पाउने हो भने सार्क प्रभावकारी हुनसक्दछ । काश्मिर विवाददेखि नेपाल भारत वीच सन् १९५० का सन्धि लगायत कालापानीसम्मका समस्यालाई टुङ्गोमा पुऱ्याउन सजिलो पर्दछ । भुटानी शरणार्थी जस्ता समस्याहरु यति धेरै लम्विएर रहनु पर्ने छैन । [७४]

अविश्वास, तनाव र आपसी दृष्टिको वातावरणलाई साम्य पार्दै सार्क स्थापना गर्नमा सबै देश सहमत हुनु नै यस क्षेत्रको लागि भाग्योदयको समय थियो । सार्कलाई छुट्टाछुट्टै विशिष्ट व्यक्तिहरुको रुपमा विकसित गर्न सहमत हुनु खुशीको कुरा थियो । तर अझै एउटा प्रश्न जीवितै छ "के सार्कले सांच्चै नै सदस्य देशहरुवीच रहेको मतभिन्नता समाप्त पार्न सक्दछ ?" प्रश्न त्यति सजिलो नभए पनि सकारात्मक उत्तरको आशा भने गर्न सकिन्छ । यस क्षेत्रलाई खुल्ला स्वतन्त्र बजारको रुपमा विकसित गर्दै आर्थिक समवृद्धितर्फ के डोऱ्याउन सक्छ ? यस प्रश्नको उत्तरमा पनि सार्क भविष्यका दिनहरुप्रति धेरै आशावादी हुन सकिन्छ । यसको लागि यस क्षेत्रमा राजनैतिक प्रतिवद्धता सहयोगको भावना वृद्धि हुनसकेमा सार्कले निकै प्रगति गर्नेछ । भारत र पाकिस्तान समझदारी, भारतको सार्कप्रतिको दृष्टिकोणमा परिवर्तन, यस क्षेत्रको अपार जलशक्तिको उपयोग हुन सकेमा सार्क क्षेत्रको भविष्य उज्ज्वलमय हुनेछ ।

---

[७३] देवेन्द्र भट्टराई, 'सार्क खाद्य भण्डार चौध वर्ष देखि उपयोग हिन', कान्तिपुर, मंसीर २४, २०५८, पृ.१

[७४] प्रा. ध्रुवकुमार, 'नेपाललाई सार्कको उपयोगिता', हिमाल, १६-२९ मंसीर, २०५८, पृ. २८-२९

# अध्याय ६

## सारांश/निष्कर्ष (Conclusion)

विश्वमा क्षेत्रीय संगठनहरुको गठबन्धन भैरहेको वेलामा दक्षिण एशियाली क्षेत्रका राष्ट्रहरुले पनि त्यसतर्फ सोचाई राख्नु पनि स्वभाविकै थियो । यस क्षेत्रमा रहेको सबै भन्दा ठुलो राष्ट्र भारत भन्दा पनि साना राष्ट्र नेपाल, वंगलादेश जस्ता राष्ट्रहरुका लागि यो निकै चासोको विषय बन्न पुग्यो । त्यसकारण क्षेत्रीय सहयोगको माध्यमबाट यस क्षेत्रमा शान्ति, सुरक्षा तथा स्थिरताको वातावरण तयार गरी आफ्नो सुरक्षा, सम्प्रभुता र अखण्डताकाप्रति ढुक्क हुने र आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्नका लागि पनि गठबन्धन गर्न साना राष्ट्रहरु सक्रिय रहे । हुनत दक्षिण पूर्वी एशियाली सहयोग संगठन र यूरोपेली संघ जस्ता संगठनहरुको सफलताले गर्दा पनि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन स्थापना गर्न हौसला पनि मिलेको पाइन्छ । तैपनि यो एउटा अति आवश्यक स्वभाविक प्रक्रिया पनि थियो । यसै शिलशिलामा वि.स.२०३१ साल फाल्गुन १३ गते श्री ५ महाराजाधिराज वीरेन्द्रवीर विक्रम शाहदेव सरकारले नेपालको तर्फबाट राखि वक्सेको शान्ति क्षेत्रको प्रश्तावलाई विश्वका ११६ वटा देशले विकृति जनाएको तर आफ्नै छिमेकीभित्र राष्ट्र भारतले सहमति नजनाएपछि नेपाललाई क्षेत्रीय संगठनको महत्व झनै वढ्न गयो । [७५]

सार्कको स्थापनाको लागि महत्वपूर्ण भूमिका खेल्ने वंगलादेशका तत्कालिन राष्ट्रपति जियाउर रहमान हुन् । उनले सन् १९७७ मा काठमाण्डौंमा सम्पन्न भएको कोलम्बो योजना परामर्शदातृ समिति (Clombo Plan Consulative Committee) को वैठकमा नेपालका तत्कालिन राजा स्व. श्री ५ वीरेन्द्रले "नेपालको अपार जलश्रोतको उपयोग गर्न क्षेत्रीय आव्हान" गरिवक्सेको समय देखि सन् १९८० सम्म भारत, नेपाल, पाकिस्तान र श्रीलंकाको भ्रमण गरी यस क्षेत्रको विकासका लागि सहयोगको प्रवर्द्धन गर्ने विषयमा आपसी छलफल र सल्लाह गरे । मे २, सन् १९८० मा रहमानले क्षेत्रीय संगठनको अवधारणामा अगाडि सारी यस

---

[७५]इन्द्रबहादुर देवकोटा, अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, २०५८ फाल्गुन, आशिष पुस्तक भण्डार, वागबजार काठमाण्डौं, पृ. २२६

क्षेत्रका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुले शिखर वैठकको आव्हान गरी पत्राचार गरे । यस कार्यलाई सातै देशले सहर्ष स्वागत गरे पश्चात सार्कको स्थापनाको लागि औपचारिक पहल शुरु हुन थाल्यो ।

पहिलो र औपचारिक प्रयास स्वरुप सन् १९८१ अप्रिलमा दक्षिण एशियाका सात देशका परराष्ट्र सचिवहरुको श्रीलंकाको कोलम्बोमा पहिलो वैठन बस्यो । यस वैठकले सातै देशले एक आपसमा गर्नुपर्ने सहयोगका ५ वटा क्षेत्रहरु कृषि, जलवायु, स्वास्थ्य तथा जनसंख्या, दुरसञ्चार र ग्रामिण विकासको पहिचान गऱ्यो । सन् १९८१ कै नोभेम्बरमा भएको वैठकले यातायात, हुलाक सेवा र विज्ञान तथा प्रविधिलाई र सन् १९८२ को अगस्तमा बसेको वैठकले खेलकुद, कला र संस्कृतिलाई पहिचान गऱ्यो । सन् १९८३ मार्च महिनामा बसेको अर्को बैठकले सहयोगका क्षेत्रमा एकिकृत कार्ययोजना (Integrated Programme of Action : I PA) लागू गर्ने निर्णय गरे पश्चात उल्लेखित सहयोगका क्षेत्रहरुको औपचारिक रुपमा स्थापना भयो । सन् १९८३ वो अगष्टमा भारतको नयाँ दिल्लीमा यस क्षेत्रका विदेशमन्त्रिहरुको वैठक बस्यो । यसले दक्षिण एशियाली क्षेत्रीय सहयोग (South Asian Regional Co-operatioon : SARC) को उद्देश्य र सिद्धान्तमा प्रकास पारी घोषणापत्र जारी गऱ्यो । यस घोषणापत्रलाई Delhi Declaration पनि भनिन्छ । यसले संगठनको सस्थागत विकासका लागि स्थायी समिति, प्राविधिक समिति र कार्य समिति गरी तिन वटा समितिको गठन गरेको थियो ।

सन् १९८५ मे. १३ र १४ मा भुटानको राजधानी थिम्पुमा बसेको विदेशमन्त्रिहरुको तेस्रो वैठकले सन् १९८५ डिसेम्बर ७ र ८ मा राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुको पहिलो शिखर सम्मेलन वंगलादेशको राजधानी ढांकामा गर्ने निर्णय गर्नुका साथै सार्कको वडापत्रको मस्यौदा तयार गऱ्यो । सन् १९८५ मा सार्क वडापत्रमा हस्ताक्षर भयो । यसरी औपचारिक रुपमा सन् १९८५, डिसेम्बर ७ र ८ मा वंगलादेशको राजधानी ढांकामा भएको ऐतिहासिक पहिलो शिखर सम्मेलनले यस संगठनको नाम दक्षिण एशियाली क्षेत्रीय सहयोग ( South Asian Regional co-operation : SAARC) लाई परिवर्तन गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (South Asian Association Regional co-operation : SAARC)बनाई डिसेम्बर ८, सन् १९८५, डिसेम्बर ८ का दिन दक्षिण एशियामा एक संगठनको स्थापना भयो । [७६]

कुनै पनि संगठनले आफूलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि आफ्ना निश्चित उद्देश्य तथा सिद्धान्तहरु बनाएर लागु गरे झै सार्कले पनि आफ्ना उद्देश्य र सिद्धान्त मुताविक कार्य गरिरहेको छ । राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुको वैठक, मन्त्रिपरिषद, स्थायी समिति, प्राविधिक समिति, कार्यक्रम समिति, कार्यसमिति, सचिवालय आदि सार्कका संगठानात्मक स्वरुप अन्तर्गत पर्दछन् ।

सार्क स्थापना भएको २१ वर्ष पुरा भै सकेको र हाल सम्ममा २१ वटा शिखर सम्मेलन र्भ सक्नु पर्नेमा १३ वटा शिखर सम्मेलन मात्र सम्पन्न भै १३ वटा घोषणापत्र जारी भएका छन् । यस संगठनका सदस्य राष्ट्रहरु वीच भएका आफ्ना आफ्नै समस्याका कारण ८ वर्ष सम्म शिखर सम्मेलन नै हुन

---

[७६] दशरथ धमला, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), २०६१, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाण्डौं, पृ. १ - २

सकेनन् । यस क्षेत्रमा व्याप्त गरिवी, अशिक्षा, अभाव, पछौटेपन, अन्धविश्वास जस्ता पक्षहरुका कारण सार्क ' Poor Club of the world ' का नामले विश्व परिचित भएको छ । आपसी मतभेद, मनमुटावले यो कैयौ पटक मर्माहत हुन पुगेको छ । जनताका आधारभूत आवश्यकता सहज रुपमा पुरा हुन सकेका छैनन् । वैधानिक प्रावधानमा भएका कमजोरी, वढ्दो आतंकवादका कारण देखिएका कमजोरी, सार्क सदस्य राष्ट्रहरुमा देखिएको वातावरणिय समस्या, सार्क सदस्य राष्ट्रहरु आन्तरिक चपेटा र गृहयुद्धको भुमरिमा रुमलिनु, आर्थिक एवं व्यापारिक कमजोरी, ठुला तथा शक्तिशाली राष्ट्रहरुको हेपाह प्रवृत्ति, भौगोलिक क्षेत्र, विस्तार सम्बन्धि कमजोरीहरु, कागजी औपचारिकता र कार्यान्वयन रणनिति सम्बन्धी कमजोरी, द्धिपक्षीय मत भिन्नता र विवाद, व्यापक गरिवी जस्ता कमजोरी पक्षहरु सार्कका भएता पनि यसका सकारात्मक पक्ष तथा उपलब्धीहरुलाई भने नकार्न सकिने अवस्था छैन ।

एउटै घरका दाजुभाईहरु समेत धेरै वर्षसम्म एउटै घरमा अर्थात संगोल रुपमा वस्न सकेका हुदैनन् । वुवा आमाको शेष पश्चात वा अगावै उनीहरु एक आपसमा भिन्न भएर छुट्टा छुट्टै स्वामित्व जमाई बस्ने गरेका हुन्छन् । संयोगको कुरा छुट्टा छुट्टै स्वामित्व तथा शासन पद्धति भएका ७ वटा देशहरु मिलेर एउटा संगठन खोल्न पनि एउटा निकै नै महत्वपूर्ण उपलब्धीको रुपमा हेर्नुपर्ने हुन्छ । सार्कको स्थापना पश्चात यी देशहरु वीच एउटा भातृत्वको विकास हुन गएको छ । एकलाई दुःख पर्दाका वखत अर्कोले गर्ने सहयोग तथा सद्‌भाव पनि यहाँ विद्यमान छ । आफूहरु माथि आइपर्ने विभिन्न संकट तथा आपत विपत नपरोस् भनि आतंकवाद विरुद्ध दोहोरो मापदण्ड नअप्नाई एकजुट भएर लड्न सार्क आतंकवाद विरुद्धको क्षेत्रीय अभिसन्धि र आतकंवाद नियन्त्रण सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय अतिरिक्त प्रोटोकल निर्माण गर्नुलाई पनि महत्वपूर्ण उपलब्धीको रुपमा लिनु पर्दछ । त्यस्तै गरेर एक आपसमा व्यापार व्यवसायलाई कसरी प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ भनि सौविध्यपूर्ण व्यापार व्यवस्था सम्बन्धी सार्क संझौला र त्यसलाई अझ पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनका खातिर गरिएको दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी संझौतालाई पनि सार्कको महत्वपूर्ण उपलब्धीको रुपमा लिन सकिन्छ । यस क्षेत्रका जनताहरु भोकभोकै नमरुन एउटा देशलाई अफ्ठेरो परेका वखात अर्को देशले सहयोग गर्न सकोस् भनि गरिएको सार्क खाद्य सुरक्षा भण्डार सम्बन्धी संझौता, लागूपदार्थको सेवन तथा अवैध रुपमा ओसार पसार गर्न नपाउने गरी लागूपदार्थ विरुद्धको क्षेत्रीय अभिसन्धिको स्थापना गरिनु पनि सार्कको अर्को महत्वपूर्ण उपलब्धी हो । एक देशका महिला तथा वालवालिकालाई सोहि देशमा वा अर्को देशमा लगेर वेचविखन गर्ने तथा वेश्यावृत्तिमा लगाउने मानव विरोधी कार्य हुन नपावस भनि गरिएको वेश्यावृत्तिका लागि महिला तथा वालवालिका वेचविखन तथा ओसार पसार विरुद्ध क्षेत्रीय सार्क अभिसन्धि, वालवालिकाको श्रम शोषण, वेचविखन हुन नपावस भनि गरिएको वालकल्याण प्रवर्द्धनको व्यवस्था सम्बन्धी सार्क क्षेत्रीय अभिसन्धिको स्थापना गरिनु अर्को एउटा महत्वपूर्ण उपलब्धीको रुपमा लिइएको छ । त्यस्तै गरेर यस क्षेत्रका जनताको उन्नति र कल्याणका लागि सार्क कृषि सूचना केन्द्र, सार्क क्षयरोग केन्द्र, सार्क अभिलेख केन्द्र, सार्क जलवायू अनुसन्धान केन्द्र, सार्क मानव संसाधन केन्द्र, सार्क संस्कृति केन्द्र, तटिय क्षेत्र व्यवस्थापन केन्द्र , सार्क सूचना केन्द्र लगायत सार्क सभामुख तथा सांसद संघ लगायत विभिन्न संघ संगठन खोली कार्यान्वयनमा ल्याउन पनि सार्क संगठनको एउटा महत्वपूर्ण उपलब्धी हो । यसरी नै विश्वका अन्य अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठनहरुसँग सम्बन्ध सुदृढ गर्न खोलिएका विभिन्न संघ संस्थाहरुले सार्कलाई पुऱ्याएको सहयोगलाई पनि यसको उपलब्धी कै रुपमा लिन सकिन्छ । यस क्षेत्रमा खेलाडीहरुको उत्प्रेरणा वढाउने उद्देश्यले र ठुला तथा साना सबै देशहरुलाई खेल जगतमा नयां आयाम

ल्याउन सकियोस् भन्ने हेतुले संचालन गरिदै आएको पहिलो देखि दशौं एशियाली खेलकुद प्रतियोगितालाई समेत सार्कको महत्वपूर्ण उपलब्धीको रुपमा लिनु पर्दछ । यसरी संक्षेपमा भन्नु पर्दा सार्कका केहि कमजोरी पक्षहरु हुदाँ हुदै पनि यसका उपलब्धीहरु निकै प्रचुर मात्रामा छन् । उपलब्धीहरुलाई मार्गचित्र बनाई कार्यान्वयन क्षेत्रमा अझै गति दिने हो भने यसका उपलब्धीहरुलाई अझै सहर्ष स्वीकार गर्नुपर्ने अवस्था आउने छ ।

सार्कका कमजोरी पक्ष र उपलब्धीलाई केलाई सके पश्चात स्पष्ट हुन्छ की सार्कका संभावनाहरु पनि त्यक्तिकै छन्  सार्कको तेह्रौ शिखर सम्मेलनबाट पारित भए अनुसार १ जनवरी सन् २००६ बाट SAFTA बाट आएको Consept SAFTA मा परिणत भएर लागु भएको छ । यस प्रकारको स्वतन्त्र व्यापार क्षेत्रको नीतिले जनताको समग्र जीवनस्तर उकास्न महत्वपूर्ण योगदान दिने छ । यी राष्ट्रहरु वीच सहुलियतपूर्ण व्यापार व्यवस्थाले यस क्षेत्र भित्र तिव्र व्यापार गतिविधि भै आर्थिक स्थिति मजवुद हुने देखिन्छ । यसलाई सार्कको महत्वपूर्ण संभावनाको रुपमा लिइन्छ । त्यस्तै गरेर गरिवी विकासको वाधक हो । सामाजिक उत्थानको अवरोध हो । गरिवीले सामाजिक अपराध वृद्धि गर्छ, सामाजिक पछ्यौटेपन निम्त्याउछ , मानविय सभ्यताको उत्थान र पहिचानको ढोका बन्द गरिदिन्छ । समग्रमा भन्नु पर्दा गरिवी त्यस्तो अदृश्य शत्रु हो , जसले आर्थिका विकास, सामाजिक उत्थान लगायतका विभिन्न मानवीय पक्षमा समस्याको श्रृजना गर्छ र देशका विकास ठप्प हुन जान्छ । जवसम्म यसको निवारण हुन सक्दैन , तव सम्म क्षेत्रीय विकासमा गरिने योगदान निरर्थक हुन जान्छ भन्ने मनसायले सन् १९९१ मा श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न छैठौं सार्क शिखर सम्मेलनले स्थापना गरेको गरिवी निवारणका लागि स्वतन्त्र दक्षिण एशियाली आयोग (Independent South Asian Commission on Poverty Alleviation) ले द्रुत गतिमा काम गरी राखेको छ । यसरी प्रत्येक शिखर सम्मेलनमा गरिवी निवारणलाई विशेष जोड दिँदै आएको छ र तेह्रौ शिखर सम्मेलनमा समेत सन् २००६ देखि सन् २०१५ लाई सार्क गरिवी निवारण दशक मनाउने, गरिवी निवारण कोषमा रकम वृद्धि गर्ने, सार्क गरिवी निवारण कोषलाई दक्षिण एशियाली क्षेत्रीय विकास कोषमा परिणत गरी सम्पूर्ण सार्क योजनाहरुमा लगानी गर्ने जस्ता वित्तिय संस्थाको स्थायी सचिवालयको रुपमा लैजाने निर्णय भएको हुदाँ यसको अर्को संभावना अन्तर्गत गरिवी निवारणलाई लिनु पर्ने हुन्छ ।

विश्वमा दिनानु दिन बढदै गएको आतंकवादको समस्यालाई कसैले पनि नकार्न सक्दैन । सोहि मुताविक सन् १९८५, नोभेम्बर २-४ मा काठमाण्डौंमा सम्पन्न तेस्रो शिखर सम्मेलनमा हस्ताक्षर गरिएको आतंकवाद विरुद्ध क्षेत्रीय महासन्धि सन् १९८८, अगष्ट २२ देखि लागु भएको हो । यसका अतिरिक्त आतंकवाद नियन्त्रण सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय अतिरिक्त प्रोटोकलको समेत स्थापना भैसकेको र तेह्रौं सार्क शिखर सम्मेलन सम्ममा आई पुग्दा सबै प्रकारका आतंकवादको निन्दा गर्दै आतंक विरुद्ध लड्न दोहोरो मापदण्ड नअप्नाउने कुरा पारित भैसकेको सन्दर्भमा आतंकवादको नियन्त्रण गर्न सक्ने र सम्पूर्ण दक्षिण एशियाली जनताले चयनको श्वास फेर्न पाउने आशा पलाएको हुदाँ यसलाई पनि महत्वपूर्ण सम्भावनाको रुपमा लिन सकिन्छ । सार्कका संभावनाहरु मध्यकै एउटा महत्पूर्ण कुरा सार्क उपक्षेत्रीय अवधारणा पनि एक हो । एउटै संगठन भित्रका दुई वा दुई भन्दा बढी देशहरु मिलेर सार्क उपक्षेत्र खोल्न पाउने नियम भएको कारण विश्वका विभिन्न देशले गरेको प्रगतिलाई हेर्दा यहाँ भारत, नेपाल, भुटान र वंगलादेश बीच स्थापना भएको सार्क चतुष्कोण उपक्षेत्रीय अवधारणा एकदमै स्राहानिय छ । यो अक्सर गरेर जल सम्पदाको सदुपयोगको लागि खोलिएको चतुष्कोण उपक्षेत्रीय अवधारणा हो भने भोली भारत र पाकिस्तान वीच तथा अन्य राष्ट्रहरु वीच

खोलेर आफ्नो द्विपक्षीय, त्रिपक्षीय, चर्तुपक्षीय तथा बहुपक्षीय विकास गर्न संभव भएकोले यो पनि सार्कको महत्वपूर्ण संभावना अन्तर्गतको एउटा कडी हो । आजको जमाना भनेको Information Technology को हो । सूचना प्रविधि विना कसैले पनि केहि कार्य गर्न थालेका अधुरो नै हुन जान्छ । सन् १९९० को दशक यता बढदै गएको विश्वव्यापीकरणले सिमा नाग्न थालेको छ । निर्वाध रुपमा विकासका लागि आर्थिक श्रोत भित्रने, वैदेशिक व्यवस्थापन कला र पद्धति विनारोकावट एक अर्को देशमा प्रवेश गर्न सक्नु, विज्ञापन र प्रविधिमा भएको विकास विनारोकतोक भित्रनु, मानव श्रोत समेत एक देशबाट अर्को देशमा जानु जास्ता विश्वव्यापारीकरणका फाइदाले गर्दा दक्षिण एशियाको संभावना झनै बढेको छ ।नेपाल लगायत दक्षिण एशियाका प्रत्येक देशहरुमा पानीको मात्रा प्रचुर छ । चाहे त्यो खोला, नदिमा वग्ने पानी होस् वा समुन्द्रको पानी यात जमीन मुनिको पानी यहाँका मानिसले पानीको सहि मात्रामा प्रयोग गर्न सकेका छैनन् । नेपाललाई त अझै 'सेतो सुन' को देशको संज्ञा दिएको पाइन्छ । विश्वको दोस्रो पानीको धनी राष्ट्र पनि नेपाललाई भन्ने गरिन्छ । यहाँका उत्तरबाट दक्षिण तर्फ वग्ने ठुला-ठुला नदिहरुको पानीको सहि मात्रामा प्रयोग गरेमा यहाँको विद्युत शक्तिलाई एशिया बाहेक अन्य देशमा पठाउन सकिने अड्कल समेत यहाँका प्राविधिकहरुले गरेका छन् । त्यस्तै गरेर वंगलादेश र भारतको सिमाबाट वग्ने गंगा नदीको पानीको सही प्रयोग गरेमा पनि निकै फाईदा हुने अड्कल गरिन्छ तैपनि यो कार्य सफल भने भएको छैन । जेहोस् यहाँ अर्थात यस क्षेत्रमा भएको अपार जलसंपदाको प्रयोग गर्न सकेमा सार्कको संभावना त्यति नै वढी रहेको छ भन्दा अतियुक्ति नहोला ।

यसरी संक्षेपमा भन्न सकिन्छ कि सार्कका आफ्नै केहि कमि कमजोरीका वाबजुद पनि सार्कले विभिन्न क्षेत्रहरुमा उपलब्धीहरु हात परिसकेको छ र पार्ने संभावना पनि त्यक्ति कै छ । चाहे गरिवहरुको क्लवको संज्ञा दिइएको किन नहोस् यहाँको अपार जलसंपदा, खनिज पदार्थ लगाएतका विभिन्न वस्तुहरुको सहि तरिकाले सदुपयोग गरेमा यहाँको आर्थिक अवस्था पनि सजिलै सुदृढ हुने देखिन्छ भने व्यक्तिगत स्वार्थलाई त्यागेर सामुहिक हितका लागि यहाँका सरकार प्रमुख तथा राष्ट्र प्रमुखहरु लागि परेमा सार्क विश्वकै एउटा नमुना क्षेत्रीय संगठनको रुपमा स्थापित हुने कुरामा म विश्वस्त छु ।

# सार्क वडापत्र ( SAARC Charter )

***हामी वंगालादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुः-***

१. संयुक्त राष्ट्र संघको वडापत्र तथा असंलग्न सिद्धान्त खासगरी सार्वभौमिक समानता, क्षेत्रिय अखण्डता, राष्ट्रिय स्वतन्त्रता शक्तिको प्रयोग नगर्ने, एक अर्को देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने तथा सबै विवादहरुको शान्तिपूर्ण समाधान गर्ने सिद्धान्तहरुलाई पूर्णरुपमा पालना गर्दै यस क्षेत्रमा शान्ति, स्थिरता, मित्रता तथा समुन्नतीको अभिवृद्धि गर्ने अभिलाषा राख्दै ।

२ आपसमा बढ्दो रुपमा आश्रित हुदै गईरहेको विश्वको परिप्रेक्ष्यमा शान्ति, स्वतन्त्रता, सामाजिक न्याय तथा आर्थिक समुन्नतिका उद्देश्यहरु यस दक्षिण एशियाली क्षेत्रमा सफलता पूर्वक प्राप्त गर्न इतिहास तथा संस्कृतिले आवद्ध यी देशहरुमा एक अर्कामा समझदारी बढाउँदै, असल छिमेकी सम्बन्ध तथा सारपूर्ण सहयोगबाट मात्रै प्राप्त गर्न सकिन्छ भन्ने कुरा महसुस गर्दै ।

३. दक्षिण एशियाका जनताहरुको साझा समस्या, हित तथा आकांक्षा र एक अर्का देशमा राजनैतिक, आर्थिक व्यवस्थाहरु सांस्कृतिक परम्परा बीच सामुहिक कार्यवाही तथा उच्च सहयोग हुनु पर्ने कुरा प्रति सजग हुदै ।

४. दक्षिण एशियाका देशहरु बीच हुने क्षेत्रीय सहयोग यस क्षेत्रका जनताहरुको जीवनस्तर तथा भलाईको अभिवृद्धिको सन्दर्भमा आपसमा लाभदायक आवश्यक तथा वान्छनीय हुने कुरामा सहमत हुदै ।

५. दक्षिण एसियाका देशहरुवीच आपसमा हुने आर्थिक, सामाजिक तथा प्राविधिक सहयोगले राष्ट्रिय तथा सामुहिक आत्मनिर्भतालाई अभिवृद्धि गराउने कुरामा सहमत हुदै ।

६. यस क्षेत्रका देशहरुवीच बढ्दो सहयोग तथा सम्पर्क र भ्रमणहरुबाट एक अर्का देशका जनताहरु वीच मित्रता तथा समझदारी बढ्दछ भन्ने कुरालाई मनन गर्दै ।

७. अगस्त २, १९८३ मा भारतको नयाँ दिल्लीमा यस क्षेत्रका देशका परराष्ट्र मन्त्रीहरुको हस्ताक्षर गरेको घोषणापत्रमा तथा क्षेत्रीय सहयोगको सन्दर्भमा भएको प्रगतिलाई स्मरण गर्दै ।

८. यस्तो सहयोगको संस्थागत ढाँचा भित्र रही अभिवृद्धि गर्ने कुरा प्रति आफ्ना दृढतालाई हृदयङ्गम गर्दै ।

देहायको उद्देश्य, सिद्धान्त, संस्थागत तथा आर्थिक प्रवन्धहरु भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (South Asian Association for Regional Co-Operation) नामले चिनिने एक संस्था (यस पछि संगठन भनिएको) खडा गर्न मन्जुर गर्दछन् ।

## धारा - १

**उद्देश्यहरु :-**

यस संगठनका उद्देश्यहरु निम्न बमोजिम हुनेछन् ।

(क) दक्षिण एसियाका जनताहरुको हितलाई अभिवृद्धि गर्ने र उनीहरुको जीवनस्तरमा सुधार ल्याउने ।

(ख) यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने र सबै व्यक्तिहरुलाई उनीहरुको पूर्ण सार्थकता महसुस गर्नका लागि सम्मानपूर्वक बस्न अवसर प्रदान गर्ने ।

(ग) दक्षिण एशियाका राष्ट्रहरुवीचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र समृद्ध गर्ने ।

(घ) एक अर्काको समस्या प्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने ।

(ङ) आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रहरुमा सक्रिय सहभागिता र पारस्परिक सहयोगलाई दरिलो गर्ने ।

(च) अन्य विकासशील देशहरुसँगको सहयोगलाई दरिलो गर्ने ।

(छ) साझा हितका विषयहरु रहेका अन्तराष्ट्रिय मञ्चहरुमा आपसमा गर्नुपर्ने सहयोगलाई वलियो पार्ने ।

(ज) समान उद्देश्य तथा विचारहरु भएका अन्तराष्ट्रिय तथा क्षेत्रीय संस्थाहरुसँग सहयोगको अभिवृद्धि गर्ने ।

## धारा - २

**सिद्धान्तहरु :-**

(क) संगठनको ढाँचा भित्र गरिने सहयोग एक अर्काको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनैतिक स्वतन्त्रता तथा एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने कुरा तथा आपसी हितमा आधारीत हुनेछ ।

(ख) यस्तो सहयोग द्विपक्षीय तथा बहुपक्षीय सहयोगको वदलामा नभई त्यसको पूरकको रुपमा रहने छ ।

(ग) यस्तो सहयोग द्विपक्षीय तथा बहुपक्षीय दायित्वको उद्देश्य विपरीत हुने छैन ।

## धारा - ३

**राज्य तथा सरकार प्रमुखहरुको वैठक :-**

राज्य तथा सरकार प्रमुखहरुको वैठक वर्षमा एक पटक वा सदस्य राष्ट्रहरुले आवश्यक ठाने बमोजिम यस भन्दा वढि पनि बस्ने छ ।

## धारा - ४

**मन्त्री परिषद् :-**

(क) निम्न लिखित कार्यहरुका लागि संदस्य राष्ट्रहरुका परराष्ट्र मन्त्रीहरु भएको एक मन्त्रीपरिषद गठन हुनेछ ।

(१) संगठनको निती निर्धारण ।

(२) संगठनको अन्तर्गत हुने सहयोगको प्रगतिको पुनरावलोकन ।

(३) सहयोगका क्षेत्रहरुका निर्णय ।

(४) आवश्यक परे बमोजिम संगठन अन्तर्गत अतिरिक्त कुराहरुको व्यवस्था ।

(५) संगठनका सामान्य चाखका विषयवस्तुहरुमा निर्णय ।

(ख) मन्त्रीपरिषदको वैठक वर्षको दुई पटक बस्नेछ । सदस्य राष्ट्रहरुद्धारा सहमत भए बमोजिम परिषदको असमान्य वैठक बस्न सक्ने छ ।

## धारा - ५

**स्थायी समिति :-**

(क) परराष्ट्र सचिव भएको स्थायी समितिको निम्न लिखित कार्यहरु हुने छन् ।

(१) सहयोग कार्यक्रमको समष्टिगत समन्वय र रेखदेख ।

(२) आयोजना र कार्यक्रमहरुको स्वीकृती तथा तिनिहरुको वित्त प्रणालीको निर्धारण ।

(३) अन्तरविभागीय प्राथमिकताको निर्धारण ।

(४) क्षेत्रीय तथा बाह्रय श्रोत परीचालन ।

(५) निर्दिष्ट अध्ययनमा आधारित सहयोगका क्षेत्रहरुको पहिचान ।

(ख) स्थायी समितिको वैठक आवश्यक परेको वेलामा बस्नेछ ।

(ग) स्थायी समितिले मन्त्रीपरिषदलाई सामयिक प्रतिवेदन पेश गर्नेछ र नितीगत कुराहरुमा निर्णय लिनका लागि आवश्यक ठानेमा सोही प्रतिवेदनलाई उल्लेख गर्नेछ ।

## धारा - ६

**प्राविधिक समिति :-**

(क) सदस्य राष्ट्रहरुका प्रतिनिधिहरु भएको प्राविधिक समिति आ-आफ्नो सहयोग सम्बन्धी क्षेत्रहरुका कार्यक्रमहरुको कार्यन्वयन, समन्वय र रेखदेखका लागि जिम्मेवार हुन्छ ।

(ख) तिनीहरुको काम र शर्तहरु निम्न बमोजिम हुनेछ ।

(१) क्षेत्रीय सहयोगका स्वीकृत देशहरुको सम्भाव्यता र तिनिहरुको विस्तार सम्बन्धी निर्धारण ।

(२) कार्यक्रमहरुको निर्धारण तथा आयोजनाहरुको तयारी ।

(३) विभागीय कार्यक्रहरुको वित्तिय अनुमानको निर्धारण ।

(४) लागतको संविभाजन सम्बन्धी निर्धारण तथा सिफारिस ।

(५) विभागीय कार्यक्रमहरुको कार्यान्वयन तथा समन्वयन ।

(६) कार्यान्वयनको प्रगतिमाथि रेखदेख ।

(ग) प्राविधिक समितिले स्थायी समितिलाई सामयिक प्रतिवेदन पेश गर्नेछ ।

(घ) प्राविधिक समितिको अध्यक्षता साधारणतया सदस्य राष्ट्रहरुवीच वर्णानुक्रमको आधारमा प्रत्येक २ वर्षमा परीवर्तन भईरहने छ ।

(१) राष्ट्रिय प्राविधिक निकायहरुका प्रमुखहरुको वैठक ।

(२) निर्दिष्ट क्षेत्रका विशेषज्ञहरुको वैठक ।

(३) क्षेत्रको महत्वपूर्ण केन्द्रका नाममा प्रतिष्ठित भएका कार्यालयहरु वीच सम्पर्क ।

## धारा - ७

**कार्यसमिति :-**

स्थायी समितिले दुई भन्दा वढि तर सबै सदस्य राष्ट्रहरु संलग्न नभएको कार्यक्रमहरुको कार्यान्वयनका लागि सम्वन्धित सदस्य राष्ट्रहरु भएको कार्य समितिहरु गठन गर्न सक्ने छ ।

## धारा - ८

**सचिवालय :-**

संगठनको एउटा सचिवालय हुने छ ।

## धारा - ९

**वित्तिय प्रवन्ध :-**

क) सदस्य राष्ट्रहरुको संगठनको गतिबिधिहरुका लागि गर्ने आर्थिक योगदान स्वेच्छिक हुनेछ ।

ख) प्रत्येक प्राविधिक समितिले आफूले प्रस्ताव गरेका कार्यक्रमहरुको कार्यान्वयनको लागि लाग्ने लागतको संविभाजनका लागि सिफारिश गर्नेछ ।

ग) यदि संगठनको कोषको गतिविधिका लागि क्षेत्र भित्र नै पर्याप्त वित्तिय श्रोतहरु परिचालन हुन सक्दैनन् भने स्थायी समितिद्धारा वा त्यसको स्वीकृति लिई उपयुक्त श्रोतबाट प्राप्त हुने वाह्रय वित्तिय प्रवन्धको परिचालन गर्न सकिने छ ।

## धारा - १०

**सामान्य प्रावधानहरु :-**

क) सबै तहमा निर्णय लिंदा मतैक्यताको आधारमा लिईने छ ।

ख) द्धिपक्षीय तथा विवादास्पद विषयहरु छलफलमा राखिने छैनन् ।

विश्वासका साथ हामीले हाम्रा दस्तखत र छापहरु यहाँ प्रस्तुत गरेका छौ । आज सन् १९८५ डिसेम्बर ८ तारिखका दिन वंगालादेशको ढाँकामा हस्ताक्षर गरियो ।

१. हुसेन मोहमद एर्शाद जनगणतन्त्र वंगालादेशका महामहिम राष्ट्रपति
२. जिग्मे सिङ्गे वाङ्चुक, भुटानका नरेश ।
३. राजिव गान्धी, गणतन्त्र भारतका महामहिम प्रधानमन्त्री ।
४. मैमुन अव्दुल गैयुम, गणतन्त्र मालदिभ्सका महामहिम राष्ट्रपति ।
५. वीरेन्द्र वीर विक्रम शाहदेव, नेपालका श्री ५ महाराजधिराज ।
६. मोहमद जियाउल हक, इस्लामिक गणतन्त्र पाकिस्तानका राष्ट्रपति ।
७. जुलियस रिचार्ड जयवर्धने, प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलंकाका महामहिम राष्ट्रपति ।

*श्रोत : अन्तराष्ट्रिय मञ्च, वर्ष ८, अकं ५३ (नेपाली रुपान्तर)*

# सन्दर्भ सामाग्री (Bibliography)


## नेपाली पुस्तक

देवकोटा, इन्द्रबहादुर : अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठन अध्ययन, प्रथम संस्करण २०५८, आशिष पुस्तक भण्डार काठमाण्डौं ।

धमला, दशरथ : दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), २०६१। २०६२, विद्यार्थी पुस्तक पसल भोटाहिटी, काठमाण्डौं ।

पुन, कृष्णबहादुर : दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का चुनौति र अवसरहरु (१९८५-२००३) शोध-पत्र, २०६०

बस्नेत, लीलाबहादुर : अन्तराष्ट्रिय संगठनको परिचय, २०५०, काठमाण्डौं एम.के.पब्लिकर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

भण्डारी, शिवराज : दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मा नेपालको भूमिका (१९८५-२००३), शोध-पत्र, २०५९ ।

शर्मा, चुडामणि : सार्क बृहद ज्ञानकोष, २०६३ अषाढ, नेपाल प्रिन्टर्स ट्रेर्डस सहकारी लि. चावहिल, काठमाण्डौं ।

शर्मा, गोपाल : अन्तराष्ट्रिय संगठनको रुपरेखा, २०४४, कानुनी पाठ्य पुस्तक प्रकाशन प्रा.लि. काठमाण्डौं ।

श्रेष्ठ, श्रीकृष्ण : वृहद सामान्य ज्ञान, २०६१। २०६२, पैरवी प्रकाशन काठमाण्डौं ।

## पत्रपत्रिका

अधिकारी, कृष्ण : 'सार्क उपक्षेत्रीय अवधारणा र यसको प्रभावकारिता', प्रतियोगिता मञ्च, वर्ष ८, अंक २, पूर्णाङ्क ५०

आदित्य, आनन्द : ' दक्षिण एशियामा आतंकवाद', नेपाल, १६-२९ पौष, २०५८

डा.सैजु, मोहनमा : 'गरिवी निवारण', नेपाल, १६-२९ पौष, २०५८

डा. श्रेष्ठ, बद्रिप्रसाद : 'स्वतन्त्र व्यापार क्षेत्र', नेपाल, १६-२९ पौष, २०५८

तिमिल्सेना, अंगराज : 'विश्वव्यापीकरण र दक्षिण एशिया', नेपाल , १६-३१ भदौ, २०५९

तुलाधर, इन्दु : 'सार्क सम्मेलन चेलिबेटी र वालबालिका वेचविखन विरुद्ध क्षेत्रीय एक्यवद्धता', कान्तिपुर, विहिवार, २१ मंसिर, २०५८

दिक्षित, अजय : 'सार्क र पानी', नेपाल, १६-२९ पौष, २०५९

दाहाल, रामकुमार : 'दोश्रो सार्क शिखर सम्मेलन', अन्तराष्ट्रिय मञ्च २०४३, वर्ष ३

प्रा. खत्री, श्रीधर : 'युद्द टार्न किन असफल भयो राष्ट्र संघ,' नेपाल, १६-३० चैत्र, २०५९

.................. : 'सार्कको उपलब्धी आर्थिक सम्बृद्धि हुनुपर्छ', नेपाल, १६-२९ पौष, २०५८

प्रा. कुमार, ध्रुव : 'नेपाललाई सार्कको उपयोगिता' हिमाल, १६-२९ मंसिर, २०५८

प्रि. लामा, महेन्द्र : 'भारत पाकिस्तान विवादले खाएको सार्क' हिमाल, १-१५ माघ, २०५८

..................... 'सार्क असफल, जनताहरु सफल' पूर्ववद् पाद टिप्पणी

भट्टराई, देवेन्द्र : 'सार्क खाद्य भण्डार १४ वर्ष देखि उपयोग हिन', कान्तिपुर, मंसिर २४, २०५९

भट्टराई, निरञ्जन : 'सार्क र यसले पहिल्याउनु पर्ने दिशा,' गोरखापात्र, २०४९, चैत्र २८

श्रेष्ठ, हिरण्यलाल : 'एघारौं शिखर सम्मेलनको समिक्षा,' अन्तराष्ट्रिय मञ्च, वर्ष १८, अंक ४, २०५८

## अन्य पत्रपत्रिका

*कान्तिपुर* (विभिन्न मितिका)

*द राइजिङ्ग नेपाल* (विभिन्न मितिका)

*अन्तराष्ट्रिय मञ्च* (विभिन्न मितिका)

*गोरखापत्र* (विभिन्न मितिका)

*नेपाल समाचार पत्र* (विभिन्न मितिका)